टीकापुर नगरपालिका

नगर पार्श्वचित्र

२०७५



टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
(Municipal Profile, 2018)

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल



पत्र सङ्ख्या:
चलानी नम्बर :

शुभकामना

कुनै पनि ठाउँको विकासको योजना बनाउनका लागि स्थानीय बस्तुगत तथ्याङ्क महत्वपूर्ण हो । बस्तुगत तथ्याङ्क बिना बनाइएका योजनाहरू परिणाममुखी हुन सक्दैनन् । टीकापुर नगरपालिका कैलालीको दोस्रो पुरानो नगरपालिका हो र व्यवस्थित योजनाबद्ध शहरीकरण भएको एक सुन्दर नगर पनि हो । टीकापुरवासीसँग टीकापुरलाई समृद्ध र व्यवस्थित शहरका रूपमा विकास गर्ने सपना छ । तर यो नगरका सबै सूचनाहरू समेटिएको व्यवस्थित प्रोफाइल अहिलेसम्म बन्न सकेको थिएन ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान अनुसार सम्पन्न पहिलो स्थानीय तहको निर्वाचनबाट हामी टीकापुर नगरपालिकामा जनप्रतिनिधिका रूपमा निर्वाचित भएर आई रहदा हामीसँग जनताका थुप्रै अपेक्षाहरू थिए । हामीसँग ती अपेक्षाहरूलाई साकार पार्ने इच्छाशक्ति पनि थियो र अहिले पनि छ । हामीले टीकापुरलाई सुसंस्कृत नगरीका रूपमा विकासको नयाँ फराकिलो राजमार्गमा हिडाउने जिम्मा पाएका छौं । टीकापुरको योजनाबद्ध विकासका लागि बाटो बनाउने अमूर्त चाहनाले मात्रै त्यो सपना साकार हुने अवस्था थिएन । हामीले आफ्नो काम सुरु गरे लगत्तै नगर प्रोफाइल निर्माण गर्ने गरी छलफल अगाडि बढायौं । थुप्रै व्यक्ति र संस्थाहरूसँगको छलफलपछि एउटा प्रकृयाका आधारमा हामीले नगर प्रोफाइल बनाउने काम अगाडि बढायौं । यसका लागि संस्थागत रूपमा काम अगाडि बढ्यो र सबै नगरवासीको सहयोगबाट अब हामीसँग हाम्रो नगरका सबै तथ्यहरू समेटिएको प्रोफाइल तयार भएको छ । यसका लागि हामीलाई सहयोग गर्ने संस्था Australian Aid-The Asia Foundation र COMMITTED लाई विशेष धन्यवाद दिन चाहान्छु ।

हामीसँग टीकापुर विकासका लागि थुप्रै सपनाहरू छन् र सहयोगी हातहरू पनि छन् । हामीले टीकापुरलाई स्मार्ट सिटीका रूपमा विकासका लागि योजना बनाउन सुरु गरिसकेका छौं । अग्रजहरूले आफ्नो स्वर्णिम सपनाका आधारमा सुसंस्कृत टीकापुरको विकासका लागि कोरेका अधुरा रेखाहरू पुरा गर्ने दायित्व हामीसँग छ साथसाथै संसारमा भएको सूचना प्रविधिको अभूतपूर्व विकाससँगै युवा पुस्ताको मनमष्तिष्कमा रहेको आधुनिक प्रविधियुक्त टीकापुर विकासको आधारशीला निर्माण गर्ने दायित्व पनि हामीले लिएका छौं । यी सबै अभिभाराहरू पुरा गर्नका लागि दीर्घकालीन योजना निर्माण गरी काम सुरु गर्ने काममा बनेको नयाँ नगर प्रोफाइल कोसेढुङ्गा साबित हुने मैले विश्वास लिएको छु ।

अन्त्यमा, नगर प्रोफाइल तयार गर्नका लागि हामीलाई सहयोग गर्ने संस्था COMMITTED, कर्मचारी, तथ्याङ्क उपलब्ध गराइदिने संस्था, नागरिक र तथ्याङ्क सङ्कलन कार्यमा खटिनु भएका गणकलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै नगर प्रोफाइल निर्माण गर्ने क्रममा निति निर्माण गर्नेदेखि सुझाव, सल्लाह तथा आवश्यक सबै सहयोग गर्ने टीकापुर नगरकार्यपालिका र कर्मचारीहरू, सबै राजनीतिक दलका साथीहरू, बुद्धिजिविहरू, लगायत आम नगरवासीहरू प्रति हार्दिक आभार प्रकट गर्दै सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

तपेन्द्र बहादुर रावल
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल



पत्र सङ्ख्या:
चलानी नम्बर :

शुभकामना

देश संघीय संरचनामा गए पश्चात् सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधिहरू निर्वाचित भई सकेपछि स्थानीय तहको आर्थिक, सामाजिक, भौगोलिक अवस्थाको तथ्य नहुँदा विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गर्ने, नयाँ योजनाहरू तर्जुमा गर्ने र राजश्व सङ्कलनको अवस्था विश्लेषण गर्ने जस्ता चुनौतिहरू देखा परेका थिए । यी चुनौतिहरूलाई समाधान गर्ने अवसरको खोजीमा स्थानीय सरकार लागिरहेका बेला टीकापुर नगरपालिका समग्र बस्तुस्थितिको सत्य, तथ्य तथ्याङ्कसहितको पार्श्वचित्र निर्माण हुनु हामी सबैका लागि खुशीको विषय हो ।

लामो समयदेखि जनप्रतिनिधिविहीन अवस्थामा रहेको स्थानीय तहको विकास निर्माण समुचित ढङ्गले हुन सकेको छैन । नगर क्षेत्रमा सञ्चालित योजनाहरूको छनौट त्यहाँका बासिन्दाको आवश्यकताका आधारमा हुन सकेको छैन । नगरले सञ्चालन गरेका योजनाहरूले नगरबासीलाई प्रतिनिधित्व हुने गरी समेटिएका छैनन् । यसो हुनुको मुख्य कारण नगरमा सञ्चालित योजनाहरू तथ्याङ्कमा आधारित नभएर हो भन्ने मलाई लागेको छ ।

यस्तो अवस्थामा यस नगरको समग्र विषयवस्तु, बस्तुस्थिति र घरधुरी सर्भेक्षणबाट प्राप्त तथ्याङ्कले आगामी दिनमा हामीलाई योजना छनौट गर्न, विकास निर्माण कार्यका प्राथमिकताहरू निर्धारण गर्न अत्यन्तै सजिलो हुने मैले विश्वास लिएको छु । आगामी दिनमा हुने योजनाहरूले अधिकांश नगरबासीलाई अपनत्व प्रदान गर्ने कुरा विश्वास दिलाउँदै नगरपालिकाको पार्श्वचित्र निर्माणमा उल्लेखनीय योगदान पुऱ्याउने कमिटेड, साझेदार संस्था, दिनरात नभनी खट्ने यस कार्यक्रमका संयोजक, सामाजिक परिचालक तथा सम्पूर्ण गणकहरू र नगरपालिकाका सबै कर्मचारीहरूप्रति आभार व्यक्त गर्दै पार्श्वचित्र प्रकाशित भएकोमा शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

केशरी बिष्ट रावल
नगर उपप्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल



पत्र सङ्ख्या:
चलानी नम्बर :

प्रमुख प्रशासकीय अधिकृतका कलमबाट

मुलुक तीन तहको सरकार सहितको संघीय संरचनामा अगाडि बढी रहेको छ । संघीयताको सफलताको आधार भनेको सबल, सक्षम, प्रभावकारी र सशक्त स्थानीय सरकार नै हो । स्थानीय सरकार सफल हुन यसका योजना, निती, कार्यक्रम र बजेट, बस्तुगत, प्रभावकारी तथा कार्यान्वयन योग्य हुनुपर्दछ । बस्तुगत र प्रभावकारी योजना, नीति, बजेट र कार्यक्रम बन्न सम्बन्धित स्थानीय तहको बस्तुगत विवरण (Profile) तयार भई त्यसैको आधारमा अत्यावश्यक र औचित्यपूर्ण नीति, कार्यक्रम, बजेट र योजना बनाउँदै तिनको प्रभावकारी कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न सकिन्छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शनको मर्म र भावना अनुरूप सबल, सक्षम, सशक्त र प्रभावकारी स्थानीय सरकार आजको आवश्यकता हो । यसै विषयको मनन गर्दै टीकापुर नगरपालिकाले आफ्नो नगर क्षेत्रको बस्तुस्थितिको विवरण (Profile) निर्माण सम्पन्न गरेको छ ।

यसको निर्माण कार्यमा सहयोग गर्ने संस्था कमिटेड, प्राविधिक रूपमा खटिएका कर्मचारी, पारिवारिक विवरणका लागि घर घरमा खटिनु भएका गणक लगायत सबैलाई धन्यवाद दिँदै यसको निरन्तर अद्यावधिक र सुधार गर्न सरोकारवाला सबैको रचनात्मक, सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दै यसको अधिकतम उययोगिता रहने विश्वास लिएको छु ।

..

ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

खण्ड १ : नगरपालिकाको परिचय **१**

१.१ नगरपालिकाको परिचय १

१.१.१ नामकरण २

१.१.२ ऐतिहासिक पृष्ठभूमि २

१.२ नदी तथा खोलाको विवरण ३

१.३ पार्क, वनस्पति तथा उद्यानसम्बन्धी विवरण ५

१.४ मुख्य बस्तीसम्बन्धी विवरण ५

१.५ सार्वजनिक पाटी पौवा र चौतारासम्बन्धी विवरण ६

१.६ खेलमैदानसम्बन्धी विवरण ८

१.७ प्राकृतिक स्रोत (खानी/खनिज आदि) ९

१.८ पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थलसम्बन्धी विवरण १०

१.९ पर्यटन ११

१.९.१ पर्यटकीय तथा धार्मिक स्थलहरूको विवरण ११

१.९.२ होटेल, रिसोर्ट, र होमस्टेसम्बन्धी विवरण १४

१.१० स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरूको विवरण १४

खण्ड २ : जनसाङ्खिक विवरण **१६**

२.१ वडागत घरपरिवार सङ्ख्या तथा लिङ्गको आधारमा जनसङ्ख्याको विवरण १६

२.२ उमेर र लिङ्गअनुसार वडागत जनसङ्ख्याको विवरण २०

२.३ परिवारको आकारको आधारमा परिवारको विवरण २३

२.४ जातजातिको आधारमा वडागत जनसङ्ख्याको विवरण २४

२.५ नगरपालिकामा बोलिने भाषाको आधारमा जनसङ्ख्याको विवरण २५

२.६ धर्मअनुसार जनसङ्ख्याको वडागत विवरण २७

२.७ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण २९

२.८ घरको प्रयोगको आधारमा परिवारको विवरण ३०

२.९ घरको किसिमको आधारमा परिवारको विवरण ३२

२.१० परिवार बसोबास गर्ने घरको तल्लाको आधारमा परिवारको विवरण ३४

२.११ परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा परिवारको विवरण ३५

२.१२ परिवारले प्रयोग गरेको घरको कोठा सङ्ख्याको आधारमा परिवारको विवरण ३६

२.१३ सुत्ने कोठा र भान्सा कोठा अलग भए/नभएको आधारमा परिवारको विवरण ३७

२.१४ अनुपस्थित जनसङ्ख्या भएका परिवार सङ्ख्याको विवरण ३८

२.१४.१ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण ३९

२.१४.२ शैक्षिक स्तरको आधारमा नगरपालिकामा अनुपस्थित जनसङ्ख्याको विवरण ४०

२.१४.३ लिङ्ग तथा अनुपस्थित हुँदा उर्त्तीण गरेको कक्षा/तहको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण ४१

२.१४.४ अनुपस्थित रहेको अवधिको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण ४२

२.१४.५ अनुपस्थित रहने कारणका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण ४३

२.१४.६ अनुपस्थित हुने कारण र गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण ४४

२.१५ घर तथा जमिनमा महिलाको स्वामित्वको आधारमा परिवारको विवरण ४५

२.१६ विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरूको सङ्ख्याको आधारमा घरपरिवारको विवरण ४६

२.१७ उमेर र लिङ्गअनुसार मृत्यु सङ्ख्याको विवरण ४७

खण्ड ३ : भू-उपयोग ४८
३.१ नगरपालिकाको वर्तमान भू-उपयोगसम्बन्धी विवरण ४८
३.१.१ भौगोलिक अवस्थिति ४८
३.१.२ भू-क्षेत्रको वर्गीकरण ४९
३.२ घर बनेको जमिनको लालपुर्जाको आधारमा घरपरिवारहरूको विवरण ५१
३.३ घर निर्माण सम्पन्न प्रमाणपत्र लिए/नलिएको आधारमा परिवारको विवरण ५२
३.४ कोठा वा फ्ल्याट भाडामा दिएका परिवारहरूको वडागत विवरण ५३

खण्ड ४ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ५४
४.१ नगरपालिकाको वित्तीय स्थिति ५४
४.१.१ स्थानीय कर तथा गैर करहरूको विवरण ५४
४.१.२ वडागत रूपमा करदाताहरूको विवरण ५६
४.१.३ व्यापार तथा व्यवसायसम्बन्धी विवरण ५७
४.१.४ घर तथा जग्गा बहाल सम्बन्धी ५७
४.१.५ जडिबुटी सङ्कलन केन्द्र ५९
४.१.६ प्राकृतिक एवं खानीजन्य बस्तु, कृषि उपज बस्तु, जडिबुटी, कवाडीको विक्री तथा निकाशी ५९
४.१.७ सडक पूर्वाधारको विवरण ५९
४.१.८ सार्वजनिक पोखरी तथा माछापालन ६२
४.१.९ नगरपालिकाको आय व्यय विवरण ६२
४.१.१० घट्ट, मिल तथा सङ्कलन तथा प्रसोधनसम्बन्धी विवरण ६५
४.१.११ नगरपालिकाको विगत ३ वर्षको आयव्ययको विवरण ६६
४.२ नगरपालिकाको रोजगारी र आम्दानीको अवस्था ६६
४.२.१ वडागतरूपमा रोजगारीको अवस्था ६६
४.२.२ वार्षिक आम्दानीको आधारमा वडागत परिवारको विवरण ६८
४.२.३ वार्षिक औषत खर्चका आधारमा परिवारको विवरण ७४
४.२.४ आम्दानीको पहिलो प्रमुख स्रोतका आधारमा परिवारको विवरण ७६
४.२.५ परिवार धान्न आवश्यक पर्ने मासिक खर्चको आधारमा घरपरिवारको विवरण ७७
४.२.६ आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा घरपरिवारको विवरण ७८
४.२.७ कुल वार्षिक आम्दानीले परिवार धान्न नपुग्ने परिवारले नपुग अवधिको लागि घर धान्न गरेको अन्य व्यवस्थाको आधारमा परिवारको विवरण ७९
४.२.८ परिवारका सदस्यका लागि सामान्य बिरामी खर्च, न्यानो कपडा र झुलको व्यवस्था गर्ने क्षमताको आधारमा परिवारको विवरण ८०
४.२.९ ऋणका आधारमा परिवारको विवरण ८४
४.२.१० परिवारले लिएको ऋण रकमका आधारमा परिवारको विवरण ८५
४.२.११ ऋण लिनुको कारणका आधारमा परिवारको विवरण ८६
४.२.१२ ऋण लिएको स्रोतको आधारमा परिवारको विवरण ८७
४.३ उद्योग, बैंक तथा सहकारी ८८
४.३.१ उद्योगसम्बन्धी विवरण ८८
४.३.२ बैंक तथा वित्तीय संस्थाहरूको विवरण ९०
४.३.३ सहकारी संस्थाको विवरण ९२
४.३.४ बैंकमा खाता भए/नभएको आधारमा परिवार सङ्ख्याको विवरण ९८
४.४ व्यापार तथा उद्योग व्यवसाय ९९
४.४.१ व्यापारिक केन्द्रहरूको विवरण ९९

४.४.२ सञ्चालकको लिङ्गअनुसार उद्योग तथा व्यवसायिक फर्मको विवरण १००
४.४.३ सञ्चालकको उमेरसमूह अनुसार उद्योग/व्यवसायिक फर्मको विवरण १०१
४.४.४ सञ्चालकको राष्ट्रियताका आधारमा उद्योग व्यवसायिक फर्मको विवरण १०२
४.४.५ दर्ता भएका उद्योगहरूको वर्गीकरण १०३
४.४.६ उद्योग व्यवसाय र व्यापारिक फर्महरू सञ्चालन भई रहेका घरहरूको स्वामित्वको प्रकार १०४
४.४.७ सञ्चालित उद्योग/व्यवसायिक फर्मद्वारा मासिकरूपमा घर भाडा प्राप्त गर्ने घरपरिवारहरूको विवरण १०५
४.४.८ उद्योग तथा व्यवसायिक क्रियाकलपामा संलग्न व्यक्तिहरूको विवरण १०७
४.४.९ व्यवसायिक फर्म तथा कम्पनीको प्रकृति १०७

खण्ड ५ : कृषि तथा पशुपालन **१०९**
५.१ कृषि ११०
५.१.१ कृषिजन्य बालीसम्बन्धी विवरण ११०
५.१.२ कृषि बालीमा लाग्ने रोग ११२
५.१.३ कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ११३
५.१.४ बाली पात्रो ११४
५.१.५ कृषि बजारीकरण ११४
५.१.६ कृषि पकेट क्षेत्रको विवरण ११४
५.१.७ कृषक उद्यमी तथा बचत समूह ११५
५.१.८ कृषि तथा पशुसँग सम्बन्धित सामुदायिक, सहकारी फर्म वा संस्था ११६
५.१.९ कृषि प्रयोजनको लागि जग्गा/जमिन भए/नभएको आधारमा परिवारको विवरण ११८
५.१.१० कृषि उत्पादनमा आवद्ध घरपरिवारको विवरण ११९
५.१.११ कृषि बाली उत्पादनको आधारमा परिवारको विवरण १२०
५.१.१२ कृषिजन्य बाली विक्रीका आधारमा परिवारको विवरण १२२
५.२ पशुपालन १२४
५.२.१ पशु नश्ल १२५
५.२.२ पशुपक्षीमा लाग्ने रोगहरू १२५
५.२.३ पशु हाट बजारसम्बन्धी विवरण १२७
५.२.४ पशु वधशालाको विवरण १२७
५.२.५ कृषि प्रयोजनका लागि घरपालुवा पशुपक्षी पालनका आधारमा परिवारको विवरण १२७
५.२.६ पशुपक्षीहरूको उत्पादन आधारमा परिवारको विवरण १२८
५.२.७ पशुपक्षी विक्रीका आधारमा घरपरिवारको विवरण १२९

खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार **१३०**
६.१ सडक, सवारी तथा यातायात १३०
६.१.१ बिद्यमान सडक सञ्जाल १३०
६.१.२ नगरपालिकाबाट नामकरण गरिएका सडकहरूको विवरण १३४
६.१.३ सडक सञ्जालले छुने क्षेत्रको आधारमा परिवारहरूको विवरण १३६
६.१.४ परिवारले प्रयोग गरेको सडकको चौडाइको आधारमा वडागत विवरण १२७
६.१.५ यातायात सेवा १३८
६.१.६ सडक दुर्घटनासम्बन्धी विवरण १३९
६.१.७ पुल तथा पुलेसासम्बन्धी विवरण १३९
६.२ विमानस्थलको विवरण १४०

६.३ नगरपालिका केन्द्र तथा वडा केन्द्रबिचको दुरी १४०
६.३.१ टाढाको बस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय १४५
६.३.२ वडा केन्द्रबाट नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय १४५
६.४ नगरपालिकाका हालका भवनहरू १४७
६.५ सरकारी भवन १४७
६.६ सामुदायिक भवनहरूको विवरण १४८
६.७ सञ्चार १४८
६.७.१ टेलिफोन/मोबाइल १४९
६.७.२ एफ.एम रेडियोसम्बन्धी विवरण १४९
६.७.३ हुलाक सेवा १५०
६.७.४ पत्रपत्रिका १५०
६.८ विद्युत तथा सौर्य उर्जा १५०
६.८.१ नगरपालिकामा सौर्य उर्जा उपयोगको अवस्था १५०
६.८.२ बिजुलीको मिटर जडान भएका परिवारको विवरण १५१
६.८.३ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको आधारमा परिवारको विवरण १५२
६.८.४ खाना पकाउन प्रयोग गर्ने मुख्य इन्धनको आधारमा परिवारको विवरण १५३
६.९ परिवारमा भएको साधन तथा सुविधाको आधारमा घरपरिवारको विवरण १५४

खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा १५६
७.१ शिक्षा (पृष्ठभूमि) १५६
७.१.१ शैक्षिक संस्थाहरूको विवरण १५९
७.१.२ बालविकास केन्द्रको विवरण १६०
७.१.३ विश्वविद्यालय तथा क्याम्पसहरू १६१
७.१.४ शिक्षक विवरण १६७
७.१.५ शिक्षक तथा कक्षा कोठाको पर्याप्तता १६७
७.१.६ हाल विद्यालयमा अध्ययन गरिरहेका छात्र/छात्राको विवरण १६५
७.१.७ शैक्षिक सत्र २०७४ मा भर्ना भएका छात्र/छात्राहरूको विवरण १६७
७.१.८ शैक्षिक सत्र २०७३ मा भर्ना भएका छात्र/छात्राहरूको विवरण १६८
७.१.९ शैक्षिक सत्र २०७३ को अन्तिम परीक्षामा भाग लिएका छात्र/छात्राहरूको विवरण १६९
७.१.१० विशेष शिक्षातर्फ स्रोत कक्षामा अध्ययनरत छात्र/छात्राहरूको विवरण १७०
७.१.११ सामुदायिक स्वास्थ्य संस्थाको २०७५ सालको भर्ना भएका विद्यार्थीहरू १७०
७.१.१२ विद्यालयमा भएका पुस्तकालय, कम्पुटर तथा विज्ञान प्रयोगशालासम्बन्धी विवरण १७०
७.१.१३ विद्यालयको भौतिक विवरण १७३
७.१.१४ विद्यालयहरूमा शौचालयको विवरण १७५
७.१.१५ विद्यालयको प्रशासन र व्यवस्थापनसम्बन्धी विवरण १७८
७.१.१६ विद्यालय गुणस्तर सुधारसम्बन्धी विवरण १८३
७.१.१७ विद्यालयको गुणस्तर व्यवस्थापनसम्बन्धी विवरण १८७
७.१.१८ विद्यालयको संरचनागत विवरण १८९
७.१.१९ विद्यालयमा सूचनाको हकसम्बन्धी विवरण १९२
७.१.२० जातजातिअनुसार पाँच वर्षभन्दा माथिल्लो उमेर समूहका जनसङ्ख्याको साक्षरता स्थिति १९८
७.१.२१ ५ देखि २४ वर्ष उमेरसमूहका जनसङ्ख्या हाल स्कूल/कलेज गइरहेका र छाडेका उमेरसमूह अनुसार विवरण १९८

७.१.२२ ५ देखि २४ वर्ष उमेरसमूहका जनसङ्ख्या हाल स्कूल/कलेज गइरहेका र छाडेका उमेरसमूह अनुसार वडागत विवरण १९९
७.१.२३ ५ देखि २४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज छाडेका जनसङ्ख्याको विवरण २००
७.१.२४ ५ देखि २४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज छाडेका जनसङ्ख्याको वडागत विवरण २०१
७.१.२५ ५ देखि २४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज गइरहेका जनसङ्ख्यामध्ये स्कूल/कलेजको प्रकारका आधारमा जनसङ्ख्याको विवरण २०२
७.१.२६ ५ देखि २४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज गइरहेका जनसङ्ख्यामध्ये स्कूल/कलेजको प्रकारका आधारमा जनसङ्ख्याको वडागत विवरण २०३
७.१.२७ वडाअनुसार तहगत शिक्षासम्बन्धी विवरण २०५
७.१.२८ उमेरसमूह अनुसार तहगत शैक्षिक स्तरसम्बन्धी विवरण २०६
७.१.२९ लैङ्गिक आधारमा ५ देखि ३५ वर्षको उमेरका हाल विद्यालय वा कलेज गैरहेका र छाडेका वडागत जनसङ्ख्याको विवरण २१०
७.१.३० लैङ्गिक आधारमा ५ वर्षदेखि २४ वर्षको उमेर समूहका जनसङ्ख्यामध्ये हालसम्म विद्यालय वा कलेज गएका र छाडेका जनसङ्ख्याको विवरण २१०
७.१.३१ ५ वर्षदेखि ३५ वर्षको उमेर समूहको हाल विद्यालय वा कलेज गइरहेका जनसङ्ख्या विद्यालयमा बुझाउने मासिक शुल्कको विवरण २११
७.१.३२ परिवारमा रहेका विद्यार्थी सङ्ख्या र शिक्षामा वार्षिक खर्चको विवरण २१३
७.१.३३ ५ वर्षदेखि ३५ वर्षसम्म उमेर समहूका जनसङ्ख्या हाल विद्यालय/कलेज छाड्नुका कारण तथा लिङ्गको आधारमा वडागत विवरण २१४
७.१.३४ विशेष सीप वा दक्षता भएको जनसङ्ख्याको वडागत विवरण २१५
७.२ स्वास्थ्य २१७
७.२.१ नगरपालिकाको स्वास्थ्य सूचकाङ्क २२०
७.२.२ नगरपालिकामा देखा परेका १० प्रमुख रोगहरूको विवरण २२०
७.२.३ महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम २२१
७.२.४ प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनीक कार्यक्रम २२१
७.२.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण २२२
७.२.६ १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरूले जन्म दिएका सन्तानहरूको आधारमा वडागत विवरण २२३
७.२.७ शिशुहरूको जन्मदाको तौलका आधारमा शिशुहरूको विवरण २२७
७.२.८ १५-४९ उमेर समूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण २२८
७.२.९ नियमित खोपको विवरण २२९
७.२.१० २ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण २३०
७.२.११ ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण २३१
७.२.१२ दीर्घ रोगको प्रकार अनुसार दीर्घ रोगीहरूको जनसङ्ख्या विवरण २३२
७.२.१३ पोषण सम्बन्धी विवरण २३३
७.३ महिला तथा बालबालिका २३५
७.३.१ महिलासम्बन्धी विवरण २३५
७.३.२ महिला सहकारी संस्था २३७
७.३.३ आमा समूहको विवरण २३७

७.३.४ बालबालिकासम्बन्धी विवरण २४२
७.३.५ बालश्रमको अवस्था २४३
७.३.६ बालक्लब २४४
७.३.७ बालसञ्जाल २४४
७.४ खानेपानी तथा सरसफाई २४५
७.४.१ नगरपालिकाभित्र सञ्चालित खानेपानीका सार्वजनिक आयोजना एवम् निजी उद्योग २४५
७.४.२ नगरपालिकाभित्र सञ्चालित खानेपानी आयोजना, माग, आपूर्ति, महसुल २४६
७.४.३ नगरपालिकाका खानेपानी आयोजनाबाट उपलब्ध हुने पानीको गुणस्तर २४६
७.४.४ नगरपालिकामा खानेपानीका सम्भावित स्रोत २४७
७.४.५ खानेपानीको मुख्य स्रोतको आधारमा घरपरिवारको विवरण २४७
७.४.६ परिवारले प्रयोग गरेको पानीको स्रोतको स्वामित्वको आधारमा परिवारको विवरण २४८
७.४.७ खानेपानीको मुख्य स्रोत भएको ठाउँसम्म पुग्न लाग्ने समयको आधारमा घरपरिवारको विवरण २५१
७.४.८ शौचालय प्रयोगको प्रकारको आधारमा घरपरिवारको विवरण २५१
७.५ सामाजिक सुरक्षा भत्ता प्राप्त व्यक्तिहरूको विवरण २५२
७.६ अपाङ्गताका आधारमा जनसङ्ख्या २५३
७.७ व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण २५५
७.८ फोहोरमैला व्यवस्थापन तथा सरसफाई २५६
७.८.१ नगरपालिकाको फोहोरसम्बन्धी तथ्यहरू २५६
७.८.२ पक्की तथा कच्ची ढलसम्बन्धी विवरण २५७
७.८.३ वातावरण, रसायनिक र जैविक प्रभाव सम्बन्धमा २५८
७.८.४ खुला दिशा मुक्त क्षेत्र २५८
७.८.५ सार्वजनिक शौचालयसम्बन्धी विवरण २५८
७.८.६ घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण २५९
७.८.७ ढल निकासको प्रकारको आधारमा परिवारको विवरण २६०

खण्ड ८ : वन तथा वातावरण **२६३**
८.१ प्राकृतिक वन तथा वनस्पति २६३
८.२ जैविक विविधता सम्बन्धी विवरण २६३
८.३ सामुदायिक वनसम्बन्धी विवरण २६४
८.४ वन पैदावारको माग र आपूर्ति २६६
८.५ जडिबुटीसम्बन्धी विवरण २६६
८.६ वन संरक्षणका लागि चाल्नु पर्ने कदम २६६
८.७ हावापानीसम्बन्धी विवरण २६७
८.८ वातावरणसम्बन्धी विवरण २६८
८.८.१ मुख्य वातावरणीय समस्याका प्रकारका कारण पीडित परिवारको विवरण २६८
८.८.२ वायु प्रदूषण २६९
८.८.३ ध्वनी प्रदूषण २६९
८.८.४ फोहोर जन्य प्रदूषण २६९
८.८.५ पानी प्रदूषण २७०

८.८.६ नगरपालिकाको जलवायु परिवर्तन तथा अनुकुलनको बस्तुस्थिती २७०
८.९ विपत् व्यवस्थापन २७२
८.९.१ नगरपालिकामा हुन सक्ने विपत् सम्बन्धी विवरण २७३
८.९.२ नगरपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण २७३
८.९.३ नगरपालिकामा भएको प्रकोप र क्षतिको विवरण २७४
८.९.४ संस्थागत विश्लेषण २७५
८.९.५ प्राकृतिक विपत् वा प्रकोपको खतराको किसिमको आधारमा परिवारको विवरण २७७

खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति **२७९**
९.१ प्रति परिवार वार्षिक आय तथा औषत प्रतिव्यक्ति आय २७९
९.२ परिवारमुलीको लिङ्गको आधारमा प्रति परिवार वार्षिक आयसम्बन्धी विवरण २८०
९.३ विपन्नता सुचकाङ्क २८०
९.३.१ सम्पन्नता सुचकाङ्कको आधारमा वडाअनुसार परिवारको विवरण २८१
९.३.२ सम्पन्नता सूचकको आधारमा परिवारमूलीको लिङ्गअनुसार परिवारको विवरण २८२
९.४ नगरपालिका सरकारी कार्यालयहरू २८३
९.५ नागरिक सचेतना केन्द्रको विवरण २८४
९.६ गैर सरकारी संस्थासम्बन्धी विवरण २८५
९.७ जनचेतनामूलक तालिम प्राप्त गरेका जनशक्तिको विवरण २८८

खण्ड १० : विविध **२८९**
१०.१ नगरपालिकाको सङ्गठनात्मक ढाँचा २८९
१०.२ नगरपालिकासँग साझेदारी गरेका संघ संस्थाहरू २९०
१०.३ नगरपालिका आफैले बनाएका नियम/विनियमहरूको विवरण २९१
१०.४ नगरपालिकाले सञ्चालन गरेका प्रमुख कार्यक्रम तथा योजनाहरूको विवरण २९१
१०.५ नगरपालिका क्षेत्रभित्रका सरकारी कार्यालयहरूको नाम ठेगाना र सम्पर्क नम्बरहरू २९२
१०.६ व्यवसायिक खेलाडीको विवरण २९२
१०.७ शवदाहस्थलको विवरण २९२
१०.८ नगरपालिकाको स्थापनाकालदेखि हालसम्मका प्रमुख तथा कर्मचारीहरूको विवरण २९३
१०.९ नगरपालिकाको कार्यालयमा हाल कार्यरत कर्मचारीहरूको विवरण २९४
१०.१० कार्यपालिका पदाधिकारीहरूको विवरण २९८
१०.११ जननिर्वाचित प्रतिनिधिको विवरण २९९

तालिका सूची

तालिका नं. १:	नगरपालिकामा रहेका नदिहरूको विवरण	३
तालिका नं. २:	नगरपालिकामा रहेका पार्क तथा उद्यानसम्बन्धी विवरण	५
तालिका नं. ३:	बस्ती मुख्य बस्तीसम्बन्धी विवरण	५
तालिका नं. ४:	सार्वजनिक पाटीपौवा तथा चौताराहरूको विवरण	७
तालिका नं. ५:	खेलमैदानसम्बन्धी विवरण	९
तालिका नं. ६:	खानी तथा खनिज स्रोतसम्बन्धी विवरण	१०
तालिका नं. ७:	नगरपालिकामा रहेका पिकनिक स्थल तथा मनोरञ्जन स्थलसम्बन्धी विवरण	१०
तालिका नं. ८:	धार्मिक/ऐतिहासिक/पुरातात्विक स्थलहरूको विवरण	१२
तालिका नं. ९:	होटेल, रिसोर्ट तथा होमस्टेसम्बन्धी विवरण	१४
तालिका नं. १०:	जात्रा तथा मेलासम्बन्धी विवरण	१५
तालिका नं. ११:	वडागत परिवार सङ्ख्या तथा लिङ्गको आधारमा जनसङ्ख्याको विवरण	१६
तालिका नं. १२:	अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसङ्ख्याको विवरण	१८
तालिका नं. १३:	उमेरसमूह अनुसार जनसङ्ख्याको विवरण	२१
तालिका नं. १४:	परिवारमा रहेको सदस्य सङ्ख्याको आधारमा परिवारको विवरण	२३
तालिका नं. १५:	वडाअनुसार जातजाततिको विवरण	२४
तालिका नं. १६:	नगरपालिकामा बोलिने भाषाको आधारमा जनसङ्ख्याको विवरण	२५
तालिका नं. १७:	धर्मअनुसार जनसङ्ख्याको वडागत विवरण	२७
तालिका नं. १८:	पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा जनसङ्ख्याको विवरण	२९
तालिका नं. १९:	घरको प्रयोगको आधारमा परिवारको विवरण	३०
तालिका नं. २०:	घरको किसिमको आधारमा परिवारको विवरण	३२
तालिका नं. २१:	परिवारले प्रयोग गरेको घरको तल्लाको आधारमा परिवारको विवरण	३४
तालिका नं. २२:	परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा परिवारको विवरण	३५
तालिका नं. २३:	परिवारले प्रयोग गरेको घरको कोठा सङ्ख्याको आधारमा परिवारको विवरण	३६
तालिका नं. २४:	सुत्ने कोठा र भान्सा कोठा अलग भए/नभएको आधारमा परिवारको विवरण	३७
तालिका नं. २५:	अनुपस्थित भएका सदस्य तथा परिवारको विवरण	३९
तालिका नं. २६:	उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण	३९
तालिका नं. २७:	अनुपस्थित हुँदा उर्त्तीण गरेको कक्षा/तहको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण	४०
तालिका नं. २८:	लिङ्ग तथा अनुपस्थित हुँदा उर्त्तीण गरेको कक्षा/तहको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण	४१
तालिका नं. २९:	अनुपस्थित रहेको अवधिको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण	४२
तालिका नं. ३०:	अनुपस्थित रहने कारणका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण	४३
तालिका नं. ३१:	अनुपस्थित हुने कारण र गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण	४४
तालिका नं. ३२:	घर तथा जमिनमा महिलाको स्वामित्व हुने घरपरिवारको विवरण	४५
तालिका नं. ३३:	विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरूको सङ्ख्याको आधारमा घरपरिवारको विवरण	४६
तालिका नं. ३४:	उमेर र लिङ्गअनुसार मृत्यु सङ्ख्याको विवरण	४७
तालिका नं. ३५:	भू-क्षेत्रको वर्गीकरण	४९
तालिका नं. ३६:	घर बनेको जमिनको लालपुर्जासम्बन्धी विवरण	५१
तालिका नं. ३७:	घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण	५२
तालिका नं. ३८:	कोठा वा फ्ल्याट भाडामा दिएका परिवारहरूको वडागत विवरण	५३

तालिका नं. ३९:	स्थानीय तथा प्रदेश तहले सङ्कलन गर्ने करहरूसम्बन्धी करदाताहरूको विवरण	५४
तालिका नं. ४०:	वडागत रूपमा करदाताहरूको विवरण	५६
तालिका नं. ४१:	पुँजी लगानीको आधारमा व्यवसायिक फर्म तथा कम्पनीको विवरण	५७
तालिका नं. ४२:	भाडाको घरमा बस्ने परिवार तथा व्यवसायीहरूले मासिक रूपमा तिर्ने भाडाको रकम	५८
तालिका नं. ४३:	जडिबुटी सङ्कलन केन्द्र	५९
तालिका नं. ४४:	सडक पूर्वाधार विवरण	६०
तालिका नं. ४५:	सार्वजनिक पोखरी तथा माछापालन विवरण	६२
तालिका नं. ४६:	नगरपालिकाको आय व्यय सम्बन्धी विवरण	६३
तालिका नं. ४७:	राजश्व अभिवृद्धि सुधारका कार्यक्रमहरू	६४
तालिका नं. ४८:	मिल तथा सङ्कलन तथा प्रसोधन सम्बन्धी विवरण	६६
तालिका नं. ४९:	नगरपालिकाको विगत ३ वर्षको आयव्ययको विवरण	६६
तालिका नं. ५०:	वडागतरूपमा रोजगारीको अवस्था	६७
तालिका नं. ५१:	वार्षिक आम्दानीको आधारमा वडागत परिवारको विवरण	६९
तालिका नं. ५२:	वार्षिक आम्दानीको आधारमा वडागत परिवारको विवरण	६९
तालिका नं. ५३:	वार्षिक औषत खर्चका आधारमा परिवारको विवरण	७४
तालिका नं. ५४:	आम्दानीको पहिलो प्रमुख स्रोतका आधारमा परिवारको विवरण	७६
तालिका नं. ५५:	परिवार धान्न आवश्यक पर्ने मासिक खर्चको आधारमा घरपरिवारको विवरण	७७
तालिका नं. ५६:	आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा घरपरिवारको विवरण	७९
तालिका नं. ५७:	नपुग अवधिको लागि घर धान्न गरेको अन्य व्यवस्थाको आधारमा परिवारको विवरण	८०
तालिका नं. ५८:	परिवारका सदस्य सामान्य बिरामी पर्दा खर्च गर्न सक्ने आर्थिक क्षमताअनुसार परिवारको विवरण	८१
तालिका नं. ५९:	जाडो महिनामा न्यानो लुगा व्यवस्था गर्न सक्ने क्षमताको आधारमा परिवारको विवरण	८२
तालिका नं. ६०:	आवश्यकताअनुसार लामखुट्टेको झुलको व्यवस्था गर्न सक्ने क्षमताको आधारमा परिवारको विवरण	८३
तालिका नं. ६१:	ऋण लिने र नलिने परिवारको विवरण	८४
तालिका नं. ६२:	परिवारले लिएको ऋण रकमका आधारमा परिवारको विवरण	८५
तालिका नं. ६३:	ऋण लिनुको कारणका आधारमा परिवारको विवरण	८६
तालिका नं. ६४:	ऋण लिएको स्रोतको आधारमा परिवारको विवरण	८७
तालिका नं. ६५:	साना तथा घरेलु उद्योगहरूको विवरण	८९
तालिका नं. ६६:	बैंकसम्बन्धी विवरण	९०
तालिका नं. ६७:	सहकारी संस्थाको नामावली	९३
तालिका नं. ६८:	बैंकमा खाता भए/नभएको आधारमा परिवार सङ्ख्याको विवरण	९८
तालिका नं. ६९:	नगरपालिकाका प्रमुख बजार तथा व्यापारिक केन्द्रहरू	९९
तालिका नं. ७०:	उद्योग व्यवसाय सञ्चालकको लिङ्गअनुसार उद्योग/व्यवसायिक फर्मको विवरण	१००
तालिका नं. ७१:	सञ्चालकको उमेरसमूह अनुसार उद्योग/व्यवसायिक फर्मको विवरण	१०१
तालिका नं. ७२:	सञ्चालकको राष्ट्रियताका आधारमा उद्योग व्यवसायिक फर्मको विवरण	१०३
तालिका नं. ७३:	दर्ता भएका उद्योग/व्यवसायिक फर्मको वर्गीकरण	१०४
तालिका नं. ७४:	उद्योग/व्यवसायिक फर्म सञ्चालन भई रहेका घरको स्वामित्व	१०५
तालिका नं. ७५:	सञ्चालित उद्योग/व्यवसायिक फर्मद्वारा मासिकरूपमा घर भाडा प्राप्त गर्ने परिवारको विवरण	१०६

तालिका नं. ७६:	उद्योग तथा व्यवसायिक क्रियाकलापमा संलग्न व्यक्तिहरूको विवरण	१०७
तालिका नं. ७७:	व्यवसायिक फर्म तथा कम्पनीको प्रकृति	१०८
तालिका नं. ७८:	कृषिजन्य उत्पादनसम्बन्धी विवरण	१११
तालिका नं. ७९:	बालीमा लाग्ने रोग विवरण	११२
तालिका नं. ८०:	कृषि तथा पशु सेवा केन्द्रको विवरण	११३
तालिका नं. ८१:	बाली पात्रो	११३
तालिका नं. ८२:	कृषि बजारसम्बन्धी विवरण	११४
तालिका नं. ८३:	कृषि पकेट क्षेत्रको विवरण	११५
तालिका नं. ८४:	कृषक उद्यमी तथा बचत समूह	११५
तालिका नं. ८५:	कृषि तथा पशुसँग सम्बन्धित सामुदायिक, सहकारी फर्म वा संस्थाहरूको विवरण	११६
तालिका नं. ८६:	कृषि तथा पशुसँग सम्बन्धित समूहहरूको विवरण	११७
तालिका नं. ८७:	कृषि प्रयोजनको लागि जग्गा/जमिन भए/नभएको आधारमा परिवारको विवरण	११८
तालिका नं. ८८:	प्रयोजनमा भोगचलन भएको जमिनमा सिँचाई सुविधासम्बन्धी विवरण	११९
तालिका नं. ८९:	कृषि उत्पादनमा आवद्धघरपरिवारको विवरण	१२०
तालिका नं. ९०:	कृषि बाली उत्पादनको आधारमा परिवारको विवरण	१२०
तालिका नं. ९१:	कृषिजन्य बाली विक्रीका आधारमा घरपरिवारको विवरण	१२३
तालिका नं. ९२:	पशुधन तथा सोबाट हुने उत्पादनको विवरण	१२४
तालिका नं. ९३:	पशुमा देखिएको रोगहरूको विवरण	१२६
तालिका नं. ९४:	पशु हाट बजारसम्बन्धी विवरण	१२७
तालिका नं. ९५:	पशु वधशालाको विवरण	१२७
तालिका नं. ९६:	कृषि प्रयोजनका लागि घरपालुवा पशुपक्षी पालनका आधारमा परिवारको विवरण	१२७
तालिका नं. ९७:	पशुपक्षीहरूको उत्पादन घरपरिवारको विवरण	१२८
तालिका नं. ९८:	पशुपक्षी विक्रीका आधारमा घरपरिवारको विवरण	१२९
तालिका नं. ९९:	सडक सञ्जालको वर्तमान अवस्था	१३०
तालिका नं. १००:	सडक मार्गको विवरण	१३२
तालिका नं. १०१:	नगरपालिकाबाट नामकरण गरिएका सडक, चौराह र चोकहरूको विवरण	१३४
तालिका नं. १०२:	सडक सञ्जालले छुने क्षेत्रको आधारमा वडागत परिवारहरूको विवरण	१३६
तालिका नं. १०३:	सडकको चौडाइको आधारमा वडागत परिवारको विवरण	१३७
तालिका नं. १०४:	रुट परमिट लिएर सञ्चालन भएका सवारी साधनहरू	१३८
तालिका नं. १०५:	बसपार्क तथा सवारी पार्किङ्गसम्बन्धी विवरण	१३८
तालिका नं. १०६:	सडक दुर्घटनासम्बन्धी विवरण	१३९
तालिका नं. १०७:	पुलसम्बन्धी विवरण	१३९
तालिका नं. १०८:	विमानस्थलसम्बन्धी विवरण	१४०
तालिका नं. १०९:	नगरपालिकामा भएका सडकहरूको विवरण	१४१
तालिका नं. ११०:	टाढाको बस्तीदेखि वडा केन्द्रसम्म पुग्न लाग्ने समयसम्बन्धी विवरण	१४५
तालिका नं. १११:	वडा केन्द्रदेखि नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने समयसम्बन्धी विवरण	१४५
तालिका नं. ११२:	नगरपालिकाका हालका भवनहरूको विवरण	१४७
तालिका नं. ११३:	नगरपालिकामा रहेका सरकारी भवनहरूको विवरण	१४७
तालिका नं. ११४:	सामुदायिक भवनहरूको विवरण	१४८
तालिका नं. ११५:	मोबाइल तथा टेलिफोन सञ्चालनसम्बन्धी विवरण	१४९
तालिका नं. ११६:	एफ.एम. रेडियोहरूका विवरण	१४९
तालिका नं. ११७:	पत्रपत्रिकासम्बन्धी विवरण	१५०
तालिका नं. ११८:	नगरपालिकामा उर्जा उपयोगको अवस्था	१५०


तालिका नं. ११९: दैनिक बत्ति बाल्न प्रयोग गरिने इन्धनको आधारमा घरपरिवारको विवरण १५१
तालिका नं. १२०: दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको आधारमा परिवारको विवरण १५२
तालिका नं. १२१: खाना पकाउन प्रयोग गर्ने मुख्य इन्धनको आधारमा परिवारको विवरण १५३
तालिका नं. १२२: परिवारमा भएको साधन तथा सुविधाको आधारमा घरपरिवारको विवरण १५४
तालिका नं. १२३: नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण १५९
तालिका नं. १२४: बाल विकास केन्द्रसम्बन्धी विवरण १६०
तालिका नं. १२५: नगरपालिकामा रहेका क्याम्पस तथा विश्वविद्यालयहरूको विवरण १६१
तालिका नं. १२६: तहगत शिक्षक विवरण १६२
तालिका नं. १२७: शिक्षक तथा कक्षा कोठाको पर्याप्तता १६२
तालिका नं. १२८: विद्यालयमा अध्ययन गरिरहेका छात्र/छात्राको विवरण १६५
तालिका नं. १२९: शैक्षिक सत्र २०७४ सालमा भर्ना भएका छात्र/छात्राको विवरण १६७
तालिका नं. १३०: शैक्षिक सत्र २०७३ मा भर्ना भएका छात्र/छात्राहरूको विवरण १६८
तालिका नं. १३१: शैक्षिक सत्र २०७३ सालको अन्तिम परीक्षामा भाग लिएका छात्र/छात्राको विवरण १६९
तालिका नं. १३२: विशेष शिक्षातर्फ स्रोत कक्षामा अध्ययनरत छात्र/छात्राहरूको विवरण १७०
तालिका नं. १३३: सामुदायिक स्वास्थ्य संस्थाको २०७५ सालको भर्ना भएका विद्यार्थीहरू १७०
तालिका नं. १३४: विद्यालयमा भएका पुस्तकालय, कम्पुटर तथा विज्ञान प्रयोगशालासम्बन्धी विवरण १७०
तालिका नं. १३५: विद्यालयको भौतिक विवरणसम्बन्धी विवरण १७३
तालिका नं. १३६: विद्यालयहरूमा शौचालयको विवरण १७६
तालिका नं. १३७: विद्यालयको प्रशासन र व्यवस्थापनसम्बन्धी विवरण १७९
तालिका नं. १३८: विद्ययालय गुणस्तर सुधारसम्बन्धी विवरण १८३
तालिका नं. १३९: विद्यालयको गुणस्तर व्यवस्थापनसम्बन्धी विवरण १८७
तालिका नं. १४०: विद्यालयको संरचनागत विवरण १८९
तालिका नं. १४१: विद्यालयमा सूचनाको हकसम्बन्धी विवरण १९३
तालिका नं. १४२: जातजातिअनुसार ५ वर्षभन्दा माथिल्लो उमेर समूहका जनसङ्ख्याको साक्षरता स्थिति १९८
तालिका नं. १४३: ५ देखि २४ वर्ष उमेरसमूहका जनसङ्ख्या हाल स्कूल/कलेज गइरहेका र छाडेका उमेरसमूह अनुसार विवरण १९८
तालिका नं. १४४: ५ देखि २४ वर्ष उमेरसमूहका जनसङ्ख्या हाल स्कूल/कलेज गइरहेका र छाडेका उमेरसमूह अनुसार वडागत विवरण १९९
तालिका नं. १४५: ५ देखि २४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज छाडेका जनसङ्ख्याको विवरण २००
तालिका नं. १४६: ५ देखि २४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज छाडेका जनसङ्ख्याको वडागत विवरण २०१
तालिका नं. १४७: ५ देखि २४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज गइरहेका जनसङ्ख्या मध्ये स्कूल/कलेजको प्रकारका आधारमा जनसङ्ख्याको विवरण २०२
तालिका नं. १४८: ५ देखि २४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज गइरहेका जनसङ्ख्या मध्ये स्कूल/कलेजको प्रकारका आधारमा जनसङ्ख्याको वडागत विवरण २०३
तालिका नं. १४९: वडाअनुसार तहगत शिक्षासम्बन्धी विवरण २०५
तालिका नं. १५०: वडाअनुसार तहगत शिक्षा, लिङ्ग र उमेरसमूह सम्बन्धी विवरण २०७
तालिका नं. १५१: लैङ्गिक आधारमा ५ देखि ३५ वर्षको उमेरका हाल विद्यालय वा कलेज गैरहेका र छाडेका वडागत जनसङ्ख्याको विवरण २१०

तालिका नं. १५२:	तालिका नं. १५२: लैङ्गिक आधारमा ५ वर्षदेखि २४ वर्षको उमेर समूहका जनसङ्ख्यामध्ये हालसम्म विद्यालय वा कलेज गएका र छाडेका जनसङ्ख्याको विवरण	२१०
तालिका नं. १५३:	५ वर्षदेखि ३५ वर्षको उमेर समूहको हाल विद्यालय वा कलेज गइरहेका जनसङ्ख्याले विद्यालयमा बुझाउने मासिक शुल्कको विवरण	२१२
तालिका नं. १५४:	शिक्षामा भएको वार्षिक खर्चको विवरण	२१३
तालिका नं. १५५:	५ वर्षदेखि ३५ वर्षसम्म उमेर समहूका जनसङ्ख्या हाल विद्यालय/कलेज छाड्नुका कारणहरूकको आधारमा जनसङ्ख्याको विवरण	२१४
तालिका नं. १५६:	५ वर्षदेखि ३५ वर्षसम्म उमेर समहूका जनसङ्ख्या हाल विद्यालय/कलेज छाड्नुका कारणहरूकको आधारमा जनसङ्ख्याको विवरण	२१५
तालिका नं. १५७:	वडागतरूपमा विशेष सीप वा दक्षता भएको जनसङ्ख्याको विवरण	२१६
तालिका नं. १५८:	स्वास्थ्य संस्थाहरूको विवरण	२१७
तालिका नं. १५९:	नगरपालिकाको स्वास्थ्य सूचकाङ्कसम्बन्धी विवरण	२२०
तालिका नं. १६०:	रोगहरूको विवरण	२२०
तालिका नं. १६१:	परिवार नियोजनसम्बन्धी विवरण	२२१
तालिका नं. १६२:	सुरक्षित मातृत्वको विवरण	२२२
तालिका नं. १६३:	१५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरूले जीवित जन्म भएका सन्तानहरूको वडागत विवरण	२२२
तालिका नं. १६४:	शिशुहरूको जन्मदाको तौलका आधारमा शिशुहरूको विवरण	२२७
तालिका नं. १६५:	१५-४९ उमेरसमूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण	२२८
तालिका नं. १६६:	खोपसम्बन्धी विवरण	२३०
तालिका नं. १६७:	खोप छोड्ने बालबालिकाहरूको विवरण	२३०
तालिका नं. १६८:	२ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण	२३१
तालिका नं. १६९:	५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण	२३२
तालिका नं. १७०:	दीर्घरोग रोगको प्रकार अनुसार जनसङ्ख्याको विवरण	२३३
तालिका नं. १७१:	विगत ३ वर्षमा पोषणको अवस्था	२३४
तालिका नं. १७२:	महिला हिंसासम्बन्धी विवरण	२३६
तालिका नं. १७३:	महिला सहकारी संस्थासम्बन्धी विवरण	२३७
तालिका नं. १७४:	आमा समूहको विवरण	२३७
तालिका नं. १७५:	परिवार बिहिन बालबालिकाहरूको विवरण	२४३
तालिका नं. १७६:	बालक्लबको विवरण	२४४
तालिका नं. १७७:	बालक्लबको विवरण	२४४
तालिका नं. १७८:	नगरपालिकामा रहेको खानेपानी आयोजनासम्बन्धी विवरण	२४५
तालिका नं. १७९:	खानेपानी आयोजना, माग, आपूर्ति र महसुलसम्बन्धी विवरण	२४६
तालिका नं. १८०:	नगरमा सञ्चालित खानेपानी आयोजनाहरूको खानेपानी गुणस्तर	२४६
तालिका नं. १८१:	खानेपानीका सम्भावित स्रोतहरू	२४७
तालिका नं. १८२:	खानेपानीको मुख्य स्रोतको आधारमा घरपरिवारको विवरण	२४७
तालिका नं. १८३:	परिवारले प्रयोग गरेको पानीको स्रोतको स्वामित्वको आधारमा परिवारको विवरण	२५०
तालिका नं. १८४:	खानेपानीको मुख्य स्रोत भएको ठाउँसम्म पुग्न लाग्ने समयको आधारमा घरपरिवारको विवरण	२५१
तालिका नं. १८५:	शौचालय प्रयोगको प्रकारको आधारमा घरपरिवारको विवरण	२५१
तालिका नं. १८६:	विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसङ्ख्याको विवरण	२५३

तालिका नं. १८७: अपाङ्गताका आधारमा जनसङ्ख्याको विवरण २५४
तालिका नं. १८८: व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण २५५
तालिका नं. १८९: फोहरमैला व्यवस्थापनसम्बन्धी विवरण २५६
तालिका नं. १९०: हस्पिटलबाट निस्केको फोहोर मैला व्यवस्थापनसम्बन्धी विवरण २५६
तालिका नं. १९१: ढल व्यवस्थापनसम्बन्धी विवरण २५७
तालिका नं. १९२: वातावरण, रसायनिक र जैविक प्रभाव सम्बन्धमा २५८
तालिका नं. १९३: सार्वजनिक शौचालयको विवरण २५९
तालिका नं. १९४: घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण २५९
तालिका नं. १९५: ढल निकास भए/नभएको आधारमा परिवारको विवरण २६१
तालिका नं. १९६: सामुदायिक वनको विवरण २६५
तालिका नं. १९७: मौसमको विवरण २६७
तालिका नं. १९८: मुख्य वातावरणिय समस्याको प्रकारको आधारमा परिवारको विवरण २६८
तालिका नं. १९९: अति उच्च तापक्रम भएका वर्षहरू २७०
तालिका नं. २००: अति न्यून तापक्रम भएका वर्षहरू २७०
तालिका नं. २०१: टीकापुर क्षेत्रको बार्षिक औसत बर्षा २७२
तालिका नं. २०२: प्रकोप विवरण २७३
तालिका नं. २०३: प्रकोपको असर कम गर्न पूर्वतयारी र न्यूनीकरणका गतिबिधि २७३
तालिका नं. २०४: नगरपालिकामा भएको प्रकोपको विवरण २७५
तालिका नं. २०५: संस्थागत विवरण २७६
तालिका नं. २०६: प्राकृतिक विपत् वा प्रकोपको खतराको किसिमको आधारमा परिवारको विवरण २७८
तालिका नं. २०७: वडाअनुसार प्रति परिवार वार्षिक आय तथा औषत प्रतिव्यक्तिआय २७९
तालिका नं. २०८: परिवारमूलीको लिङ्गको आधारमा प्रति परिवार वार्षिक आयसम्बन्धी विवरण २८०
तालिका नं. २०९: सम्पन्नता सुचकाङ्कको आधारमा वडाअनुसार परिवारको विवरण २८१
तालिका नं. २१०: सम्पन्नता सूचकाङ्ककको आधारमा परिवारमूलीको लिङ्गअनुसार परिवारको विवरण २८२
तालिका नं. २११: नगरपालिका सरकारी कार्यालयहरूको नाम तथा फोन नं. विवरण २८३
तालिका नं. २१२: नागरिक सचेतना केन्द्रसम्बन्धी विवरण २८४
तालिका नं. २१३: गैर-सरकारी संस्थाहरूको विवरण २८६
तालिका नं. २१४: जनचेतनामूलक तालिम प्राप्त गरेका जनशक्तिको विवरण २८८
तालिका नं. २१५: नगरपालिकासँग साझेदारी गरेका संघसंस्थाहरूको विवरण २९०
तालिका नं. २१६: नगरपालिका आफैले बनाएका नियम/विनियमहरूको विवरण २९१
तालिका नं. २१७: नगरपालिकासँग साझेदारी गरेका संघ संस्थाहरूको विवरण २९१
तालिका नं. २१८: नगरपालिका क्षेत्रभित्रका सरकारी कार्यालयहरूको नाम ठेगाना र सम्पर्क नम्बरहरू २९२
तालिका नं. २१९: व्यवसायिक खेलाडीसम्बन्धी विवरण २९२
तालिका नं. २२०: शवदाह स्थलको विवरण २९२
तालिका नं. २२१: नगरपालिकाको स्थापनाकालदेखि हालसम्मका प्रमुखहरूको विवरण २९३
तालिका नं. २२२: नगरपालिकामा कार्यरत कर्मचारीहरूको विवरण २९४
तालिका नं. २२३: नगर कार्यपालिकाका पदाधिकारीहरूको विवरण २९८
तालिका नं. २२४: जननिर्वाचित प्रतिनिधिहरूको विवरण २९९

खण्ड १ : नगरपालिकाको परिचय

१.१ नगरपालिकाको परिचय



स्रोत: भूमि सूचना र अभिलेख विभाग

नेपालको सुदूरपश्चिम प्रदेशमा पर्ने कैलाली जिल्लाको पूर्वमा अवस्थित टीकापुर, पूर्व-पश्चिम राजमार्गदेखि १४ कि.मी. दक्षिण, भारतको सिमानादेखि उत्तरतर्फ कर्णाली नदीको पश्चिममा र २८०३१'३०" उत्तरी अक्षांश र ८१००७'३१५" पूर्वी देशान्तरमा अवस्थित छ। टीकापुर नगरपालिका समुन्द्र सतहबाट १४५-१६१ मिटर उचाईमा रहेको छ। २०४६ सालको जनआन्दोलन पश्चात् टीकापुर नगरोन्मुख गा.वि.सं. हुँदै वि.सं. २०५३ साल माघ १७ गते टीकापुर नगरपालिका घोषणा भएको हो। तात्कालीन समयमा देशैभर एकैसाथ घोषणा भएका १५ वटा नगरपालिकाहरूमध्ये एक नगरपालिका टीकापुर नगरपालिका पनि हो। साविकको नारायणपुर र धनसिंहपुर गाउँ विकास समितिलाई टीकापुरमा गाभेर २०७३ फागुन २७ गते मन्त्रीपरिषद्को निर्णयबाट हालको टीकापुर नगरपालिकाको स्थापना भएको हो। टीकापुर नगरपालिका नेपालकै आधुनिक योजना सहितको नगरपालिका हो।

१.१.१ नामकरण

वि.सं. २०२८ सालमा घना जङ्गल फडानी गरेर तात्कालीन मन्त्री खड्गबहादुर सिंहले यो नगरको स्थापना गर्नुभएको हो । घना जङ्गल भएको यस क्षेत्रमा बस्ती बस्ने क्रममा यहाँका बस्तीहरू "टीका" जस्तै गरी गोलाकार रूपमा बसेकोले यस ठाउको नाम "टीकापुर" रहन गएको भनाई छ भने अर्कोतर्फ टीकापुरमा बस्ती बसाउने क्रममा जङ्गल फडानीको कार्य दशैंको "टीका" का दिनदेखि प्रारम्भ गरिएकोले यस ठाउँको नाम "टीकापुर" रहन गएको भन्ने भनाई पनि छ । हाल टीकापुर नगरपालिका ११८.३३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ ।

१.१.२ ऐतिहासिक पृष्ठभूमि

टीकापुर शहरीकरणको विकासक्रमलाई नियाल्दा वि.सं. २०२४ चैत्र २ गते तात्कालीन नेपाल नरेश महेन्द्र वीर विक्रम शाहदेव महाकाली अञ्चल कञ्चनपुर जिल्ला स्थित वर्तमान शुक्लाफाँट वन्यजन्तु आरक्षमा शिकार खेल्ने प्रयोजनका लागि आएको तथ्य भेटिन्छ । सोही क्रममा राजा महेन्द्रलाई वि.सं. २०२४ चैत्र २४ गते आकस्मिक हृदयघात भए पश्चात् स्वास्थ्य लाभका लागि अनुकुल स्थानको खोजी हुँदा स्वदेशी तथा विशेषज्ञहरूबाट हालको "टीकापुर वृहत उद्यान" रहेको ठाउँ, हावापानी, भू-धरातलीय बनौट, अवस्थित आदिका दृष्टिले सर्वाधिक मात्रामा उपयुक्त भएको सिफारिस भएकोले २०२४ चैत्र २५ का दिन राजालाई पूर्वोक्त स्थानमा ल्याई विश्रामका लागि समुचित व्यवस्था मिलाइएको देखिन्छ। मुलुकको अस्थायी राजधानीको हैसियत प्रदान गर्दै वि.सं. २०२४ चैत्र २५ देखि ०२५ वैशाख २४ गतेसम्म तात्कालीन राजा महेन्द्रबाट पूर्णत: स्वास्थ्यलाभ गरी राज्य सञ्चालन गरिएको गौरवगाथा यस थलालाई प्राप्त भएको यथार्थ नेपालको राजनीतिक इतिहासका हरकोही अध्येतालाई अवगत छ ।

राजा महेन्द्रले पूर्णत: स्वास्थ्यलाभ गरेको स्थानलाई व्यवस्थित शहरीकरण गर्नका लागि वि.सं. २०२६ मा "महेन्द्र रत्नस्थली शहरी विकास योजना" सञ्चालनार्थ राजाबाटै निर्देश एवं स्वीकृति दिइएको पाइन्छ भने वि.सं. २०२८ सालमा राजा महेन्द्रको देहान्त भई राजा वीरेन्द्रको गद्दी आरोहण पश्चात् "महेन्द्र रत्नस्थली शहरी विकास योजना" विकास समिति ऐन, २०१३ बमोजिम "टीकापुर शहरी विकास योजना"मा रूपान्तरण गर्दै वि.सं. २०२८ श्रावण १ गते टीकापुर विकास समिति गठन गरिएको पाइन्छ । योजनालाई साकार रूप दिन एउटा गुरुयोजना निर्माण गर्नाका साथै उद्यान क्षेत्र नगर बसोबास क्षेत्र, संरक्षित वन क्षेत्र र आधुनिक यान्त्रिक कृषि क्षेत्र निर्माणार्थ ३ हजार १ सय ७३ विगाहा जमिन टी.वि.स.लाई नेपाल सरकारबाट उपलब्ध गरिएको देखिन्छ । उक्त उपलब्ध जमिनमा घना जङ्गल रहेकोले सो जङ्गल कटानी गर्ने कार्य खास गरी वि.सं. २०२८ माघ महिनाबाट थालनी भई गुरु योजना अनुरूप कार्य अघि बढेको पाइन्छ । सो कार्यका लागि टीकापुर विकास समितिको प्रथम अध्यक्ष खड्ग बहादुर सिंहलाई जिम्मेवारी दिइएको थियो । यसरी वि.सं. २०२८ मा जन्मिएर २०६४ भाद्र ६ गते नेपाल सरकारको निर्णयानुसार टीकापुर विकास समितिको विघटन गरीयको थियो ।

टीकापुर नगरको राजनीतिक एवं प्रशासनिक इकाईको विकासक्रमलाई हेर्दा वि.सं. २०३२ मार्ग २६ गते तात्कालीन मौरनिया र मनिकापुर गाउँपञ्चायतहरूलाई गाभेर एउटै "टीकापुर गाउँ पञ्चायत" बनाइएको यस क्षेत्रलाई वि.सं. २०५३ माघ १७ का दिन कैलाली जिल्लामा दोस्रो नगरपालिका बन्ने सुअवसर जुरेको देखिन्छ। नेपालमा भएको संघीय शासन प्रणालीको सूत्रपात तथा नयाँ राज्य संरचनाका कारण अहिले टीकापुर नगरपालिकाले वि.सं. २०७३ फागुन २७ बाट धनसिंहपुर र नारायणपुर गा.वि.स. समेत समावेश

गरिएका स्थानीय सरकारको भूमिका वहन गर्दै "समृद्ध नेपाल सुखी नेपाली" भन्ने नेपालको समसामयिक परिकल्पनामा आफूलाई समाहित गरी सर्वाङ्गीण विकास र प्रगतिको मार्गमा अघि बढ्ने सक्दो प्रयत्न गरिरहेको छ ।

हाम्रो श्रद्धेय स्वप्नद्रष्टा अग्रजहरूले जुन गहन चिन्तनमनन र व्यवहारिक कौशलका साथ भारतवर्षका अयोध्या अनि नैमिषारण्य जस्ता पावन तीर्थस्थलको दर्शन गर्दै कर्णाली गङ्गाको तिरैतिर शिवपुरी "कैलास पर्वत" को दिव्य दर्शनार्थ जाने पौराणिक मार्गमा स्थित तथा कर्णाली गङ्गाको अविरल निनाद, हराभरा घना जङ्गल, वनचर पशुपक्षीको कर्णप्रिय कलखका साथै तिनीहरूको उत्फुल्ल क्रीडाले निरूपम छटायुक्त यस भू-खण्डलाई मुलुकको "अस्थायी राजधानी", "कान्छो नेपाल", वृहत उद्यानको नगर, "योजनावद्ध नमूना शहर"का रूपमा मूर्त आकार कोरेर गएका छन् त्यसलाई युगानुकुल फलाउँदै फुलाउँदै हिजोको जङ्गलको अवस्थावाट शुभारम्भ भएको सुमधुर उन्नयनको यात्रालाई भोलिको स्मार्ट सिटीको संमृद्धि चरणलाई पार गर्दै अघि बढाउने दायित्व सबैले बोक्दै जानु पर्दछ ।


१.२ नदी तथा खोलाको विवरण

जल सम्पदाको दृष्टिले नेपाल ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध राष्ट्र र एसियामा पहिलो राष्ट्र मानिन्छ । नेपालमा ६ हजारभन्दा बढी नदीनालाहरू रहेका छन् । यी नदीनालाहरूबाट सिँचाई सुविधा, खानेपानीको आपूर्ति, जल विद्युत, जल यातायात, पर्यटन र मत्स्य पालनको क्षेत्रमा बहुआयामिक रूपले प्रयोग गर्न सकिने देखिन्छ । टीकापुर नगरपालिकामा जल उपयोग ज्यादै न्यून रहेको अवस्था छ । यस नगरपालिका भएर बग्ने खोला तथा नदीहरू यसप्रकार छन् ।

तालिका नं. १: नगरपालिकामा रहेका नदिहरूको विवरण

वडा नं.	नदी, कुला र नहरको नाम	छोएका बस्तीहरू
१	रानी जमारा	ब्लक नं., ए, बी, डी, ८ ,२९, ३०, ३१, एकतानगर शिविर, बनगाउँ
२	रानी, कर्णाली	बिजयनगर,राजीपुर, सीतापुर, विकासपुर, कोठारपुर बन्दिपुर
३	जमरा	घिया पूछरी, कटानपुर, शंकरपुर
४	रानीकुला, अबरुवा, भेडे, बनकुला, गमूवा, लोहरो कुला	बाघमारा, छेगरखैला, इन्द्रैया, मौरनिया, कोदैपुर
५	रानी कर्णाली	शाहीपुर, बसन्ता, सिम्रेनी
६	कर्णाली, रानीकुला, पथरैया, जमारा, गैरी नाला	सिम्रेनी, लक्षिनापुर, भर्तापुर, भगवानपुर, नारायणपुर, प्रसेनी, बेलुवाबोझी
७	पथरैया मोहना	सत्ति, बैदी, ढूंगाना टोल, कुन्ति
८	कर्णाली	श्रीलंका, बनगाउ, बटनपुर, चौगुर्दी
९	मोहना	खक्रौला, पायलगाउ, बैदी

स्रोतः टीकापुर नगर कार्यपालिकाको कार्यालय, २०७५



स्रोत: भूमि सूचना र अभिलेख विभाग

१.३ पार्क, वनस्पति तथा उद्यानसम्बन्धी विवरण

क्रमशः विकास भई रहेका बजार क्षेत्र तथा नगरपालिकाको विभिन्न स्थानमा रहेको पार्क तथा उद्यानहरू सार्वजनिक सम्पत्तिहरू हुन् । विशेषत नगरपालिका क्षेत्रको पर्यावरणीय प्रणालीलाई सुदृढ बनाउन खुल्ला क्षेत्रहरूलाई जोगाइ राख्न यस्ता क्षेत्रहरूको संरक्षण गर्न जरुरी हुन्छ । यी क्षेत्रहरूले नगरपालिकाको सुन्दरता कायम राखी स्वच्छ वातावरण निर्माणमा सहयोग पुऱ्याउँछन् ।

तालिका नं. २: नगरपालिकामा रहेका पार्क तथा उद्यानसम्बन्धी विवरण

क्र.सं.	पार्क तथा बाल उद्यानको विवरण	वडा नं.	स्थान	क्षेत्रफल	सञ्चालक
१	टीकापुर बाल उद्यान	१	टी.न.पा.१/ब्लक नं.A	००-५-०	टी.न.पा.
२	टीकापुर वृहत उद्यान	५	नुक्कलीपुर	१२-१८-०	टी.न.पा.

स्रोतः टीकापुर नगरपालिकाको कार्यालय, २०७५

१.४ मुख्य बस्तीसम्बन्धी विवरण

टीकापुर नगरपालिकामा क्रमशः बस्तीहरूको विकास बढ्दो रहेको छ । नगरपालिकाको केन्द्रतिर बाटो, बजार तथा स-साना घरेलु उद्योग देखिए तापनि समग्रमा नगरपालिकाको सबै वडाहरूमा सेवा तथा सुविधा पुगिसकेको छैन । नगरपालिकामा विकासका धेरै आयामहरूमा अभ्यास गर्न बाँकी देखिन्छ । टीकापुर नगरपालिकाको सबै वडाहरूमा सडक सञ्जालको राम्रो विकास भएको देखिदैन । सहज स्वास्थ्य सुविधा, सञ्चारजस्ता सुविधाहरूको पहुँच पुगेको देखिदैन । अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना न देखिएकोले ती स्थानमा कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडीबुटी प्रशोधनसम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । व्यवस्थित योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको विकास गर्नुपर्ने देखिन्छ। नगरपालिका बासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरू, सम्बन्धित वडा मा स्थापना गरी सेवा प्रवाह भई रहेका छन् । यसका अतिरिक्त टीकापुर नगरपालिकाले नगरपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरू, राजनैतिक पार्टीहरू, गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, टोल विकास संस्थाहरू, बुद्धिजिवीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरू, व्यवसायिक संस्थाहरू, सञ्चारकर्मीहरू तथा योजना तर्जुमा टोली आदिलाई समावेश गरी सहभागितामूलक अन्तरक्रिया गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरू तयार गर्नुपर्ने देखिन्छ । यस नगरपालिकामा रहेको मुख्य बसोबास क्षेत्र अर्थात् बस्ती विकास भई रहेका क्षेत्रहरूसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३: मुख्य बस्तीसम्बन्धी विवरण

वडा नं.	मुख्य बस्ती/गाउँ/टोलको नाम
१	ब्लक नं.१ देखि ३३ सम्म, बनगाउँ, समितिपुर, व्यवसाय क्षेत्र, बजार क्षेत्र, जमारापारी, शक्तिनगर, ज्योतिनगर
२	राजीपुर, बरदादेवी टोल, विजयनगर, सितापुर, मनिकापुर, बन्दिपुर, कोठारपुर, अस्नेरी, विकासपुर, जूपाल टोल, चौधरी टोल

३	शंकरपुर, रामपुर, कटानपुर, घिया, पुछरी
४	अस्नेरी, बाघमारा, ज्ञानीपुर, मौरनिया, छेकरछौला, बाघमारा बिचकापुरुवा
५	झण्झटपुर, दौलतपुर, बसन्ता, पहाडीपुर, शाहीपुर, सिम्रेनी, मनिकापुर
६	भर्तापुर, भगवानपुर, बेलुवाबोझी, अम्बासा, ओखरपुर, मिलनपुर, लक्षिनापुर, पर्सेनी, ओखरपुर
७	रैनिबोझी, सुन्दरपुर, बैदी, दाराबोझी, कुन्तीपुर, मौभेरी टोल, खैरझाला, सत्ती, पदमपुर, चौराह, प्रतिपुर, डिबिपुर, बेलुवा, खैरीपुर
८	कर्मीडाँडा, कमलगाउँ, विष्णुकान्तिपुर, फाँटा, पदमपुर, सूर्यपुर, बटनपुर, अरनुवा, श्रीलंका
९	दुर्जनपुर, खैरीपुर, झुंगा, टाडा, खक्रौला, रैनीबोझी, पायलगाउँ, बौनिया

स्रोतः टीकापुर नगर कार्यपालिकाको कार्यालय, २०७५



पिपल चौतारी, खक्रौला

१.५ सार्वजनिक पाटी पौवा र चौतारासम्बन्धी विवरण

टीकापुर नगरपालिकामा रहेका विभिन्न सार्वजनिक पाटी पौवा तथा चौताराहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ । विगतमा सडक यातायातको विस्तार र विकास नहुँदा यी पाटी तथा चौताराहरू बटुवाहरूको आराम गर्ने तथा थकान मेटाउन महत्वपूर्ण स्थलहरूको रूपमा विकसित भएको र हाल यस्ता स्थानहरू सार्वजनिक बहस तथा स्थानीयवासीहरू जम्मा भई अन्तरक्रिया गर्ने सार्वजनिक स्थलको रूपमा रहेका छन् । पार्क र उद्यान जस्तै यी सार्वजनिक क्षेत्रहरूको समेत संरक्षण गर्न जरुरी छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको ती पार्क तथा उद्यानको अभिलेख तयार गरी तिनीहरूको संरक्षण, संवर्द्धन र रेखदेख नगरपालिकाले आफै वा निजी क्षेत्रसँगको साझेदारीमा गर्न सक्छ ।



हरि किर्तन मण्डल क्लब, चौतारा

तालिका नं. ४: सार्वजनिक पाटीपौवा तथा चौताराहरूको विवरण

क्र.सं.	पाटीपौवा र चौतारा	वडा नं.	स्थान	उपयोग
१	पिपल चौतारी	१	ब्लक नं. २४	सार्वजनिक
२	बजरंग पिपल चौतारी	१	ब्लक नं.२१, खुल्ला मञ्चमा	सार्वजनिक
३	जय नेपाल चौतारी	१	ब्लक नं. A	स्थानीय समुदाय
४	गुम्बा रोड चौतारा	१	ब्लक नं. ६ र ८ को बिचमा	स्थानीय समुदाय
५	खड्ग चौतारा	१	ब्लक नं. ७ र ५ को बिचमा	स्थानीय समुदाय
६	पिपल चौतारी	१	ब्लक नं. C, विरेन्द्र विद्या मन्दिर जाने बाटोमा	सार्वजनिक
७	पिपल चौतारी	१	वडा कार्यलयनजिक	सार्वजनिक
८	स्वामी चौतारी	१	शिव मन्दिरभित्र	सार्वजनिक
९	चार चौतारी	१	ब्लक नं. C	निजी, सार्वजनिक
१०	भानुचोक चौराहको चौतारा (प्रतिक्षालय)	२	राजीपुरको फारलाईन टोल	स्थानीय समुदाय
११	पटकानी चोकको चौतारा (प्रतिक्षालय)	२	राजीपुरको रामजानकी टोल	स्थानीय समुदाय
१२	विकासपुर चोक को चौतारा (प्रतिक्षालय)	२	विकासपुर	स्थानीय समुदाय
१३	बेरोजगार चौतारा (प्रतिक्षालय)	२	बन्दिपुर	स्थानीय समुदाय

क्र.सं.	पाटीपौवा र चौतारा	वडा नं.	स्थान	उपयोग
१४	बन्दिपुर खकरौला रोड चौतारा (प्रतिक्षालय)	२	बन्दिपुर	स्थानीय समुदाय
१५	कोठारपुरको चौतारा (प्रतिक्षालय)	२	कोठारपुर	स्थानीय समुदाय
१६	बगाले वरपिपल चौतारा	३	कटानपुर	सार्वजनिक
१७	हरि किर्तन मण्डल क्लब चौतारा	३	पुछरी	सार्वजनिक
१८	पकरिया चौतारा	३	घिया	सार्वजनिक
१९	पकरिया चौतारा, पिपल चौतारा	३	रामपुर	सार्वजनिक
२०	तिनकुने चौतारा	३	शंकरपुर	सार्वजनिक
२१	मौरनिया चौतारा	४	मौरनिया	सार्वजनिक
२२	ज्ञानी चौतारा	४	बाघमारा	सार्वजनिक
२३	इन्दैया चौतारा	४	इन्द्रैया	सार्वजनिक
२४	नुक्लीपुर पार्क चौतारा	५	नूक्लीपुर	सार्वजनिक
२५	मनिकापुर चौतारा	५	झन्झटपुर	सार्वजनिक
२६	भगवानपुर पिपल चौतारा	६	भगवानपुर	सार्वजनिक
२७	पिपल चौतारी	९	खक्रौला	स्थानीय समुदाय

स्रोतः टीकापुर नगर कार्यपालिका कार्यालय, २०७५

१.६ खेलमैदानसम्बन्धी विवरण

राज्यको सामाजिक न्याय र समावेशीकरणको नीति अन्तर्गत स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने नीति रहेको छ । खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यताअनुसार यस नगरपालिका खेलकुदको विकास लागि प्रयासरत रहेको छ । यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ । ती स्थानहरूमा खेलकुदको लागि पूर्वाधारहरू रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद-३ दफा ११ (४) अन्तर्गत **१.** स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण सञ्चालन र विकास, **२.** स्थानीय स्तरका खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय **३.** खेलकुदको विकास र प्रवर्द्धन **४.** प्रतियोगिता आयोजना र सहभागिता **५.** पूर्वाधारको विकासजस्तो कार्यक्षेत्र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्दछन् । यस नगरपालिकामा रहेका खेलमैदानसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

उल्लेखित खेलमैदानमध्ये नगरपालिकाको आफ्नै स्वामित्वमा भएका खेलमैदानको पहिचान गरी तिनीहरूको विकास तथा प्रवर्द्धनका लागि विशेष योजना तयार गर्न सकिन्छ । जसले गर्दा निम्न उद्देश्यहरू हासिल गर्नका लागि नगरपालिकालाई मद्दत पुग्ने देखिन्छ - **क.** राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न **ख.** नगरपालिकाले खेलसँग सम्बन्धित सेवा प्रवाह गर्नका लागि **ग.** खेलक्षेत्रको दीगो आर्थिक स्रोत सङ्कलनका लागि ।

तालिका नं. ५: खेलमैदानसम्बन्धी विवरण

क्र.सं.	खेद मैदानको नाम	अनुमानित क्षेत्रफल	वडा नं.	स्थान	उपयोगको अवस्था
१	सामुदायिक	४ विगाह	१	ब्लक नं. सि	वीरेन्द्र विद्या मन्दिर
२	खुल्ला मैदान	८ विगाह	१	ब्लक नं. २१	सार्वजनिक
३	निजी	४ विगाह	१	ब्लक नं. ३०	टीकापुर बहुमुखी क्याम्पस
४	निजी	१० कट्ठा	१	ब्लक नं. १०	खड्ग मेमोरियल बो. स्कूल
५	निजी	१५ कट्ठा	२	सितापुर	जनज्योति मा.वि.
६	सामुदायिक	१० कट्ठा	२	विजयनगर	समुदाय
७	निजी	७ कट्ठा	४	बाघमारा	विद्यालय
८	सामुदायिक	१० कट्ठा	४	अस्नेरी	समुदाय
९	टीकापुर रंगशाला	२२ विगाह	५	नुक्लीपुर	सामान्य प्रयोगमा रहेको
१०	सामुदायिक	२ विगाह	६	मिलनपुर शिविर	सबैले
११	विद्यालय	५ विगाह	७	सत्ति	स्थानीय/विद्यालय
१२	सामुदायिक	१० कट्ठा	८	बटनपुर	त्रिभूवन रा.मा.वि.

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, टीकापुर २०७५

नगरपालिकाको खेलकुद तथा मनोरञ्जनलाई विकास गरी बालबालिका तथा युवा पुस्तालाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू तयार गर्नु पर्ने देखिन्छ । नगरपालिकामा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिक रूपमा समन्वय गरी चिल्ड्रेन पार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरीय खेलमैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरूलाई खेलकुद सामाग्री उपलब्ध गराउने आदिजस्ता कार्यहरू खेलकुद विकासको लागि गर्नुपर्ने देखिन्छ । नगरपालिकामा रहेका बालबालिका तथा युवाहरूमा रहेको खेलकुदप्रतिको रुचि मध्यनजर गर्दै नगरपालिकामा रहेका सम्भावना पहिचान गरेको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ ।

यस नगरपालिकामा व्यवस्थित रूपमा कुनै पनि खेलमैदानको स्थापना भएको पाइदैन । तर नगरपालिकामा रहेका माथि उल्लेखित खुल्ला सार्वजनिक स्थाहरूको सही सदुपयोग गर्न सके खेलकुद विकासमा ठूलो योगदान पुग्ने देखिन्छ । यस नगरपालिकाको प्रमुख खेल भलिबल र फुटबल रहेको छ ।

१.७ प्राकृतिक स्रोत (खानी/खनिज आदि)

संविधानको अनुसूची-८ 'स्थानीय तहको अधिकार सूची' (१०) 'वातावरण संरक्षण र जैविक विविधता' तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद-३, दफा ११ को उपदफा २ (प) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण अन्तर्गत (१) खानी तथा खनिज पदार्थको संरक्षणसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन गर्ने कृषि सम्बन्धित स्थानीय सरकारको एकल तथा संयुक्त कार्यसूचीमा पर्छ ।

नगरमा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुङ्गा, बालुवा आदि प्रसस्त मात्रामा पाइन्छ । नगरमा रहेको सम्भावना पहिल्याएर विभिन्न प्राकृतिक स्रोतको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र सबल हुने सम्भावना देखिन्छ ।

तालिका नं. ६: खानी तथा खनिज स्रोतसम्बन्धी विवरण

वडा नं.	खानी/खनिज स्रोत	स्थान	अवस्था
२	ढुङ्गा बालुवा	सनकट्टी घाट	नदीबाट निकालीने
५	ढुङ्गा बालुवा	दौलतपुर	नदीबाट निकालीने
८	ढुङ्गा बालुवा	फाँटा	नदीबाट निकालीने
८	ढुङ्गा बालुवा	मोहना नदी	नदीबाट निकालीने

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, टीकापुर २०७५

१.८ पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थलसम्बन्धी विवरण

दैनिक नियमित कामकाजबाट टाढा रही मानसिक स्फूर्ति र स्वच्छताका लागि मनोरञ्जनको आवश्यकता पर्दछ। मनोरञ्जनका विभिन्न उपायहरूमध्ये स्वच्छ तथा प्राकृतिक वातावरणमा रमाउने तथा वनभोज गर्ने चलन सर्वव्यापी र प्राचिन चलन हो। यस नगरपालिकामा मनोरञ्जन तथा पिकनिक स्थलको रूपमा टीकापुर पार्क, बननाज रिर्सोट, डल्फिन क्षेत्र तथा टीकापुर रानी महल रहेका छन्। यस प्रकारका अन्य स्थलको खोजी तथा विद्यमान स्थलहरूको संरक्षण र व्यवस्थापन गर्नु जरुरी छ।

तालिका नं. ७: नगरपालिकामा रहेका पिकनिक स्थल तथा मनोरञ्जनस्थलसम्बन्धी विवरण

वडा नं.	स्थलको नाम	उपयोग	क्षेत्रफल (वर्ग मि.)	स्वामित्व	कैफियत
५	टीकापुर पार्क	रमणीय स्थल, मनोरञ्जन, पिकनिक	१२-१८-० विगाह	सरकारी	रेकर्ड राख्ने नगरेको
५	बनानाज रिर्सोट	मनोरञ्जन, पिकनिक	०२-००-० विगाह	निजी	रेकर्ड राख्ने नगरेको
५	टीकापुर रानी महल	मनोरञ्जन, पिकनिक	०५-००-० विगाह	निजी	रेकर्ड राख्ने नगरेको
६	वी.पी. निकुञ्ज मिनी पार्क	मनोरञ्जन, पिकनिक	२९ हेक्टर	सामुदायिक	रेकर्ड राख्ने नगरेको
७	डल्फिन क्षेत्र	मनोरञ्जन, होमस्टे	नदी भएकाले एकिन	सामुदायिक	रेकर्ड राख्ने नगरेको
७	ओजुवा ताल	मनोरञ्जन, पिकनिक	अनुमानित १२ विगाह	सामुदायिक	रेकर्ड राख्ने नगरेको
७	परशुराम कुण्ड	मनोरञ्जन	अनुमानित ६६ हेक्टर	सामुदायिक	रेकर्ड राख्ने नगरेको

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, २०७५

सार्वजनिक सम्पत्तिको रूपमा रहेका पार्क, उद्यान, मनोरञ्जन, अन्तरकृया, सार्वजनिक बहस, छलफल, मेला आदिजस्ता विभिन्न प्रयोजनका लागि उपयोग हुने हुँदा संरक्षणको जरुरी पर्दछ।

१.९ पर्यटन

१.९.१ पर्यटकीय तथा धार्मिक स्थलहरूको विवरण



पदम प्रकाशेश्वर मन्दिर, सत्ति

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा सांस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलको रूपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरू, अनवरत बग्ने कञ्चन हिमनदीहरू, झरना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जङ्गल यहाँको प्राकृतिक निधिहरू हुन भने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरू हुन् । यी सम्पूर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मूलभूत रूपमा पर्यटन मार्फत् स्वःरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दीगो विकासको अवधारणा अनुरूप अगाडि बढाउने उद्देश्य लिएको छ ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं सांस्कृतिक विविधताले भरिपूर्ण रहेका टीकापुर नगरपालिका ऐतिहासिक महत्वको साथै यहाँको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली प्राकृतिक रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ। टीकापुर नगरपालिकामा रहेको सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता पर्यटकीय आकर्षण हो । यस नगरपालिकामा रहेका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरण निम्नानुसार रहेका छन् ।

नगरपालिकामा अवस्थित टीकापुर बृहत पार्क, बनाज एग्रो फर्म, शिव मन्दिर, गणेश मन्दिर, डल्फिन संरक्षण क्षेत्रजस्ता पर्यटक भित्रिने ऐतिहासिक धार्मिक र पर्यटकीय स्थलहरूको थप प्रचार प्रसार तथा पर्यटक मैत्री वातावरणको प्रर्वद्धन गर्न सके टीकापुरको आर्थिक विकास र रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान हुन सक्ने देखिन्छ साथै अन्य सम्भावित स्थलहरूलाई थप विकास गरी पर्यटक सङ्ख्या वृद्धि गर्नसके आर्थिक उपार्जनमा वृद्धि हुने सम्भावना देखिन्छ ।

तालिका नं. ८: धार्मिक/ऐतिहासिक/पुरातात्विक स्थलहरूको विवरण

क्र.सं.	धार्मिक तथा पर्यटकीय स्थलको नाम	वडा नं.	भौतिक पूर्वाधार			स्वामित्व	महत्व /विशेषता
			सडकको पहुँच	होटल, लज रेष्टुरेन्ट सङ्ख्या	नजिकको बजार केन्द्र सम्मको दुरी (कि.मि.)		
१	टीकापुर वृहत्त पार्क	टी.न.पा.- ५ नुक्लीपुर	पुगेको। बजारबाट कालोपत्रे सडक।	२	टीकापुर बजारबाट ४ किलोमिटर	टीकापुर नगरपालिका	नेपालकै नमुना पार्क, राजा महेन्द्रले लगभग १ महिना राज्य सञ्चालन गरेको ऐतिहासिक ठाउ
२	बनानाज एग्रो फर्म	टी.न.पा.- ५ झन्झटपुर	पुगेको।	लज २	टीकापुर बजार ३ किलोमिटर	निजी	विभिन्न जातका केराहरू र केराबाट वनेका विभिन्न परिकारहरूको स्वाद लिन सकिने, कृषि पर्यटनको अध्ययन एवं अनुसन्धानका लागि उपयुक्त
३	शिव मन्दिर	टी.न.पा.- १	पुगेको। कालोपत्रे	-	टीकापुर बजारबाट १ किलोमिटर	सामुदायिक	विवाह, व्रतवन्ध, विभिन्न पुजापाठ गर्ने ठाउँ
४	गणेश मन्दिर	टी.न.पा.- १	पुगेको। कालोपत्रे	-	टीकापुर बजारबाट १ किलोमिटर	गणेश मन्दिर सेवा समिति	विवाह, व्रतवन्ध, विभिन्न पुजापाठ गर्ने ठाउँ
५	जाल्पादेवी मन्दिर	टी.न.पा.- १	पुगेको। कालोपत्रे	-	टीकापुर बजारबाट १ किलोमिटर	जाल्पादेवी सेवा समिति	विवाह, व्रतवन्ध, विभिन्न पुजापाठ गर्ने ठाउँ
६	राधाकृष्ण मन्दिर	टी.न.पा.- १ ब्लक नं. ९	पुगेको। कालोपत्रे	-	टीकापुर बजारबाट १ किलोमिटर	राधाकृष्ण मन्दिर व्यवस्थापन समिति	विवाह, व्रतवन्ध, विभिन्न पुजापाठ, गर्ने ठाउँ
७	राम मन्दिर	टी.न.पा.- २	पुगेको। कालोपत्रे	-	२ कि.मि	निजी	विवाह, व्रतवन्ध, विभिन्न पुजापाठ गर्ने ठाउँ
८	शिवशक्ति मन्दिर	टी.न.पा.- ३	पुगेको। ग्राभेल	-	चटीया बजारमा	सार्वजनिक	विवाह, व्रतवन्ध, विभिन्न पुजापाठ गर्ने ठाउँ

क्र.सं.	धार्मिक तथा पर्यटकीय स्थलको नाम	वडा नं.	भौतिक पूर्वाधार			स्वामित्व	महत्व /विशेषता
			सडकको पहुँच	होटल, लज रेष्टुरेन्ट सङ्ख्या	नजिकको बजार केन्द्र सम्मको दुरी (कि.मि.)		
९	रामजानकी मन्दिर	टी.न.पा.- ४ अस्नेरी	पुगेको। कालोपत्रे	-	टीकापुर बजारबाट ४ किलोमिटर	सार्वजनिक	थारू भक्तहरूको प्राचीन मन्दिर
१०	काल भैरव मन्दिर	टी.न.पा.- पार्क	पुगेको। ग्राभेल	-	टीकापुर बजारबाट ४ किलोमिटर	सार्वजनिक	पुजापाठ, गर्ने ठाउँ
११	कालिका मन्दिर	टी.न.पा.- ६	पुगेको। ग्राभेल	-	नारायणपुर,बेलुवा	सार्वजनिक	विवाह, व्रतवन्ध, विभिन्न पुजापाठ, गर्ने ठाउँ
१२	पदमप्रकाशेश्वर महादेव मन्दिर	टी.न.पा.- ७	कालोपत्रे	-	सत्तीबाट १०० मिटर	सार्वजनिक	प्राचीन मन्दिर, पश्चिमतर्फ फर्किएको दुर्लभ शिवलिंग भएको
१३	शिव मन्दिर	टी.न.पा.- ९	पुगेको। कालोपत्रे	-	खक्रौला बजारमा	सार्वजनिक	विवाह, व्रतवन्ध, विभिन्न पुजापाठ गर्ने,मेला लाग्ने ठाउँ
१४	डल्फिन संरक्षण क्षेत्र	टी.न.पा.- ९, वैदी	पुगेको। ग्राभेल	-	नारायणपुर, सत्ती बजारबाट ६ किलोमिटर	सार्वजनिक	संसारमै लोपोन्मुख रहेको डल्फिन देख्न पाइने
१५	बौद्ध गुम्बा	टी.न.पा.- १, ब्लक नं.४	कालोपत्रे	-	टीकापुर बजारबाट १ किलोमिटर	सार्वजनिक	विवाह, विभिन्न पुजापाठ, गर्ने ठाउँ
१६	चर्च	टी.न.पा.- १, ब्लक नं.४	कालोपत्रे	-	टीकापुर बजारबाट १ किलोमिटर	सार्वजनिक	क्रिचियन धर्मालम्बीहरूको विवाह, विभिन्न पुजापाठ, गर्ने ठाउँ
१७	चर्च	टी.न.पा.- २, ब्लक नं.९	कालोपत्रे	-	टीकापुर बजारबाट २ किलोमिटर	सार्वजनिक	क्रिचियन धर्मालम्बीहरूको विवाह, विभिन्न पुजापाठ, गर्ने ठाउँ

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, २०७५

१.९.२ होटेल, रिसोर्ट, र होमस्टेसम्बन्धी विवरण

पर्यटनले आन्तरिक आर्थिक कारोबारलाई वृद्धि गरी अर्थतन्त्रलाई चलायमान राख्दछ । यसबाट रोजगारीको श्रृजना हुने, सामाजिक तथा सांस्कृतिक अन्तरकृया बढ्ने तथा सम्पदाहरूको जगेर्ना गर्न प्रोत्साहन मिल्दछ । यस टीकापुर नगरपालिकामा पर्यटनको सम्भावना राम्रो रहेको भएतापनि यसलाई थप विकसित गर्न थप कार्यक्रम तथा योजना निर्माण गर्नुपर्ने देखिन्छ ।

तालिका नं. ९: होटेल, रिसोर्ट तथा होमस्टेसम्बन्धी विवरण

क्र. सं.	होटलको नाम	वडा नं.	स्थान	क्षमता		होटेलको प्रकार	होटेलको स्तर	बार्षिक पर्यटक (सङ्ख्या)	
				कोठा सङ्ख्या	वेड सङ्ख्या			आन्तरिक	वाह्य (विदेशी)
१	सिद्धार्थ होटेल	१	पशुहाट बजार रोड	२६	५२	आवासीय	नन् स्टार	६००७	२८९
२	ग्रिन यसिया	१	पशुहाट बजार रोड	३२	६४	आवासीय	नन् स्टार	८,०००	५०
३	भावना होटेल	१	अस्पताल चोक	८	१६	आवासीय	नन् स्टार	४२५०	१५०
४	राज होटेल	१	भानु चोक	१४	२८	आवासीय	नन् स्टार	२१६०	७२०
५	अन्नपूर्ण होटेल	१	गुम्बा रोड	५	८	आवासीय	नन् स्टार	१०५६	२०
६	खप्तड प्याराडाइज	१	बसपार्क	७	७	आवासीय	नन् स्टार	९२८	७४
७	एस एण्ड पी होटेल	१	जमरा पुल	७	७	आवासीय	नन् स्टार	१४६०	२०
८	साइनो होटेल	१	अस्पताल चोक	८	२०	आवासीय	नन् स्टार	९१५	१६६
९	खप्तड भिल्ला	१	हाट बजार रोड	४	४	आवासीय	नन् स्टार	७३०	०
१०	सागर होटेल	१	खक्रौला रोड	७	११	आवासीय	नन् स्टार	७२८	११
११	ग्यालेक्सी होटेल	१	ब्लक नं.A			आवासीय	नन् स्टार	नयाँ सञ्चालन	
१२	देव होटेल	१	पुरानो पानी ट्याङ्की नजिक	३	३	रिर्सोट	रिर्सोट	-	-
१३	बनानाज एग्रो रिर्सोट	३	नुक्लीपुर	६	१२	रिर्सोट	नन् स्टार	-	-
१४	गोल्डेन पार्क	३	पार्क रोड	४	६	आवासीय	नन् स्टार	-	-
१५	जोगेठ्वा होटेल	३	पार्क रोड	६	६	आवासीय	नन् स्टार	-	-
जम्मा								**२२४५५**	**१५००**

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, टीकापुर २०७५

१.१० स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरूको विवरण

यस टीकापुर नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह

पञ्चमी, होली, चैते दशैं, साउने र माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, अंग्रेजी नयाँ वर्ष, कर्कट संक्रान्ति, बुद्धजयन्ती,गौरा, जितिया, क्रिशमस डे, ईद, बकर ईद, अंग्रेजी नयाँ वर्ष, असारे १५ आदि चाडपर्वहरू रहेका छन् । यस नगरपालिकामा मनाईनेमुख्य जात्रा मेलासम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १०: जात्रा तथा मेलासम्बन्धी विवरण

क्र.सं.	नाम	स्थान	महिना	तिथि	मनाउने जातजाति
१	घाँसे मेला	वडा नं.८	असोज	-	अछामी
२	कृष्ण जन्माअष्टमी	सबै वडाहरू	भाद्र	अष्टमी	सबै जाति
३	गुरिया	सबै वडाहरू	साउन	-	थारू
४	वडका आईतवारी	सबै वडाहरू	भाद्र	-	थारु जाती
५	तीज,पञ्चमी	सबै वडाहरू	भाद्र	चतुर्थी र पञ्चमी	महिला
६	दशैं	सबै वडाहरू	असोज/कार्तिक	सप्तमी, अष्टमी, नवमी, दशमी	सबै जात जाति
७	तिहार	सबै वडाहरू	कार्तिक/मंसिर	यम पंचक	सबै जात जाति
८	माघि	सबै वडाहरू	माघ	संक्रान्ति	सबै (विशेषगरी थारू समुदाय)
९	होली	सबै वडाहरू	फाल्गुन	पूर्णिमा	सबै
१०	भुवो	वडा नं. १, २, ८	चैत्र	-	अछामी
११	पुतला	वडा नं. १, २, ८	चैत्र	-	अछामी
१२	बौद्ध जयन्ति	वडा नं. १	बैशाख	पूर्णिमा	बौद्धधर्मालम्बी
१३	क्रिसमस	सबै वडाहरू	पौष	-	क्रिचियन धर्मालम्बी सबै
१४	वकर इद	वडा नं. १	असार	-	मुश्लिम धर्मावलम्बी
१५	इद	वडा नं. १	जेठ	-	मुश्लिम धर्मावलम्बी

स्रोतः टीकापुर नगरपालिकाको कार्यालय, टीकापुर २०७५

खण्ड २ : जनसाङ्खिक विवरण

२.१ वडागत घरपरिवार सङ्ख्या तथा लिङ्गको आधारमा जनसङ्ख्याको विवरण


२०७५ सालमा टीकापुर नगरपालिकामा सम्पन्न गरिएको घरपरिवार तथ्याङ्क सङ्कलनबाट प्राप्त तथ्याङ्कअनुसार नौ वटा वडा बिच कुल ११८.३३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको १८,६२० घरपरिवारमा कुल ८०,६९० जनसङ्ख्या रहेको छ । तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसङ्ख्या भने कम अर्थात् ८४.३० प्रतिशत देखिन्छ । अर्कोतर्फ प्रति वर्ग किलोमिटर क्षेत्रफलमा ६८२ जनाको दरमा जनघनत्व रहेको देखिन्छ । अर्थात् नगरपालिकाको कुल क्षेत्रफलले कुल जनसङ्ख्यालाई भाग गर्दा प्रति वर्ग किलोमिटर क्षेत्रफलमा ६८२ जनसङ्ख्या पर्न आउँछ । घरपरिवार सङ्ख्या, जनसङ्ख्या, जनघनत्व र क्षेत्रफलका हिसाबले वडा नं. १ सबैभन्दा ठूलो वडा हो भने क्षेत्रफलको हिसाबमा सबैभन्दा सानो वडाको रूपमा वडा नं. ४ भए तापनि जनसङ्ख्या र घरपरिवारका हिसाबले वडा नं. ९ मा सबैभन्दा कम जनसङ्ख्या र घरपरिवार देखिन्छ । यस तथ्याङ्कलाई विश्लेषण गर्दा दुई पक्षहरू स्पष्ट देख्न सकिन्छ । पहिलो जनघनत्व दोस्रो लैङ्गिक अनुपात । जनघनत्वको हिसाबले वडा नं. १ सबैभन्दा बढी जनघनत्व भएको वडा हुनुका पछाडि अन्य वडाहरूको तुलनामा वडा नं. १ मा रहेका विभिन्न मानवीय सुविधाहरू जस्तै :- शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदिको सघनता हो । तसर्थ योजना निर्माणमा जनघनत्व र त्यसलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वहरूको अध्ययन गर्नु अर्थात् जनसङ्ख्या वितरणलाई क्षेत्रगत हिसाबले सन्तुलनमा राख्न मानवीय सुविधाहरूमा केन्द्रित हुनुपर्दछ । अर्कोतर्फ पुरुषको तुलनामा महिलाको जनसङ्ख्या बढी हुनुसमेत जनसाङ्ख्यिक विश्लेषणको महत्वपूर्ण पाटो हो । सामान्यतया नेपाली सामाजिक संरचना र परम्परालाई हेर्दा पितृसत्तात्मक स्वरूपको समाजमा छोराको चाहना पुरा गर्ने मनोविज्ञानका कारण छोरीहरूको सङ्ख्या अप्रत्यक्ष ढङ्गले बढेको देखिन्छ । अर्कोतर्फ छोरीहरूको सङ्ख्या बढ्दा छोरीहरूको अर्थात् महिलाहरूको विशिष्ट आवश्यकताहरू जस्तै : प्रजनन स्वास्थ्य, महिला शिक्षा, महिला अधिकारजस्ता विषयहरूलाई सम्बोधन गर्ने योजनाहरू राज्यद्वारा निर्माण हुनु आवश्यक देखिन्छ । साथै लैङ्गिक अनुपातमा रहेको अन्तर वृद्धि हुँदै जाँदा त्यसले सामाजिक स्वरूपमा नै लैङ्गिक रूपमा परिवर्तित गरिदिन्छ । यसतर्फ समग्र समाजको ध्यान जानु आवश्यक छ । थप वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ११: वडागत परिवार सङ्ख्या तथा लिङ्गको आधारमा जनसङ्ख्याको विवरण

वडा नं.	परिवार सङ्ख्या	अक्सर बसोबास गर्ने जनसङ्ख्या			लैंगिक अनुपात	औषत परिवार आकार	क्षेत्रफल (वर्ग कि.मि.)	जनघनत्व प्रति वर्ग कि.मि.
		पुरुष	महिला	जम्मा				
१	९,८२३	१८,३३३	२१,४४५	३९,७७८	८५.४९	४.०५	२१.९१	१८१६
२	१,६५१	३,३५२	४,०५६	७,४०८	८२.६४	४.४९	१७.४७	४२४
३	९८३	२,११७	२,४९८	४,६१५	८४.७५	४.६९	७.६७	६०२
४	९९५	२,०३१	२,४७८	४,५०९	८१.९६	४.५३	५.९३	७६०
५	१,०४९	२,१६६	२,६७९	४,८४५	८०.८५	४.६२	१४.२६	३४०
६	१,०६७	२,२७६	२,७२५	५,००१	८३.५२	४.६९	१०.९६	४५६
७	१,३१५	२,७०४	३,२९१	५,९९५	८२.१६	४.५६	१५.०१	३९९
८	९९४	२,१६०	२,६८९	४,८४९	८०.३३	४.८८	१६.५२	२९४
९	७४३	१,७७०	१,९२०	३,६९०	९२.१९	४.९७	८.६	४२९
जम्मा	**१८,६२०**	**३६,९०९**	**४३,७८१**	**८०,६९०**	**८४.३०**	**४.३३**	**११८.३३**	**६८२**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारहरूमा अक्सर बसोबास गर्ने ३६,९०९ पुरुष र ४३,७८१ महिलाहरू गरी कुल ८०,६९० जनसङ्ख्या रहेको छ। वडागत विवरणअनुसार सबैभन्दा धेरै घरपरिवारहरू वडा न. १ मा ९,८२३ घरपरिवारहरू र सबैभन्दा कम वडा नं. ९ मा ७४३ घरपरिवारहरू रहेका छन्। वडागत जनसङ्ख्याको महिला/पुरुषको अनुपात अर्थात् लैङ्गिक अनुपात विवरण असमान किसिमको देखिन्छ। प्रत्येक वडामा महिलाको जनसङ्ख्या पुरुषको भन्दा बढी देखिन्छ।




नक्सा स्रोतः भूमि सूचना र अभिलेख विभाग, घरधुरी सर्भेक्षण, २०७५

लैङ्गिक अनुपातलाई हेर्दा प्रति १०० जना महिलामा ८४.३० पुरुषको सङ्ख्या देखिन्छ । अर्थात्

$$\text{लैङ्गिक अनुपात} = \frac{\text{पुरुषको सङ्ख्या}}{\text{महिलाको सङ्ख्या}} \times १०० = \frac{३६९०९}{४३७८१} \times १०० = ८४.३० \text{ जना पुरुष}$$

लैङ्गिक अनुपात ८४.३० : १००


यसको अर्थ नगरपालिकामा प्रति १०० जना महिलाको जनसङ्ख्यामा पुरुषको जनसङ्ख्याको आँकडा मिलाउँदा जम्मा ८४.३० जना मात्र पुरुषहरू पर्दछन् । महिलाको जनसङ्ख्याको तुलनामा पुरुषको जनसङ्ख्या कम देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



तालिका नं. १२: अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसङ्ख्याको विवरण

वडा नं.	परिवार सङ्ख्या	हाल बसोबास गर्ने जनसङ्ख्या			अनुपस्थित जनसङ्ख्या			जम्मा जनसङ्ख्या		
		पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
१	९,८२३	१८,३३३	२१,४४५	३९,७७८	६७६६	१९८३	८७४९	२५,०९९	२३,४२८	**४८,५२७**
२	१,६५१	३,३५२	४,०५६	७,४०८	१५६१	७३५	२२९६	४,९१३	४,७९१	**९,७०४**
३	९८३	२,११७	२,४९८	४,६१५	५२७	१३३	६६०	२,६४४	२,६३१	**५,२७५**
४	९९५	२,०३१	२,४७८	४,५०९	७२१	२३९	९६०	२,७५२	२,७१७	**५,४६९**
५	१,०४९	२,१६६	२,६७९	४,८४५	७२२	१९०	९१२	२,८८८	२,८६९	**५,७५७**
६	१,०६७	२,२७६	२,७२५	५,००१	८४७	३५३	१२००	३,१२३	३,०७८	**६,२०१**
७	१,३१५	२,७०४	३,२९१	५,९९५	९५१	३०४	१२५५	३,६५५	३,५९५	**७,२५०**
८	९९४	२,१६०	२,६८९	४,८४९	१०२४	४१२	१४३६	३,१८४	३,१०१	**६,२८५**
९	७४३	१,७७०	१,९२०	३,६९०	३७७	११६	४९३	२,१४७	२,०३६	**४,१८३**
जम्मा	**१८,६२०**	**३६,९०९**	**४३,७८१**	**८०,६९०**	**१३४९६**	**४४६५**	**१७९६१**	**५०,४०५**	**४८,२४६**	**९८,६५१**
प्रतिशत		**३७.४१**	**४४.३८**	**८१.७९**	**१३.६८**	**४.५३**	**१८.२१**	**५१.०९**	**४८.९१**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



नक्सा स्रोतः भूमि सूचना र अभिलेख विभाग

२.२ उमेर र लिङ्गअनुसार वडागत जनसङ्ख्याको विवरण

टीकापुर नगरपालिकामा १०-१४ वर्षका बालबालिकाको सङ्ख्यालाई हेर्दा सबैभन्दा उच्च अर्थात् ९७१० (१२.०३ प्रतिशत) देखिन्छ। कुल जनसङ्ख्याको सबैभन्दा ठूलो हिस्सा अर्थात् ५० प्रतिशतभन्दा बढी १४ वर्षदेखि २४ वर्ष सम्मको उमेर समूह रहेको छ। यसमा पनि पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी भएकाले बालबालिका, महिला र युवा लक्षित कार्यक्रमहरूलाई प्राथमिकतासाथ जोड दिनु जरुरी हुन्छ। अर्कोतर्फ यो उमेर समूहको जनसङ्ख्या आत्मनिर्भर भई नसकेको र अध्ययन वा वृत्ति विकासमा केन्द्रित हुनुपर्ने उमेर समूह भएकाले राज्यले व्यापक लगानी गरी शिक्षा, स्वास्थ्य तथा बाल र युवा मनोविज्ञानमा आधारित योजना तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ। युवा उमेरको जनसङ्ख्या बढी हुनु राम्रो भए तापनि राज्यले उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा व्यापक लगानी गर्नुपर्ने हुन्छ।

अर्कोतर्फ युवाहरूलाई सही दिशातर्फ उन्मूख गराउनु र रोजगारीका अवसरहरू श्रृजनागरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ। स्वरोजगार प्रवर्द्धन गर्नका लागि नगरपालिकाले नगरवासी वा नगर बाहिरका व्यवसायी, उद्योगपतिहरूलाई आकर्षित गर्नका लागि करमा विशेष छुट तथा उद्योग तथा व्यवसायका लागि आवश्यक पर्ने जग्गा/जमिन तथा अन्य पूर्वाधारको व्यवस्थापनमा विशेष सहयोग उपलब्ध गराई स्थानीय युवा लक्षित रोजगार कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ। जसले गर्दा स्थानीय रूपमा रोजगारी श्रृजना भई नगरको आर्थिक कृयाकलापमा वृद्धि हुनेछ।


तर बालबालिका तथा शिशुहरूको सङ्ख्या कमहुनुले क्रमश प्रजनन दर घट्दै गएको सङ्केत गर्दछ भने बृद्धहरूको तथा प्रौढहरूको सङ्ख्या कम हुनुले औषत आयु अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढावस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसङ्ख्याको मृत्युदर बढी हुनु भन्ने जनाउँछ। यद्यपि बढ्दो उमेरको जनसङ्ख्या कम हुनु स्वाभाविक हो। उमेरअनुसारको जनसङ्ख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ। बालबालिकाको पोषण र स्याहार तथा शिक्षा, युवालाई उचित रोजगारी र बृद्धहरूलाई आवश्यक सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन्। नगरपालिकाले यसतर्फ ध्यान पुऱ्याउन आवश्यक छ। वडागत उमेरसमूह अनुसारको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १३: उमेरसमूह अनुसार जनसङ्ख्याको विवरण

वडा नं.	लिङ्ग	उमेर समूह																जम्मा
		० वर्ष	५ वर्ष	१०-१४ वर्ष	१५-१९ वर्ष	२०-२४ वर्ष	२५-२९ वर्ष	३०-३४ वर्ष	३५-३९ वर्ष	४०-४४ वर्ष	४५-४९ वर्ष	५०-५४ वर्ष	५५-५९ वर्ष	६०-६४ वर्ष	६५-६९ वर्ष	७०-७४ वर्ष	७५ वर्ष भन्दा माथि	
१	पुरुष	१,६०८	२,२११	२,६५२	२,०७४	१,५१३	१,३१७	१,१५०	१,२३५	८५८	७५९	७०८	४९१	५३७	४३२	३८२	४०६	**१८,३३३**
	महिला	१,३३४	१,८४०	२,३२०	२,३०१	२,३००	२,१०९	१,७६७	१,६०७	१,१२७	१,०५३	८६३	६२१	६८८	५७६	४६०	४७९	**२१,४४५**
	जम्मा	२,९४२	४,०५१	४,९७२	४,३७५	३,८१३	३,४२६	२,९१७	२,८४२	१,९८५	१,८१२	१,५७१	१,११२	१,२२५	१,००८	८४२	८८५	**३९,७७८**
२	पुरुष	३३३	३५४	४६०	३४५	२६३	२६७	२०१	२०१	१६९	१५४	१३१	१२०	९७	९७	६६	९४	**३,३५२**
	महिला	२७३	३५४	४५०	४३८	४६७	३८२	२६२	२६७	१९८	१८८	१७८	१४८	१३४	१०४	१०५	१०८	**४,०५६**
	जम्मा	६०६	७०८	९१०	७८३	७३०	६४९	४६३	४६८	३६७	३४२	३०९	२६८	२३१	२०१	१७१	२०२	**७,४०८**
३	पुरुष	१७४	२४६	२५८	२२३	१६५	१७३	१३४	१५९	११२	१३१	९२	७५	५३	६३	३१	२८	**२,११७**
	महिला	१६८	२११	२४६	२७१	३०२	२४१	१९७	२०८	१३१	१३०	१००	८०	५९	६५	५१	३८	**२,४९८**
	जम्मा	३४२	४५७	५०४	४९४	४६७	४१४	३३१	३६७	२४३	२६१	१९२	१५५	११२	१२८	८२	६६	**४,६१५**
४	पुरुष	१८४	१९८	२३८	२१३	२०२	१४१	१३४	१५१	८३	१३२	९७	८८	५०	४९	३९	३२	**२,०३१**
	महिला	१६१	२०१	२३७	२५०	२९६	२५१	२०९	१८५	११९	१४८	११९	८९	६५	६९	५०	२९	**२,४७८**
	जम्मा	३४५	३९९	४७५	४६३	४९८	३९२	३४३	३३६	२०२	२८०	२१६	१७७	११५	११८	८९	६१	**४,५०९**
५	पुरुष	१८२	२२४	२९७	२२७	१९०	१९०	१३६	१२६	१०३	१०४	१००	८१	६८	४१	३०	६७	**२,१६६**
	महिला	१६३	२०९	२७८	३०५	३२८	२७४	२१२	१८१	१२८	१४९	११०	९३	५६	५५	४८	९०	**२,६७९**
	जम्मा	३४५	४३३	५७५	५३२	५१८	४६४	३४८	३०७	२३१	२५३	२१०	१७४	१२४	९६	७८	१५७	**४,८४५**
६	पुरुष	१८३	२२२	२९५	२३९	२०४	२०१	१६५	१५२	११७	१२९	१०४	६४	५५	५७	४७	४२	**२,२७६**
	महिला	१६०	२१८	२८७	२९८	३३३	२८५	२१८	२०८	१३४	१५४	९३	७९	६०	९१	६८	३९	**२,७२५**
	जम्मा	३४३	४४०	५८२	५३७	५३७	४८६	३८३	३६०	२५१	२८३	१९७	१४३	११५	१४८	११५	८१	**५,००१**

वडा नं.	लिङ्ग	उमेर समूह																जम्मा
		०-४ वर्ष	५-९ वर्ष	१०-१४ वर्ष	१५-१९ वर्ष	२०-२४ वर्ष	२५-२९ वर्ष	३०-३४ वर्ष	३५-३९ वर्ष	४०-४४ वर्ष	४४-४९ वर्ष	५०-५४ वर्ष	५४-५९ वर्ष	६०-६४ वर्ष	६४-६९ वर्ष	७०-७४ वर्ष	७५ वर्ष माथि	
७	पुरुष	२०१	२७५	३३९	२८२	२४४	२१६	१६५	१६९	१३७	१७०	१२५	११९	८६	६६	४९	६१	**२,७०४**
	महिला	२३१	२६२	३३०	३८५	३६४	३२४	२४०	२३६	१९२	१९१	१५०	९३	९३	८३	६०	५७	**३,२९१**
	जम्मा	४३२	५३७	६६९	६६७	६०८	५४०	४०५	४०५	३२९	३६१	२७५	२१२	१७९	१४९	१०९	११८	**५,९९५**
८	पुरुष	२२७	२४४	२८८	२३७	२११	१७८	१२९	११५	८१	१०१	९२	६१	५३	५९	४९	३५	**२,१६०**
	महिला	१७४	२१४	२९८	३५८	३१८	२५५	१६७	१५०	१२२	१६६	१०८	८२	८८	६९	६५	५५	**२,६८९**
	जम्मा	४०१	४५८	५८६	५९५	५२९	४३३	२९६	२६५	२०३	२६७	२००	१४३	१४१	१२८	११४	९०	**४,८४९**
९	पुरुष	१३५	१६८	२२५	१८६	१७१	१६३	१३५	१२४	७१	११५	५६	६५	४०	४९	३५	३२	**१,७७०**
	महिला	९७	१४१	२१२	१९९	२२८	२१०	१४७	१३९	१००	११७	८०	६०	५१	५८	४३	३८	**१,९२०**
	जम्मा	२३२	३०९	४३७	३८५	३९९	३७३	२८२	२६३	१७१	२३२	१३६	१२५	९१	१०७	७८	७०	**३,६९०**
जम्मा पुरुष		३,२२७	४,१४२	५,०५२	४,०२६	३,१६३	२,८४६	२,३४९	२,४३२	१,७३१	१,७९५	१,५०५	१,१६४	१,०३९	९१३	७२८	७९७	**३६,९०९**
जम्मा महिला		२,७६१	३,६५०	४,६५८	४,८०५	४,९३६	४,३३१	३,४१९	३,१८१	२,२५१	२,२९६	१,८०१	१,३४५	१,२९४	१,१७०	९५०	९३३	**४३,७८१**
कुल जम्मा		**५,९८८**	**७,७९२**	**९,७१०**	**८,८३१**	**८,०९९**	**७,१७७**	**५,७६८**	**५,६१३**	**३,९८२**	**४,०९१**	**३,३०६**	**२,५०९**	**२,३३३**	**२,०८३**	**१,६७८**	**१,७३०**	**८०,६९०**
प्रतिशत		**७.४२**	**९.६६**	**१२.०३**	**१०.९४**	**१०.०४**	**८.८९**	**७.१५**	**६.९६**	**४.९३**	**५.०७**	**४.१०**	**३.११**	**२.८९**	**२.५८**	**२.०८**	**२.१४**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



२.३ परिवारको आकारको आधारमा परिवारको विवरण


तालिका नं. १४: परिवारमा रहेको सदस्य सङ्ख्याको आधारमा परिवारको विवरण

वडा नं.	परिवार सङ्ख्या					उल्लेख नगरिएको	जम्मा सङ्ख्या	औषत परिवार सङ्ख्या
	१ जना	२-३ जना	४-५ जना	६-७ जना	८ जना भन्दा बढी			
१	७०७	३,३४९	३,९१९	१,३४५	५०२	१	९,८२३	४.०
२	९७	४६५	६४४	२९९	१४६		१,६५१	४.५
३	२४	२७१	४२५	१६४	९९		९८३	४.७
४	४४	२९३	४०१	१७३	८४		९९५	४.५
५	५०	३०३	४०५	१८७	१०४		१,०४९	४.६
६	७४	२७४	४१७	१८०	१२२		१,०६७	४.७
७	५२	४२०	५००	२१४	१२८	१	१,३१५	४.६
८	४८	२४४	३६९	१९६	१३७		९९४	४.९
९	३०	१७५	२९६	१३६	१०६		७४३	५.०
जम्मा	**१,१२६**	**५,७९४**	**७,३७६**	**२,८९४**	**१,४२८**	**२**	**१८,६२०**	**४.३**
प्रतिशत	**६.०५**	**३१.१२**	**३९.६२**	**१५.५४**	**७.६७**	**०.०१**	**१००.००**	

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल १८,६२० परिवारमध्ये ४देखि ५ जना सदस्य सङ्ख्या भएको परिवार सबैभन्दा धेरै ७,३७६ अर्थात् ३९.६२ प्रतिशत रहेको छ । दोस्रोमा २देखि ३ जना सदस्य सङ्ख्या भएको परिवार ५,७९४ अर्थात् ३१.१२ प्रतिशत र तेस्रोमा ६देखि ७ जना सदस्य सङ्ख्या भएको परिवार २,८९४ अर्थात् १५.८ प्रतिशत रहेका छन् । त्यस्तै ८ जनाभन्दा बढी सदस्य सङ्ख्या भएको परिवार १,४२८ अर्थात् ७.६७ प्रतिशत रहेका छन् भने १ जना मात्र सदस्य सङ्ख्या भएको परिवारको समेत रेकर्ड गरिएको छ । जसको सङ्ख्या

१,१२६ रहेको छ । समग्र तथ्याङ्कलाई हेर्दा परम्परागत संयुक्त परिवारमा रहने परिपाटी परिवर्तन भई सामान्यतया बाबु-आमा र तिनका अविवाहित छोराछोरीहरू रहेको ४ वा ५ जनाको परिवारको नै बाहुल्यता बढेको तथ्याङ्कले देखाउँछ । २देखि ३ जना मात्र भएको परिवारको सङ्ख्यासमेत ३१.१२ प्रतिशत हुनुले यो क्रम अर्थात् एकल परिवारको सङ्ख्या बढी हुँदै जाने तथ्य स्पष्ट छ । अर्कोतर्फ एक जना मात्र सदस्य सङ्ख्या भएको परिवार भने अविवाहित एकल, विवाहित तर विधवा वा विधुर भएको कारणले हुन सक्छ । यस बाहेक विवाहित तर पारपाचुके गर्ने वा नगरी छुट्टीएर एक्ला एक्लै बस्ने गरेको समेत पाइन्छन् । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



२.४ जातजातिको आधारमा वडागत जनसङ्ख्याको विवरण


तालिका नं. १५: वडाअनुसार जातजाततिको विवरण

जातजाति	वडा नं.									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
थारू	१०,५८०	३,६२४	२,८६०	३,३७३	२,७८२	३,१०२	३,२१४	१,३७०	२,२९४	**३३,१९९**	**४१.१४**
क्षेत्री	१३,२२१	१,४५२	३८२	५७२	१,०९०	७६७	१,३२९	१,८८३	८९८	**२१,५९४**	**२६.७६**
ब्राम्हण	६,१८०	२९३	१६८	२२६	११९	९९	५४५	३३	३९	**७,७०२**	**९.५५**
कामी	२,३११	३५९	८२७	५२	१६९	७८	७३	६८६	१६५	**४,७२०**	**५.८५**
दमाई	१,७३३	१४३	८१	५८	५१	६१	८४	३३९	७०	**२,६२०**	**३.२५**
मगर	१,५९९	१२५	११	१७	२८४	१८२	२७१	१	४९	**२,५३९**	**३.१५**
ठकुरी	१,६१९	२४७	५६	१०५	३५	१११	२८		६२	**२,२६३**	**२.८०**
*दलित अन्य	७६२	४६०	११४	५	४	१४९	१०१	११२		**१,७०७**	**२.१२**
लोहार	२४९	४६७		६६	१६५	३२६	२८	१७७	५७	**१,५३५**	**१.९०**
*अन्य	१,५२४	२३८	११६	३५	१४६	१२६	३२२	२४८	५६	**२,८११**	**३.४८**
जम्मा	**३९,७७८**	**७,४०८**	**४,६१५**	**४,५०९**	**४,८४५**	**५,००१**	**५,९९५**	**४,८४९**	**३,६९०**	**८०,६९०**	**१००.००**

***दलित अन्य र अन्य भन्नाले माथि उल्लेखित जातबाहेक अन्य जाती भन्ने बुझ्नु पर्छ ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा जातजातिका आधारमा जनसङ्ख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ३३,१९९ अर्थात् ४१.१ प्रतिशत थारू, दोस्रोमा २१,५९४ अर्थात् २६.७६ प्रतिशत क्षेत्री, तेस्रोमा ब्राह्मण, चौथो र पाँचौमा क्रमश: कामी, दमाई रहेका छन् । यस नगरपालिकामा तराई जनजातीको रूपमा रहेको थारूको जनसङ्ख्या सबैभन्दा धेरै रहेको र दोस्रोमा क्षेत्री र तेस्रोमा पहाडबाट बसाइँसराइँ गरेर आएका ब्राह्मण रहेका छन् । यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ वसेको पाइन्छ । विस्तृत विवरण वडागत रूपमा तालिकामा प्रस्तुत गरिएको छ ।



२.५ नगरपालिकामा बोलिने भाषाको आधारमा जनसङ्ख्याको विवरण

तालिका नं. १६: नगरपालिकामा बोलिने भाषाको आधारमा जनसङ्ख्याको विवरण


वडा नं.	मातृभाषा							जम्मा
	नेपाली	मैथली	थारू	नेवार	मगर	हिन्दी	*अन्य	
१	२७,७६६	९१	१०,४१५	३३	१,०३५	२५१	१८७	**३९,७७८**
२	३,७५३	२३	३,५७२	७	९	१७	२७	**७,४०८**
३	२,३०२	१८	२,२७९	७	५	०	४	**४,६१५**
४	१,२०६	४	३,२७४	१५	१	५	४	**४,५०९**
५	१,३५४	०	२,७८०	०	१८६	३	५२२	**४,८४५**
६	१,८६७	०	३,१०३	०	०	१०	२१	**५,००१**
७	२,७५३	१	३,१५७	२७	१	४६	१०	**५,९९५**
८	३,५७१	३४	१,१७७	०	०	६४	३	**४,८४९**
९	१,३८०	१	२,२९६	०	०	१३	०	**३,६९०**
जम्मा	**४५,९५२**	**१७२**	**३२,०५३**	**८९**	**१,२३७**	**४०९**	**७७८**	**८०,६९०**
प्रतिशत	**५६.९५**	**०.२१**	**३९.७२**	**०.११**	**१.५३**	**०.५१**	**०.९६**	**१००.००**

***माथि उल्लेखित भाषाबाहेक अन्य जस्तै शेर्पा, बंगाली, गुरुङ, लिम्बु, राई आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल ८०,६९० जनसङ्ख्यामध्ये सबैभन्दा बढी ४५,९५२ जना अर्थात् ५६.९५ प्रतिशतले नेपाली भाषा, ३२,०५३ जना अर्थात् ३९.७२ प्रतिशतले थारू भाषा तेस्रोमा १,२३७ जना अर्थात् १.५३ प्रतिशतले मगर भाषा र क्रमश हिन्दी, मैथली, नेवार, अन्य नगन्य सङ्ख्यामा रहेकोले अन्य भाषा प्रयोग गर्ने गरेको पाइयो । यस नगरपालिका तराईका आदिवासी थारूको बाहुल्यता भएको नगरपालिका भएकोले उनीहरूको कला, संस्कृति तथा भाषालाई जगेर्ना गर्ने खालका विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

नेपालको संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको र धारा ३१को शिक्षासम्बन्धी हकको उपधारा ५ बमोजिम "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ" भनि स्पष्ट किटान गरेको छ । तसर्थ यस नगरपालिकामा आधारभूत शिक्षा थारू भाषामा पढ्न चाहने विद्यार्थीहरूलाई नगरपालिकाले विशेष व्यवस्था गर्न पर्ने संवैधानिक प्रावधान रहेको छ । वडाअनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।



२.६ धर्मअनुसार जनसङ्ख्याको वडागत विवरण


तालिका नं. १७: धर्मअनुसार जनसङ्ख्याको वडागत विवरण


वडा नं.	हिन्दू	बौद्ध	ईस्लाम	क्रिस्चियन	*अन्य	जम्मा
१	३८,५०६	८९	२०८	८६९	१०६	**३९,७७८**
२	७,००३	६	७	३५८	३४	**७,४०८**
३	४,४२५	२	१३	१५७	१८	**४,६१७**
४	४,४१३	१	०	८९	६	**४,५०९**
५	४,५५६	०	१	२८८	०	**४,८४५**
६	४,८८७	२	२	१०५	५	**५,००१**
७	५,७२७	३	२९	२२१	१५	**५,९९६**
८	४,७७२	३	३४	३९	१	**४,८४९**
९	३,३७९	१		३०९	१	**३,६९०**
जम्मा	**७७,६६८**	**१०७**	**२९४**	**२,४३५**	**१८६**	**८०,६९०**
प्रतिशत	**९६.२५**	**०.१३**	**०.३६**	**३.०२**	**०.२३**	**१००.००**

***माथि उल्लेखित धर्मबाहेक अन्य धर्म जस्तै जैन, शिख, बोन, प्रकृति आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल ८०,६९० जनसङ्ख्यामध्ये ७७,६६८ अर्थात् ९६.२५ प्रतिशत जनसङ्ख्याले हिन्दू धर्म मान्दछन् । दोस्रोमा क्रिस्चियन धर्म मान्नेको सङ्ख्या २,४३५ अर्थात् ३.०२ प्रतिशत र तेस्रोमा ईस्लाम धर्म मान्नेको सङ्ख्या २९४ अर्थात् ०.३६ प्रतिशत रहेको छ । वडागत रूपमा विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ । केही मात्रामा धार्मिक विविधता रहे पनि नगरपालिकामा हिन्दू धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ । नेपालमा सदियौंदेखि रही आएको सहिष्णुता भने यस नगरपालिकामा कायमै रहेको देखिन्छ ।





नक्सा स्रोत: भूमि सूचना र अभिलेख विभाग


२.७ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

तालिका नं. १८: पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा जनसङ्ख्याको विवरण

वडा नं.	जन्मदर्ता भएको		जन्मदर्ता नभएको		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	१,२८४	४३.६	१,६५८	५६.४	**२,९४२**
२	३४५	५६.९	२६१	४३.१	**६०६**
३	१७९	५२.३	१६३	४७.७	**३४२**
४	१६२	४७.०	१८३	५३.०	**३४५**
५	१६७	४८.४	१७८	५१.६	**३४५**
६	२५४	७४.१	८९	२५.९	**३४३**
७	२२६	५२.३	२०६	४७.७	**४३२**
८	१८८	४६.९	२१३	५३.१	**४०१**
९	१३३	५७.३	९९	४२.७	**२३२**
जम्मा	**२,९३८**	**४९.१**	**३,०५०**	**५०.९**	**५,९८८**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा जन्म भएका पाँच वर्षमुनिका ५,९८८ बालबालिकाहरूमध्ये २,९३८ अर्थात् ४९.०१ प्रतिशतको जन्मदर्ता गरिएको र ३,०५० अर्थात् ५०.९ प्रतिशतको जन्मदर्ता नगरिएको तथ्याङ्क रहेको छ। जन्म, मृत्यु, बसाइ-सराइ र विवाहजस्ता जीवनका प्रमुख व्यक्तिगत घटनाको अनिवार्य र समयमै दर्ता गर्नु पर्दछ। यसबाट स्थानीय सरकारलाई यकिन तथ्याङ्कको अभिलेख तयार पार्न सहयोग पुग्दछ भने अर्कोतर्फ नागरिकहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधाका लागि नागरिकको पहिचान कायम गर्न र अन्य कानूनी कृयाकलापहरूमा यसको आवश्यकता पर्दछ तसर्थ जन्मदर्तालाई समयमै अनिवार्य रूपमा गर्न प्रोत्साहन गर्ने कार्य स्थानीय सरकारले गर्नुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



२.८ घरको प्रयोगको आधारमा परिवारको विवरण


परिवारले प्रयोग गरेको आफ्नो स्वामित्वमा रहेको घरको प्रयोगको आधारमा नगरपालिकाको तथ्याङ्कलाई हेर्दा ९१.५५ प्रतिशत परिवारहरूले आवासीय प्रयोजनको लागि मात्र घरको प्रयोग गरेको पाइयो । ६.२१ प्रतिशत घरहरू व्यवसाय र कार्यालय प्रयोजनको लागि मात्र र बाँकी २.२५ प्रतिशत घरहरू आवासीय र व्यवसायिक वा कार्यालय दुबै प्रयोजनमा प्रयोग भएका छन् । आवासीय प्रयोजन बेगर अन्य प्रयोजनका लागि घर निर्माण गर्न परिवारको आर्थिक हैसियत राम्रो हुनु पर्दछ भने अर्कोतर्फ व्यवसाय वा कार्यालय प्रयोजनको लागि आवश्यक घर वा भवनहरूको माग हुने शहरी क्षेत्र हुनुपर्दछ । यस हिसाबले हेर्दा अत्यधिक सङ्ख्या अर्थात् ९० प्रतिशतभन्दा बढी परिवारहरूले घरलाई आधारभूत आवासकोरूपमा मात्र प्रयोग गरेको र सीमित सङ्ख्यामा रहेका घरहरू मात्र प्रायजसो शहरी इलाकामा व्यवसायिक र कार्यालय प्रयोजनको लागि प्रयोग भएको देखिन्छ । तसर्थ नगरपालिकाको अधिकांश भाग ग्रामीण परिवेशका र परिवारहरू आर्थिक हिसाबले निम्न वा निम्न मध्यम आर्थिक स्थितिका रहेको स्पष्ट हुन्छ । वडागत तथ्याङ्क हेर्दा व्यवसाय र कार्यालय प्रयोजनका लागि मात्र प्रयुक्त घरहरू सबैभन्दा बढी वडा नं. १ र दोस्रोमा वडा नं. ५ मा रहेका छन् । अन्य वडाहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १९: घरको प्रयोगको आधारमा परिवारको विवरण


वडा नं.	आवासीय प्रयोजनको लागि मात्र	आवासीय र व्यवसाय/कार्यालय दुबै प्रयोजनको लागि	व्यवसाय/कार्यालय प्रयोजनका लागि मात्र	जम्मा
१	९,५४१	२८२	८६८	**१०,६९१**
२	१,६२४	२७	५६	**१,७०७**
३	९८०	३	५३	**१,०३६**
४	९७३	२२	५५	**१,०५०**
५	१,०१५	३४	१२	**१,०६१**
६	१,०५४	१३	१७	**१,०८४**
७	१,२८२	३३	१२२	**१,४३७**
८	९८३	११	१८	**१,०१२**
९	७२२	२१	३१	**७७४**
जम्मा	**१८,१७४**	**४४६**	**१,२३२**	**१९,८५२**
प्रतिशत	**९१.५५**	**२.२५**	**६.२१**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

यस टीकापुर नगरपालिकामा घरको प्रयोगको विवरण हेर्दा नगरमा रहेका कुल १८,६२० परिवारमा १८,१७४ घरपरिवार आवासीय प्रयोजनको लागि प्रयोग भएको छ भने ४४६ घर आवासीय र व्यवसाय/कार्यालय दुबै प्रयोजनको लागि उपयोग भएको र १,२३२ घर व्यवसाय/कार्यालय दुबैको लागि उपयोग भएको छ ।



नक्सा स्रोतः भूमि सूचना र अभिलेख विभाग



२.९ घरको किसिमको आधारमा परिवारको विवरण

तालिका नं. २०: घरको किसिमको आधारमा परिवारको विवरण


वडा नं.	पक्की	अर्धपक्की	कच्ची	झुप्रो/छाप्रो/टहरा	*अन्य	जम्मा
१	४,१६७	१,६६८	३,७१९	२५७	१२	९,८२३
२	३६२	६४८	६१४	२७		१,६५१
३	१०६	५०२	३४४	३०	१	९८३
४	१४२	४८३	३५२	१८		९९५
५	१३५	३३२	५७२	१०		१,०४९
६	१५१	४२७	४७१	१६	२	१,०६७
७	१३७	३०५	८५८	१५		१,३१५
८	१६७	२५८	५१६	५३		९९४
९	४९	१८४	४७०	४०		७४३
जम्मा	५,४१६	४,८०७	७,९१६	४६६	१५	१८,६२०
प्रतिशत	२९.०९	२५.८२	४२.५१	२.५०	०.०८	१००.००

***माथि उल्लेखित घरको किसिमबाहेक अन्य जस्तै पाल, ओडार, मचान, कुटी, मन्दिर, आश्रम आदि ।**


स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

यस नगरपालिकाका कुल १८,६२० घरपरिवारमध्ये सबैभन्दा बढी ७,९१६ अर्थात् ४२.५१ प्रतिशत परिवार बस्ने घरहरू कच्ची, दोस्रोमा ५,४१६ अर्थात् २९.०९ प्रतिशत पक्की, ४,८०७ अर्थात् २५.८२ प्रतिशत अर्ध पक्की, ४६६ अर्थात् २.५० प्रतिशत घरपरिवारहरू टहरा र १५ घरपरिवार वा ०.०८ प्रतिशत परिवारहरू अन्य प्रकारको घरमा बसोबास गरेको पाइयो । नगरपालिकामा ४२.५१ प्रतिशत घरहरू कच्ची हुनुले भूकम्पीय जोखिमको हिसाबले जोखिमपूर्ण अवस्थामा रहेको स्पष्ट हुन्छ । अधिकांश घरहरू कच्ची रहनु आर्थिक

विपन्नताको सूचकसमेत रहेकोले सुरक्षित आवासका दीर्घकालीन योजना निर्माण गर्नु अनिवार्य देखिन्छ । शहरी क्षेत्र भएकाले नगरपालिकाको वडा नं. १ मा पक्की घर हुने परिवार सङ्ख्या अन्य वडाहरूको तुलनामा अत्याधिक धेरै छ । अर्कोतर्फ २.५० प्रतिशत परिवारहरू विपन्न अवस्थामा झुप्रोमा बस्ने गरेको देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।



नक्सा स्रोत: भूमि सूचना र अभिलेख विभाग, घरधुरी सर्भेक्षण, २०७५



पक्की : ढुङ्गा, ईटा र सिमेन्ट प्रयोग गरिएको गाह्रो भएको तथा कर्कट पाता, जस्ता, ढुङ्गाको छानो वा ढलान गरिएको घरलाई बुझाउँछ ।

अर्धपक्की : ढुङ्गा, ईटा र सिमेन्ट प्रयोग गरिएको गाह्रो भएको तथा छानो माटोको टायल वा खर, छ्वाली आदि प्रयोग गरिएको घरलाई बुझाउँछ ।

कच्ची : फलेक, माटोको गाह्रो वा त्यस्तै कच्ची प्रकारको गाह्रो र छानो पनि माटोको टायल वा खर, छ्वाली आदि प्रयोग गरिएको घरलाई बुझाउँछ ।

झुप्रो/छाप्रा/टहरा : फुसको घर, झुप्रो, छाप्रा वा टहरालाई बुझाउँछ ।


२.१० परिवार बसोबास गर्ने घरको तल्लाको आधारमा परिवारको विवरण

तालिका नं. २१: परिवारले प्रयोग गरेको घरको तल्लाको आधारमा परिवारको विवरण

वडा नं.	एक तल्ला	दुई तल्ला	तिन तल्ला	चार वा सोभन्दा बढी तल्ला	जम्मा
१	८,८६१	८१६	१२५	२१	**९,८२३**
२	१,५९१	५५	१	४	**१,६५१**
३	९२४	५८	१		**९८३**
४	९७४	२०		१	**९९५**
५	९८६	६०	३		**१,०४९**
६	९६१	१०१	३	२	**१,०६७**
७	१,२३६	७६	१	२	**१,३१५**
८	९२८	६२	३	१	**९९४**
९	७१६	१६	८	३	**७४३**
जम्मा	**१७,१७७**	**१,२६४**	**१४५**	**३४**	**१८,६२०**
प्रतिशत	**९२.२५**	**६.७९**	**०.७८**	**०.१८**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

यस नगरपालिकाका कुल १८६२० घर परिवारमध्ये १७,१७७ अर्थात् ९२.२५% १ तल्ले, १,२६४ अर्थात् ६.७९ प्रतिशत दुइ तल्ले, १४५ अर्थात् ०.७८ प्रतिशत ३ तल्ले र ३४ अर्थात् ०.१८ प्रतिशत घर परिवार ४ वा ४ तल्लाभन्दा बढीको घरमा बसेको पाइयो । कुल घर परिवारहरूको ९२.२५% घरहरू एक तल्ले र अधिकांश घरहरू कच्ची अवस्थामा रहेकोले डुबान, बाढी, भुकम्प, सर्प दंश लगायत अन्य सुरक्षाका हिसाबले एक तल्ले कच्ची घरमा रहेका परिवारहरू संवेदनशिल अवस्थामा रहेका छन् । वडागत विस्तुत विवरण तालिकामा उल्लेख गरिएको छ ।



२.११ परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा परिवारको विवरण


तालिका नं. २२: परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा परिवारको विवरण

वडा नं.	०-४ वर्ष	५-९ वर्ष	१०-२४ वर्ष	२५-४९ वर्ष	५० वर्ष वा सोभन्दा माथि	जम्मा
१	२,२१७	२,५७४	४,५६३	४५६	१३	९,८२३
२	५१६	५८५	४५२	९३	५	१,६५१
३	२८६	३२२	२९८	७१	६	९८३
४	३००	३५८	२९०	४५	२	९९५
५	४०९	३६७	२२९	४२	२	१,०४९
६	४०५	३८७	२०९	६३	३	१,०६७
७	५६९	४५९	२६०	२६	१	१,३१५
८	२४४	२९०	३८७	६९	४	९९४
९	२९२	२२३	१९१	३६	१	७४३
जम्मा	५,२३८	५,५६५	६,८७९	९०१	३७	१८,६२०
प्रतिशत	२८.१३	२९.८९	३६.९४	४.८४	०.२०	१००.००

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा बसोबास गर्ने घरपरिवारले प्रयोग गर्ने घर निर्माण भएको समय अवधिलाई हेर्दा ६,८७९ अर्थात् ३६.९४% घरहरू १० देखि २४ वर्षको अन्तरालमा, ५,५६५ अर्थात् २९.८९ प्रतिशत घरहरू ५ देखि ९ वर्ष अगाडि, ५,२३८ अर्थात् २८.१३ प्रतिशत ० देखि ४ वर्ष अगाडि, ९०१ अर्थात् ४.८४ प्रतिशत, २५ देखि ४९ वर्ष अगाडि, ३७ अर्थात् मात्र ०.२० प्रतिशत घरहरू ५० भन्दा अगाडि निर्माण भएको देखिन्छ जुन तथ्याङ्क नगरमा न्यून देखिन्छ । सबैभन्दा बढी घरहरू १० देखि २४ वर्षको अवधिमा बनेको देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा पछिल्ला दशकहरूमा बस्ती विस्तारको क्रम निकै तीव्र भएको पाइन्छ । तराई क्षेत्र भएका कारण जनसङ्ख्या वृद्धि, बसाइँसराइँ र नगरपालिकामा उपलब्ध मानवीय सुविधा जस्तै खेतीयोग्य जमिन, सडक, पानी सिँचाइ, सुगमता जस्ता पक्षले तीव्र बस्ती विस्तारमा भूमिका खेलेका हुन्छन् । वडागत पूर्ण विवरण तालिकामा उल्लेख गरिएको छ ।

परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा परिवारको विवरण




२.१२ परिवारले प्रयोग गरेको घरको कोठा सङ्ख्याको आधारमा परिवारको विवरण

तालिका नं. २३: परिवारले प्रयोग गरेको घरको कोठा सङ्ख्याको आधारमा परिवारको विवरण

वडा नं.	१-२ कोठा	३-४ कोठा	५-६ कोठा	७-९ कोठा	१० कोठा वा सोभन्दा माथि	जम्मा
१	४,८४८	४,०४४	६५१	२१६	६४	**९,८२३**
२	९११	६७९	५२	७	२	**१,६५१**
३	४८९	४६३	२५	६		**९८३**
४	५४४	४०७	३५	८	१	**९९५**
५	५५५	४४९	३६	७	२	**१,०४९**
६	५२४	५०८	२७	६	२	**१,०६७**
७	६५१	५९६	५१	१७		**१,३१५**
८	६९३	२८५	१३	३		**९९४**
९	४६७	२६१	१३		२	**७४३**
जम्मा	**९,६८२**	**७,६९२**	**९०३**	**२७०**	**७३**	**१८,६२०**
प्रतिशत	**५२.००**	**४१.३१**	**४.८५**	**१.४५**	**०.३९**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा बसोबास गर्ने कुल १८,६२० घरपरिवारहरूमध्ये सबैभन्दा बढी ९,६८२ अर्थात् ५२ प्रतिशत परिवारले बसोबासका लागि १-२ वटा कोठा प्रयोग गरेको देखिन्छ भने दोस्रोमा ७,६९२ अर्थात् ४१.३१ प्रतिशतले ३देखि ४ वटा कोठा प्रयोग गरेको देखिन्छ । त्यसैगरी ९०३ अर्थात् ४.८५ प्रतिशतले ५ देखि ६ वटा कोठाहरू, २७० अर्थात् १.४५ प्रतिशतले ७-९ कोठा र ७३ अर्थात् ०.३९ परिवारले १० वा सोभन्दा बढी कोठा प्रयोग गरेको देखिन्छ । कुल घर परिवार सङ्ख्याको ५२ प्रतिशत परिवारले १ देखि २ वटा मात्र कोठा प्रयोग गरेको तथ्याङ्कले नगरका आधाभन्दा बढी परिवारहरू अत्यन्त साघुँरो र कष्टपूर्ण तरिकाले जीवन निर्वाह गरेको स्पष्ट हुन्छ । कोठाको सङ्ख्या कमीहुँदा विद्यार्थीहरूलाई पढ्न शान्त वातावरणको कमी, सबै घरेलु कृयाकलाप जस्तै खाना पकाउने, सुत्ने र केही स्थानहरूमा त घरपालुवा पशु चौपाया वा पक्षीहरूसमेत सँगै राख्नु पर्ने वाध्यताका कारण व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्वास्थ्य र सरसफाईका दृष्टिले समेत अत्यन्त जटिल र जोखिमपूर्ण अवस्था रहेको देखिन्छ । अत्यन्त न्यून सङ्ख्यामा मात्र कोठाहरू प्रयोग गर्ने परिवारको सङ्ख्या बढी हुँदा नगरपालिकाका अधिकांश घरपरिवारको गुणस्तरीय जीवनको तह ऋणात्मक रहेको तथ्याङ्कले देखाउँछ । आफ्ना नागरिकहरूलाई विपन्न अवस्थाबाट आधारभूत आवासजस्तो मानवीय आवश्यकता परिपूर्ति हुने अवस्थामा पुऱ्याउन स्थानीय, प्रदेश तथा संघीय सरकारहरूले गरीबी निवारणका प्रभावकारी कार्यक्रमहरूलाई सघन रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




२.१३ सुत्ने कोठा र भान्सा कोठा अलग भए/नभएको आधारमा परिवारको विवरण

तालिका नं. २४: सुत्ने कोठा र भान्सा कोठा अलग भए/नभएको आधारमा परिवारको विवरण

वडा नं.	सुत्ने कोठा र भान्सा कोठा अलग भएको		सुत्ने कोठा र भान्सा कोठा अलग नभएको		जम्मा
	सङ्ख्या	प्रतिशत	भएको	प्रतिशत	
१	६,२६६	६३.७९	३,५५७	३६.२१	**९,८२३**
२	१,०४३	६३.१७	६०८	३६.८३	**१,६५१**
३	७४२	७५.४८	२४१	२४.५२	**९८३**
४	६६४	६६.७३	३३१	३३.२७	**९९५**
५	७६८	७३.२१	२८१	२६.७९	**१,०४९**
६	७१५	६७.०१	३५२	३२.९९	**१,०६७**
७	१,०५८	८०.४६	२५७	१९.५४	**१,३१५**
८	६४९	६५.२९	३४५	३४.७१	**९९४**
९	५५६	७४.८३	१८७	२५.१७	**७४३**
जम्मा	**१२,४६१**	**६६.९२**	**६,१५९**	**३३.०८**	**१८,६२०**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल १८,६२० परिवारहरूमध्ये ६,१५९ अर्थात् ३३.०८ प्रतिशत परिवारहरूको भान्सा कोठा र सुत्ने कोठा एउटै रहेको तथ्याङ्क छ । यस तथ्याङ्कले ती परिवारहरूको पारिवारिक जीवनको गुणस्तर अत्यन्त न्यून रहेको सङ्केत गर्दछ। सुत्ने र खाना पकाउने कोठा एउटै हुँदा पारिवारिक र व्यक्तिगत सरसफाई र स्वास्थ्यका दृष्टिकोणले नकारात्मक तथा जोखिमको स्थिति रहन्छ । ग्याँस चुलो, विद्युतीय माध्यम बाहेक दाउरा र गुइँठालाई घरेलु इन्धनको रूपमा प्रयोग गर्ने र विद्युतीय उज्यालोको पहुँच नभएका यस्ता परिवारहरूमा एउटै कोठामा भान्सा र सुत्नुपर्ने हुँदा स्थिति थप जटिल बन्दछ । यस्ता परिवारहरूमा सहजै ढङ्गले बालबालिकाहरूले पढ्ने वातावरण हुँदैन भने आवश्यक व्यक्तिगत गोपनियता समेत रहँदैन । तसर्थ यस प्रकारको निम्न गुणस्तरीय जीवन भएका परिवारको जीवनस्तर उकास्ने प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गर्नु राज्यको विशेषत स्थानीय सरकारको दायित्व रहन्छ । तथ्याङ्कलाई हेर्दा नरपालिकाको कुलघरपरिवार सङ्ख्याले कुल जनसङ्ख्यालाई भाग गर्दा आउने औषत परिवारको आकार ४.३ जना प्रति परिवार रहेकाले यसरी एउटै कोठामा गुजारा गर्नुपर्ने परिवार सदस्य सङ्ख्या औषतमा ४ जना हुन आउँछ। तसर्थ यो स्थिति गम्भीर स्थिति हो । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




२.१४ अनुपस्थित जनसङ्ख्या भएका परिवार सङ्ख्याको विवरण

नगरपालिकाका कुल १८,६२० घर परिवारहरूमध्ये अध्ययन, रोजगार तथा अन्य कामका शिलसिलामा ६ महिनाभन्दा लामो समय आफ्नो घरमा उपस्थित नभएका सदस्यहरू हुने परिवार सङ्ख्या ८,६३३ अर्थात् ४६.४ प्रतिशत छ । यसरी झण्डै आधा जति परिवारका सदस्यहरू अध्ययन, रोजगार तथा अन्य काम वा अवसरका कारण बाहिरिएको देखिन्छ । नगरपालिकाभित्र नै सबै प्रकारका सेवा, सुविधा र अवसरहरू सुनिश्चित भएको खण्डमा यसरी अनुपस्थित हुनेको सङ्ख्या स्वत: न्यून हुन जान्छ । सामान्यतय दक्ष र उर्जावान जनशक्ति नै बढी अनुपस्थित हुने प्रवृत्तिका कारण यसले नगरपालिकाको दीगो विकासमा दीर्घकालीन असर पर्दछ। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २५: अनुपस्थित भएका सदस्य तथा परिवारको विवरण

वडा नं.	अनुपस्थित भएका परिवार		सबै सदस्य उपस्थित भएका परिवार		थाहा नभएको		जम्मा सङ्ख्या	अनुपस्थित सङ्ख्या
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत		
१	४,५२२	४६.०	५,३०१	५४.०			९,८२३	८,७४९
२	८३२	५०.४	८१७	४९.५	२	०.१	१,६५१	२,२९६
३	३७८	३८.५	६०५	६१.५			९८३	६६०
४	४७७	४७.९	५१८	५२.१			९९५	९६०
५	४९३	४७.०	५५६	५३.०			१,०४९	९१२
६	४९०	४५.९	५७६	५४.०	१	०.१	१,०६७	१,२००
७	६४९	४९.४	६६६	५०.६			१,३१५	१,२५५
८	५६१	५६.४	४३२	४३.५	१	०.१	९९४	१,४३६
९	२३१	३१.१	५१२	६८.९			७४३	४९३
जम्मा	**८,६३३**	**४६.४**	**९,९८३**	**५३.६**	**४**	**०.०**	**१८,६२०**	**१७,९६१**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



२.१४.१ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

तालिका नं. २६: उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

लिङ्ग	पुरुष			महिला			जम्मा
उमेर समूह / वडा नं.	०-१९ वर्ष	२०-४९ वर्ष	५० वर्ष भन्दा माथि	०-१९ वर्ष	२०-४९ वर्ष	५० वर्ष भन्दा माथि	
१	१,६४३	४,७०७	४१६	६९१	१,१९५	९७	८,७४९
२	५६१	९१७	८३	२९६	४०५	३४	२,२९६
३	१२४	३७७	२६	३४	९४	५	६६०
४	२१४	४७४	३३	१०२	१३१	६	९६०
५	११४	५७०	३८	५५	१२७	८	९१२

लिङ्ग	पुरुष			महिला			जम्मा
उमेर समूह / वडा नं.	०-१९ वर्ष	२०-४९ वर्ष	५० वर्ष भन्दा माथि	०-१९ वर्ष	२०-४९ वर्ष	५० वर्ष भन्दा माथि	
६	२३६	५६५	४६	१२३	२१४	१६	**१,२००**
७	२५१	६५८	४२	१०८	१९१	५	**१,२५५**
८	४६२	५२४	३८	१९८	१९६	१८	**१,४३६**
९	११३	२५२	१२	३९	७३	४	**४९३**
जम्मा	**३,७१८**	**९,०४४**	**७३४**	**१,६४६**	**२,६२६**	**१९३**	**१७,९६१**
प्रतिशत	**२०.७०**	**५०.३५**	**४.०९**	**९.१६**	**१४.६२**	**१.०७**	**१००.००**

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकाको तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी २०-४९ वर्षका पुरुषहरू घरमा अनुपस्थित भएको पाइयो भने सबैभन्दा कम अनुपस्थित जनसङ्ख्याको उमेर समूहमा ५० वर्ष भन्दामाथिका महिलाहरू रहेका छन् । २०-४९ वर्षका ९,०४४ अर्थात् कुल अनुपस्थित जनसङ्ख्या १७,९६१ को ५०.३५ प्रतिशत पुरुषहरू नगरपालिकामा अनुपस्थित भएको पाइयो । दोस्रो उमेर समूहमा ० देखि १९ वर्षको पुरुष रहेको छ । यो समूहको अनुपस्थितहरूको सङ्ख्या ३,७१८ अर्थात् कुल अनुपस्थित जनसङ्ख्याको २०.७० प्रतिशत रहेको छ । यस तथ्याङ्कको विश्लेषणबाट शसक्त युवा अवस्थाको पुरुष जनसङ्ख्या काम, रोजगारी, अध्ययन वा अन्य कारणले नगरपालिका बाहिर हुनु भनेको नगरपालिकाभित्र ती सबैखाले अवसरहरू न्यून हुनु हो । अर्कोतर्फ महिलाको अनुपस्थित जनसङ्ख्या उल्लेख्य रूपमा कम हुनुले लैङ्गिक रूपमा असमानता रहेको स्पष्ट हुन्छ । यसको अर्को अर्थ नगरपालिकामा महिला, वृद्धहरू र केटाकेटीको जनसङ्ख्याको वाहुल्यता रहेको समेत स्पष्ट हुन्छ । यसरी सक्षम र जुझारु युवा जनशक्तिको ठूलो हिस्सा नगरपालिकाबाट बाहिर रहँदा नगरपालिकाको समग्र विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

२.१४.२ शैक्षिक स्तरको आधारमा नगरपालिकामा अनुपस्थित जनसङ्ख्याको विवरण


तालिका नं. २७: अनुपस्थित हुँदा उर्त्तीण गरेको कक्षा/तहको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

वडा नं	पूर्व-प्राथमिक शिक्षा	साधारण शिक्षा (१-८)	माध्यमिक तहको शिक्षा (९-१२)	उच्च शिक्षा	अन्य	अशिक्षित	जम्मा
१	४७	३,०४७	३,३४८	१,३६६	३४७	५९४	**८,७४९**
२	२९	१०७७	७३७	१२०	१३३	२००	**२,२९६**
३	६	२५८	२०२	८०	१५	९९	**६६०**
४	२०	३५७	३४९	९८	४६	९०	**९६०**
५	१६	३८२	२९६	१०८	५२	५८	**९१२**
६	१२	५४७	३४६	८३	७२	१४०	**१,२००**
७	१९	५०१	४७३	७६	४९	१३७	**१,२५५**
८	११	७५५	३७१	३४	१२५	१४०	**१,४३६**
९	४	२५८	१४९	२१	२४	३७	**४९३**
जम्मा	**१६४**	**७१८२**	**६२७१**	**१९८६**	**८६३**	**१४९५**	**१७,९६१**
प्रतिशत	**०.९१**	**३९.९९**	**३४.९१**	**११.०६**	**४.८०**	**८.३२**	**१००.००**

***माथि उल्लेखित शैक्षिक स्तरबाहेक अन्य जस्तै विश्वविद्यालय शिक्षा, विषय विशेषज्ञ आदि ।**

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा अनुपस्थित रहेका जनसङ्ख्यामध्ये ५ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्यालाई लक्षित गरी प्रश्नमा शैक्षिक स्तरको आधारमा हेर्दा कुल उत्तरदाता १६,९२७ जना रहेकामध्ये ६,७४७ जना आधारभूत शिक्षा अर्थात् १ देखि ८ कक्षा अध्ययन गरेका, ५,९४४ अर्थात् ३५.१२ प्रतिशत, माध्यामिक अर्थात् ९-१२ कक्षा अध्ययन गरेका १७५३ अर्थात् १०.३६ प्रतिशत र उच्च शिक्षा अध्ययन गरेका ८२४ अर्थात् जम्मा ४.८७ प्रतिशत जनसङ्ख्या काम तथा रोजगारी वा अन्य कारणले अनुपस्थित भएको पाइयो । तथ्याङ्कलाई हेर्दा माध्यामिक स्तरसम्मका अध्ययन पुरा गरी काम वा रोजगारमा बाहिरिने जनसङ्ख्या र पढ्दा पढ्दै आठ कक्षा उर्त्तिण गरेर काम वा रोजगारीका लागि पढाइ छोड्नेको जनसङ्ख्या उल्लेख्य रहेको पाइयो । यस हिसाबले शिक्षित र दक्ष जनशक्तिभन्दा अर्धशिक्षित र अदक्ष वा अर्धदक्ष जनसङ्ख्याले अध्ययनभन्दा सामान्य स्तरको वा स्तरभन्दा न्यून खालको रोजगारी वा काममा बाहिरिएको सङ्केत गर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



२.१४.३ लिङ्ग तथा अनुपस्थित हुँदा उर्त्तीण गरेको कक्षा/तहको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

तालिका नं. २८: लिङ्ग तथा अनुपस्थित हुँदा उर्त्तीण गरेको कक्षा/तहको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

लिङ्ग	उमेर समूह	पूर्व-प्राथमिक शिक्षा	साधारण शिक्षा (१-८)	माध्यमिक तहको शिक्षा (९-१२)	उच्च शिक्षा	*अन्य	अशिक्षित	जम्मा
पुरुष	०-१९ वर्ष	९०	१,७६०	१,२८२	९९	४०	९९	**३,३७०**
	२०-४९ वर्ष	३	३,५१६	३,५८६	१,३१६	३६०	५८७	**६,३६८**
	५० वर्षमाथि	१	२५३	१२२	२९	६५	२४०	**७१०**
	सबै उमेरका	९४	५,५२९	४,९९०	१,४४४	४६५	९२६	**१३,४४८**
महिला	०-१९ वर्ष	६६	६८३	४८६	३२	३९	६०	**१,३६६**
	२०-४९ वर्ष	४	९५२	७९०	५०८	३१२	३८८	**२,९५४**
	५० वर्षमाथि		१८	५	२	४७	१२१	**१९३**
	सबै उमेरका	७०	१,६५३	१,२८१	५४२	३९८	५६९	**४,५१३**

लिङ्ग	उमेर समूह	पूर्व-प्राथमिक शिक्षा	साधारण शिक्षा (१-८)	माध्यमिक तहको शिक्षा (९-१२)	उच्च शिक्षा	*अन्य	अशिक्षित	जम्मा
महिला	०-१९ वर्ष	१५६	२,४४३	१,७६८	१३१	७९	१५९	**४,७३६**
	२०-४९ वर्ष	७	४,४६८	४,३७६	१,८२४	६७२	९७५	**१२,३३२**
	५० वर्षमाथि	१	२७१	१२७	३१	११२	३६१	**९०३**
	सबै उमेरका	**१६४**	**७,१८२**	**६,२७१**	**१,९८६**	**८६३**	**१,४९५**	**१७,९६१**

***माथि उल्लेखित शैक्षिक स्तरबाहेक अन्य जस्तै विश्वविद्यालय शिक्षा, विषय विशेषज्ञ आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा अनुपस्थित जनसङ्ख्यामध्ये २० देखि ४९ वर्ष उमेर समूहको, आधारभूत र माध्यमिक स्तरसम्मको शैक्षिक स्तर भएको, पुरुषको जनसङ्ख्या नै अत्यधिक सङ्ख्यामा बाहिरिएको तथ्याङ्कले देखाउँछ । अनुपस्थितमध्ये उच्च शिक्षा हासिल गरेको जनसङ्ख्या तथा महिला र पाको उमेरको जनसङ्ख्या भने पुरुष युवा समूहको तुलनामा निकै कम देखिन्छ । तसर्थ साधारणतया जल्दोबल्दो युवाअवस्थाको पुरुष अर्धशिक्षित स्तरको जनसङ्ख्या नै काम वा रोजगारीको शिलशिलामा अत्यधिक सङ्ख्यामा बाहिरिएको तथ्याङ्कले देखाउँछ । थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।


२.१४.४ अनुपस्थित रहेको अवधिको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

तालिका नं. २९: अनुपस्थित रहेको अवधिको आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

वडा नं.	अनुपस्थित भएको वर्ष					जम्मा
	०-४ वर्ष	५-९ वर्ष	१०-१९ वर्ष	२०-४९ वर्ष	५०+ वर्ष	
१	६,३०१	१,०६५	८५७	५१४	१२	**८,७४९**
२	१,१७३	४१०	५४०	१७०	३	**२,२९६**
३	५६०	५८	२५	१७		**६६०**
४	७३१	११०	८३	३४	२	**९६०**
५	७५९	५२	५९	४२		**९१२**
६	८०१	१९०	१६०	४६	३	**१,२००**
७	१,०४६	११९	६७	२२	१	**१,२५५**
८	८४४	२३९	२२३	१२९	१	**१,४३६**
९	३४५	७२	५३	२३		**४९३**
जम्मा	**१२,५६०**	**२,३१५**	**२,०६७**	**९९७**	**२२**	**१७,९६१**
प्रतिशत	**६९.९३**	**१२.८९**	**११.५१**	**५.५५**	**०.१२**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा अनुपस्थित रहेका कुल १७,९६१ जनसङ्ख्यामध्ये ०-४ वर्ष सम्म अनुपस्थित रहेको जनसङ्ख्या सबैभन्दा बढी १२,५६० अर्थात् ६९.९३ प्रतिशत रहेका छन् । दोस्रो ५-९ वर्षसम्म अनुपस्थित रहनेको सङ्ख्या २,३१५ अर्थात् १२.८९ प्रतिशत रहेको छ । यस तथ्याङ्कलाई हेर्दा छोटो समय अनुपस्थित भई पुनः घर फर्कने र पुनः अनुपस्थित हुनेको सङ्ख्या अत्यधिक बढी देखिन्छ यसर्थ काम अध्ययन तथा रोजगारीले गर्दा छोटो अवधिका लागि वाध्यतावस बाहिरिने अनुपस्थित जनसङ्ख्या बढी रहेको देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



२.१४.५ अनुपस्थित रहने कारणका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

तालिका नं. ३०: अनुपस्थित रहने कारणका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

वडा नं.	अनुपस्थित हुनुको कारण						जम्मा
	व्यापार/व्यवसाय	नोकरी	अध्ययन/तालिम	आश्रित	*अन्य	उल्लेख नगरिएको	
१	२९४	२,६९४	१,६३१	९५६	३,०५५	११९	**८,७४९**
२	१	५७	३१४	३१९	१,५८६	१९	**२,२९६**
३	२	२४१	७६	७४	२६३	४	**६६०**
४	२०	१७३	१०६	१९२	४५४	१५	**९६०**
५	१	५२	८१	९९	६७६	३	**९१२**
६	११	१५४	१५२	१४२	७०८	३३	**१,२००**
७	९	५२	८३	१४६	९६२	३	**१,२५५**
८	५	९३	१५५	३५३	८२१	९	**१,४३६**
९	३	१४५	४७	३२	२६४	२	**४९३**
जम्मा	**३४६**	**३,६६१**	**२,६४५**	**२,३१३**	**८,७८९**	**२०७**	**१७,९६१**
प्रतिशत	**१.९३**	**२०.३८**	**१४.७३**	**१२.८८**	**४८.९४**	**१.१५**	**१००.००**

***माथि उल्लेखित कारणबाहेक अन्य जस्तै औषधोपचार, भ्रमण, द्वन्द, युद्ध आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा अनुपस्थित रहेका कुल १७,९६१ जनसङ्ख्यामध्ये ८,७८९ जनाको भने अन्य कारणमा उत्तर आएको र २०७ जनाको कुनै उल्लेख नै नभएकोले त्यो सङ्ख्या के कारणले अनुपस्थित भएको भन्ने समेत अस्पष्ट छ । बाँकी जनसङ्ख्यामध्ये सबैभन्दा धेरै नोकरीको सिलसिलामा ३,६६१ अर्थात् २०.३८ प्रतिशत, अध्ययन/तालिममा २,६४५ अर्थात् १४.७३ प्रतिशत र आश्रित अनुपस्थित जनसङ्ख्या २,३१३ अर्थात् १२.८८ प्रतिशत देखिन्छ । अनुपस्थित हुने जनसङ्ख्याको कारणहरू हेर्दा नगरपालिकाभित्र शिक्षा तथा रोजगारको पर्याप्त अवसरहरू नभएर उपयुक्त अवसरको खोजीमा बाहिरिएको तथ्य देखिन्छ । ८,९९५ अनुपस्थित जनसङ्ख्याको अनुपस्थित रहने कारण नखुले पनि अधिकांश बाहिरिनेहरूमा काम, रोजगारी तथा शिक्षाको खोजीमा नै परिवार सहित अनुपस्थित रहने हुँदा उनीहरूसँग आश्रित सदस्यहरू विशेषगरी विद्यालय जाने बालबालिका साथमा गएको कारणले हो । वडाअनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

२.१४.६ अनुपस्थित हुने कारण र गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण


तालिका नं. ३१: अनुपस्थित हुने कारण र गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसङ्ख्याको विवरण

गन्तव्य स्थल	अनुपस्थित हुनुको कारण									जम्मा
	व्यापार/व्यवसाय	निजी नोकरी	संस्थागत नोकरी	अध्ययन/तालिम	काम खोजी	निर्भर	विवाद	*अन्य	थाहा नभएको	
नेपाल (अन्य जिल्ला)	१४५	९३८	१८०	१,६९५	१,४३७	५३९	१	२०२	८४	**५,२२१**
भारत	१५८	१,८९२	७२	७४८	५,२६९	१,५८६	७	४२४	९४	**१०,२५०**
सार्क राष्ट्र		२		५	३	१				**११**
मध्य पूर्वी राष्ट्र	१५	१४१	३९	४	३४०	२		५		**५४६**
अन्य एसियान राष्ट्र	२०	१५८	२८	४५	३३२	५		५	१	**५९४**
अष्टेलिया/न्युजल्याण्ड		७	६	३२	१४	१		२		**६२**
युरोपियन राष्ट्र	१	३	३	११	८	३		१		**३०**
क्यानडा/अमेरिका		९	८	२२	११	१५		३		**६८**
अन्य	६	१४०	२२	७७	५८८	१५३	४	७१	१२	**१,०७३**
थाहा नभएको	१	८	५	६	५९	८	१	२	१६	**१०६**
जम्मा	**३४६**	**३,२९८**	**३६३**	**२,६४५**	**८,०६१**	**२,३१३**	**१३**	**७१५**	**२०६**	**१७,९६१**

***माथि उल्लेखित कारणबाहेक अन्य जस्तै औषधोपचार, भ्रमण, द्वन्द, युद्ध आदि ।**

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा अनुपस्थित रहने कुल १७,९६१ जनसङ्ख्यामध्ये जागिर अर्थात् कामको खोजीमा भारत जानेको सङ्ख्या सबैभन्दा धेरै अर्थात् देशभित्र अन्य जिल्लामा रहेका कुल अनुपस्थित १७,९६१जनामध्ये १०,२५० जना रहेको पाइयो भने यस अनुपस्थित हुने जनसङ्ख्यामध्ये कामको खोजीमा छिमेकि मूलुक भारत जानेको सङ्ख्या पहिलो स्थानमा रहेको छ । समग्रमा हेर्दा अनुपस्थित जनसङ्ख्याको कुल अनुपातमा ८,०६१ अर्थात् आधाजस्तो जनसङ्ख्या कामको खोजीमा बाहिरिएको तथ्याङ्कले देखाउँछ । यसरी ठूलो हिस्सा जनसङ्ख्या कामको लागि बाहिरिदाँ विप्रेषणले मात्र कालान्तरमा नगरपालिकाको विकास सम्भव हुँदैन । यसका लागि दूरदृष्टि सहित दीगो सोंच र विकासको लक्ष्य लिएर अगाडि बढ्ने युवा जमातको उपस्थिति नगरपालिकामै हुनु अनिवार्य छ । यसरी युवा शक्तिलाई नगरपालिकाकै विकासका लागि परिचालन गरी अनुपस्थित जनसङ्ख्यालाई कम गर्ने प्रभावकारी योजना र त्यसको कार्यान्वयन गर्नु स्थानीय सरकारको लक्ष्य हुन जरुरी छ । अन्य गन्तव्य स्थल र कारणहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




२.१५ घर तथा जमिनमा महिलाको स्वामित्वको आधारमा परिवारको विवरण

तालिका नं. ३२: घर तथा जमिनमा महिलाको स्वामित्व हुने घरपरिवारको विवरण

वडा नं.	स्वामित्व भएको परिवार		स्वामित्व नभएको परिवार		थाहा नभएको परिवार		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	२,६४४	२६.९	७,०४६	७१.७	१३३	१.४	**९,८२३**
२	५६१	३४.०	९९९	६०.५	९१	५.५	**१,६५१**
३	१७८	१८.१	८०४	८१.८	१	०.१	**९८३**
४	२१०	२१.१	७७२	७७.६	१३	१.३	**९९५**
५	२३६	२२.५	७९८	७६.१	१५	१.४	**१,०४९**
६	१८३	१७.२	८६७	८१.३	१७	१.६	**१,०६७**
७	२६२	१९.९	१,०४७	७९.६	६	०.५	**१,३१५**
८	२०२	२०.३	७८७	७९.२	५	०.५	**९९४**
९	१७७	२३.८	५६१	७५.५	५	०.७	**७४३**
जम्मा	**४,६५३**	**२५.०**	**१३,६८१**	**७३.५**	**२८६**	**१.५**	**१८,६२०**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

यस नगरपालिकामा रहेका कुल १८,६२० परिवारहरूमध्ये ४,६५३ अर्थात् २५ प्रतिशत परिवारहरूको घर तथा जमिनमा महिलाको स्वामित्व रहेको छ भने १३,६८१ अर्थात् ७३.५ प्रतिशत परिवारहरूमा पुरुषको नै स्वामित्व रहेको देखिन्छ। २८६ परिवारहरूबाट भने स्पष्ट उत्तर प्राप्त भएन। यस तथ्याङ्कलाई हेर्दा जम्मा ३ भागको १ भाग घरपरिवाहरूमा मात्र जमिन र घरमा महिलाको स्वामित्व रहेको देखिन्छ। हालका वर्षहरूमा शिक्षाको सकारात्मक प्रभाव, सञ्चार माध्यमको विकास र त्यसको प्रचारात्मक प्रभाव, प्रमुख राजनैतिक तथा सामाजिक परिवर्तनजस्ता कारणले लैङ्गिक भेदभाव क्रमशः कम हुँदै गए तापनि नगरपालिकाको तथ्याङ्कलाई हेर्दा जम्मा १/३ भाग महिलाहरूमा नाममात्रको जग्गा जमिनको स्वामित्व रहेको छ। यस तथ्यले लैङ्गिक भेदभाव हटाउन राज्यले प्रभावकारी कदमहरू कडाइका साथ चाल्नु अनिवार्य छ। तथ्याङ्कको वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



२.१६ विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरूको सङ्ख्याको आधारमा घरपरिवारको विवरण

तालिका नं. ३३: विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरूको सङ्ख्याको आधारमा घरपरिवारको विवरण

वडा नं.	जम्मा परिवार सङ्ख्या	परिवारका सदस्य मृत्यु भएका परिवारको सङ्ख्या	परिवारका सदस्य मृत्यु भएका परिवारको प्रतिशत	मृतकको सङ्ख्या
१	९,८२३	१५१	१.५४	**१५९**
२	१,६५१	५६	३.३९	**५८**
३	९८३	२०	२.०३	**२०**
४	९९५	२४	२.४१	**२५**
५	१,०४९	२१	२.००	**२२**
६	१,०६७	२५	२.३४	**२६**
७	१,३१५	१४	१.०६	**१४**
८	९९४	२५	२.५२	**२९**
९	७४३	१३	१.७५	**१३**
जम्मा	**१८,६२०**	**३४९**	**१.८७**	**३६६**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

यस नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारहरूमध्ये ३४९ परिवारहरूमा परिवारका सदस्यहरूमध्येबाट कुनै न कुनै कारणले मृत्यु भएको पाइयो । नगरपालिकामा विगत १२ महिनामा कुल ३६६ जनाको मृत्यु भएको देखिन्छ । वडागत विस्तृत तथ्याङ्क तालिकामा प्रस्तुत गरिएको छ ।

२.१७ उमेर र लिङ्गअनुसार मृत्यु सङ्ख्याको विवरण

तालिका नं. ३४: उमेर र लिङ्गअनुसार मृत्यु सङ्ख्याको विवरण

मृतकको उमेर समूह	मृतक पुरुष		मृतक महिला		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
००- ४ वर्ष	१२	७०.६	५	२९.४	**१७**
५-९ वर्ष			१	१००.०	**१**
१०-१४ वर्ष			३	१००.०	**३**
१५-१९ वर्ष	६	५४.५	५	४५.५	**११**
२०-२४ वर्ष	५	६२.५	३	३७.५	**८**
२५-२९ वर्ष	६	४६.२	७	५३.८	**१३**
३०-३४ वर्ष	७	७०.०	३	३०.०	**१०**
३५-३९ वर्ष	१४	६६.७	७	३३.३	**२१**
४०-४४ वर्ष	६	७५.०	२	२५.०	**८**
४५-४९ वर्ष	१५	७५.०	५	२५.०	**२०**
५०-५४ वर्ष	१३	५९.१	९	४०.९	**२२**
५५-५९ वर्ष	१८	६२.१	११	३७.९	**२९**
६०-६४ वर्ष	२३	६३.९	१३	३६.१	**३६**
६५-६९ वर्ष	१६	४८.५	१७	५१.५	**३३**
७०-७४ वर्ष	२५	६५.८	१३	३४.२	**३८**
७५+ वर्ष	४१	४२.७	५५	५७.३	**९६**
जम्मा	**२०७**	**५६.६**	**१५९**	**४३.४**	**३६६**


स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा विगत १२ महिनामा मृत्यु हुनेहरूको सङ्ख्यालाई हेर्दा सबैभन्दा बढी मृत्यु सङ्ख्या ७० वर्षभन्दामाथिको उमेर समूहको देखिन्छ भने दोस्रोमा ७० देखि ७४ वर्षका पुरुषहरू देखिन्छन् । सबैभन्दा कम मृत्यु हुने उमेर समूह भने १० देखि १९ वर्षको पुरुष देखिन्छ । चौधौ आवधिक योजनाका अनुसार नेपालमा जन्मदाको बखत आम नेपालीको औषत आयु ६९ वर्ष उल्लेख गरिएको छ । सामान्यतया उमेर पुगेर हुने मृत्युलाई स्वाभाविक मान्न सकिन्छ तसर्थ यस नगरपालिकामा बढी मृत्यु हुने उमेर समूह हेर्दा ६० वर्षमाथिको नै देखिन्छ । यद्यपि पछिल्लो समय औषधी विज्ञान र चिकित्सा पद्धतिमा भएको उच्च विकास र आधुनिक औषधोपचारमा वृद्धि भएको पहुँच र क्रमिक रूपमा स्वास्थ्य चेतनाको वृद्धिका कारण नेपालको औषत आयुसमेत विगतका वर्षभन्दा बढ्दै गई रहेको छ ।

खण्ड ३ : भू-उपयोग

३.१ नगरपालिकाको वर्तमान भू-उपयोगसम्बन्धी विवरण

३.१.१ भौगोलिक अवस्थिति



नक्सा स्रोत: भूमि सूचना र अभिलेख विभाग

भू-उपयोग योजना स्थानीय सरकारको लागि महत्वपूर्ण हुन्छ । नगरपालिकाहरूको योजना निर्माण चाहे औद्योगिक, व्यापारिक वा आवासीय होस यसमा कतै न कतै भू-उपयोग योजनाको आवश्यकता पर्दछ । भू-उपयोग योजना सोंचेको भन्दा कैयन गुणाले स्थानीय सरकारको निति निर्माणमा असर पर्दछ । उदाहरणको लागि स्थानीय सरकारले कुनै पनि निर्माण संस्थालाई आवासीय वा व्यापारिक प्रयोजनको लागि ठूला अपार्टमेन्टहरू निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षा कोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो निर्माण वा अस्पताल निर्माणजस्ता कार्यहरू सञ्चालन गर्न भू-उपयोग योजना छ भने सो निर्माण गर्दा बढी प्रभावकारी हुने निर्णय गरी निर्माण प्रकृयामा लैजान सकिन्छ । भू-उपयोग योजनाले स्थानीय सरकारलाई जमिनको प्रकृतिअनुसारको क्षेत्र छुट्याउन तथा विकास निर्माणका कार्यहरू विस्तार गर्न सहजता पुऱ्याउँछ । नेपालको संविधान २०७२ ले पनि स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका शहरी विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । विस्तृत रूपमा हेर्दा भू-उपयोग योजना बनाउने कार्य प्रदेश सरकार र संघीय सरकारको कार्यसुचि भित्र परेका छन् र थप स्थानीय भू-उपयोग योजना बनाउने कार्य स्थानीय सरकारको कार्य हो भनि शहरी विकास मन्त्रालयले प्रकाशन गरेको भू-उपयोग नीतिमा उल्लेख गरिएको छ ।

हालको अवस्थामा टीकापुर नगरपालिकाको भू-उपयोग योजना छैन । नगरपालिकाको जानकारीअनुसार विगतमा नगरको भू-उपयोग योजना निर्माण भएको तर द्वन्द्वको कारणले उक्त योजना नष्ट भई हालसम्म उक्त योजना प्राप्त हुन सकेको छैन । देशमा भएका अन्य नगरपालिकाहरूको भू-उपयोगको प्रयोग हेर्दा यस नगरपालिकाका कुनै बस्तीहरूमा व्यवस्थित वसोवास रहेको देखिन्छ । यस नगरपालिकाको भू-उपयोग योजना निर्माणका लागि विभिन्न तथ्याङ्कहरूको आवश्यकता रहन्छ, जुन पहिलेको डाटा हराएको कारणले पुनः जम्मा गर्न पर्ने देखिन्छ ।

३.१.२ भू-क्षेत्रको वर्गीकरण

तालिका नं. ३५: भू-क्षेत्रको वर्गीकरण

विवरण	क्षेत्रफल (वर्ग कि.मि)	प्रतिशत
खेतीयोग्य जमिन	८७.३२	७३.७९
वन जङ्गल	९.६९	८.१९
झाडी	७.१९	६.०७
तलाउ, पोखरी	०.१६	०.१३
वागवानी बगैंचा	०.६२	०.५३
घाँसे जमिन	२.९१	२.४६
वगर	५.५४	४.६८
खोला ,नाला	४.४६	३.७७
बाँझो जमिन	०.४०	०.३४
अन्य	०.०६	०.०५
जम्मा	**११८.३३**	**१००.००**

स्रोतः भूमि सूचना र अभिलेख विभाग

माथिको तालिकाले टीकापुर नगरपालिकाको जमिनको वर्गिकरण जनाउँदछ । यो वर्गिकरण आधिकारिक रूपमा नभइ भूमिसुधार तथा व्यवस्था मन्त्रालय/GIS सूचनाबाट गरिएको नक्शाको विश्लेषण हो । यसलाई

शतप्रतिशत ठीक मान्न नसकिए तापनि यस बाट नगपालिकाको जमिनको प्रयोगको आँकलन गर्न सकिन्छ। देशमा रहेका अन्य नगरपालिकाका तुलनामा यस नगरपालिकामा केही भागहरूमा जमिन र सडकको रेखाङ्कन (ग्रीड) शैलीमा राखेको देखिन्छ तर जमिनको खण्डीकरण गर्दा सेवा, कार्यालय, व्यापारिक प्रयोजन, संस्थागत र औद्योगिक क्षेत्रहरू छुट्टाछुट्टै हुनेगरी व्यवस्थापन गरेको देखिदैन। आवासीय क्षेत्रमा पनि निर्माणको कुनै मापदण्डहरू कडाईका साथ प्रयोग गरेको पाइदैन । उदाहरणको लागि वल्लो घरमा आवासीय तर पल्लो घरमा काठको कारखाना अथवा फलामको काम हुने गरेकोले आवास क्षेत्र कुरूप र ध्वनी प्रदुषित बन्दछ। सङ्कलन गरेको विवरण अनुसार टीकापुर नगरपालिका क्षेत्रभित्र २ वटा पार्कहरू, २७ वटा चौतारा, पाटीजस्ता खुल्ला क्षेत्रहरू र १२ वटा खेलमैदानहरू रहेका छन्। यस नगरपालिकाभित्र ९.६९ वर्ग कि.मि.(८.१९%) भू-भाग जङ्गलले ढाकेको छ र कृषि क्षेत्र ८७.३२ वर्ग कि.मि (७३.७५ %) मा रहेको छ।

टीकापुर नगरपालिकामा बस्ती विकासको लागि भनेर योजनाहरू निर्माण गर्नु पर्ने देखिन्छ । नेपाल सरकार शहरी विकास मन्त्रालयका विभिन्न समयका निति नियम, भवन निर्माणका नियम तथा उपनियमहरू लगायतको प्रयोग तथा अनुशरण गरिएको पाइन्छ। तर बस्तीहरूलाई कसरी एकरूपता बनाउने र समय सापेक्ष बस्ती विकासको कार्य गरिरहेको पाइदैन। शहरी विकास मन्त्रालयको विभिन्न निर्देशनहरूले कुनै एउटा मात्र क्षेत्र नभई बृहत क्षेत्र समेट्न खोजिएको तर नियमन र अनुगमन नहुँदा प्रयोगमा झण्झटिलो र प्रयोगमा समस्या देखिएको छ किनकी यो निर्देशिकाहरू कुनै स्थान वा परिवेश विशेष हुने गरी बनाइएको छैन। त्यसैले नगरपालिकाको भू-उपयोग योजनामा यसले उपयुक्त र सुहाउँदो सहयोग दिन सकिरहेको छैन र नगरपालिकाहरूलाई पनि प्रयोगमा अड्चन भई रहेको छ र नगरको योजनाका लागि यी योजनाहरूपूर्ण पनि छैनन्।

हरेक योजना निर्माणमा र उपयोगमा जनताको प्रत्यक्ष सहभागिता र सहयोगको आवश्यकता महत्वपूर्ण रहन्छ। हाम्रो चली आएको योजना निर्माण प्रकृया तथा विकासका कार्यक्रमहरू विज्ञद्वारा नै तोकिने गरेको छ । जनसहभागिताको नाउँमा मात्र देखिने तर जनस्तरको आवाज योजना निर्माणमा फिक्का हुने कारणले नै योजना जनअपेक्षा अनुरूप नबन्ने र जनसमुदायले ग्रहण नगर्ने समस्या रहिरहेको छ। जबसम्म नागरिकले आफ्नो योजना आफैं बनाएर उपयोग गर्ने समेत वातावरण बन्दैन, योजना बन्छ मात्र सही कार्यान्वयन हुँदैन । त्यसैले टीकापुर नगरपालिकाको आगामी योजनाहरूको निर्माणका लागि बढीभन्दा बढी जनसहभागिता वृद्धि गर्नपर्ने देखिन्छ।

संघीयताको कार्यान्वयन पश्चात् धेरै नीति नियम, कानुन निर्माण गर्ने अधिकार स्थानीय सरकारमा रहेको छ। अब स्थानीय सरकारले स्थानीयस्तरमा ध्यान दिन जरुरी छ। अबका योजना निर्माणमा बढीभन्दा बढी जनसहभागिता बढाउने, समस्या पहिचानमा जनसहभागिता र परियोजना सञ्चालनमा अपनत्व बढाउन स्थानीय सरकारले विषेश ध्यान दिनुपर्छ। विकास निर्माणका कार्यहरूमा सहजीकरण गर्न भनि राज्यले पूर्वाधार विकास तथा विश्वका शहरहरू जो सफल र सुन्दर देखिएका छन् उनिहरूले आफ्ना निति नियमहरू कडाईका साथ प्रयोग गरेर नै यो प्राप्ती गरेका छन्। जुन नगरपालिकाहरू सक्षम देखिए तिनीहरूले आफ्ना नागरिकहरूकै बलमा प्राप्त गरेका हुन । नगर सरकारहरूले आफ्नो दीर्घकालीन योजनाहरू बनाउन नसक्ने हो भने नगरको सेवा प्रवाहमा भारी गिरावट आउन सक्छ।

टीकापुर नगरपालिकाको विगतमा नगर गुरुयोजना निर्माण भएको तर उक्त योजना नष्ट भएको भन्ने जानकारी प्राप्त भएको छ। तर उक्त पुरानो योजना प्राप्त हुन सकेमा सोही योजनालाई आधार मानि नयाँ योजना निर्माण प्रकृया अगाडि बढाउन सकिन्छ । पुराना योजना निर्माण गर्दा लिईएको GIS को भौगोलिक निर्देशाङ्कको (coordinates) आधारमा उक्त योजनालाई सुधार गर्न सकिन्छ। नगरपालिकाले नापी विभागको सहयोग भरपुर लिएर आफ्नो भू-उपयोग योजना निर्माण गर्न सक्दछ। साथै राष्ट्रिय भू-उपयोग आयोजना कार्यालयबाट पनि यस नगरपालिकाको हालको भू-उपयोग नक्सा तयार हुँदै गरेको हुँदा उक्त अभिलेखको आधारमा पनि नगरको

भू-उपयोग योजना निर्माण कार्यलाई मुर्त रूप दिन सकिनेछ । भू-उपयोग योजना योजनामा मात्र नभई व्यवहारिक बनाई कार्यान्वयनमा लैजान जरुरी देखिन्छ ।

३.२ घर बनेको जमिनको लालपुर्जाको आधारमा घरपरिवारहरूको विवरण


नगरपालिकामा रहेका कुल १८,६२० परिवारहरूमध्ये आफ्नै स्वामित्वमा लालपुर्जा भएको जमिनमा घर बनाउने परिवारको सङ्ख्या १२,५४४ अर्थात् ६७.३७ प्रतिशत, लालपुर्जा नभएको जमिनमा घर बनाउने परिवारको सङ्ख्या ४,४३० अर्थात् २३.७९ प्रतिशत रहेका छन् भने बाँकी थाहा नभएको र लागु नहुने अर्थात् आफ्नो घर नहुने परिवारहरू रहेका छन् । यसरी लालपुर्जा विहिन परिवारहरू सुकुम्बासी भएकोले राज्यले यस्ता परिवारहरूको सुनिश्चित आवासको व्यवस्था गरिदिनु पर्दछ । नगरपालिकाले त्यस्ता परिवारका लागि जग्गा वितरण नगरी कम मूल्यमा आवास निर्माण गरी त्यस्ता परिवारलाई निश्चित समय तोकी बसोबासको व्यवस्था मिलाउनु राम्रो हुन्छ । तसर्थ यस्ता भूमिहिन वर्गको समुचित व्यवस्थापन गर्नुपर्ने दायित्व नगरपालिकामा रहेको छ । नगरपालिकाले भवन निर्माण मापदण्ड तयारी तथा भवर्न निर्माणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी देखिन्छ । थप वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३६: घर बनेको जमिनको लालपुर्जासम्बन्धी विवरण

वडा नं.	लालपुर्जा भएको	लालपुर्जा नभएको	थाहा नभएको*	लागु नहुने	जम्मा
१	५,९८४	२,४६८	६०७	७६४	**९,८२३**
२	१,४५९	१३३	५५	४	**१,६५१**
३	७८५	१८९	७	२	**९८३**
४	८१३	१४८	२२	१२	**९९५**
५	७२१	२९१	२४	१३	**१,०४९**
६	७६९	२५८	२०	२०	**१,०६७**
७	१,००१	२७०	१२	३२	**१,३१५**
८	५०४	४६०	११	१९	**९९४**
९	५०८	२१३	२०	२	**७४३**
जम्मा	**१२,५४४**	**४,४३०**	**७७८**	**८६८**	**१८,६२०**
प्रतिशत	**६७.३७**	**२३.७९**	**४.१८**	**४.६६**	**१००.००**

*** थाह नभएको भन्नाले उदरदात्तालाई थाह नभएको जनाउदछ भने लागु नहुने भन्नाले भाडामा बसेका र अर्काको जमिनमा बसेकाको भन्ने बुझ्नु पर्दछ ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५




३.३ घर निर्माण सम्पन्न प्रमाणपत्र लिए/नलिएको आधारमा परिवारको विवरण

नगरपालिकामा लालपुर्जा भएको आफ्नै जमिनमा घर निर्माण गरेका १७,७५२ घरपरिवारहरूमध्ये ५,४१६ घरपरिवार पक्की छन् । जसमा ३,४५० अर्थात् ६३.७० प्रतिशत परिवारहरूसँग मात्र घर निर्माण सम्पन्न प्रमाणपत्र रहेको छ । बाँकी १,९६६ घरपरिवार अर्थात् ३६.३० प्रतिशत परिवारहरूसँग घर निर्माण सम्पन्न प्रमाणपत्र छैन । घर निर्माण सम्पन्न प्रमाणपत्र नलिएका पक्की घरपरिवारलाई निश्चित मापदण्ड अवलम्वन गरी निर्माण सम्पन्न प्रमाणपत्र वा अभिलेखीकरण गर्नु पर्ने देखिन्छ । जसले गर्दा नगरपालिकाको आन्तरिक आयमा वृद्धि हुने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३७: घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण

वडा नं.	घर निर्माण सम्पन्न प्रमाणपत्र लिएका	घर निर्माण सम्पन्न प्रमाणपत्र नलिएका	थाहा नभएको	जम्मा
१	३,००९	५,३९७	६५३	**९,०५९**
२	१८२	१,२९९	१६६	**१,६४७**
३	७१	८८३	२७	**९८१**
४	६३	८८५	३५	**९८३**
५	३८	९८५	१३	**१,०३६**
६	४४	९६८	३५	**१,०४७**
७	१५	१,२६३	५	**१,२८३**
८	१७	९४९	९	**९७५**
९	११	७२६	४	**७४१**
जम्मा	**३,४५०**	**१३,३५५**	**९४७**	**१७,७५२**
प्रतिशत	**१९.४३**	**७५.२३**	**५.३३**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५




३.४ कोठा वा फ्ल्याट भाडामा दिएका परिवारहरूको वडागत विवरण

तालिका नं. ३८: कोठा वा फ्ल्याट भाडामा दिएका परिवारहरूको वडागत विवरण

वडा नं.	कोठा वा फ्ल्याट भाडामा दिएको		कोठा वा फ्ल्याट भाडामा नदिएको		जम्मा सङ्ख्या
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	३८०	४.२	८,६७९	९५.८	**९,०५९**
२	११	०.७	१,६३६	९९.३	**१,६४७**
३	३	०.३	९७८	९९.७	**९८१**
४	९	०.९	९७४	९९.१	**९८३**
५	११	१.१	१,०२५	९८.९	**१,०३६**
६	१	०.१	१,०४६	९९.९	**१,०४७**
७	२३	१.८	१,२६०	९८.२	**१,२८३**
८	१	०.१	९७४	९९.९	**९७५**
९	०	०	७४१	१००.०	**७४१**
जम्मा	**४३९**	**२.५**	**१७,३१३**	**९७.५**	**१७,७५२**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका १८,६२० घरपरिवारहरूमध्ये ९७.५ प्रतिशत परिवारहरूले कोठा भाडामा लगाएका छैनन् । जम्मा ४३९ अर्थात् २.५ प्रतिशत घरपरिवारहरूले मात्र कोठा भाडामा लगाएको पाइन्छ । पूर्ण रूपमा ग्रामीण परिवेशमा रहेको यो नगरपालिकामा भाडामा बस्नेको सङ्ख्या निकै कम रहेको छ । यो अत्यन्त नगण्य सङ्ख्या हो । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



खण्ड ४ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

४.१ नगरपालिकाको वित्तीय स्थिति

नगरपालिकाको अर्थतन्त्र मुख्यतया कृषि, वन, मत्स्यपालन, उद्योग, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । टीकापुर नेपालकै आधुनिक योजना सहितको नगर हो । टीकापुर नगरपालिका कैलाली जिल्लाको पूर्वी क्षेत्रको आर्थिक तथा सामाजिक अन्तरसम्बन्धको केन्द्र मान्न सकिन्छ । नेपाल भारत जोड्ने मोहना नदी, पूर्वी क्षेत्रमा बग्ने कर्णाली नदी, पर्यटकीय स्थल, उर्वर भुमी, व्यवस्थित शहर जस्ता प्रसस्त आधारशीला बोकेको टीकापुर नगरपालिका आफैमा विशिष्ट पहिचान बनाउन सक्ने सम्भावना रहेको नगरपालिका हो । उपयुक्त हावापानी, माटोको बनोट भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको मध्य पहाडी क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भई रहेका कारण नगरपालिकाको पूर्वाधार विकासमा थप सहज भएको छ । नगरपालिका विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू नगरपालिकाको विकासका लागि रहेका छन् । कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक कृयाकलापहरू चलायमान बनाउने माध्यम हुन् ।

४.१.१ स्थानीय कर तथा गैर करहरूको विवरण

घरधुरी सर्भेक्षणबाट प्राप्त विवरण बमोजिम स्थानीय कर तथा गैरकरहरूका लागि सम्बन्धित विवरणहरू देहाय बमोजिमका तालिका ३९देखि तालिका ४० सम्म उल्लेख गरिएको छ । तल तालिकामा उल्लेख भए बमोजिम विवरणहरू नगरपालिकाले संविधान तथा प्रचलित कानून बमोजिम उठाउन सक्ने मुख्य करहरूसँग सम्बन्धित रहेका छन् । साथै प्रदेश तहका सरकारले उठाउन सक्ने सवारी साधन कर सम्बन्धी करदाता सङ्ख्याको विवरण समेत उल्लेख गरिएको छ ।

तालिका नं. ३९: स्थानीय तथा प्रदेश तहले सङ्कलन गर्ने करहरूसम्बन्धी करदाताहरूको विवरण

मुख्य कर	कुल करदाता सङ्ख्या	०७४/७५ को आषाढ मसान्तसम्ममा दर्ता हुन आएका र कर तिर्ने करदाता सङ्ख्या
एकीकृत सम्पत्ति कर		२७,०४२
घर	१५,६८९	६,६४०
जग्गा	६,६८५	
व्यवसाय कर	१,६७७	५५४
घर/जग्गा बहाल कर		
(क) परिवार	८५८	६९
(ख) व्यवसायी प्रयोजन	८७८	
(ग) जग्गा भाडा	२२०	
सवारी साधन कर		
मोटरसाईकल/स्कुटर	३,२३५	

मुख्य कर	कुल करदाता सङ्ख्या	०७४/७५ को आषाढ मसान्तसम्ममा दर्ता हुन आएका र कर तिर्ने करदाता सङ्ख्या
कार/जीप/भ्यान (निजी प्रयोगको लागि)	१२८	
अन्य सवारी/ढुवानी साधन (बस, ट्रक, टिपर आदि)	१४४	
ट्याक्टर	२८०	
टाँगा	०	
रिक्सा	०	
ई-रिक्सा	२१०	१०२
अटोरिक्सा	३५	

नोटः कृषि प्रयोजनका लागि जमिन भएका परिवारसङ्ख्याका आधारमा जग्गाकोराखिएको ।

स्रोतः राजश्व शाखा, टीकापुर नगर कार्यपालिकाको कार्यालय र घरधुरी तथ्याङ्क सङ्कलन २०७५

घरधुरी वा परिवार सङ्ख्याका आधारमा हेर्दा कुल १८,६२० मध्ये सम्पत्ति करदाताको रूपमा १५,६८९ रहेको अनुमान गर्न सकिन्छ । उक्त सङ्ख्या नीजि तथा अन्य घर भएको जग्गाको स्वामित्वको सङ्ख्याका आधारमा यकिन गरिएको हो र बाँकी गुठी (७२) र सार्वजनिक ठाउँ र सुकुम्बासी जग्गामा रहेका २,८५९ को सङ्ख्यालाई करदाताको रूपमा समावेश गरिएको छैन । तालिका ८४ बमोजिम ६,६८५ कृषि प्रयोजनका लागि जमिन भएका वा भोगचलन गर्ने परिवार सङ्ख्या रहेको छ । माथि उल्लेख गरिएका घर तथा जग्गाको भोगचलन गर्ने परिवार सङ्ख्याका आधारमा नगरपालिकाले प्रचिलत कानून बमोजिम सम्पत्ति कर उठाउन सक्दछ । यी घर तथा जग्गाको जिआइएस मार्फत् लगतको अभिलेखन तथा व्यवस्थापन गरी सम्पत्ति कर तिर्ने करदाताको पहिचान सहित कर सङ्कलन गर्न सक्दछ ।[1]

साथै नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न किसिमका उद्योगी व्यवसायीहरूको सङ्ख्या १,६७७ रहेको छ । यी व्यवसायीहरूबाट नगरपालिकाले व्यवसाय कर सङ्कलन गर्न सक्दछ । संविधानले नगरपालिकालाई घर तथा जग्गा बहाल कर सङ्कलन गर्ने अधिकार दिएको छ । यस सन्दर्भमा सर्भेक्षणबाट प्राप्त विवरण अनुसार नगरपालिका क्षेत्रभित्र ८५८ परिवार घरभाडामा वस्ने गरेको, व्यवसाय प्रयोजनका लागि ८७८ व्यापारीहरू भाडामा बसेको र भाडामा जग्गा लगाएको सङ्ख्या २२० रहेकोले घरजग्गा बहालबाट नगरपालिकाले यथेष्ट रकम सङ्कलन गर्न सक्दछ । घरधुरी बमोजिम उल्लेखित परिवार सङ्ख्याका आधारमा सवारी साधन (मोटरसाईकल/स्कुटर, कार/जीप/भ्यान, बस, ट्रक, टिपर र ट्याक्टर) रहेकोले न्यूनत्तम रूपमा सोही बमोजिम सवारी साधनको सङ्ख्या उल्लेख गरिएको छ । प्रचलित कानून बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट स्थानीय तहलाई समेत बाँडफाँट गर्ने व्यवस्था भए बमोजिम टीकापुर नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका कुल ३,७,८७ सवारी साधनहरू (मोटरसाइकल, कार, जिप, बस, ट्रक लगायत अन्य सवारीसाधन) को दर्ता तथा नविकरणबाट के कति रकम बाँडफाँट मार्फत् प्राप्त हुन सक्दछ

---

१ खण्ड २ अन्तर्गत तालिका नं. १९मा उल्लेख भए बमोजिम घरको किसिम (पक्की, अर्धपक्की, कच्ची आदि), सोही खण्डको तालिका नं. २२ मा उल्लेख भए बमोजिम घर बनेको अवधि लगायत खण्ड ६ अन्तर्गत तालिका नं. ९७ बमोजिम सडक सञ्जालले छुने क्षेत्र (कालो पत्रे, ग्राभेल, कच्ची आदि) लाई समेत आधार मानी घर तथा जग्गाको मूल्याङ्कन गरिने र सो मूल्याङ्कनका आधारमा एकीकृत सम्पत्ति कर तथा मालपोत/भूमिकरको दर तोकी कर सङ्कलन गर्न सकिने ।

भन्ने विषयमा यकिन गर्न सकिन्छ। सबै करहरूको वडागत रूपमा विस्तृत विवरण तल ४.१.२ अन्तर्गतको तालिकामा उल्लेख गरिएको छ। यसका अलावा नगर क्षेत्रभित्र रहेका ई रिक्सा तथा अटो रिक्सा सञ्चालनमा रहेको भए सो लाई समेत नगरपालिकाले करको दायरामा ल्याइ करको दर र सङ्ख्याका आधारमा रकमको अनुमान गर्न सक्दछ। तर हाल नगर क्षेत्रमा यस सम्बन्धी सवारी साधन सञ्चालनमा रहेको पाइएन।

नगरपालिकाबाट प्राप्त विवरण अनुसार आ.व. ०७४/७५ मा एकीकृत सम्पत्ति कर तिर्ने करदाता सङ्ख्या ६,६४० देखिन्छ। यस हिसाबले घरधुरी सर्भेक्षणबाट प्राप्त विवरण अनुसार कुल करदाता सङ्ख्या मध्ये कर तिर्ने करदाता केवल ४२ प्रतिशत मात्र रहेका छन् भने व्यवसाय कर तिर्ने करदाता केवल ३३ प्रतिशत देखिन्छ। घरजग्गा बहाल कर तिर्ने सङ्ख्या ४ प्रतिशत रहेको छ। विज्ञापन कर तथा मनोरञ्जन कर सङ्ख्या यकिन नभएतापनि नगरपालिकाले संविधान बमोजिम उठाउन सक्नेछ। मुख्य करका रूपमा रहेका सम्पत्ति कर, व्यवसाय कर तथा घरजग्गा बहाल कर सम्बन्धी ठूलो सङ्ख्यामा रहेका करदाताहरू अझै करको दायरामा आउन बाँकी रहेका छन्।

४.१.२ वडागत रूपमा करदाताहरूको विवरण

माथि उल्लेख भए बमोजिम मुख्य कर सम्बन्धी करदाताहरूको विवरणलाई वडागत रूपमा देहाय बमोजिम उल्लेख गरिएको छ।

तालिका नं. ४०: वडागत रूपमा करदाताहरूको विवरण

वडा नं	सम्पत्ति कर*	व्यवसाय कर	घर जग्गा बहाल कर				सवारी साधन कर			
			परिवार	व्यवसायी[1]	भाडाको जग्गा	जम्मा	मोटर साइकल, स्कुटी	कार/जीप/भ्यान (निजी प्रयोगको लागि)	अन्य सवारी साधन (बस, ट्रक, टिपर, आदि)	ट्याक्टर
१	७,२२६	१,१४९	७३२	६७६	१५७	१,५६५	१,९१५	६७	६०	९३
२	१,६२७	८३	१८	४७	२	६७	२२०	९	९	१५
३	९६२	५६	३	१३	६	२२	१८९	५	६	१८
४	९५०	७७	१३	२४	४	४१	१७६	१०	१४	२३
५	१,००४	४६	२०	८	६	३४	१३४	२	२	१७
६	९८१	३०	३३	१३	५	५१	१६३	१८	३१	३४
७	१,२८३	१५५	२२	६७	१७	१०६	१७८	११	९	१८
८	९५०	२९	३	८	९	२०	११९	४	९	४१
९	७०६	५२	१४	२२	१४	५०	१४१	२	४	२१
जम्मा	**१५,६८९**	**१,६७७**	**८५८**	**८७८**	**२२०**	**१,९५६**	**३,२३५**	**१२८**	**१४४**	**२८०**

***नोट: नीजि घरसङ्ख्या मात्र (सार्वजनिक तथा गुठी बाहेक)**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

४.१.३ व्यापार तथा व्यवसायसम्बन्धी विवरण

नगरपालिकामा सञ्चालनमा रहेका व्यवसायिक फर्म तथा कम्पनीहरूमध्ये बस्तुको विक्री गर्ने १२७१ अर्थात् ७५.७४ प्रतिशत, सेवाको विक्री गर्ने २५९ अर्थात् १५.४४ प्रतिशत, बस्तुको उत्पादन गर्ने ५५ अर्थात् ३.२ प्रतिशत र अन्यमा ८९ अर्थात् ५.३० प्रतिशत रहेका छन्। साथै तल तालिकामा उल्लेख भए बमोजिम पुँजीगत लगानीको आधारमा हेर्दा अत्यधिक मात्रामा रू. १ लाख १ देखि ५ लाखसम्म लगानी गर्ने व्यवसायिकहरूको सङ्ख्या तुलनात्मक रूपमा बढी देखिन्छ। नगरपालिकाले पुँजीगत लगानीका आधारमा समेत व्यवसाय कर सङ्कलन गर्न सक्दछ। यस सम्बन्धी विस्तृत विवरण तल ४.४ मा उल्लेख गरिएको छ।

तालिका नं. ४१: पुँजी लगानीको आधारमा व्यवसायिक फर्म तथा कम्पनीको विवरण

वडा नं.	रू. ५०००० भन्दा कम	रू. ५००००१ - रू.१०००००	रू. १०००००१- रू. ५०००००	रू. ५०००००१ - रू.१००००००	रू. ५०००००० भन्दा छाँरे	उल्लेख नगरिएको	जम्मा	औषत लगानी रकम
१	३०३	२४६	५९१	४	३	२	१,१४९	**५९८,३४३**
२	३०	१०	४३			०	८३	**२६२,८५५**
३	३८	७	११			०	५६	**१८१,९४६**
४	४०	११	२५	१		०	७७	**२६३,७६६**
५	२६	९	१०	१		०	४६	**३६५,८७०**
६	११	५	१४			०	३०	**२०९,८३३**
७	८२	३६	३४	२		१	१५५	**२४९,७२९**
८	१४	७	८			०	२९	**१५०,३४५**
९	२५	६	२१			०	५२	**१६६,६३५**
जम्मा	**५६९**	**३३७**	**७५७**	**८**	**३**		**१,६७७**	**४८५,७९६**
प्रतिशत	**३३.९३**	**२०.१०**	**४५.१४**	**०.४८**	**०.१८**		**१००.००**	

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन २०७५

४.१.४ घर तथा जग्गा बहाल सम्बन्धी

माथि उल्लेख भए बमोजिम भाडामा बस्ने कुल ४,५६९ को सङ्ख्यामा रहेका परिवार तथा व्यवसायी (जग्गा भाडा समेत) हरूले मासिक रूपमा तिर्ने भाडाको रकमको विवरण तल तालिकामा उल्लेख भए बमोजिम रहेको छ। यस रकमलाई समेत आधार मानी प्रचलित बजार मूल्यका आधारमा नगरपालिकाले मासिक रूपमा लाग्न सक्ने औसत भाडाको रकम तय गरी कानून बमोजिम घर तथा जग्गा बहालबाट नगरपालिकाले कर सङ्कलन गर्न सक्दछ।

तालिका नं. ४२: भाडाको घरमा बस्ने परिवार तथा व्यवसायीहरूले मासिक रूपमा तिर्ने भाडाको रकम

वडा नं.	रू. २,००० भन्दा कम तिर्ने		रू. २,००१-३,००० तिर्ने		रू. ३,००१-५,००० सम्म तिर्ने		रू. ५,००१-१०,००० सम्म तिर्ने		रू. १०,०००-५०,००० सम्म तिर्ने		रू. ५०,००० माथि तिर्ने		थाहा नभएको/उल्लेख नगरिएको		जम्मा भाडामा बस्ने		औषत भाडा रकम रू.	
	परिवार	व्यापारिक र जग्गा	परिवार	व्यापारिक र जग्गा	परिवार	व्यापारिक र जग्गा	परिवार	व्यापारिक र जग्गा	परिवार	व्यापारिक र जग्गा	परिवार	व्यापारिक र जग्गा	परिवार	व्यापारिक र जग्गा	परिवार	व्यापारिक र जग्गा	परिवार	व्यापारिक र जग्गा
१	५५८	२७३	९२	१३२	३९	१८९	३४	१८१	८	५४		२	१	२	७३२	८३३	२,२०३	५,०७२
२	१४	४४	४	५											१८	४९	१,५७८	१,२७६
३	२	१४		१		१							१	३	३	१९	१,६३३	१,२०५
४	११	२४		४			१				१				१३	२८	७,९००	१,३९६
५	१५	६	१	२	२	२				१			२	३	२०	१४	१,४१०	२,७१४
६	२५	१४	२	४	५		१								३३	१८	१,९५८	२,०९४
७	१८	७१	१	५	२	२		१					१	५	२२	८४	१,५४५	१,४७४
८	२	१३	१	१		१		१		१					३	१७	२,०००	२,८२४
९	५	२३	४	५	१		१		१				२	८	१४	३६	३,२५७	१,३२५
जम्मा	**६५०**	**४८२**	**१०५**	**१५९**	**४९**	**१९५**	**३७**	**१८३**	**९**	**५६**	**१**	**२**	**७**	**२१**	**८५८**	**१,०९८**	**२,२४६**	**४,२३०**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

४.१.५ जडिबुटी सङ्कलन केन्द्र

स्थानीय सरकार सञ्चालन ऐन २०७४ नगरपालिकाको काम, कर्तव्य, अधिकार' अन्तर्गत (घ) स्थानीय कर सेवा शुल्क तथा दस्तुर (४) जडीबुटी, कवाडी र जीवजन्तु (हाड छाला) कर निर्धारण तथा सङ्कलन गर्ने कार्यमा नगरपालिकाले आफ्नै नीति अख्तियार गर्न सक्छ। सो प्रयोजनका लागि नगरपालिका क्षेत्रभित्र देहाय बमोजिम जडिबुटी, कवाडी र जीवजन्तु सङ्कलन केन्द्र रहेको छ।

तालिका नं. ४३: जडिबुटी सङ्कलन केन्द्र

क्र.सं.	व्यापार तथा व्यवसाय सञ्चालक तथा कम्पनीको नाम	वडा नं	स्थान (टोल तथा बाटोको नाम)	स्वामित्व (एकल, साझेदारी र सहकारी)	व्यापारको किसिम (जडिबुटी, कवाडी, जीवजन्तु)	उत्पादन (के.जी)	वार्षिक कारोवार (रू. हजारमा)
१	जडीबुटी प्रशोधन कम्पनी लि.	१	शंकरपुर जाने बाटो, औद्योगिक क्षेत्र	संस्थान	जडीबुटी	३३,०००	११५०००

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, २०७५

४.१.६ प्राकृतिक एवं खानीजन्य बस्तु, कृषि उपज बस्तु, जडिबुटी, कवाडीको विक्री तथा निकाशी

नगरपालिकाबाट प्राप्त विवरण बमोजिम हाल प्राकृतिक स्रोत विक्री तथा निकासी परिमाण विषयमा प्राप्त हुन सकेन। तर नगरपालिकाले आफ्नो क्षेत्र लगायतका नदी नालाहरूमा निस्कन सक्ने ढुङ्गा गिट्टी बालुवा हरू निकासी गर्दा वातावरणीय प्रतिकुल असर पर्छ पर्दैन ? वातावरणीय प्रतिकुल नहुने गरी के कति परिणामको विक्री तथा निकासी गर्न सकिन्छ सो सो वातावरणीय प्रभाव मूल्यांकन अध्ययन गरी खानीजन्य बस्तुहरूको परिचालन गरी राजस्व अभिवृद्धि गर्न गर्न सक्दछ। यस सम्बन्धमा प्रदेश सरकारले दर तोक्ने र स्थानीय तहले शुल्क सङ्कलन गरी बाँडफाँट गर्ने कानूनी प्रावधान रहेको छ।

४.१.७ सडक पूर्वाधारको विवरण

नगरपालिकाको समग्र विकासको आधारको रूपमा रहने भौतिक पूर्वाधारको विकास अपरिहार्य छ। सडक, पिउने पानी, स्वास्थ्य, शिक्षा, सञ्चार, मानव संसाधन विकास, उर्जा जस्ता पूर्वाधारहरूको विकास पश्चात् मानवीय विकासका सम्पूर्ण ढोकाहरू खुल्ने हुँदा त्यसतर्फ पुँजीगत लगानी बृद्धि गर्नु आवश्यक छ। यस नगरपालिकामा हेर्दा सबैभन्दा बढी सडकमा लगानी भएको देखिन्छ। नगरपालिकाले स्थानीय पूर्वाधार क्षेत्रमा प्राथमिकताका आधारमा बढी भन्दा बढी लगानी गर्न सके रोजगारीको सृजना हुने, आर्थिक वृद्धिमा सहयोग पुग्ने र सेवा प्रवाहका साथै राजस्व अभिवृद्धि पनि हुने सम्भावना रहन्छ। लगानीका हिसाबले हाल नगरपालिका क्षेत्रमा रहेका मुख्य स्थानीय पूर्वाधारको अवस्था देहाय बमोजिम रहेको छ।

तालिका नं. ४४: सडक पूर्वाधार विवरण

क्र.स	आयोजनाको नाम	योजना स्थल	हालसम्म निर्माण भएको (कि.मी)			दैनिक गुड्ने चार पाङ्ग्रे सवारी साधन	सम्पूर्ण कालोपत्रे कार्य सम्पन्न हुन लाग्ने समय	कैफियत
			कालोपत्र सडक	ग्राभेल सडक	जम्मा सडक			
१	१५० फिटे सडक पथ (बसपार्क जाने सडक (ब्लक नं. २२, २३० र ११) टोप बहादुर स्वाँरको घरदेखि बसपार्क हुँदै खक्रौलासम्म	वडा नं. १	१.५०	०.८०	२.३०	४०.००	दुई वर्ष	
२	लौटन चौधरीको घरदेखि पश्चिम सरस्वती माविस बनगाउँ सम्म	वडा नं. १	१.१०	१.५०	२.६०	४०.००	तीन वर्ष	
३	भुपु सैनिक कल्भर्ट देखि शिवमन्दिर जाने आन्तरिक रिगं रोड कालोपत्रे निर्माण आयोजना	वडा नं. १	०.०२	०.८०	०.८२	१०.००	दुई वर्ष	
४	खक्रौला सडक खुशीराम चौधरीको घर पश्चिम हुँदै ज्योतिनगर विद्यालय विद्यालय हुँदै बिजुललिया नालासम्म र ब्लक नं. १६ देवु राइस मिल हुँदै सितापुर स्कूलको पश्चिम तिर लाल बहादुरसाउदको घर हुँदै रंग अधिकारीको घर हुँदै पश्चिम भुवन सिंह टमट्टाको घरसम्म	वडा नं. १	०.८०	४.२०	५.००	४०.००	पाँच वर्ष	
५	खक्रौला रोडदेखि दक्षिण जगत बोहराको घर हुँदै वनगाउँ दक्षिण पुरुवा हुँदै बाघमारासम्म	वडा नं. १	०.२६	४.७४	५.००	२०.००	६ वर्ष	
६	आँखा अस्पतालदेखि बिजयनगर जाने बाटो सडक	वडा नं. २	०.४८	३.५२	४.००	२०.००	चार वर्ष	
७	राजीपुर चौधरी टोलदेखि रानीकुला पुलसम्मको सडक	वडा नं. २	१.००	४.००	५.००	५०.००	चार वर्ष	
८	अस्नेरीदेखि कोठापुर चौराहसम्म	वडा नं. २	०.२०	३.८०	४.००	१५.००	पाँच वर्ष	
९	शंकपुर क्रमागत कालोपत्रे निरन्तरता	वडा नं. ३	३.००	३.००	६.००	४०.००	दुई वर्ष	

क्र.स	आयोजनाको नाम	योजना स्थल	हालसम्म निर्माण भएको (कि.मी)			दैनिक गुड्ने चार पाँग्रे सवारी साधन	सम्पूर्ण कालोपत्रे कार्य सम्पन्न हुन लाग्ने समय	कैफियत
			कालोपत्र सडक	ग्राभेल सडक	जम्मा सडक			
१०	पुछरी हरिकिर्तन चोकदेखि पुछरी हुँदै घिया जाने बाटो कालोपत्रे	वडा नं. ३	–	४.००	४.००	२०.००	पाँच वर्ष	
११	मौरनिया चोकदेखि शिवलाल चौधरीको घर हुँदै ओखरपुर जाने बाटो	वडा नं. ४	०.५०	४.५०	५.००	१५.००	पाँच वर्ष	
१२	अस्नेरी चौकदेखि बाघमारा उर्दहुवापुरुवा हुँदै जनप्रकाश आधारभुत विद्यालयसम्म	वडा नं. ४	०.२५	४.७५	५.००	२०.००	चार वर्ष	
१३	टीकापुर बसपार्कदेखि पार्क चौकदेखि दौलपुर घाटसम्मको	वडा नं. ५	३.२०	३.८०	७.००	५०.००	चार वर्ष	
१४	उर्दिपुरदेखि पहाडीपुर सम्मको बाटो कालोपत्रे	वडा नं. ५	–	५.००	५.००	२०.००	चार वर्ष	
१५	नारायणपुरदेखि वडा कार्यालय सम्म	वडा नं. ६	०.४५	२.५५	३.००	२५.००	चार वर्ष	
१६	लाछिनापुरदेखि वडा नं. ४ सम्मको कालोपत्रे	वडा नं. ६	–	६.००	६.००	२५.००	चार वर्ष	
१७	सत्ति बसपार्क चौकदेखि पदमपुर हुँदै डाँडाबोझी दिव्यपुरसम्मको बाटो सिमांकन	वडा नं. ७	०.२०	२.३०	२.५०	२५.००	तीन वर्ष	
१८	बेलुवा चौराहा चोकदेखि बेलुवा दिव्यपुर हुँदै प्रतिपुर हुलाकी मार्गसम्म कालोपत्रे	वडा नं. ७	–	३.००	३.००	२५.००	चार वर्ष	
१९	सूर्यपुरदेखि वडा कार्यालयसम्म जाने बाटो	वडा नं. ८	०.३०	३.२०	३.५०	२५.००	चार वर्ष	
२०	झुंगा चोकदेखि खोपकेन्द्र हुँदै सेती मैया मा.वि. सम्म	वडा नं. ९	०.२६	२.७४	३.००	२५.००	तीन वर्ष	
२१	टाँडा चोकदेखि बटनपुरसम्म	वडा नं. ९	०.०१	०.२०	२.००	१५.००	दुई वर्ष	
	कुल जम्मा		**१३.५३**	**६८.४०**	**८३.७२**	**५६५.००**		

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, २०७५

४.१.८ सार्वजनिक पोखरी तथा माछापालन

तालिका नं. ४५: सार्वजनिक पोखरी तथा माछापालन विवरण

क्र. सं.	पोखरी रहेको स्थान	वडा नं.	पोखरीको क्षेत्रफल	वार्षिक उत्पादन (के.जी)	स्वामित्व	बार्षिक आम्दानी	नगरपालिकामा वार्षिक आम्दानी
१	टीकापुर ब. क्याम्पस	१	२ हेक्टर		टीकापुर ब. क्याम्पस		
२	वनगाउँ	१	१.५ कठ्ठा		झकबीर चौधरी		
३	वनगाउँ	१	४ कठ्ठा		रामकिसन चौधरी		
४	वनगाउँ	१	२ कठ्ठा		हर्कबहादुर घर्तीमगर		
५	वनगाउँ	१	१.५ कठ्ठा		मानबहादुर पुनमगर		
६	वनगाउँ	१	१.५ कठ्ठा		बिन्तिराम चौधरी		
७	सीतापुर	२	२ कठ्ठा		धनबहादुर शाही		
८	पुछरी	३	१५ कठ्ठाा		राधाकृष्ण चौधरी		
९	पुछरी	३	४ कठ्ठा		मूर्ति आचार्य		
१०	रामपुर	३	६ कठ्ठा		रूपलाल चौधरी		
११	बाघमारा	४			टेकराज विष्ट		
१२	मौरनियाँ	४	५ कठ्ठा		सोमबहादुर शाही		
१३	मौरनियाँ	४	३ कठ्ठा		अमृता जैशी		
१४	मनिकापुर	५	१० कठ्ठाा		छत्रबहादुर चौधरी		
१५	बेलुवा	७	१ हेक्टर		टेकबहादुर मल्ल		
१६	पदमपुर	७	१ हेक्टर		गौरव शाही		
१७	वैदी	७	६ कठ्ठा		टोपबहादुर के.सी.		
१८	बौनियाँ	९	२.५ कट्टा		स्थानीय समूह		

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, २०७५

४.१.९ नगरपालिकाको आय व्यय विवरण

नगरपालिकाबाट प्राप्त विवरण बमोजिम २०७५ सालको आषाढ मसान्तसम्मको यथार्थ आयलाई हेर्दा कुल आन्तरिक आयमा करको अंश ५१ प्रतिशत रहेको छ भने बाँकी गैर कर रहेको छ । तर नगरपालिकाले आ.व. ०७५/७६ का लागि गरेको प्रस्तावित अनुमानित रकममा भने कुल आन्तरिक आयमा करको अंश २० प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ भने बाँकी ८० प्रतिशत गैर करबाट सङ्कलन हुने गरी प्रस्ताव गरिएको छ । आ.व. ०७४/७५ को संसोधित तथा यथार्थ को तुलना गर्दा नगरपालिकाले अनुमान रकमको ९१ प्रतिशत आन्तरिक आय सङ्कलन गरेको छ । यस आर्थिक वर्षमा कुल आयमा आन्तरिक आय (राजस्व बाँडफाँट वाहेक) को अंश केवल ५ प्रतिशत रहेको छ भने नगरपालिका बाँकी ९६ प्रतिशत बाह्य स्रोतमा निर्भर रहेको छ ।

तालिका नं. ४६: नगरपालिकाको आय व्यय सम्बन्धी विवरण (रकम रू. हजारमा)

शीर्षक	आ.व. ०७४/७५		आ.व. ०७५/७६ को अनुमानित रकम
	अनुमानित	यथार्थ	
आम्दानीतर्फ			
(क) सुरुको मौज्दात	२२,१९६	२२,५०३	५०,३६०
कर	१६२७०	१६,२९७	१७,३००
गैर कर	१८,७३०	१५,६६९	६८,७००
(ख) कुल आन्तरिक आय (कर र गैर कर)	३५,०००	३१,९६६	८६,०००
राजस्व बाँडफाँट प्रदेश			१३४४६
राजस्व बाँडफाँट नेपाल सरकार	१०,०००	४२९	११४,४७८
(ग) कुल राजस्व बाँडफाँटबाट प्राप्त आय	१०,०००	४२९	१२७९२४
प्रदेश सरकार अनुदान –समानीकरण			८५११
सशर्त		३६०	
सम्पुरक			
विशेष			३६०
(घ) जम्मा प्रदेश सरकार अनुदान	०	३६०	८,८७१
नेपाल सरकार अनुदान –समानीकरण	३१३,८८३	३१३,८८३	१८७,४००
सशर्त	१५७,४२७	१५७,४२७	२०८,५००
सम्पुरक	११,७६०	७,७६८	
विशेष	११६,२८२	११६,२८२	१२०,०००
(ङ) जम्मा नेपाल सरकार अनुदान	५९९,३५२	५९५,३६०	५१५,९००
(च) वित्तीय व्यवस्था प्राप्ती			
(छ) जनसहभागिता	१३,५६७	११,५४७	
(ज) अन्य रकम		१,११५	
कुल जम्मा आम्दानी	**६८०,११५**	**६६३,२८०**	**६८८,३३५**
खर्च तर्फ			
(क) चालु खर्च	३९१९४१	३६७६८३	४५७८४५
(ख) पुँजीगत खर्च	२८७४७४	२४३७६९	२८०४८९
कुल जम्मा खर्च	**६७९,४१५**	**६११,४५२**	**७३८,३३५**
(ग) बजेट बचत (+) न्यून (-)	७००		(५०,०००)

स्रोत: आर्थिक प्रशासन शाखा, टीकापुर नगरपालिका, २०७५

साथै नगरपालिकाको आ.व. ०७४/७५ को यथार्थ खर्चलाई हेर्दा कुल खर्चमा चालु खर्चको अंश ६० प्रतिशत रहेको छ भने बाँकी पुँजीगत खर्च रहेको छ। आ.व. ०७५/७६ मा प्रस्ताव गरे बमोजिम कुल खर्चमा चालु खर्चको अंश ६० प्रतिशत भन्दा बढी नै देखिन्छ। दुबै आर्थिक वर्षहरूमा चालु खर्चको तुलनामा पुँजीगत खर्चको अंश कम देखिन्छ। दुबै आर्थिक वर्षको प्रस्तावित र यथार्थ रकमलाई हेर्दा आन्तरिक आयको तुलनामा

चालु खर्च बढी रहेको छ। आन्तरिक आयको न्यूनता र पुँजीगत लगानीमा समेत न्यून हुँदा विकास निर्माणको गति सुस्त हुने र निर्वाहमुखी आर्थिक योजनामा मात्र सिमित हुने हुँदा नगरपालिकाले आगामी दिनमा पुँजीगत लगानी क्षेत्रमा बढी भन्दा बढी लगानी गरी विकासलाई गति दिनुका साथै आन्तरिक आयमा समेत अभिवृद्धि गर्न तपसिल बमोजिमका राजश्व अभिवृद्धि सुधारका कार्यक्रम गर्नुपर्ने देखिन्छ।

तालिका नं. ४७: राजश्व अभिवृद्धि सुधारका कार्यक्रमहरू

क्र.सं.	सुधारका लागि गर्नुपर्ने कार्यहरू	उद्देश्य तथा लक्ष्य
क.	**समन्वय तथा सङ्गठन विकास**	
१	थप जनशक्ति पूर्ति गर्नुपर्ने	यथेष्ठ कर्मचारीको व्यवस्था भएको हुने
२	कर्मचारीलाई भ्रमणको व्यवस्था	कर्मचारी उत्साहित भएको हुने
३	कम्प्युटर तालिम लगायत सेवाकालीन तालिमको व्यवस्था	कर्मचारीको क्षमता वृद्धि भएको हुने
४	Right man in the Right Place को व्यवस्था	कर प्रशासन सुदृढ भएको हुने
५	सेवाग्राही प्रतिक्षालयको व्यवस्था	करदाता प्रोत्साहित भएको हुने
६	Digital Display को व्यवस्था	करदाता प्रोत्साहित भएको हुने
७	उ.वा.संघ तथा नागरिक समाजसँग समन्वय गर्नुपर्ने	उपयुक्त समन्वय भएको हुने
८	अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने	पारदर्शिता तथा जवाफदेहितामा प्रगति भएको हुने
ख.	**सम्पत्ति परिचालन**	
१	नगरपालिका तथा अन्य सरकारी स्वामित्वमा रहेको न.पा. अन्तर्गतको जग्गाको लगत विवरण तयार गरी अद्यावधि गर्ने	सम्पत्ति लगत अद्यावधिक भएको हुने
२	न.पा.को स्वामित्व र हकभोगमा रहेको जग्गा आयमूलक कार्यमा प्रयोग गर्ने (हाटबजार, बजार, पार्क, पोखरी, वनभोजस्थल आदि)	सम्पत्तिको उचित सदुपयोग भई राजश्व वृद्धि भएको हुने
३	न.पा.ले निर्माण गरेको, हस्तान्तरण भई आएको तथा हकभोगको भवन तथा संरचनाको लगत विवरण तयार गर्ने, मर्मत सम्भार गरी भाडामा लगाउने	सम्पत्तिको उचित सदुपयोग भई राजश्व वृद्धि भएको हुने
४	भौतिक संरचना तथा आयोजना निर्माण गर्दा भाडा तथा शुल्क लाग्ने जस्ता भवन तथा संरचना निर्माण गरी भाडामा लगाउने	सम्पत्तिको उचित सदुपयोग भई राजश्व वृद्धि भएको हुने
ग.	**सार्वजनिक निजी साझेदारी**	
१	हाटबजार तथा बजार स्थलको पहिचान, पूर्वाधार निर्माण र सञ्चालन	सम्पत्तिको उचित सदुपयोग भई राजश्व वृद्धि भएको हुने
२	तरकारी र फलफुल बजारको पहिचान, निर्माण र सञ्चालन गर्ने	सम्पत्तिको उचित सदुपयोग भई राजश्व वृद्धि भएको हुने
३	पशु बधशालाको स्थल पहिचान, निर्माण र सञ्चालन गर्ने	सम्पत्तिको उचित सदुपयोग भई राजश्व वृद्धि भएको हुने
४	न.पा.को जग्गामा सार्वजनिक निजी साझेदारीमा व्यवसायिक कम्प्लेक्स निर्माण गर्ने	सम्पत्तिको उचित सदुपयोग भई राजश्व वृद्धि भएको हुने
घ.	**आयको लगत अभिलेख**	
१	करदाताहरूको एकीकृत लगत अभिलेख सङ्कलन गरी कम्प्युटर प्रणालीमा आधारित डाटावेश तयार गर्ने	लगत अद्यावधिक भएको हुने
२	आय सङ्कलन विवरण अद्यावधि गर्ने	विवरण अद्यावधिक भएको हुने

ङ.	**कर तथा शुल्क सङ्कलन**	
१	संकलित तथ्याङ्कलाई एकीकृत कर प्रणालीमा प्रविष्ट गरी वेभ एप्लिकेशनमार्फत् प्रत्येक वडा कार्यालयबाटै सङ्कलनको व्यवस्था गर्ने	कर प्रशासन सुदृढ भएको हुने
२	तथ्याङ्क सफ्टवेयरलाई न्क्ष प्रविधिमा आवद्ध गर्ने	कर प्रशासन सुदृढ भएको हुने
३	विद्युत कार्यालयसँग समन्वय गरी प्रत्येक आ.व.को श्रावण महिनामा न.पा.को कर बिल करदाताको घरदैलोमा पुऱ्याउने	विलिङ्ग प्रणाली लागु भएको हुने
४	वडा कार्यालयबाट कर सङ्कलनको व्यवस्था गर्ने	कर प्रशासन सुदृढ भएको हुने
५	समय समयमा करदातालाई सिस्टमबाटै करबारे म्यासेजबाट जानकारी दिने व्यवस्था मिलाउने	विलिङ्ग प्रणाली लागु भएको हुने
६	विद्युतीय भुक्तानीको व्यवस्था मिलाउने	कर प्रशासन सुदृढ भएको हुने
७	कर सम्बन्धी गुनासो व्यवस्थापन प्रणाली लागु गर्ने	पारदर्शिता तथा जवाफदेहितामा प्रगति भएको हुने
८	त्बह ऋभिबचबलअभ क्थकतभ्क लागु गर्ने	कर प्रशासन सुदृढ भएको हुने
९	समय समयमा करका सम्भाव्य क्षेत्र र करका दर अध्ययन तथा समीक्षा गरी दायरा र दरमा वृद्धि गर्ने	कर प्रशासन सुदृढ भएको हुने
१०	व्यवसाय कर सङ्कलनको लागि टोली खटाउने	कर प्रशासन सुदृढ भएको हुने
च.	**आयका नयाँ स्रोतहरूको पहिचान तथा परिचालन**	
१	वीरेन्द्र विश्राम बाटिका र महेन्द्र आरोग्य गृहलाई नियमित सम्भार गरी म्युजियम सञ्चालन गर्नुपर्ने	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने
२	पार्क क्षेत्रभित्र भ्यु टावर निर्माण गर्ने	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने
३	बंगलापार्क क्षेत्रभित्र चिडिया घर स्थापना गर्नुपर्ने	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने
४	कर्णाली नदीमा बोटिङ्ग तथा च्याफ्टिङ्ग सञ्चालन गर्नुपर्ने	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने
५	कर्णाली नदीको तटमा जङ्गल साइकलिङ्ग सञ्चालन गर्नुपर्ने	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने
६	स्थान प्रयोग शुल्कको सुरुवात	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने
७	कवाड व्यवस्थापन तथा निकासी करको सुरुवात	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने
८	जग्गा विकास कार्यक्रम, पूर्वाधार विकास, मर्मत सुधार शुल्क निर्धारण गर्ने तथा सङ्कलन गर्ने	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने
९	विकास योगदान कार्यक्रमको सुरुवात	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने
१०	घर नम्बरिङको सुरुवात गर्ने	नयाँ स्रोतको परिचालनबाट राजश्व वृद्धि भएको हुने

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, २०७५

४.१.१० घट्ट, मिल तथा सङ्कलन तथा प्रसोधनसम्बन्धी विवरण

दैनिक उपभोग्य सामाग्री कुट्ने पिस्ने प्रयोजनार्थ यस क्षेत्रमा स्थापित मिलहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ४८: मिल तथा सङ्कलन तथा प्रसोधन सम्बन्धी विवरण

वडा नं.	कुटानी, पिसानी र पेलानी (मिल) सङ्ख्या		सङ्कलन तथा प्रशोधन केन्द्र	विक्री केन्द्र वा कोसेली घर	
	विद्युत मिल	कृषि	जडिबुटी	उद्योग	
१	१०		१		०
२	६				०
३	५				०
४	६				०
५	४				०
६	५				०
७	२				०
८	३				०
९	२				०
जम्मा	**४३**				**०**

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, २०७५

४.१.११ नगरपालिकाको विगत ३ वर्षको आयव्ययको विवरण

नगरपालिकाको विगत ३ वर्षको आय व्ययको विवरणलाई हेर्दा चालुखर्चमा अधिक रकम र पुँजीगत खर्चमा न्यून रकम विनियोजन भई खर्च भएको देखिन्छ । विकास निर्माणलाई गति दिई विकास र सम्वृद्धि हासिल गर्न पुँजीगत खर्च बढाउनुपर्ने देखिन्छ ।

तालिका नं. ४९: नगरपालिकाको विगत ३ वर्षको आयव्ययको विवरण

आर्थिक वर्ष	आय (आम्दानी) (हजारमा)			व्यय (खर्च) (हजारमा)		
	आन्तरिक	चालु	पुँजीगत	आन्तरिक	चालु	पुँजीगत
२०७१/७२	२६७२८.०७	५०४६२.२७	९१७२१.०७	२४२९७.८९	४६८८९.१२	९१५१०
२०७२/७३	३४६४७.३६	६३८७७.५	८७०४२.३३	२२३२२.४१	५३८४८.१५	८१५३१
२०७३/७४	३९३६६.७४	११७७२२.८८	१४८८१२.५	३७३७०.९४	११५३०१.९४	१२९९३६

स्रोत: राजश्व शाखा, टीकापुर , २०७५

४.२ नगरपालिकाको रोजगारी र आम्दानीको अवस्था

४.२.१ वडागतरूपमा रोजगारीको अवस्था

प्राप्त तथ्याङ्कअनुसार नगरपालिकामा १२,०१९ जना रोजगार, २४,५०७ जना बेरोजगार र थप ३०,३२५ जना स्वेच्छिक बेरोजगार रहेको पाइयो । यसरी हेर्दा नगरपालिकामा बेरोजगार हुने र बेरोजगार बस्नेको सङ्ख्याका हिसाबले रोजगारीको अवस्था विकराल रहेको छ । सामान्यताया काम गर्ने उमेर १५ देखि ५९ वर्षका कुल ४९,३७६ जनसङ्ख्यामध्ये १२,०१९ अर्थात् २४.३४ प्रतिशत जनसङ्ख्या मात्र रोजगार रहेको देखिन्छ । यद्यपि नेपालमा कानूनले तोकेको १५ देखि ५९ वर्षसम्मको उमेरबाहेक समेत बालबालिकालाई काममा लगाउने र जेष्ठ नागरिकहरूले बाध्यतावश काम गर्नु परिरहेको यथार्थ छ । माथि उल्लेखित २४.३४ प्रतिशत जनसङ्ख्या काम गर्न सक्ने उमेर समूहको जनसङ्ख्याको आधारमा निकालिएको हो । ठूलो सङ्ख्यामा रहेको बेरोजगारको


कारण नगरपालिकामा उत्पादनशील कार्यमा लागेको जनसङ्ख्यामाथि ठूलो आर्थिक दवाब पर्ने र बेरोजगारीका कारण उत्पन्न हुने थप सामाजिक, आर्थिक र मनोवैज्ञानिक असरहरू निकै संवेदनशील हुने गर्दछन् । अर्धदक्ष, अदक्ष र बेरोजगारको जनसङ्ख्या उच्च हुँदा नगरपालिकाको विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्दछ । यसर्थ दीगो विकासको लागि रोजगारी श्रृजना, दक्ष जनशक्ति उत्पादन र उत्पादन र सेवामुखी उद्योग व्यवसायको विकास गर्न दीर्घकालीन कार्ययोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ । तसर्थ यसतर्फ सम्बन्धित सरोकारवालहरूको ध्यान जानु अत्यन्त जरुरी छ । थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५०: वडागतरूपमा रोजगारीको अवस्था

वडा नं.	रोजगारी	बेरोजगार	स्वेच्छिक बेरोजगार	उल्लेख नगरिएको	जम्मा
१	५,९१८	९,९५६	१६,९०३	७	**३२,७८४**
२	१,२१४	२,५२९	२,३५०	१	**६,०९४**
३	६८१	१,५०३	१,६३२		**३,८१६**
४	५४४	२,०१३	१,२०८		**३,७६५**
५	६९७	२,३५८	१,०१२		**४,०६७**
६	१,००४	१,५९०	१,६२२	२	**४,२१८**
७	१,३१४	१,७४५	१,९२१	४६	**५,०२६**
८	१९७	१,७४२	२,०४९	२	**३,९९०**
९	४५०	१,०७१	१,६२८		**३,१४९**
जम्मा	**१२,०१९**	**२४,५०७**	**३०,३२५**	**५८**	**६६,९०९**
प्रतिशत	**१७.९६**	**३६.६३**	**४५.३२**	**०.०९**	**१००.००**

*** स्वेच्छिक बेरोजगार भन्नाले रोजगारीको अवसर मिलेपनि कामगर्ने इच्छा नभएर वा सोंचेजस्तो पेशा, व्यवसाय वा रोजगारको अवसर नपाएर स्वयंको इच्छाले बेरोजगार बस्ने व्यक्ति वा समूहलाई भनिन्छ ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



४.२.२ वार्षिक आम्दानीको आधारमा वडागत परिवारको विवरण (आम्दानी रुपैयाँमा)

नगरपालिका वा नगरपालिका बाहिरबाट हुने विभिन्न आम्दानीका स्रोतहरूबाट प्राप्त आम्दानी रकम नगरपालिका सो रकमलाई सो आम्दानीको स्रोतमा संलग्न घरपरिवारको सङ्ख्याले भाग गर्दा आउने औषत वार्षिक रकमको आधारमा नगरपालिकामा भई रहेका प्रमुख आर्थिक गतिविधिहरूको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । तथ्याङ्क हेर्दा सबैभन्दा धेरै घरपरिवार अर्थात् ६,३८६ ले आफ्नो आम्दानी आन्तिरक वा बाह्य विप्रेषणबाट भएको बताएका छन् भने दोस्रोमा ५,३२८ परिवारले दैनिक ज्यालाबाट आम्दानी गर्ने गरेको बताएका छन् । त्यस पश्चात् तेस्रो, चौथो र पाँचौंमा क्रमशः सेवाबाट प्राप्त आम्दानी, खेतीबाट भएको आम्दानी र पशुपक्षी विक्रीबाट भएको आम्दानीहरू पर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने उद्योग र बढी आम्दानी हुने खालका उत्पादनशील क्षेत्रमा संलग्न परिवारहरूको सङ्ख्या न्यून छ भने विप्रेषण र ज्यालादारीमा संलग्न परिवारहरूको सङ्ख्या उच्च रहेको छ ।

दीर्घकालीन विकास र सम्वृद्धिका हिसाबले विप्रषणको लागि आफ्नो स्थान छाडेर बाहिरिने युवा जनसङ्ख्याको अनुपस्थितिले स्थानीय स्तरमा विकास असम्भव प्रायः हुन्छ । जल्दो बल्दो उमेरको उत्पादनशील जनशक्ति उर्जावान समयमा बाहिरिने र शिथिल हुँदा फर्किने वा पलायन हुने परिस्थिति श्रृजना हुँदा विकास निर्माण कार्य अपेक्षाकृत अगाडि बढ्न सक्दैन । अर्कोतर्फ ज्यालादारी कामबाट आम्दानी गर्ने परिवारको सङ्ख्यासमेत उच्च हुनुले निम्न आयस्तर भएका परिवारहरूको सङ्ख्या धेरै रहेको सङ्केत मिल्दछ । वार्षिक औषत आम्दानीमध्ये सबैभन्दा उच्च अर्थात् उद्योगधन्दाबाट प्राप्त आम्दानीलाई रू. ३,५७,६७१/- मासिक आम्दानीमा परिणत गर्दा रू. ३०,०००/- भन्दा कम हुन आउँछ । यसबाहेक अन्य सबै क्षेत्रबाट प्राप्त औषत आम्दानी कम रहेको देखिन्छ । कम आम्दानी र धेरै श्रम गर्नुपर्ने क्षेत्रमा धेरै जनसङ्ख्या संलग्न हुनु आर्थिक सम्वृद्धिका दृष्टिले उचित होइन । तसर्थ नगरपालिकाले रोजगारीका अवसहरू श्रृजना गरी युवाहरूलाई उत्पानशील क्षेत्रमा आकर्षण गर्दै दीगो विकासको अवधारण अनुरूप कार्ययोजना बनाई अगाडि बढ्नु पर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. ५१: वार्षिक आम्दानीको आधारमा वडागत परिवारको विवरण (आम्दानी रुपैयाँमा)

विवरण १		वडा नं.									जम्मा
		१	२	३	४	५	६	७	८	९	
खेतीबाट भएको आम्दानी	खेतीबाट आम्दानी भएका परिवार	४६२	१३९	३७७	३१७	२२८	३१७	४१३	३३३	२९०	२,८७६
	खेतीबाट जम्मा आम्दानी	३१,५२७,४६५	९,९११,०५०	२१,५५५,८००	२२,५५७,५४०	१७,५७८,४२८	३६,२०७,१२५	२७,३००,२७७	२६,५४३,१२५	२२,७३७,४४०	२१५,९१८,२५०
	खेतीबाट भएको औषत आम्दानी	६८,२४१	७१,३०३	५७,१७७	७१,१५९	७७,०९८	११४,२१८	६६,१०२	७९,७०९	७८,४०५	७५,०७६
पशुपक्षि विक्रीबाट भएको आम्दानी	पशुपक्षी विक्रीबाट आम्दानी भएका परिवार	८६३	२७१	१७६	२८८	२६७	२१३	२३०	२२१	१०३	२,६३२
	पशुपक्षि विक्रीबाट भएको जम्मा आम्दानी	१७,९३६,८८०	३,७९८,६००	४,५१६,३४०	५,५४५,३५०	७,१५६,१३०	५,२४६,४२५	४,४८९,०४०	५,७०५,४१२	२,०५३,०००	५६,४४७,१७७
	पशुपक्षि विक्रीबाट भएको औषत आम्दानी	२०,७८४	१४,०१७	२५,६६१	१९,२५५	२६,८०२	२४,६३१	१९,५१८	२५,८१६	१९,९३२	२१,४४६
पशुधन उत्पादनबा भएको आम्दानी	पशुधन उत्पादनबाट आम्दानी भएका परिवार	२१६	५६	४६	४७	७७	५९	७१	५३	५२	६७७
	पशुधन उत्पादनबाट भएको जम्मा आम्दानी	६,५९१,१००	४,५६२,५७५	१,८८६,५५०	८५२,३२०	२,५४६,५४३	१,०९८,४३०	१,११७,७२०	१,१४३,३७०	९६३,९००	२०,७६२,५०८
	पशुधन उत्पादनबाट भएको औषत आम्दानी	३०,५१४	८१,४७५	४१,०१२	१८,१३४	३३,०७२	१८,६१७	१५,७४३	२१,५७३	१८,५३७	३०,६६८

विवरण १		वडा नं.								जम्मा
		१	२	३	४	५	६	७	८	९	
विद्युतबाट प्राप्त आम्दानी	विप्रेषणबाट आम्दानी प्राप्त भएको परिवार	३,६५६	५०२	२८६	२८८	२२५	३२९	४६८	४५५	१७७	६,३८६
	विप्रेषणबाटकुल आम्दानी	५१६,०७२,७००	३९,५९२,९००	२९,१४५,०००	३५,८०५,२००	२९,९६७,३००	४६,०१३,५००	५८,८२५,०००	४१,२८२,५००	१७,२९७,२००	८९४,००१,३००
	विप्रेषणबाट औषत आम्दानी	१६३,०४०	७८,८७०	१०१,९०६	१२४,३२४	१३३,१८८	१३९,८५९	१२५,६९४	१०,७३१	९७,७२४	१३९,९९४
उद्योगबाट प्राप्त आम्दानी	उद्योगबाट प्राप्त आम्दानी भएका परिवार	७८	३९	१०	६	२	९	१४	७	६	१६९
	उद्योगबाट कुल आम्दानी	३९,८७६,०००	२,४९८,४००	१,८९२,०००	३,७३२,०००	३८४,०००	४,१६४,०००	३,७०८,०००	२,८५६,०००	१,४१६,०००	६०,४४६,४००
	उद्योगबाट औषत आम्दानी	५२४,६८४	६४,०६२	१८१,२००	६२२,०००	१९२,०००	४६२,६६७	२६४,८५७	४०८,०००	२३६,०००	३५७,६७१
व्यापार/व्यवसायबाट प्राप्त आम्दानी	व्यापार/ व्यवसायबाट प्राप्त आम्दानी भएका परिवार	१,६२०	१४७	११२	१३९	११२	१३२	१५२	७७	७८	२,५६९
	व्यापार/ व्यवसायबाट कुल आम्दानी	५२३,०३५,६००	२५,२२६,४००	१९,४२३,२००	१५५,६८४,०००	१९,७७०,०००	२९,१८५,२००	३१,३२८,४००	१३,३७५,२००	९,७७५,०००	८०६,८०२,०००
	व्यापार/ व्यवसायबाट औषत आम्दानी	३२२,८६१	१७१,६०८	१७३,४२१	९७६,१४४	१७६,५१८	२२१,१००	२०६,१०८	१७३,७०४	१२५,३०८	३१४,०५३

विवरण १		वडा नं.								जम्मा
		१	२	३	४	५	६	७	८	९	
सेवाबाट प्राप्त आम्दानी	सेवाबाट प्राप्त आम्दानी भएका परिवार	२,३६०	२१८	१४६	२५२	११७	१२६	१४२	५३	१०८	३,५२२
	सेवाबाट कुल आम्दानी	६९५,७८२,०००	६५,०८३,२००	४३,५१९,२००	१५१,७९१,६००	३८,५७१,६००	३१,६४२,८००	२६,४३९,६००	१६,७७६,०००	२६,४५२,८००	१,०९५,९८८,८००
	सेवाबाट औषत आम्दानी	२९४,७९३	२९८,५४७	२९८,०७७	६०२,३४८	३२९,६७२	२५१,१३३	१८६,१९४	३९६,५२८	२४४,९३३	३११,१८४
पेन्सनबाट प्राप्त आम्दानी	पेन्सनबाट प्राप्त आम्दानी भएका परिवार	२९६	५४	२८	९	३	१०	१८	४	८	४३०
	पेन्सनबाट कुल आम्दानी	३५,७८०,४००	४,३८०,०००	३,८३४,०००	१,३८७,२००	४९२,०००	८२२,०००	२,५९८,०००	४६०,८००	२,०५२,०००	५१,८०६,४००
	पेन्सनबाट औषत आम्दानी	१२०,८८०	८१,१११	१३६,१२९	१५४,१३३	१६४,०००	८२,२००	१४४,३३३	११५,२००	२५६,५००	१२०,४८०
घर/जग्गा भाडाबाट प्राप्त आम्दानी	घर/जग्गा भाडाबाट प्राप्त आम्दानी भएका परिवार	२८५	२८	७	१९	२१	८	३४	४	४८	४५४
	घर/जग्गा भाडाबाट प्राप्त कुल आम्दानी	२७,९३६,०००	१,५०२,४००	१३२,०००	२,०१३,६००	२,०१०,०००	१,३२०,०००	३,३४५,६००	९१६,०००	१०,३८०,०००	४९,६३५,६००
	घर/जग्गा भाडाबाट प्राप्त औषत आम्दानी	१८,०२१	५३,६५७	१८,८५७	१०५,१७९	९५,७१४	१६५,०००	१८,४००	२४९,०००	२१६,२५०	१०९,३३०

विवरण १		वडा नं.									जम्मा
		१	२	३	४	५	६	७	८	९	
गाडी तथा मेसीनबाट प्राप्त आम्दानी	गाडी तथा मेसीनबाट प्राप्त आम्दानी भएका परिवार	५७	१५	६	३२	१३	१६	१८	११	११	१७९
	गाडी तथा मेसी(नबाट प्राप्त कुल आम्दानी	२२,९८६,०००	२,८३२,०००	१,३३२,०००	७,४७०,०००	३,४४४,०००	२३,९७६,०००	५,३६४,०००	३,४८०,०००	१,८८४,०००	७२,७६८,०००
	गाडी तथा मेसी(नबाट प्राप्त औषत आम्दानी	४०३,२६३	१८८,८००	२२२,०००	२३३,४३८	२६४,९२३	१,४९८,५००	२९८,०००	३१६,३६४	१७१,२७३	४०६,५२५
ब्याज/नाफाबाट प्राप्त आम्दानी	ब्याज/नाफाबाट प्राप्तआम्दानी भएका परिवार	२२	८	१	२	०	३	५	२	२	४५
	ब्याज/नाफाबाट प्राप्त कुल आम्दानी	४,५६०,०००	८९२,८००	८४,०००	६६,०००	.	१५४,८००	३८४,०००	१९८,०००	२१०,०००	६,५४९,६००
	ब्याज/नाफाबाट प्राप्त औषत आम्दानी	२०७,२७३	१११,६००	८४,०००	३३,०००	.	५१,६००	७६,८००	९९,०००	१०५,०००	१४५,५४७
दैनिक ज्यालाबाट प्राप्त आम्दानी	दैनिक ज्यालाबाट प्राप्त आम्दानी भएका परिवार	२,२७५	६२७	३४७	३६१	४०९	४१७	४३५	२०४	२५३	५,३२८
	दैनिक ज्याल(बाट प्राप्त कुल आम्दानी	३६९,३९१,२००	१०७,७९०,०००	६०,९०४,८००	८४,८८८,०००	६६,८६४,०००	८८,९०६,८००	९९,८९८,८००	२७,५७८,४००	५०,४६८,४००	९५६,६९०,४००
	दैनिक ज्यालाबाट प्राप्त औषत आम्दानी	१६२,३७०	१७१,९१४	१७५,५१८	२३५,१४७	१६३,४८२	२१३,२०६	२२९,६५२	१३५,१८८	१९९,४८०	१७९,५५९

विवरण १		वडा नं.									जम्मा
		१	२	३	४	५	६	७	८	९	
*अन्य स्रोतबाट प्राप्त आम्दानी	अन्य स्रोतबाट प्राप्त आम्दानी भएका परिवार	५५८	८७	२१	३८	४६	२७	५१	१५	५४	८९७
	अन्य स्रोतबाट प्राप्त कुल आम्दानी	७२,५७८,४००	७,२०७,२००	८४९,६००	१९,२८५,२००	५,६६१,६००	७,३६२,०००	३,५८६,८००	७८०,०००	८,९५९,२००	१२६,२७०,०००
	अन्य स्रोतबाट बाट प्राप्त औषत आम्दानी	१३०,०६९	८२,८४१	४०,४५७	५०७,५०५	१२३,०७८	२७२,६६७	७०,३२९	५२,०००	१६५,९११	१४०,७६९
एक वा सोभन्दा बढी स्रोतबाट आम्दानी गर्ने जम्मा परिवार	**आम्दानी गर्ने परिवार सङ्ख्या**	९,११४	१,४६७	९२५	९५१	९२२	९६०	१,१७९	८५०	६७२	१७,०४०
	कुल आम्दानी	२,४४३,९८३,७४५	२७५,२७७,५२५	१८८,९९४,४९०	४७१,०७८,०१०	१९४,४४५,६०१	२७६,०९९,०८०	२६८,३८५,२३७	१४१,१७४,८०७	१५४,६४७,९४०	४,४१४,०८६,४३५
	प्रतिपरिवार वार्षिक औषत आम्दानी	२६८,१५७	१८७,६४७	२०४,३१८	४९५,३५०	२१०,८९५	२८७,६०३	२२७,६३८	१६६,०८८	२३०,१३१	२५९,०४३

***माथि उल्लेखित आम्दानिको स्रोतबाहेक अन्य आम्दानी जस्तै दलाल, परामर्श, कलाकारीता, निजी फर्म आदिबाट हुने आम्दानी ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

४.२.३ वार्षिक औषत खर्चका आधारमा परिवारको विवरण (खर्च रकम रुपैयाँमा)

नगरपालिकामा घरपरिवारले वार्षिकरूपमा गर्ने खर्चका प्रमुख शीर्षकहरूमध्ये खाद्यवस्तु खरिद पश्चात् शिक्षा र स्वास्थ्यमा सबैभन्दा बढी खर्च गरेको पाइन्छ । कुल रकममा खाद्यबस्तुमा खर्च भएको रकम सबैभन्दा धेरै भएतापनि त्यस पश्चात् औषत रकममा सबैभन्दा उच्च शिक्षा क्षेत्रमा भएको खर्च रहेको छ । शिक्षा पछि आधाभूत मानवीय आस्यकतामध्येको प्रमुख स्वास्थ्य क्षेत्रमा गरेको खर्चसमेत प्रमुख तीन खर्चमध्येमा पर्दछ । यसरी तथ्याङ्कको विशलेषण गर्दा कल्याणकारी राज्यको अवधारणा अनुरूप संघीय संविधानले आधारभूत मौलिक हकको रूपमा स्थापित गरेका खाद्य संम्प्रभुता, निशुल्क आधारभूत शिक्षा र स्वास्थयमा सबैको पुहँचजस्ता हकहरूको सुनिश्चिता गर्न समग्र राज्य तथा स्थानीय सरकारले यी क्षेत्रहरूलाई उच्च प्राथमिकतामा राखी काम गर्नु पर्ने देखिन्छ । राज्यको दायित्वमा पर्ने क्षेत्रहरूमा साधारण नागरिकहरूले ठूलो रकम खर्च गर्नुपर्ने अवस्था हुनु सकारात्मक होइन । खर्चको विस्तृत वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५३: वार्षिक औषत खर्चका आधारमा परिवारको विवरण

विवरण		वडा नं.									जम्मा
१		१	२	३	४	५	६	७	८	९	
खाद्यवस्तु खरिद	परिवार सङ्ख्या	९,१७८	१,४२६	६०३	७७३	८३२	७४३	१,०१३	८३७	६८१	१६,०८६
	जम्मा खर्च	५८०,९२१,२००	८१,४९५,६००	२४,९०३,६००	३६,९०८,४००	२९,०२९,२००	२६,१३१,२००	८५,२२८,८००	२७,०१२,०००	२४,९८८,८००	९१६,६१८,८००
	औषत खर्च	६३,२९५	५७,१५०	४१,३००	४७,७४७	३४,८९१	३५,१७०	८४,१३५	३२,२७२	३६,६९४	५६,९८२
फलफुल/दूध /घ्यु खरिद	परिवार सङ्ख्या	७,५८१	१,२६४	४१९	४७७	४४६	७८८	८०७	५९४	५५८	१२,९३४
	जम्मा खर्च	१२१,६४४,०००	१५,९९३,६००	६,३५०,४००	६,२२५,६००	४,५७६,८००	४,८१३,२००	११,७१०,८००	७,७४४,८००	६,३०९,६००	१८५,३६८,८००
	औषत खर्च	१६,०४६	१२,६५३	१५,१५६	१३,०५२	१०,२६२	६,१०८	१४,५१२	१३,०३८	११,३०८	१४,३३२
मासु/माछा/ अण्डा खरिद	परिवार सङ्ख्या	९,०३५	१,५७३	९०७	९०९	९६९	१,०१३	१,२२३	९६४	७२९	१७,३२२
	जम्मा खर्च	१६४,२४२,८००	३०,९६२,४००	१७,२९४,४००	१७,०९७,६००	१५,२६१,६००	१३,०१०,४००	२३,४१४,४००	२५,०६५,६००	१३,४९६,४००	३१९,८४५,६००
	औषत खर्च	१८,१७९	१९,६८४	१९,०६८	१८,८०९	१५,७५०	१२,८४३	१९,१४५	२६,००२	१८,५१४	१८,४६५
शैक्षिक खर्च	परिवार सङ्ख्या	६,३६३	१,१६५	६२६	७२०	६४२	७५६	९००	६७६	५६३	१२,४११
	जम्मा खर्च	३९५,१९९,६००	५९,९९७,६००	३६,३५१,६००	४०,४१२,४००	२९,३४७,२००	२७,७०९,२००	६०,९१५,६००	३४,८३०,०००	२८,६०९,२००	७१३,३७२,४००
	औषत खर्च	६२,१०९	५१,५००	५८,०७०	५६,१२८	४५,७१२	३६,६५२	६७,६८४	५१,५२४	५०,८१६	५७,४७९

विवरण		वडा नं.									जम्मा
१		१	२	३	४	५	६	७	८	९	
स्वास्थ्य खर्च	परिवार सङ्ख्या	४,८१३	१,३७०	६३५	६४९	४६८	७०८	८४२	९००	६८४	**११,०६९**
	जम्मा खर्च	२०७,५०१,६००	६२,९१६,०००	२९,२३३,२००	४४,४९९,६००	२५,१९६,४००	२८,४८०,८००	४२,६१५,६००	६६,७३५,६००	२८,८१२,०००	**५३५,९९०,८००**
	औषत खर्च	४३,११३	४५,९२४	४६,०३७	६८,५६६	५३,८३८	४०,२२७	५०,६१२	७४,१५१	४२,१२३	**४८,४२३**
चाडबाड / विवाह / व्रतबन्ध खर्च	परिवार सङ्ख्या	३,७७२	१,२५९	६५३	५६२	२९२	५९८	६७६	७३५	६५१	**९,१९८**
	जम्मा खर्च	१६२,९४४,४००	४०,०४०,४००	३३,८८६,८००	१४,३४९,६००	६,६२४,०००	१३,७१०,०००	२९,१७३,८००	३०,०७५,६००	१३,८८०,४००	**३४४,६८५,०००**
	औषत खर्च	४३,१९८	३१,८०३	५१,८९४	२५,५३३	२२,६८५	२२,९२६	४३,१५७	४०,९१९	२१,३२२	**३७,४७४**
लत्ता कपडा/जुत्ता चप्पल आदिमा खर्च	परिवार सङ्ख्या	८,२२९	१,५३८	९६५	८४५	७५१	९९७	१,२९१	६८९	७२१	**१६,०२६**
	जम्मा खर्च	१३४,७७६,२००	१८,६७६,६००	१५,४४३,२००	९,८४२,८००	८,५७७,४००	९,७०६,८००	१५,२७०,०००	१०,८६१,२००	१०,३०८,८००	**२३३,४६३,०००**
	औषत खर्च	१६,३७८	१२,१४३	१६,००३	११,६४८	११,४२१	९,७३६	११,८२८	१५,७६४	१४,२९८	**१४,५६८**
सामान्य घरायसी मर्मत खर्च	परिवार सङ्ख्या	२,४५३	७६७	२८१	१३०	४८	२६४	४८५	२७५	३०४	**५,००७**
	जम्मा खर्च	२३,१८६,६००	१०,४७४,०००	२,४०६,६००	३,८६९,२००	३,०७३,६००	३,९५३,२००	६,४५८,८००	४,१२५,४००	४,१७८,८००	**६१,७२६,२००**
	औषत खर्च	९,४५२	१३,६५६	८,५६४	२९,७६३	६४,०३३	१४,९७४	१३,३१७	१५,००१	१३,७४६	**१२,३२८**
कृषिमा भएको खर्च	परिवार सङ्ख्या	१,४७४	९६३	६३२	५६८	५२४	५४६	७६०	७८४	४५६	**६,७०७**
	जम्मा खर्च	७,४२७,२००	५,५४०,७९०	७,७०४,५००	७,५५६,४००	४,३५४,६००	८,०९८,१००	६,४७१,५००	९,९०२,२००	८,१७७,९००	**६५,२३३,१९०**
	औषत खर्च	५,०३९	५,७५४	१२,१९१	१३,३०४	८,३१०	१४,८३२	८,५१५	१२,६३०	१७,९३४	**९,७२६**
*अन्य खर्च	परिवार सङ्ख्या	३,१२१	१,०७४	५७२	६५७	४७१	६२५	६३४	७०१	५२६	**८,३८१**
	जम्मा खर्च	५९,४१३,२००	१९,१४१,२००	७,४०१,६००	९,६९६,०००	२,८८४,८००	५,३५४,४००	१०,१७६,०००	१३,४३७,६००	५,८२७,२००	**१३३,३३२,०००**
	औषत खर्च	१९,०३७	१७,८२२	१२,९४०	१४,७५८	६,१२५	८,५६७	१६,०५०	१९,१६९	११,०७८	**१५,९०९**
जम्मा	**परिवार सङ्ख्या**	९,७९५	१,६३९	९८३	९९१	१,०३८	१,०६३	१,३१३	९९२	७४२	**१८,५५६**
	जम्मा खर्च	**१,८५७,२५६,८००**	**३४५,२३८,१९०**	**१८०,९७५,९००**	**१९०,४५७,६००**	**१२८,९२५,६००**	**१४०,९६७,३००**	**२९१,४३५,३००**	**२२९,७९०,०००**	**१४४,५८९,१००**	**३,५०९,६३५,७९०**
	औषत खर्च	**१८९,६१३**	**२१०,६४०**	**१८४,१०६**	**१९२,१८७**	**१२४,२०६**	**१३२,६१३**	**२२१,९६१**	**२३१,६४३**	**१९४,८६४**	**१८९,१३८**

***माथि उल्लेखित खर्च शीर्षकबाहेक अन्य खर्च जस्तै मनोरञ्जन, भ्रमण, परामर्श, मुद्दामामिला आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

४.२.४ आम्दानीको पहिलो प्रमुख स्रोतका आधारमा परिवारको विवरण


नगरपालिकामा रहेका कुल १८,६२० परिवारहरूमध्ये आम्दानीको प्रमुख स्रोत कृषि हुने परिवारको सङ्ख्या ६,४१८ अर्थात् ३४.४७ प्रतिशत, दोस्रोमा प्रमुख स्रोत दैनिक ज्यालादारी हुनेको सङ्ख्या ३,१५२ अर्थात् १६.९३ प्रतिशत, तेस्रोमा प्रमुख स्रोत विप्रेषण (वैदेशिक) हुनेको २,९१० अर्थात् १५.६३ प्रतिशत, क्रमश आम्दानीको प्रमुख स्रोत नोकरी हुने परिवार सङ्ख्या २,४५७ अर्थात् १३.२० प्रतिशत, त्यसैगरी आन्तरिक विप्रेषण अर्थात् अन्य जिल्ला वा क्षेत्रबाट कमाएर पठाएको रकम प्रमुख आम्दीको स्रोत हुने परिवार सङ्ख्या ८९५ अर्थात् ४.८१ प्रतिशत, अन्य नखुलेको ४३४ अर्थात् २.३३ प्रतिशत र उद्योग, पेन्सन, घरभाडा, ब्याज आदि परिवारको आम्दानीको प्रमुख स्रोत भएको परिवार सङ्ख्या न्यून रहेको देखिन्छ । तथ्याङ्कबाट अत्यन्त ठूलो सङ्ख्यामा रहेका घरपरिवारहरू अर्थात् झण्डै ३४.४७ प्रतिशतको आम्दानीको पहिलो प्रमुख स्रोतको रूपमा कृषि रहेको देखिन्छ । ठूलो सङ्ख्यामा जनसङ्ख्या कृषिमा आधारित देखिए तापनि आम्दानी र उत्पादनका हिसाबले निकै अपर्याप्त रहेको छ । दोस्रोमा रहेको व्यापार व्यवसाय समेत प्रभावकारी देखिदैन किनकी ग्रामीण भेगमा ठूला व्यापारीक केन्द्रहरू नहुने, उपभोक्ताको चहलपहल कम हुने हुनाले व्यापार न्यून रहन्छ । सबैभन्दा महत्वपूर्ण पक्ष भनेको आम्दानीको मुख्य स्रोत परम्परागत कृषि हुनुले यहाँ ठूलो सङ्ख्याको अदृष्य बेरोजगारी रहेको र अन्य उत्पादनशील क्षेत्रमा मानिसको संलग्नता नगण्य देखिन्छ । यस प्रकारको आर्थिक स्थितिलाई व्यापक सुधार गर्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५४: आम्दानीको पहिलो प्रमुख स्रोतका आधारमा परिवारको विवरण

आम्दानीका पहिलो प्रमुख स्रोतहरू	वडा नं.									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
कृषि	१,४४३	६०७	५२२	४७३	८२८	४९०	८५८	७२१	४७६	**६,४१८**	**३४.४७**
उद्योगधन्दा	४४	३	३	३		३	४	१	४	**६५**	**०.३५**
व्यापार व्यवसाय	१,४१५	१०२	६५	७३	३१	७६	७३	२२	३७	**१,८९४**	**१०.१७**
नोकरी	१,९२४	१३५	७९	१३१	२१	७१	४२	१०	४४	**२,४५७**	**१३.२०**
पेन्सन	१४३	१४	१८	१	१	६	४		३	**१९०**	**१.०२**
घर तथा जग्गा भाडा	८६	८	४	२	४	२	७	१	३२	**१४६**	**०.७८**
सवारी साधन, मेसिन तथा उपकरणहरूको भाडा	१४	८		११	२	५		२	१	**४३**	**०.२३**
व्याज तथा लाभांस	११	३		१			१			**१६**	**०.०९**
विप्रेषण (वैदेशिक)	२,०३३	२५२	६१	६६	४८	७९	१७२	१६८	३१	**२,९१०**	**१५.६३**
विप्रेषण(आन्तरिक)	६१९	१९	८९	७	६	१०४	३०	९	१२	**८९५**	**४.८१**
दैनिक ज्यालादारी	१,७५५	४६९	१४१	२१०	८८	२२०	११४	५६	९९	**३,१५२**	**१६.९३**
*अन्य	३३६	३१	१	१७	२०	११	१०	४	४	**४३४**	**२.३३**
जम्मा	**९,८२३**	**१,६५१**	**९८३**	**९९५**	**१,०४९**	**१,०६७**	**१,३१५**	**९९४**	**७४३**	**१८,६२०**	**१००.००**

***माथि उल्लेखित आम्दानिको स्रोतबाहेक अन्य आम्दानी जस्तै दलाल, परामर्श, कलाकारीता, निजी फर्म आदिबाट हुने आम्दानी ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५




४.२.५ परिवार धान्न आवश्यक पर्ने मासिक खर्चको आधारमा घरपरिवारको विवरण

तालिका नं. ५५: परिवार धान्न आवश्यक पर्ने मासिक खर्चको आधारमा घरपरिवारको विवरण

वडा नं.	रु.१०,००० भन्दा कम	रु. १०,००० देखि रु.२०,०००	रु. २०,००० देखि रु. ३०,०००	रु. ३०,००० देखि रु. ४०,०००	रु. ४०,००० देखि रु. ५०,०००	रु. ५०,००० भन्दा माथि	जम्मा	मासिक रूपमा आवश्यक पर्ने औसत रकम रु.
१	५,०३०	३,७७९	६७८	२००	८१	५५	९,८२३	**१२,९६७**
२	७९५	७००	१०५	२४	११	१६	१,६५१	**१३,१६७**
३	७२१	१६६	८३	६	४	३	९८३	**७,३८३**
४	७७६	१४६	४२	७	४	२०	९९५	**९,८३०**
५	९६८	५९	५	८	१	८	१,०४९	**६,२७३**
६	९२८	१०२	२१	८	३	५	१,०६७	**५,३३४**
७	९३५	३२७	३७	६	४	६	१,३१५	**९,४७९**
८	६२५	२५९	६७	१९	१५	९	९९४	**११,६४९**
९	४९७	२१०	२६	६	२	२	७४३	**९,८२६**
जम्मा	**११,२७५**	**५,७४८**	**१,०६४**	**२८४**	**१२५**	**१२४**	**१८,६२०**	**११,२६६**
प्रतिशत	**६०.५५**	**३०.८७**	**५.७१**	**१.५३**	**०.६७**	**०.६७**	**१००.००**	

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

यस नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारमध्ये मासिक रू. १०,००० भन्दा कम खर्चमै परिवार धान्ने घरपरिवारको सङ्ख्या ११,२७५ अर्थात् ६०.५५ प्रतिशत, रू. १०,००० देखि रू. २०,००० सम्ममा परिवारको मासिक खर्च धान्नेको सङ्ख्या ५,७४८ अर्थात् ३०.८७ प्रतिशत, रू. २०,००० देखि रू. ३०,००० सम्म खर्च गर्नेको सङ्ख्या १,०६४ अर्थात् ५.७१ प्रतिशत, रू. ३०,००० देखि रू. ४०,००० सम्म खर्च गर्नेको सङ्ख्या २८४ अर्थात् १.५३, रू. ४०,००० देखि रू. ५०,००० सम्म खर्च गर्नेको सङ्ख्या १२५ अर्थात् ०.६७ प्रतिशत र रू. ५०, ००० भन्दामाथि खर्च गर्नेको सङ्ख्या १२४ अर्थात् ०.६७ प्रतिशत देखिन्छ। यस तथ्याङ्ककलाई विश्लेषण गर्दा रू. १०,००० वा सोभन्दा कम रकममै मासिक गुजारा गर्नेको सङ्ख्या उल्लेख्य अर्थात् कुल घरपरिवारको ६०.५५ प्रतिशत हुनुले यस नगरपालिकाका अधिकांश बासिन्दाहरूको जीवनस्तर अत्यन्त न्यून भएकोले आधारभूत आवश्यकता जस्तै खाद्यान्न, आवास, लुगालत्ता, शिक्षा, स्वास्थ्य, खानेपानी आदिमा अत्यन्त न्यून स्तरको पहुँच रहेको स्पष्ट हुन्छ। चरम महंगी र मुद्रा स्फिती बढिरहेको हालको अवस्थामा ६०.५५ प्रतिशत परिवारहरूले प्रति परिवार प्रति दिन मात्र रू. ३३३.३३ मा गुजारा गर्नुपर्ने तथ्याङ्कले देखाउँछ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




४.२.६ आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा घरपरिवारको विवरण

यस नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारहरूमध्ये आफ्नै वार्षिक आम्दानीले बाह्र महिनाभन्दा माथि धान्नेको सङ्ख्या १५,२५६ अर्थात् ८१.९३ प्रतिशत देखिन्छ। त्यसैगरी ७देखि ९ महिनासम्म धान्न पुग्ने घरपरिवार सङ्ख्या १,४२२ अर्थात् ७.६४ प्रतिशत, ४देखि ६ महिनासम्म धान्न पुग्ने घरपरिवारका सङ्ख्या १,१३१ अर्थात् ६.०७ प्रतिशत, ९देखि ११ महिनासम्म धान्न पुग्ने घरपरिवारको सङ्ख्या ४१० अर्थात् २.२० प्रतिशत र ० देखि ३ महिना मात्र धान्न पुग्नेको सङ्ख्या ४०१ अर्थात् २.१५ प्रतिशत रहेको छ। यस पूर्वको मासिक खर्चको आधारमा तयार पारिएको तथ्याङ्क र यस तथ्याङ्कलाई संयुक्त रूपमा हेर्दा अधिकांश जनसङ्ख्याले वार्षिकरूपमा गर्ने अत्यन्त न्यून आम्दानीले बाह्रै महिना दुःख गुजारा गरी खर्च धान्ने गरेको स्पष्ट हुन्छ। अर्कोतर्फ वार्षिक आम्दानीले वर्षभरी धान्न नसक्ने घरपरिवारहरू समेत रहेको तथ्याङ्कले यो अवस्थामा रहेको जनसङ्ख्या पूर्ण गरीबीको अवस्थामा रहेको पुष्टि हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागु भैसकेको र स्थानीय सरकारमा धेरै हक अधिकारहरू प्रत्याभूत भैसकेको अवस्थामा यस्ता गरीवीमा रहेको जनसङ्ख्यालाई लोक कल्याणकारी राज्यको मूल मर्मअनुसार संरक्षण गर्नु आवश्यक देखिन्छ। वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५६: आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा घरपरिवारको विवरण

वडा नं.	०-३ महिना	४-६ महिना	७-९ महिना	९-११ महिना	१२ महिना वा सोभन्दा माथि	जम्मा	आम्दानीले धान्न पुग्ने औषत महिना
१	२५८	५८९	७३७	८५	८,१५४	९,८२३	**११.०१**
२	५१	१६४	१९४	४६	१,१९६	१,६५१	**१०.५१**
३	६	३९	३५	४५	८५८	९८३	**११.४८**
४	१८	५९	११८	११८	६८२	९९५	**१०.७६**
५	१८	७९	९९	१४	८३९	१,०४९	**१०.९५**
६	५	३१	३२	१९	९८०	१,०६७	**११.६१**
७	६	२६	३६	१४	१,२३३	१,३१५	**११.७०**
८	२९	११२	१३६	६५	६५२	९९४	**१०.३१**
९	१०	३२	३५	४	६६२	७४३	**११.३९**
जम्मा	**४०१**	**१,१३१**	**१,४२२**	**४१०**	**१५,२५६**	**१८,६२०**	**११.०३**
प्रतिशत	**२.१५**	**६.०७**	**७.६४**	**२.२०**	**८१.९३**	**१००.००**	

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



४.२.७ कुल वार्षिक आम्दानीले परिवार धान्न नपुग्ने परिवारले नपुग अवधिको लागि घर धान्न गरेको अन्य व्यवस्थाको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित)


नगरपालिकामा पहिचान भएका ३,३६४ घरपरिवारहरूको वार्षिक आम्दानीले परिवार धान्न नपुग्ने देखिन्छ। यसरी आम्दानी अपुग हुँदा उनीहरूले अन्य विभिन्न माध्यमबाट त्यसको गर्जो टार्ने गरेको पाइयो। जसमध्ये सबैभन्दा बढी २,३३६ परिवार अर्थात् ६९.४४ प्रतिशतले ऋण लिने गरेका, १,३०५ अर्थात् ३८.७९ प्रतिशत परिवारले उधारो चलाउने गरेका र बाँकीले सञ्चित वा स्थिर सम्पती विक्री गरेको पाइयो। यस तथ्याङ्कले यसरी गरिबीमा रहेका परिवारहरू क्रमश सुधारतर्फ उन्मुह हुनुभन्दा थप ऋणको भार थपिँदै जाने र स्थिर सम्पतीसमेत प्रयोग हुँदै जाँदा थप गरिबीतर्फ धकेलिने स्थिति रहेको पाइयो। नगरपालिकामा रहेको यो स्थिति लोक कल्याणकारी संवैधानिक व्यवस्थाको मर्मसँग मेल नखाने देखिन्छ। तसर्थ राज्य तथा स्थानीय सरकारले गरिबी निवारण र रोजगारी श्रृजनाका प्रभावकारी उपायहरूको अबलम्बन गर्नुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५७: नपुग अवधिको लागि घर धान्न गरेको अन्य व्यवस्थाको आधारमा परिवारको विवरण

वडा नं.	सञ्चित सम्पत्ति प्रयोग गरेको	उद्यारो	ऋण लिएको	स्थिर सम्पत्ति बिक्री गरेको	*अन्य	जम्मा
१	१८३	८१५	१,०१९	१९	४२	**१,६६९**
२	३०	७७	३४३	३	४१	**४५५**
३	२४	२५	५५	१८	७	**१२५**
४	३५	६५	२५३	६	७	**३१३**
५	२	३५	१९८		३	**२१०**
६	६	४५	५४	१	४	**८७**
७	८	३७	६४	३	३	**८२**
८	७८	१६८	२८०	४	८	**३४२**
९	१	३८	७०	१	२	**८१**
जम्मा	**३६७**	**१,३०५**	**२,३३६**	**५५**	**११७**	**३,३६४**
प्रतिशत	**१०.९१**	**३८.७९**	**६९.४४**	**१.६३**	**३.४८**	**१००.००**

***माथि उल्लेखित व्यवस्थाबाहेक अन्य व्यवस्था जस्तै सहयोग लिएको, दान लिएको, मागेर चलाएको आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



४.२.८ परिवारका सदस्यका लागि सामान्य बिरामी खर्च, न्यानो कपडा र झुलको व्यवस्था गर्ने क्षमताको आधारमा परिवारको विवरण


नगरपालिकामा रहेका १८,६२० घरपरिवारहरूमध्ये ४,२६९ अर्थात् २२.९ प्रतिशत परिवारहरूले बिरामी हुँदा उपचार खर्च व्यवस्था गर्न नसक्ने देखिन्छ । यो एक गम्भीर अवस्था हो । नेपालको संविधानको धारा ३५ को उपधारा १ मा "प्रत्येक नागरिकलाई राज्यबाट प्राप्त आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।" भनी स्पष्ट उल्लेख गरिएको छ । यस तथ्याङ्कले नगरपालिकाका गरिबीमा रहेका नागरिकहरू माथि राज्यको दायित्व रहेको स्पष्ट गर्दछ । अर्कोतर्फ गाँस, बास र कपासजस्ता आधारभूत आवश्यकताहरूमध्ये जाडोयाममा न्यानो कपडाको व्यवस्था गर्न

नसक्ने परिवारको सङ्ख्यासमेत २,३१३ अर्थात् १२.०४ प्रतिशत र गर्मीयाममा झुलको व्यवस्था गर्न नसक्ने परिवारको सङ्ख्या १,२७३ अर्थात् ६.८ प्रतिशत रहेको देखाउँछ । यी तथ्याङ्कहरूले जाडोयाममा तराईमा चल्ने शीतलहर र गर्मीयाममा लामखुट्टे तथा भुसुनाको टोकाईबाट लाग्ने इन्सेफ्लाइटिस, मलेरिया, डेँगु, कालाजारजस्ता प्राणघातक रोगहरूको उच्च जोखिममा ती परिवारहरू रहेको स्पष्ट हुन्छ । राज्यको यसतर्फ ध्यान जानु आवश्यक छ । विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५८: परिवारका सदस्य सामान्य बिरामी पर्दा खर्च गर्न सक्ने आर्थिक क्षमताअनुसार परिवारको विवरण

वडा नं.	आर्थिक क्षमता भएको		आर्थिक क्षमता नभएको		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	७,५२५	७६.६	२,२९८	२३.४	**९,८२३**
२	१,३७०	८३.०	२८१	१७.०	**१,६५१**
३	७७७	७९.०	२०६	२१.०	**९८३**
४	९०८	९१.३	८७	८.७	**९९५**
५	८८३	८४.२	१६६	१५.८	**१,०४९**
६	८४५	७९.२	२२२	२०.८	**१,०६७**
७	७११	५४.१	६०४	४५.९	**१,३१५**
८	७३३	७३.७	२६१	२६.३	**९९४**
९	५९९	८०.६	१४४	१९.४	**७४३**
जम्मा	**१४,३५१**	**७७.१**	**४,२६९**	**२२.९**	**१८,६२०**


स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



तालिका नं. ५९: जाडो महिनामा न्यानो लुगा व्यवस्था गर्न सक्ने क्षमताको आधारमा परिवारको विवरण

वडा नं.	न्यानो लुगा व्यवस्था गर्न सक्ने		न्यानो लुगा व्यवस्था गर्न नसक्ने		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	८,१८१	८३.३	१,६४२	१६.७	**९,८२३**
२	१,४४८	८७.७	२०३	१२.३	**१,६५१**
३	९४४	९६.०	३९	४.०	**९८३**
४	९११	९१.६	८४	८.४	**९९५**
५	९३३	८८.९	११६	११.१	**१,०४९**
६	१,०३७	९७.२	३०	२.८	**१,०६७**
७	१,२३४	९३.८	८१	६.२	**१,३१५**
८	८९०	८९.५	१०४	१०.५	**९९४**
९	७२९	९८.१	१४	१.९	**७४३**
जम्मा	**१६,३०७**	**८७.६**	**२,३१३**	**१२.४**	**१८,६२०**


स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



तालिका नं. ६०: आवश्यकताअनुसार लामखुट्टेको झुलको व्यवस्था गर्न सक्ने क्षमताको आधारमा परिवारको विवरण

वडा नं.	झुलको व्यवस्था गर्न सक्ने परिवार		झुलको व्यवस्था गर्न नसक्ने परिवार		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	९,१५६	९३.२	६६७	६.८	**९,८२३**
२	१,६०२	९७.०	४९	३.०	**१,६५१**
३	९३९	९५.५	४४	४.५	**९८३**
४	९७८	९८.३	१७	१.७	**९९५**
५	७३८	७०.४	३११	२९.६	**१,०४९**
६	१,०४२	९७.७	२५	२.३	**१,०६७**
७	१,२४७	९४.८	६८	५.२	**१,३१५**
८	९०९	९१.४	८५	८.६	**९९४**
९	७३६	९९.१	७	०.९	**७४३**
जम्मा	**१७,३४७**	**९३.२**	**१,२७३**	**६.८**	**१८,६२०**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५




४.२.९ ऋणका आधारमा परिवारको विवरण

तालिका नं. ६१: ऋण लिने र नलिने परिवारको विवरण

वडा नं.	ऋण लिने परिवार		ऋण नलिने परिवार		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	४,२८६	४३.६	५,५३७	५६.४	**९,८२३**
२	९२७	५६.१	७२४	४३.९	**१,६५१**
३	५९३	६०.३	३९०	३९.७	**९८३**
४	७३८	७४.२	२५७	२५.८	**९९५**
५	६२७	५९.८	४२२	४०.२	**१,०४९**
६	६१०	५७.२	४५७	४२.८	**१,०६७**
७	७२४	५५.१	५९१	४४.९	**१,३१५**
८	५७५	५७.८	४१९	४२.२	**९९४**
९	५१६	६९.४	२२७	३०.६	**७४३**
जम्मा	**९,५९६**	**५१.५**	**९,०२४**	**४८.५**	**१८,६२०**

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारहरूमध्ये विभिन्न वित्तीय संस्था सहकारी वा अन्य तवरले आफ्ना विभिन्न कृयाकलाप सञ्चालन गर्न वा लगानी गर्न ऋण लिने परिवारहरूको सङ्ख्या ९,५९६ अर्थात् ५१.५ प्रतिशत र ऋण नलिने परिवारहरूको सङ्ख्या ९,०२४ अर्थात् ४८.५ प्रतिशत रहेका छन् । ऋण लिनुका उद्देश्यहरू मध्य अत्यावश्यक आवश्यकता परिपूर्ती गर्न ऋण लिनेको सङ्ख्या लगानी वा उत्पादनमूलक व्यवसाय गर्न ऋण लिनेको सङ्ख्याभन्दा बढी भएको अनुमान सजिलै लगाउन सकिन्छ किनकी मासिक १०,००० भन्दा कम रकममा परिवारको गुजारा गर्नुपर्ने परिवार ६०.५५ प्रतिशत रहेको छ । वडागत रूपमा पूर्ण विवरण तालिकामा उल्लेख गरिएको छ ।




४.२.१० परिवारले लिएको ऋण रकमका आधारमा परिवारको विवरण

तालिका नं. ६२: परिवारले लिएको ऋण रकमका आधारमा परिवारको विवरण

वडा नं.	रु.१०,००० भन्दा कम	रु.१०,००० देखि रु.२०,०००	रु.२०,००० देखि रु.३०,०००	रु.३०,००० देखि रु.४०,०००	रु.४०,००० देखि रु.५०,०००	रु.५०,००० भन्दा बढी	जम्मा	औषत ऋण रकम
१	३०५	३५०	१९६	११४	३२५	२,९९६	४,२८६	९०३,६०३
२	१३६	११०	८९	४८	७८	४६६	९२७	४५७,१०७
३	७१	६९	६४	१६	७४	२९९	५९३	२३०,५५९
४	७८	१२५	७४	४५	७५	३४१	७३८	३४३,६५१
५	११७	८७	५१	२३	७९	२७०	६२७	३१९,४७९
६	८६	८४	४४	२६	६४	३०६	६१०	१९४,२८९
७	१०६	१०९	९०	४०	७३	३०६	७२४	१४०,०३३
८	८७	९५	४७	२५	५९	२६२	५७५	१४४,१२६
९	६६	७०	४२	३४	५४	२५०	५१६	१५९,७१०
जम्मा	**१,०५२**	**१,०९९**	**६९७**	**३७१**	**८८१**	**५,४९६**	**९,५९६**	**५४९,४३८**
प्रतिशत	**१०.९६**	**११.४५**	**७.२६**	**३.८७**	**९.१८**	**५७.२७**	**१००.००**	

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा ऋण लिने कुल ९,५९६ परिवारहरूमध्ये ५,४९६ अर्थात् ५७.२७ प्रतिशत परिवाहरूले रू. ५०,००० भन्दा बढी ऋण लिएको देखिन्छ । त्यसै गरी रू. ४०,००० देखि रू. ५०,००० सम्म ऋण लिने परिवार सङ्ख्या ८८१ अर्थात् ९.१८ प्रतिशत, रू. ३०,००० देखि रू. ४०,००० सम्म ऋण लिनेको सङ्ख्या ३७१ अर्थात् ३.८७ प्रतिशत, रू. २०,००० देखि ३०,००० सम्म ऋण लिनेको सङ्ख्या ६९७ अर्थात् ७.२६ प्रतिशत, रू. १०,००० देखि २०,००० सम्म ऋण लिनेको सङ्ख्या १,०९९ अर्थात् ११.४५ प्रतिशत र रू. १०,००० भन्दा कम ऋण लिनेको सङ्ख्या १,०५२ अर्थात् १०.९६ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ । ऋण रकमको विवरण हेर्दा सानो रकमको ऋण व्यवसायिक लगानी प्रयोजनका लागि भन्दा घरायसी प्रयोजन र अत्यावश्यक आवश्यकता पूर्ती गर्नलाई हुनसक्ने अनुमान लगाउन सकिन्छ । ऋण लिनु नकारात्मक नभए पनि ऋण लिनुको प्रयोजन दैनिक आवश्यकता गुजारा गर्ने मात्र हुँदा त्यसले न्यून गुणस्तरको जीवनयापन र गरीबीलाईनै सङ्केत गर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



४.२.११ ऋण लिनुको कारणका आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित)


तालिका नं. ६३: ऋण लिनुको कारणका आधारमा परिवारको विवरण

वडा नं.	व्यापार व्यवसाय	कृषि व्यवसाय	भवन निर्माण/ जमिन	जन्म/मृत्यु/ सामाजिक कार्य	धार्मिक/ सांस्कृतिक	औषधी उपचार	शिक्षा	परिवारको उपयोग	परिवारको सदस्य विदेश पठाउने	*अन्य कारण	जम्मा
१	७३९	१६१	१,४३०	१४१	९५	९६१	९१२	१,४२१	१४५	३५	४,२८६
२	८४	७७	२५०	४३	४०	३८९	१८४	४०६	२७	१९	९२७
३	३६	१२९	१३७	३२	१९	१८३	११८	२४९	१३	३	५९३
४	७३	११०	१४१	२९	४	१५४	११०	२८१	३१	१७	७३८
५	३५	९५	१२१	१६	५	२२२	१६३	२९९	१५	१४	६२७
६	७७	१६१	१५३	३१	१७	१९७	९८	१९१	१४	१८	६१०
७	५७	१६७	२३०	८२	११९	२५७	१६३	३१०	१९	९	७२४
८	२०	१९४	१५९	६१	५७	३१३	१४१	१९६	१५	१	५७५
९	३८	२०१	१२७	१८	४	१९२	६३	२४४	१४	३	५१६
जम्मा	१,१५९	१,२९५	२,७४८	४५३	३६०	२,८६८	१,९५२	३,५९७	२९३	११९	९,५९६
प्रतिशत	१२.०८	१३.५०	२८.६४	४.७२	३.७५	२९.८९	२०.३४	३७.४८	३.०५	१.२४	१००.००

***माथि उल्लेखित ऋण लिने कारणबाहेक अन्य कारण जस्तै विविध क्षेत्रमा लगानी गर्न, भवितव्य टार्न आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा ऋण लिनेहरूको प्रवृत्तिलाई हेर्दा ऋण लिएका कुल ९,५९६ परिवारहरूमध्ये सबैभन्दा बढी घरायसी प्रयोजनको लागि ऋण लिने परिवारको सङ्ख्या ३५९७ अर्थात् ३७.४८ प्रतिशत रहेका छन् । त्यसैगरी दोस्रोमा औषधी उपचारको लागि २,८६८ अर्थात् २९.८९ प्रतिशत, तेस्रोमा भवन निर्माण तथा जमिन खरिद गर्नको लागि २,७४८ अर्थात् २८.६४ प्रतिशत, चौथोंमा शिक्षाको लागि १,९५२ अर्थात् २०.३४ प्रतिशत रहेका छन् भने लगानी र उत्पादन प्रवर्द्धन गर्न निकै कम घरपरिवारले ऋण लिएको देखिन्छ । जसमध्ये १२ ९५ अर्थात् १३.५० प्रतिशतले कृषि व्यवसायमा र १,१५९ अर्थात् १२.०८ प्रतिशतले व्यापार तथा उद्योगमा लगानी गर्न ऋण लिएको देखिन्छ । तथ्याङ्कको विश्लेषण गर्दा दैनिक जीवन निर्वाह र आधारभूत मानवीय आवश्यकता पूर्ति गर्न जस्तै औषधोपचार, शिक्षा तथा घरायसी गर्जो टार्न अधिकांशले ऋण लिएको तथ्य स्पष्ट हुन्छ । नागरिकका आधारभूत आवश्यकता पुरा गर्ने दायित्व राज्यको हुने संवैधानिक व्यवस्था अनुरूप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले शिक्षा, स्वास्थ्य, खाद्यान्नजस्ता आवश्यकताहरूलाई मौलिक अधिकारको रूपमा स्थापित गरिसकेको सन्दर्भमा स्थानीय तथा संघीय सरकारले नागरिकका यी सवालहरूलाई सम्बोधन गर्नुपर्ने हुन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



४.२.१२ऋण लिएको स्रोतको आधारमा परिवारको विवरण

तालिका नं. ६४: ऋण लिएको स्रोतको आधारमा परिवारको विवरण


वडा नं.	व्यक्तिगत	बैंक	सहकारी संस्था	अन्य वित्तीय संस्था	*अन्य	जम्मा
१	१,५२१	१,९६३	५०४	७९४	३०१	**४,२८६**
२	४६९	१८५	१७६	१३६	२०४	**९२७**
३	१३२	१९५	१७५	७३	७६	**५९३**
४	१५०	१५९	१२८	२२५	१७०	**७३८**
५	१८९	८०	५७	४२१	६१	**६२७**
६	१९६	११५	२०४	३०१	१६	**६१०**
७	२७८	१३६	२२६	३०६	२५	**७२४**
८	३०६	७४	१७७	२२६	३	**५७५**
९	१३८	८३	२५३	१५२	४२	**५१६**
जम्मा	**३,३७९**	**२,९९०**	**१,९००**	**२,६३४**	**८९८**	**९,५९६**
प्रतिशत	**३५.२१**	**३१.१६**	**१९.८०**	**२७.४५**	**९.३६**	**१००.००**

***माथि उल्लेखित स्रोतबाहेक अन्य स्रोत जस्तै सामुदायिक समूह, कार्यरत कार्यालय, विविध प्रकारका कोष आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

टीकापुर नगरपालिकामा ऋण लिने ९,५९६ घरपरिवारहरूमा सबैभन्दा बढी ३,३७९ अर्थात् ३५.२१ प्रतिशत परिवारहरूले आन्तरिक व्यक्तिगत ऋण लिएको देखिन्छ । त्यसैगरी दोस्रोमा २,९९० अर्थात् ३१.१६ प्रतिशत परिवारहरूले बैंक, २,६३४ अर्थात् २७.४५ प्रतिशत परिवारहरूले अन्य वित्तीय संस्था, १,९०० अर्थात् १९.८० प्रतिशत परिवाहरूले सहकारी संस्थाबाट ऋण लिएको र बाँकीले अन्यबाट ऋण लिएको तथ्याङ्क छ । सबैभन्दा धेरै घरपरिवारले व्यक्तिबाट ऋण लिएको यथार्थले के स्पष्ट गर्दछ भने नागरिकहरूको बैंक तथा ठूला वित्तीय संस्थाको पहुँच वृद्धि हुन सकेको छैन । अर्कोतर्फ बैंकबाट कर्जा लिँदा धितो तथा अन्य प्रशासनिक झन्जट हुने भएकोले चर्को व्याजको मारमा परेतापनि विना धितो व्यक्तिसँग ऋण लिन सहज हुने भएकोले, साधारण मानिसहरू यसतर्फ बढी आर्कषित देखिन्छन् । तर जनतालाई व्यक्तिगत ऋणको स्रोतले आर्थिक

भार पर्न गई नागरिकलाई गरीबीमा धकेल्न बाध्य पार्दछ । नगरपालिकामा ऋणको पहिलो स्रोत आन्तरिक ऋण भए तापनि दोस्रो स्रोत बैंक, तेस्रो वित्तीय संस्था, चौथो सहकारी हुनुले नगरमा क्रमश बैंक तथा वित्तीय क्षेत्रबाट ऋण लिने प्रवृत्ति विगतमा भन्दा सकारात्मक भएको देखिन्छ । हाल राष्ट्र बैंकले हरेक स्थानीय सरकार रहेको नगरपालिका वा नगरपालिकामा एक बैंक शाखा खोल्न गरेको निर्देशनले बैंकहरूमा ग्रामीण सर्वसाधारणको पहुँच अझ वृद्धि हुने अपेक्षा गर्न सकिन्छ । वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



४.३ उद्योग, बैंक तथा सहकारी

४.३.१ उद्योगसम्बन्धी विवरण


मौरनिया आधुनिक राईस मिल

यस नगरपालिकामा ठुला उद्योगहरू नभए तापनि कृषि तथा वा पैदावारमा आधारित साना उद्योगहरू सञ्चालनमा रहेका छन् । जडीबुटीमा आधारित केही स-साना उद्योगहरूले व्यवसायिक उत्पादन सुरुवात गरेका छन् । यसबाहेक मह, बेसार, अदुवा, भटमासजस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि क्रमशः व्यवसायिक हुँदै जान थालेको छ । यस नगरपालिकामा रहेका प्रमुख व्यापारिक केन्द्रहरूमा टीकापुर बजार, खक्रौला, सत्ति बजार, नारायणपुर चौराह बजार, कटानपुर, अस्नेरी बजार लगायतका प्रमुख बजारहरू रहेका छन् । यस्ता

बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ । यसैगरी, टीकापुर नगरपालिकाबाट थोक व्यापारसमेत हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ । यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई आयत गरिएका घरेलु उपयोगका सामानहरूको समेत थोक र खुद्रा विक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ । यस नगरपालिकामा रहेका साना तथा घरेलु उद्योगहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

अर्थतन्त्रको मेरुदण्डको रूपमा उद्योगहरू रहेका हुन्छन् । उत्पादन, उत्पादकत्व, माग र आपूर्ति बिच तालमेल मिलाउँदै प्रतिस्पर्धात्मक उद्योगहरूको स्थापनाले मात्र आर्थिक कृयाकलापमा बढोतरी ल्याउँछ । परिणामस्वरूप आम्दानी, बचत, लगानीमा बढोत्तरी भइ जनताको जीवनस्तरमा समेत सुधार आउँछ । हालसम्मको अवस्था हेर्दा यस नगरपालिकामा निर्यातमुखी उद्योग स्थापना भएको देखिदैन ।

तालिका नं. ६५: साना तथा घरेलु उद्योगहरूको विवरण

क्र. सं.	उद्योगको नाम विवरण	उद्योगको स्वामित्व	उद्योगको प्रकार	उद्योगको सङ्ख्या	प्रत्यक्ष रोजगारी			उत्पान हुने बस्तु तथा सेवाको नाम	वार्षिक आम्दानी (रु.हजारमा)
					महिला	पुरुष	जम्मा		
१	फर्चिचर उद्योग	निजी	साना	३७				फर्निचरहरू	
२	स्टिल तथा मेटल उद्योग	निजी	साना	१५				स्टिल फर्निचर	
३	ब्लक तथा टायल उद्योग	निजी	साना	२०				सिमेन्ट ब्लक तथा टायल	
४	ग्रिल तथा सटर	निजी	साना	२२				ग्रिल र सटर	
५	राइस मिल	निजी	साना	३२				चामल, पिठो र तेल	
६	सःमिल काष्ठ उद्योग	निजी	साना	७				काठ चिरानी	
७	भेनियर उद्योग	निजी	साना	२				प्लाइउडका लागि कच्चा सामग्री	
८	क्रंक्रिट उद्योग	निजी	साना	१				गिट्टी, बालुवा	
९	कत्था उद्योग	निजी	साना	१				कत्था	
१०	पाउरोटी उद्योग	निजी	साना	६				पाउरोटी, विस्कुट	
११	गार्मेन्ट उद्योग	निजी	साना	१५				तयारी पोशाक	
१२	होजियारी उद्योग	निजी	साना	५				ऊनबाट बनेका पोशाक	
१३	बरफ उद्योग	निजी	साना	७				बरफ	
१४	मैनबत्ती उद्योग	निजी	साना	५				मैनबत्ती	
१५	जुत्ता चप्पल उद्योग	निजी	साना	३				जुत्ता तथा चप्पल	
१६	फुड प्रोडक्ट उद्योग	निजी	साना	१०				दालमोट, कुरमुरे, चिप्स, चिउरा	
१७	सोडा उद्योग	निजी	साना	२				लुगा धुने सोडा	
१८	वेभरेज उद्योग	निजी	साना	५				पिउनेपानी, हल्का पेय पदार्थ	
१९	साजसज्जा उद्योग	निजी	साना	३				वेत, बाँसका सामग्री	
२०	मसला उद्योग	निजी	साना	४				विभिन्न मसालाहरू	
२१	गुट्खा उद्योग	निजी	साना	१				गुट्खा	

२२	गुडमिल उद्योग	निजी	साना	४				मिठाई गुड	
२३	कागज उद्योग	निजी	साना	२				कागजहरू	
२४	दाना उद्योग	निजी	साना	१				कुखुराको दानाहरू	
२५	इलेक्ट्रोनिक्स उद्योग	निजी	साना	१				माइक्रोसिस्टम युपिएस इन्भर्टर	
२६	कपास उद्योग	निजी	साना	१				कपास फिट्ने	

स्रोतः उद्योग,व्यवसाय तथा सहकारी प्रवर्द्धन तथा उपभोक्ता हित संरक्षण उपशाखा, टीकापुर २०७५

कृषि योग्य जमिनको उपलब्धता, कृषि तथा वनजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले नगरपालिकामा कृषि तथा स्थानीय परम्परा र सीपमा आधारित उद्योगहरूको विकासको राम्रो सम्भावना रहेको छ । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागिसकेका छैनन् । तथापि, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने सञ्चालित छन् । त्यसैगरी साप्ताहिक रूपमा लाग्ने टीकापुर नगरपालिकामा विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा दैनिक उपभोग्य बस्तुहरू चौपायाको किनबेच हुने गर्दछ । यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।

टीकापुर नगरपालिकामा उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न स्रोत र साधनले उद्योगको सम्भावना प्रचुर देखिन्छ तर लगानी, व्यवसायिकता तथा विभिन्न पूर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिदैन । केही साना साना उद्योगहरू सञ्चालित भए तापनि टीकापुर नगरपालिका लगायत आसपासका क्षेत्रसम्म मात्र आवश्यकता परिपूर्ति गर्न सफल छन् । ती उद्योगहरूले राष्ट्रिय माग तथा अर्थतन्त्रको हिस्सा भने खासै ओगट्न सकेको देखिदैन ।

४.३.२ बैंक तथा वित्तीय संस्थाहरूको विवरण

नगरपालिकामा उद्योग, व्यापार, लगानी गर्न वित्तीय संस्थाहरू जस्तै वाणिज्य बैंकहरू मार्फत् कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक नगरपालिकामा सञ्चालित अन्य बैंक तथा वित्तीय संस्थाहरूले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरपालिका बासीहरूसँग रहेको रकमलाई निक्षेपको रूपमा स्वीकार गरी बचत पनि गर्दै आएका छन् । यस नगरपालिकामा निम्नअनुसारका बैंक तथा वित्तीय संस्थाहरूको विवरण तलको तालिमा उल्लेख गरिएको छ ।

तालिका नं. ६६: बैंकसम्बन्धी विवरण

क्र.सं.	वित्तीय संस्था	वडा नं.	बार्षिक कारोबार (रू. हजारमा)	लगानी रकम (रू. हजारमा)	लगानीका मुख्य क्षेत्र	प्रत्यक्ष रोजगारी			कैफियत
						महिला	पुरुष	जम्मा	
"क" वर्गको बाणिज्य बैंक									
१	नेपाल बैक लिमिटेड	१	१० अङ्कभन्दा माथि	६०९३३६	व्यापारिक, व्यक्तिगत र कृषि	२	११	१३	
२	कृषि विकास बैक	१	५०२९५५	५१३१९४	व्यापार, कृषि, उद्योग, सेवा, शिक्षा र अन्य	३	१२	१५	
३	बैक अफ काठमाण्डौ	१	११४००००	८४००००	व्यापार, कृषि, उद्योग, सेवा	२	११	१३	
४	सिद्धार्थ बैक	१	१००००००	८५००००	गल्ला, खुद्रा तथा होलसेल व्यापार	२	८	१०	

क्र.सं.	वित्तीय संस्था	वडा नं.	बार्षिक कारोबार (रू. हजारमा)	लगानी रकम (रू. हजारमा)	लगानीका मुख्य क्षेत्र	प्रत्यक्ष रोजगारी			कैफियत
						महिला	पुरुष	जम्मा	
५	SBI बैक	१	१३५००००	१०८००००	उद्योग, व्यापार, कृषि	२	११	१३	
६	एभरेष्ट बैक	१	७०९९००	३९२३	व्यापार,कृषि	२	५	७	
७	NIC ASIA	१	३६०००	२३०००	व्यापार, कृषि, उद्योग, सेवा	३	६	९	
८	सेन्चुरी बैक	१	२००००	२७००००	व्यापार, कृषि र पिछडिएका क्षेत्र	४	११	१५	
९	नबिल बैक	१	(नयाँ सञ्चालन)						
१०	सानिमा बैक	१	(नयाँ सञ्चालन)						
११	जनता बैक	१	(नयाँ सञ्चालन)						
"ख" वर्गको विकास बैंक									
१	महालक्ष्मी विकास बैक	१	४५००००	४५००००	व्यापार, उद्योग, कृषि, यातायात, वैदेशिक रोजगार, स्वास्थ्य, शिक्षा, निर्माण	५	५	१०	
२	देव विकास बैक	१	२०००००	१०००००	व्यापार, उद्योग, कृषि, वैदेशिक रोजगार				
३	कञ्चन विकास बैक	१	१०८००००	८५८२३	व्यापार, उद्योग, कृषि, आवास	१	७	८	
"ग" वर्गको फाइनान्स									
१	किसान बहुउद्देश्यीय सहकारी संस्था	१	२०२४३३०००	१८२२०८०००	व्यापार, कृषि, सेवा, हायरपर्चेज, वैदेशिक रोजगार	१	७	८	
"घ" वर्गको लघु वित्तीय संस्था									
१	निर्धन उत्थान बैंक लि.	१	१३,३८,३६,०००	८,१२,०१,०००	कृषि, व्यापार, घरनिर्माण	४	२	६	
२	किसान बहुउदेश्यीय सहकारी संस्था (लघुबित्त कार्यक्रम)	१	१६,३२,३७,५००	१०,५०,००,०००	व्यापार, कृषि, घरनिर्माण, वैदेशिक रोजगार	२	८	१०	
३	यूनिक नेपाल	१	१०,९३,८४,६१५	५,६७,१९,४०९	कृषि, पशुपालन, व्यापार, व्यवसाय	६	६	१२	
४	नेपाल ग्रामीण विकास बैंक लि.	१	७,००,००,०००	३,३६,२०,०००	कृषि, व्यापार, सेवा, सूनचादी पसल	१	३	४	
५	स्वाबलम्बन लघुबित्त वित्तीय संस्था लि.	२	२४ करोड	१३ करोड	कृषि, पशुपालन, साना व्यापार	२	४	६	
६	किसान माईक्रो फाइनान्स वित्तीय संस्था लि.	४	१,००१,११०,९२२	३,५१,००,२८९	लघुउद्यम	३	२	५	
७	आशा लघुबित्त वित्तीय संस्था लि.	४	१०,००,००,०००	७,६१,०१,०००	व्यापार, कृषि	३	२	५	

क्र.सं.	वित्तीय संस्था	वडा नं.	बार्षिक कारोबार (रू. हजारमा)	लगानी रकम (रू. हजारमा)	लगानीका मुख्य क्षेत्र	प्रत्यक्ष रोजगारी			कैफियत
						महिला	पुरुष	जम्मा	
८	मिर्मिरे माईक्रो फाइनान्स	६	(नयाँ सञ्चालन)			४	२	६	

स्रोत: सम्बन्धित संस्थाबाट लिईएको, टीकापुर २०७५

वित्तीय साक्षरता अभिवृद्धि गर्न, आर्थिक समावेशीकरणलाई सघाउन तथा आर्थिक, सामाजिक पूर्वाधार निर्माणमा माथि उल्लेखीत विभिन्न श्रेणीका बैंक तथा वित्तीय संस्थाले महत्वपूर्ण भूमिका खेलिरहेका छन् ।


बैंक अफ काठमाण्डु



सिद्धार्थ बैंक



नेपाल बैंक लिमिटेड



कृषि विकास बैंक लिमिटेड

४.३.३ सहकारी संस्थाको विवरण

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच बढाउँदै समावेशिकरणमा समेत टेवा पुऱ्याइरहेका छन् ।

नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि र बहुद्देश्यीयआदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ । साथै यी संस्थाहरूले नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ । यस नगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६७: सहकारी संस्थाको नामावली

संकेत नं.	सहकारीको नाम	वडा नं.	बचत	ऋण लगानी	लगानीको मुख्य क्षेत्र	सदस्य सङ्ख्या			प्रत्यक्ष रोजगारी			कैफियत
						महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
क. बहुउद्देश्यी												
१	महिला जागरण बहुउद्देश्य सहकारी संस्था लि.	१	१,४९,९९,७६७	१,९७,०१,९१०	व्यापार, कृषि, समूहगत	८८५	०	८८५	७	०	७	सक्रीय
२	नमुना कृषक बहुउद्देश्य स.सं.लि.	१	९०,८४९	४५,०००	कृषि	८१	१७५	२५६	१	०	१	सक्रीय
३	लक्ष्मी नारायण बहुउद्देश्य स.सं.लि.	६	२,४२,६८,१६४	२,७३,८६,०८५	कृषि, सेवा, व्यापार	२६५	६८९	९५४	५	६	११	सक्रीय
४	सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.	७	६८५९४८३९	७५८९७९८७	कृषि,व्यापार, आटोरिक्सा, घरेलु उद्योग	३८७	९७७	१३६४	२	८	१०	सक्रीय
५	उज्यालो बहुउद्देश्य स.सं.लि.	७	१,६८,२४,९२९	१,२५,५१,०७४	कृषि र व्यापार	२४९	२५४	५०३	२	२	४	सक्रीय
ख. बचत तथा ऋण												
१	हरियाली मजदुर बचत तथा ऋण सहकारी संस्था लि.	१	४,१४,६७८	५,२९,३१७	कृषि, व्यापार	१०२	१४२	२४४	२	१	३	सक्रीय
२	नव निर्माण बचत तथा ऋण सहकारी संस्था लि.	१	७९,७७,०७१	२,३५,९९,९१३	व्यापार, कृषि, वैदेशिक, शिक्षा र स्वास्थ्य	८८	१८५	२७३	२	५	७	सक्रीय
३	जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.	१	८०,५९,४७८	१,१७,०१,३५०	कृषि, व्यापार	१०३	१८४	२८७	६	३	९	सक्रीय
४	नोवल बचत तथा ऋण सहकारी संस्था लि.	१	१३४३५७३८	१,९०,४१,०१०	व्यापार	२६५	४१९	६८४	४	५	९	सक्रीय
५	स्वामी समर्थ बचत तथा ऋण सहकारी संस्था लि.	१	४८,६५,०७८	६०,९७,०७१	कृषि,व्यापार,वैदेशिक रोजगार	८६	१६३	२४९	६	१	७	सक्रीय
६	एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.	१	५६,८७,२०५	८३,६३,३२७	ब्यूँपर	१०२	३००	४०२	८	१	९	सक्रीय
७	कोपिला बचत तथा ऋण सहकारी संस्था लि.	१	५२१४१४	४०२९९५२	कृषि,व्यापार	१०२	२५४	३५६			०	सक्रीय

क्र.सं.	सहकारीको नाम	वडा नं.	बचत	ऋण लगानी	लगानीको मुख्य क्षेत्र	सदस्य सङ्ख्या			प्रत्यक्ष रोजगारी			कैफियत
						महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
८	ओम बचत तथा ऋण सहकारी संस्था लि.	१	२२२९०८०६	२००३५०००	कृषि,व्यापार,घर कर्जा, व्यक्तिगत	११०	२७५	३८५	१२	३	१५	सक्रीय
९	साहरा बचत तथा ऋण सहकारी संस्था लि.	१						०			०	निष्कृय
१०	बचत फाउण्डेसन कोओपरेटिभ्स् स.सं.लि.	१						०			०	फरार
११	शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.	१	२५४१३२६	३१६११३८	कृषि,व्यापार, सेवा	४१	१४१	१८२	५	२	७	सक्रीय
१२	हाम्रो सेती बचत तथा ऋण सहकारी संस्था लि.	१	१४,७०,०००	१२,९५,०००	कृषि,व्यापार	४५	११०	१५५	६	२	८	सक्रीय
१३	टीकापुर बचत तथा ऋण सहकारी संस्था लि.	१	२,५०,००,०००	१,९५,००,०००	व्यापार	१५७	२२७	३८४	३	७	१०	सक्रीय
१४	प्रगतिशिल बचत तथा ऋण सहकारी संस्था लि.	७	३७६२५६०	४६०२८५५	कृषि,व्यापार,आयआर्जज	३८१	११	३९२	१	१	२	सक्रीय
१५	दिगो विकास बचत तथा ऋण सहकारी संस्था लि.	८	२,५२,६४,९३८	२,४०,५५,९०४	व्यापार, कृषि, वैदेशिक, समूहगत	१७४	२७६	४५०	३	२	५	सक्रीय
१६	धनसिंहपुर एकता समाज बचत तथा ऋण सहकारी संस्था लि.	८	१,१३,६८,१२५	१,१९,९७,०४२	कृषि	३७९	१५०	५२९	२	२	४	सक्रीय
१७	ईन्द्रेणी बचत तथा ऋण सहकारी संस्था लि.	७	११७१८०	१५३०००	कृषि, व्यापार	१२	१५	२७	१	१	२	सक्रीय
१८	गंगा जमुना बचत तथा ऋण सहकारी संस्था लि.	१	४२३७०००	३२३५०००	कृषि,व्यापार	४८	५०	९८	६	०	६	सक्रीय
१९	एकता बचत तथा ऋण सहकारी संस्था लि.	१	२५३९३७७	३०२५३२६	कृषि,व्यापार	८६	११२	१९८	५	०	५	सक्रीय
ग. कृषि, बचत तथा ऋण												
१	जनता कृषि बचत तथा ऋण सहकारी संस्था लि.	१	१०,१८,०१८	४५,५३,५२०	कृषि र लघु व्यापार	११६	२०८	३२४	४	१	५	सक्रीय
२	उन्नत कृषि बचत तथा ऋण सहकारी संस्था लि.	१	४४८७४५४	३६२६७८२	कृषि,व्यापार	५००	७५३	१२५३	१३	२	१५	सक्रीय
३	किसान बिजवृद्धी कृषि स.सं.लि.	१	छैन	छैन	छैन	२१	२५	४६	०	०	०	सक्रीय

सं.नं.	सहकारीको नाम	वडा नं.	बचत	ऋण लगानी	लगानीको मुख्य क्षेत्र	सदस्य सङ्ख्या			प्रत्यक्ष रोजगारी			कैफियत
						महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
घ. एकल, ग्रा.वि.												
१	न्यू साहारा ग्रा.वि.सं.सं.लि.	१	०	०	विद्युत	८२	४५४	५३६	०	३	३	सक्रीय
२	न्यू रामजानकी ग्रा.वि.सं.सं.लि.	४	०	०		५०	३६०	४१०	१	०	१	सक्रीय
३	रानीखोला ग्रा.वि.सं.सं.लि.	४	०	०	विद्युत	८	१६४	१७२	०	२	२	सक्रीय
४	ठूलो प्रगतिशिल ग्रा.वि.सं.सं.लि.	५	०	०		४८	२०७	२५५	०	२	२	सक्रीय
५	सिम्रेनी ग्रा.वि.सं.सं.लि.	५	०	०	विद्युत	२०	२०	४०	०	१	१	सक्रीय
६	जनजागृति ग्रा.वि.सं.सं.लि.	५	०	०	विद्युत	१४	६३	७७	०	१	१	सक्रीय
७	साईबाबा ग्रा.वि.सं.सं.लि.	५	०	०	विद्युत	४५	३२७	३७२	०	२	२	सक्रीय
८	ओखरपुर ग्रा.वि.सं.सं.लि.	६	०	०	विद्युत	३७	७१	१०८	०	१	१	सक्रीय
९	हरियाली ग्रा.वि.सं.सं.लि.	७				५०	३६०	४१०	१	०	१	सक्रीय
१०	निरञ्जन ग्रा.वि.सं.सं.लि.	७	०	०				०		२	२	
११	सूनसूनिया ग्रा.वि.सं.सं.लि.	७	०	०		७३	३८४	४५७			०	३ वटा उद्योग
१२	प्रसेनी जनजागृति ग्रा.वि.सं.सं.लि.	८						०			०	
१३	धनसिंहपुर ग्रा.वि.सं.सं.लि.	८	०	०	विद्युत			०	१	१	२	सक्रीय
१४	न्यू जनसेवा ग्रा.वि.सं.सं.लि.	३	०	०	विद्युत र मलखाद खरिद, विक्री	५९	४०६	४६५	०	२	२	११ जना अन्य सदस्य
ङ. एकल, कृषि												
१	शान्ती नेपाल साना किसान स.सं.लि.	१	१३३३८४७	४७,९७,२०२	कृषि,व्यापार	१४२५	४५	१४७०	१३	५	१८	सक्रीय
२	नवदीप कृषि स.सं.लि.	१	६२५९५८	९५४०३६	कृषि,व्यापार	३१९	०	३१९	२	०	२	सक्रीय
३	टीकापुर कृषि स.सं.लि.	१	३५१०००	९१५०००	कृषि, लघु व्यापार	१९	२७	१	१	१	२	सक्रीय

क्र.सं.	सहकारीको नाम	वडा नं.	बचत	ऋण लगानी	लगानीको मुख्य क्षेत्र	सदस्य सङ्ख्या			प्रत्यक्ष रोजगारी			कैफियत
						महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
४	देउराली भञ्ज्याङ कृषि स.सं.लि.	१	१,०३,९०२	११,६९,८५०	कृषि	१६१	१२	१७३	१	०	१	सक्रीय
५	सफल कृषि स.सं.लि.	१	२२५९५०३	१९२९७६०	कृषि र व्यापार	३७	६८	१०५	१	१	२	सक्रीय
६	नवआर्दश कृषि स.सं.लि.	७	६७,१००	१,३५,०००	कृषि	१४	२७	४१	०	१	१	सक्रीय
७	सकृय महिला कृषि स.सं.लि.	७	१,००,८४०	२,९०,०००	कृषि	२०७	०	२०७	०	०	०	सक्रीय
८	दर्पण खाद्यान्न कृषि स.सं.लि.	७	१०१४९९	४३०००	आय आर्जन	२६	७	३३	०	०	०	सक्रीय
९	धनसिंहपुर खाद्यान्न कृषि स.सं.लि.	८	९,८९,४६७	११,६९,८५०	कृषि	८५	४०	१२५	१	०	१	सक्रीय
१०	जागरुक नागरिक कृषि स.सं.लि.	१	१४,००,०००	२,२३०,०००	कृषि	४८	८८	१३६	६	१	७	सक्रीय
११	सुनौलो भविष्य कृषि स.सं.लि.	२	३४६२६७	३५२२६१८	कृषि,घरायसी खर्च	१९९	२४	२२३	१	०	१	सक्रीय
१२	नमुना खाद्यान्न कृषि स.सं.लि.	२	३४३५	२१५०००	कृषि	७०	११	८१	०	०	०	सक्रीय
च. कृषि												
१	मानस कृषि स.सं.लि.	१	३२४४६६	३१९०३१८	कृषि र साना व्यवसाय	२०	७१	९१			०	सक्रीय
२	मौरिनिया कृषि स.सं.लि.	४	३,३४,३९७	१३,३०,०००	कृषि	२७	४	३१	१	०	१	सक्रीय
५. ग्रा.वि.,बचत तथा ऋण												
१	ॐ मनकामना ग्रा.वि.सं.सं.लि.	३	५०,००,०००	५०,३५,०८४	विद्युत,कृषि,व्यापार	४५	२०९	२५४	१	४	५	सक्रीय
२	पशुपति ग्रा.वि.सं.सं.लि.	३	१,६२,५४,१३०	१,१८,९९,१३७	विद्युत,व्यापार,कृषि	७१	३५३	४२४	४	२	६	सक्रीय
ज. दूग्ध उत्पादक												
१	टीकापुर युवा दूग्ध विकास स.सं.लि.	१	०	०	दूग्ध सङ्कलन			०			०	सक्रीय
२	उत्साहित महिला दूग्ध उत्पादन स.सं.लि.	३	३५००००	३०००००	कृषि,पशुपालन	३०	०	३०	०	१	१	सक्रीय
झ. कोओपरेभिस												
१	नवजीवन कोओपरेटिभ्स् लि	१	५३,३४,१०,०००	४१,६९,०००	व्यापार, कृषि, सेवा, उद्योग, विपन्न वर्ग	१४२०	२८३५	४२५५	२	१२	१४	सक्रीय

सं. नं.	सहकारीको नाम	वडा नं.	बचत	ऋण लगानी	लगानीको मुख्य क्षेत्र	सदस्य सङ्ख्या			प्रत्यक्ष रोजगारी			कैफियत
						महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
ञ. एकल, स्वास्थ्य												
१	सहिद स्मृति जनस्वास्थ्य स.सं.लि.	१	१७२९८७१	४४७५४९७	कृषि, व्यापार	१००	९९	१९९	१	१	२	सक्रीय
सम्पर्क नभएका सहकारीको विवरण												
१	कालीमाटी ग्रा.वि.सं.सं.लि.	८						०			०	सम्पर्क नभएको
२	मिलिजुली कृषि स.सं.लि.	१						०			०	
३	शिवनगर कृषि.स.सं.लि.	१						०			०	
४	टीकापुर महिला साना किसान स.सं.लि.	१						०			०	
५	परिर्वतन महिला कृषि स.सं.लि.	१						०			०	
६	सहकारी.सं.लि.	१						०			०	
७	निर्मल महिला दूग्ध स.सं.लि.	३						०			०	
८	घिया कृषि स.सं.लि.	३						०			०	
९	मिलन कृषि स.सं.लि.	६						०			०	
१०	लोक कल्याणकारी कृषि स.सं.लि.	६						०			०	
११	भगवान कृषि स.सं.लि.	६						०			०	
१२	नारायणपुर महिला साना किसान स.सं.लि.	७						०			०	
१३	सत्ती कृषि स.सं.लि.	७						०			०	
१४	छहारी महिला बहुउदेश्यीय स.सं.लि.	७						०			०	
१५	नवजागरण महिला कृषि स.सं.लि.	८						०			०	
१६	धनसिंहपुर महिला साना किसान स.सं.लि.	९						०			०	

स्रोत: उद्योग,व्यवसाय तथा सहकारी प्रवर्द्धन तथा उपभोक्ता हित संरक्षण उपशाखा, टीकापुर २०७५

आधारवर्ष सन् २०१५ मा सहकारीमा पहुँच भएको जनसङ्ख्या ५४% भएकोमा सन् २०३० सम्म ८०% पुऱ्याउने लक्ष्य राखिएको छ ९क्म्न्ड०। यस नगरपालिकामा पनि निक्षेप सङ्कलन अरबौं रुपैया पुगिसकेको र १२५ जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ भने यसका साथसाथै जनताको बचतलाई सुरक्षित नियमन र व्यवस्थापनमा उपयुक्त कदमहरू चाल्नुपर्ने देखिन्छ।


४.३.४ बैंकमा खाता भए/नभएको आधारमा परिवार सङ्ख्याको विवरण

यस नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारहरूमध्ये ११,२५७ अर्थात् ६०.०५ प्रतिशत घरपरिवारको बैंक खाता रहेको र बाँकी अर्थात् ७,३६३ अर्थात् ३९.५ प्रतिशत घरपरिवारको बैंक खाता रहेको देखिन्छ। ग्रामीण जनतालाई आधुनिक बैङ्किङ सुविधा प्रदान गर्न धेरै काम गर्नुपर्ने देखिन्छ। यसो गर्दा नागरिकले गर्ने सबै आर्थिक कारोबारको पूर्ण अभिलेख रहन्छ र राज्यद्वारा प्राप्त हुने विभिन्न सुविधाहरू बैङ्किङ प्रणालीबाट गर्दा त्यो लक्षित वर्गमा पुग्ने सुनिश्चितता समेत हुनजान्छ। राज्यलाई वित्तीय व्यवस्थापन गरी सम्पूर्ण जन साधारणहरूमा बैङ्किङ प्रति सकारात्मक धारणा विकास गर्न सहयोग पुऱ्याउनु पर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६८: बैंकमा खाता भए/नभएको आधारमा परिवार सङ्ख्याको विवरण

वडा नं.	बैंक खाता भएको घरधुरी		बैंक खाता नभएको घरधुरी		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	५,७५५	५८.६	४,०६८	४१.४	**९,८२३**
२	१,१०५	६६.९	५४६	३३.१	**१,६५१**
३	६१८	६२.९	३६५	३७.१	**९८३**
४	६९६	६९.९	२९९	३०.१	**९९५**
५	७१३	६८.०	३३६	३२.०	**१,०४९**
६	५४७	५१.३	५२०	४८.७	**१,०६७**
७	८०४	६१.१	५११	३८.९	**१,३१५**
८	५१३	५१.६	४८१	४८.४	**९९४**
९	५०६	६८.१	२३७	३१.९	**७४३**
जम्मा	**११,२५७**	**६०.५**	**७,३६३**	**३९.५**	**१८,६२०**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



४.४ व्यापार तथा उद्योग व्यवसाय

४.४.१ व्यापारिक केन्द्रहरूको विवरण



टीकापुर हाट बजार

कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसला, आदिले स्थानीय बजारको आवश्यकता पूर्ति गर्नुको साथै केही मात्रामा यिनले अन्य नगरपालिका तथा छिमेकी जिल्लाहरूको बजारको रूपमा सेवासमेत पुऱ्याई रहेका छन् । व्यापारिक बस्तुहरू हेर्दा दैनिक उपभोग्य बस्तुहरू मात्र उत्पादन र विक्री वितरण भई रहेको देखिन्छ । स्थानीय उत्पादन तथा आयातित उत्पादनहरूको बजारीकरण हुने गरेका प्रमुख बजार केन्द्रहरू निम्नानुसार छन् ।

तालिका नं. ६९: नगरपालिकाका प्रमुख बजार तथा व्यापारिक केन्द्रहरू

क्र. सं.	बजार तथा व्यापारिक केन्द्रको नाम	वडा नं.	मुख्य व्यापारिक बस्तुहरू
१	टीकापुर बजार	१	किराना, कस्मेटिक, हार्डवयर, होटल, फेन्सी, तरकारी पसल, आदि
२	झिलमिल चौराह, विजयनगर	२	किराना, कस्मेटिक, हार्डवयर, होटल, फेन्सी, तरकारी पसल, आदि
३	कटानपुर	३	किराना, कस्मेटिक, होटल, फेन्सी, तरकारी पसल, आदि
४	अस्नेरी	४	किराना, कस्मेटिक, हार्डवयरर, होटल, फेन्सी, तरकारी पसल, आदि
५	नूक्लीपुर	५	किराना, कस्मेटिक, होटल, फेन्सी, तरकारी पसल, आदि
६	नारायणपुर चौराह	६	किराना, कस्मेटिक, हार्डवयरर,होटल, फेन्सी, तरकारी पसल, आदि
७	सत्ति	७	किराना, कस्मेटिक, हार्डवयर, होटल, फेन्सी, तरकारी पसल, आदि
८	बटनपुर	८	किराना, कस्मेटिक, होटल, फेन्सी, तरकारी पसल, आदि
९	खक्रौला बजार	९	किराना, होटल, खूद्रा पसल
१०	झुंगा बजार	९	किराना, होटल, खूद्रा पसल

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५


४.४.२ सञ्चालकको लिङ्गअनुसार उद्योग तथा व्यवसायिक फर्मको विवरण

प्राप्त तथ्याङ्कअनुसार नगरपालिकामा सञ्चालनमा रहेका व्यापार, व्यवसायिक फर्म तथा कम्पनी सञ्चालकको लिङ्गका आधारमा जनसङ्ख्याको विश्लेषण गर्दा पुरुषको तुलनामा महिलाको स्वामित्वमा रहेका फर्महरूको सङ्ख्या आधाभन्दा पनि कम रहेको छ । तथ्याङ्कअनुसार नगरपालिका भर सञ्चालनमा रहेका १,६७८ फर्महरूमध्ये १,१३१ अर्थात् ६७.४ प्रतिशत फर्ममा पुरुषको स्वामित्व र ५४६ अर्थात् ३२.५ प्रतिशत फर्ममा महिलाको स्वामित्व रहेको देखिन्छ भने १ फर्मको मात्र स्वामित्व उल्लेख गरिएको छैन । त्यसो त महिलाका नाममा रहेका फर्महरूमा महिलाको नै भूमिका निर्णायक हुन्छ भन्न सकिँदैन वा पुरुषको नाममा रहेका फर्महरूमा महिलाको भूमिका पनि निर्णायक हुन सक्दछ । यद्यपि लैङ्गिक हिसाबले तथ्याङ्कको तुलनात्मक अन्तरमा देखिएको फराकिलोपनले व्यापारिक वा व्यवसायिक फर्महरू सञ्चालन गर्ने महिलाको सङ्ख्या पक्कै नै न्यून रहेको देखाउँछ । महिलालाई आर्थिक रूपले निर्णायक तहमा पुऱ्याउन सर्वप्रथम महिला उद्यमशीलता विकासका प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरी महिला सशक्तिकरणलाई केन्द्रमा राख्नुपर्दछ । अर्कोतर्फ तथ्याङ्कले व्यापार-व्यवसाय सञ्चालकमा महिलाको संलग्नता भने देखिएको सकारात्मक सङ्केत गरे पनि उनीहरूले सञ्चालन गरेका फर्मको प्रकृति कस्तो प्रकारको हो भन्ने स्पष्ट नभएकोले उनीहरूको आर्थिक स्थिति कति बलियो छ भनेर आँकलन गर्न भने सकिँदैन । उदाहरणका लागि यदि महिलाले सञ्चालन गरेका फर्महरू सामान्य सिलाइ-कटाई, तितौरा, अचार, बुनाइ, बुटिक, पार्लर आदि खालका रहेछन् भने यस प्रकारका व्यापारिक फर्महरूले चरम गरिबीबाट माथि उठ्न सहयोग पुऱ्याए तापनि महिलालाई आर्थिक हिसाबले वास्तवमै सबल भने बनाउँदैनन् । वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७०: उद्योग व्यवसाय सञ्चालकको लिङ्गअनुसार उद्योग/व्यवसायिक फर्मको विवरण

वडा नं.	पुरुष		महिला		उल्लेख नगरिएको		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	७७९	६७.७	३७०	३२.२	१	०.१	**१,१५०**
२	५६	६७.५	२७	३२.५			**८३**
३	३६	६४.३	२०	३५.७			**५६**
४	५५	७१.४	२२	२८.६			**७७**
५	१९	४१.३	२७	५८.७			**४६**
६	२५	८३.३	५	१६.७			**३०**
७	१०२	६५.८	५३	३४.२			**१५५**
८	२२	७५.९	७	२४.१			**२९**
९	३७	७१.२	१५	२८.८			**५२**
जम्मा	**१,१३१**	**६७.४**	**५४६**	**३२.५**	**१**	**०.१**	**१,६७८**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



४.४.३ सञ्चालकको उमेरसमूह अनुसार उद्योग/व्यवसायिक फर्मको विवरण


नगरपालिकामा सञ्चालनमा रहेका १६७८ व्यापारिक वा व्यवसायिक फर्महरूमध्ये सञ्चालकको उमेरसमूह अनुसार वर्गीकरण गर्दा सबैभन्दा बढी ३०-३४ वर्षको उमेर समूहका सञ्चालकहरूको स्वामित्वमा ३१७ अर्थात् १८.८९ प्रतिशत फर्महरू रहेका छन् । त्यसैगरी २५ देखि ४४ वर्षको उमेर समूह बिचमा मात्र १११२ अर्थात् ६६.२७ प्रतिशत फर्महरू रहेका छन् । २५ देखि ४४ वर्षको उमेर समूह उर्जावान उमेर समूह भएकोले स्वाभाविक रूपमा यस उमेर समूहका सञ्चालकहरू बढी देखिएका छन् । महत्वपूर्ण पक्ष भनेको यो उमेर समूहका कति जनसङ्ख्या यसप्रकारको उद्यमशीलतामा संलग्न छन् भन्ने हो । सम्पन्नता सूचकाङ्क र बेरोजगारीको तथ्याङ्क हेर्दा नगरपालिकामा व्यापक ढङ्गले उद्यमशीलता विकास, युवा स्वरोजगार तथा रोजगारी श्रृजनाका कार्यान्वयन योग्य कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ । वडागत हिसाबले हेर्दा वडा नं. १ मा २ वटा र वडा नं. ४ मा १ वटा फर्महरू बालबालिकाको नाम रहेको देखिन्छ ।

तालिका नं. ७१: सञ्चालकको उमेरसमूह अनुसार उद्योग/व्यवसायिक फर्मको विवरण

उमेर समूह	वडा नं.									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
१०-१४ वर्ष	२			१					१	४	०.२४
१५-१९ वर्ष	३	१	३		१		३			११	०.६६
२०-२४ वर्ष	७५	१२	४	१३	३	५	११	४	७	१३४	७.९९
२५-२९ वर्ष	१८३	१५	१०	१५	५	४	३०	२	७	२७१	१६.१५
३०-३४ वर्ष	२४२	१४	३	११	१२	४	१८	३	१०	३१७	१८.८९
३५-३९ वर्ष	२०५	१६	१२	१३	९	५	२४	५	१२	३०१	१७.९४
४०-४४ वर्ष	१५९	८	७	६	८	६	२१	४	४	२२३	१३.२९
४५-४९ वर्ष	९८	८	९	७	४	३	२१	४	५	१५९	९.४८

उमेर समूह	वडा नं.									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
५०-५४ वर्ष	८४	२	४	६	१	१	११	२	२	११३	६.७३
५५-५९ वर्ष	३५	२	१	३	२	१	५	२	२	५३	३.१६
६०-६४ वर्ष	३४	१	१		१		३	१	१	४२	२.५०
६५-६९ वर्ष	१८	२	१			१	४	१	१	२८	१.६७
७०-७४ वर्ष	५	१	१				४			११	०.६६
७५-७९ वर्ष	७	१		२				१		११	०.६६
जम्मा	**१,१५०**	**८३**	**५६**	**७७**	**४६**	**३०**	**१५५**	**२९**	**५२**	**१,६७८**	**१००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५




४.४.४ सञ्चालकको राष्ट्रियताका आधारमा उद्योग व्यवसायिक फर्मको विवरण

नगरपालिकामा सञ्चालनमा रहेका व्यापार-व्यवसायिक फर्महरूमध्ये राष्ट्रियताका आधारमा हेर्दा नेपालीको स्वामित्वमा ९८.३३ प्रतिशत, भारतियका नाममा १.४३ प्रतिशत र बाँकी अन्यमा छन् । यसर्थ धेरै सङ्ख्यामा वैदेशिक लगानीमा रहेका ठूला फर्महरू नगरपालिकामा नरहेको देखिन्छ । लगानी रहेका केही फर्महरूमा समेत भारतीयहरूको सीमित सङ्ख्यामा लगानी भएको र तेस्रोमा अन्य मुलुकका नागरिकहरूको संलग्नता झण्डै शुन्य भएको देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७२: सञ्चालकको राष्ट्रियताका आधारमा उद्योग व्यवसायिक फर्मको विवरण

वडा नं.	नेपाली	भारतीय	अन्य	उल्लेख नगरिएको	जम्मा
१	१,१३३	१५		२	**१,१५०**
२	८२		१		**८३**
३	५६				**५६**
४	७६	१			**७७**
५	४६				**४६**
६	२८	२			**३०**
७	१५०	४		१	**१५५**
८	२९				**२९**
९	५०	२			**५२**
जम्मा	**१,६५०**	**२४**	**१**	**३**	**१,६७८**
प्रतिशत	**९८.३३**	**१.४३**	**०.०६**	**०.१८**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



४.४.५ दर्ता भएका उद्योगहरूको वर्गीकरण (बहुउत्तरमा आधारित)


नगरपालिकामा दर्ता भएका व्यापारिक वा व्यवसायिक फर्महरूमध्ये सबैभन्दा बढी वाणिज्य कार्यालयमा दर्ता भएका फर्महरू ६७३, नगरपालिकामा दर्ता भएका ३६३, घरेलुमा दर्ता भएका १४४, कम्पनीमा दर्ता भएका ३६, उद्योगमा दर्ता भएका ८८ र अन्यमा २७६ रहेका छन् । तथ्याङ्कलाई हेर्दा वाणिज्यमा दर्ता हुने फर्मको सङ्ख्या सबैभन्दा धेरै हुनुले नगरपालिकामा व्यापारिक प्रकृतिका फर्महरू धेरै भएको र उत्पादनमुखी उद्योग, व्यवसाय वा कम्पनीमा दर्ता भएका फर्महरूको सङ्ख्या कम देखिन्छ। नगरपालिकाको अर्थतन्त्र बलियो बनाउन उत्पादनलाई सबैभन्दा बढी जोड दिई नगरपालिकामा उत्पादित बस्तुहरू अन्यत्र निर्यात गर्ने वातावरण बनाउनुपर्दछ। यसका लागि लगानी मैत्री वातावरण, सार्बजनिक, निजी साझेदारी, युवा उद्यमशीलता विकास कार्यक्रम, अभिमुखीकरण, तालिमजस्ता क्रियाकलापहरू सम्पूर्ण सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्यमा सञ्चालन गरिनुपर्दछ। वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७३: दर्ता भएका उद्योग/व्यवसायिक फर्मको वर्गीकरण (बहुउत्तरमा आधारित)

वडा नं.	घरेलु	कम्पनी दर्ता भएका	उद्योग	वाणिज्य कार्यालय	पालिका/ नगरपालिका	*अन्य	उल्लेख नगरिएको	जम्मा
१	१०६	२७	८०	५८८	३२५	२६४	२	**७३२**
२	८		१	८	१०	१		**२६**
३	१०	५		२	२			**१८**
४	५	१	१	२४	३	१		**२७**
५	६	१	२	९	७			**१५**
६	२		१	१६	१०			**२०**
७	३	२	२	२०	४	६		**३१**
८	३		१			१		**५**
९	१			६	२	३		**१२**
जम्मा	**१४४**	**३६**	**८८**	**६७३**	**३६३**	**२७६**	**२**	**८८६**
प्रतिशत	**१६.२५**	**४.०६**	**९.९३**	**७५.९६**	**४०.९७**	**३१.१५**	**०.२३**	**१००.००**

***माथि उल्लेखित दर्ता भएका उद्योगबाहेकसमिति तथा सङ्गठन, समुदाय आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



४.४.६ उद्योग व्यवसाय र व्यापारिक फर्महरू सञ्चालन भई रहेका घरहरूको स्वामित्वको प्रकार


नगरपालिकामा सञ्चालित उद्योग व्यवसायहरू सञ्चालन भई रहेका घरहरूमा स्वामित्वको प्रकारलाई हेर्दा सबैभन्दा बढी भाडाको घरमा ८३२ अर्थात् ४९.६७ प्रतिशत, आफ्नै घरमा ५७७ अर्थात् ३४.४५ प्रतिशत, भाडाको जमिनमा २२० अर्थात् १३.१३ प्रतिशत र अन्यमा ४६ अर्थात् २.७५ प्रतिशत फर्महरू सञ्चालनमा रहेको पाइयो । आफ्नै स्वामित्वमा घर वा जमिन नभए पनि लगानी गरी भाडामा लिएको घर वा जमिनमा व्यापार व्यवसाय सञ्चालन गर्नेको सङ्ख्या धेरै हुनुले व्यापार व्यवसाय सञ्चालन गर्न आफ्नै घर वा जमिनहुनु पर्दैन सीप, जाँगर र लगानी गर्ने वातावरण साथै, ऋणको सहजता र सुरक्षाजस्ता कुराहरू महत्वपूर्ण हुन्छन् भन्ने सङ्केत मिल्दछ । वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७४: उद्योग/व्यवसायिक फर्म सञ्चालन भई रहेका घरको स्वामित्व

वडा नं.	आफ्नो घर	भाडाको घर	भाडाको जमिन	*अन्य	उल्लेख नगरिएको	जम्मा
१	३१५	६६७	१५७	९	२	१,१५०
२	३४	२०	२	२७		८३
३	३७	१२	६	१		५६
४	४९	२४	४			७७
५	३२	८	६			४६
६	१२	१३	५			३०
७	७०	६४	१७	३	१	१५५
८	१२	८	९			२९
९	१६	१६	१४	६		५२
जम्मा	५७७	८३२	२२०	४६	३	१,६७८
प्रतिशत	३४.३९	४९.५८	१३.११	२.७४	०.१८	१००.००

***माथि उल्लेखित घरको स्वामित्वबाहेक सरकारी जमिन, गुठी, अतिक्रमण आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



४.४.७ सञ्चालित उद्योग/व्यवसायिक फर्मद्वारा मासिकरूपमा घर भाडा प्राप्त गर्ने घरपरिवारहरूको विवरण


नगरपालिकामा उद्योग व्यवसाय सञ्चालनमा रहेका ११०१ घरहरूमध्ये ४८२ घरहरू मासिक २००० भन्दा कम भाडा प्राप्त गर्दछन्, १५९ घरहरू रू. २,१०० देखि ३,००० सम्म भाडा प्राप्त गर्दछन्, १९५ घरहरूले ३००१ देखि ५००० को बिचमा भाडा प्राप्त गर्दछन् भने अन्य वडामा शुन्य र नगण्यबाहेक वडा नं. १ मा रहेको बजार केन्द्रमा रहेका अन्य घरहरूले ५००० देखि ५०,००० वा सोभन्दा माथि मासिक भाडा प्राप्त

गर्दछन् । तथ्याङ्कलाई हेर्दा यस प्रकारका व्यापार र व्यवसायीहरू फर्महरू वडा नं. १ बाहेक अन्य वडामा अत्यन्त कम छन् भने वडा १ मा समेत अत्यन्त न्यून मासिक भाडामा बस्ने व्यापारिक तथा व्यवसायिक फर्मको सङ्ख्या धेरै भएकोले यस नगरपालिकामा ठूला स्तरका उद्योग व्यवसायहरू न्यून सङ्ख्यामा मात्र रहेको सङ्केत मिल्दछ । वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७५: सञ्चालित उद्योग/व्यवसायिक फर्मद्वारा मासिकरूपमा घर भाडा प्राप्त गर्ने परिवारको विवरण

वडा नं.	रु.२००० भन्दा कम	रु.२१०० - रु.३०००	रु.३००१ - रु.५०००	रु.५००१ - रु.१००००	रु.१००००१ - रु.५०००००	रु.५००००० भन्दा बढी	थाहा नभएको	जम्मा	औषत मासिक भाडा रकम
१	२७३	१३२	१८९	१८१	५४	२	४	८३५	५,०६२.०३
२	४४	५						४९	१,२७५.५१
३	१४	१	१				३	१९	१,२०४.९५
४	२४	४						२८	१,३९६.४३
५	६	२	२		१		३	१४	२,७१३.८६
६	१४	४						१८	२,०९४.४४
७	७१	५	२	१			६	८५	१,४६८.०९
८	१३	१	१	१	१			१७	२,८२३.५३
९	२३	५					८	३६	१,३२४.५६
जम्मा	**४८२**	**१५९**	**१९५**	**१८३**	**५६**	**२**	**२४**	**१,१०१**	**४,२२१.१२**
प्रतिशत	**४३.७८**	**१४.४४**	**१७.७१**	**१६.६२**	**५.०९**	**०.१८**	**२.१८**	**१००.००**	

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



४.४.८ उद्योग तथा व्यवसायिक क्रियाकलपामा संलग्न व्यक्तिहरूको विवरण

नगरपालिकामा सञ्चालनमा रहेका व्यापारिक वा व्यवसायिक फर्महरूमा जम्मा ४,६०१ व्यक्तिहरू संलग्न छन् सञ्चालन र साझेदारहरूको सङ्ख्या १५५१ रहेको छ भने यी फर्महरूमा योगदान गर्ने परिवार सदस्य सङ्ख्या ११०४ रहेको छ । साथै यी फर्महरूमा काम गर्ने नियमित कर्मचारी सङ्ख्या १९४७ रहेको छ । नगरपालिकामा काम गर्न सक्ने १५ देखि ५९ वर्षसम्मको उमेर समूहमा कुल ४९,३७६ जनाको जनसङ्ख्या रहेपनि उद्योग, व्यवसाय आदिमा संलग्न व्यक्तिको सङ्ख्या अत्यन्त न्यून रहेको देखिन्छ । यस्तै स्थिति रहीरहे नगरपालिकाका घरपरिवारहरू थप गरिबीतर्फ धकेलिने सम्भावना रहेकोले बेलैमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरी उद्यमशीलता विकासतर्फ उन्मुख हुनु जरुरी छ । विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ७६: उद्योग तथा व्यवसायिक क्रियाकलापमा संलग्न व्यक्तिहरूको विवरण

वडा नं.	जम्मा व्यवसायिक फर्म	जम्मा संलग्न व्यक्ति	जम्मा प्रोपाइटर/सक्रीय साझेदार	योगदान गर्ने परिवार सदस्य सङ्ख्या	जम्मा नियमित कर्मचारी सङ्ख्या
१	१,१५०	३,६२९	१,२७८	८३४	१,५१८
२	८३	१७८	९३	२८	५७
३	५६	१३१	७६	३४	२१
४	७७	१८३	८२	६९	३२
५	४६	१०३	६४	५	३४
६	३०	९३	३२	१०	५१
७	१५५	३७२	१८०	३४	१५८
८	२९	१२३	३३	३७	५३
९	५२	१२९	५३	५३	२३
जम्मा	**१,६७८**	**४,९४१**	**१,८९१**	**१,१०४**	**१,९४७**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

४.४.९ व्यवसायिक फर्म तथा कम्पनीको प्रकृति


नगरपालिकामा सञ्चालनमा रहेका व्यवसायिक फर्म तथा कम्पनीहरूमध्ये बस्तुको विक्री गर्ने १२७१ अर्थात् ७१ प्रतिशत, सेवाको विक्री गर्ने २५९ अर्थात् १५.४७ प्रतिशत, बस्तुको उत्पादन गर्ने ५५ अर्थात् ३.२ प्रतिशत र अन्यमा ८९ अर्थात् ५.३२ प्रतिशत रहेका छन् । तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने व्यापारबाट मात्र आर्थिक सम्वृद्धि सम्भव हुँदैन किनकी व्यापारमा विदेशमा उत्पादित वा देशका अन्य भागमा उत्पादित बस्तुहरूको किनबेच मात्र हुन्छ । नगरपालिकाको अर्थतन्त्रलाई सबल बनाउन नगरपालिकाभित्र नै उत्पादन हुने खालका बस्तुहरूको उत्पादन तथा त्यस्ता बस्तुहरूको निर्यातलाई विशेष जोड दिनुपर्दछ । त्यस्ता बस्तुहरूको उत्पादन स्थानीय स्रोत र साधनमा आधारित हुनुपर्दछ । तथ्याङ्कलाई हेर्दा यस प्रकारका बस्तु उत्पादन गर्ने उद्योगहरूको सङ्ख्या सबैभन्दा कम हुनुले नगरपालिकाको अर्थतन्त्र सबल हुने सम्भावना न्यून देखिएकोले यसतर्फ नगरपालिका र सम्बन्धित सरोकारवालाहरूले ध्यान दिनु नितान्त जरुरी छ । विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ७७: व्यवसायिक फर्म तथा कम्पनीको प्रकृति

वडा नं.	बस्तुको विक्री	सेवाको विक्री	बस्तुको उत्पादन	*अन्य	उल्लेख नगरिएको	जम्मा
१	८८३	१७७	३५	५२	३	**१,१५०**
२	५८	२०	१	४		**८३**
३	४६	८	२			**५६**
४	५८	४	२	१३		**७७**
५	३७	८	१			**४६**
६	२६	३	१			**३०**
७	१०१	२७	११	१५	१	**१५५**
८	२२	५	२			**२९**
९	४०	७		५		**५२**
जम्मा	**१,२७१**	**२५९**	**५५**	**८९**	**४**	**१,६७८**
प्रतिशत	**७५.७४**	**१५.४४**	**३.२८**	**५.३०**	**०.२४**	**१००.००**

***माथि उल्लेखित व्यवसायिक फर्म तथ कम्पनीको प्रकति बाहेक बस्तु साटा-साट, ओसार पसार, इन्सिटचुयसनल आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



खण्ड ५ : कृषि तथा पशुपालन

५.१ कृषि

राष्ट्रिय कृषि नीति २०६१ मा देशमा भौगोलिक विविधताले उपलब्ध गराएको अवसर, कृषकहरूको लामो समय देखिको विशिष्ट अनुभव र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दीगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा कायम गर्न सकिने सम्भावना रहेको औंल्याइएको छ। तथापि कृषि उर्वर भूमिको अवैज्ञानिक प्रयोग, प्राकृतिक प्रकोपहरूको भूमिमा पर्ने असरहरू, कृषि श्रम र सीप हुनेहरूमा कृषि योग्य भूमिको पहुँच नहुनु र पहुँच हुनेहरूले भूमिको प्रयोग गर्न नसक्नु, कृषि क्षेत्रको विकासका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था हुन नसक्नु नेपालमा कृषि क्षेत्रका मुख्य समस्या र चुनौती रहेको राष्ट्रिय कृषि नीति २०६१ को पृष्ठभूमिमै स्पष्ट उल्लेख गरिएको छ। यो समग्र राष्ट्रको कृषि क्षेत्रको आम समस्या भएकोले यस नगरपालिकाको हकमा समेत लागु हुन्छ। नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कुल गार्हस्थ्य उत्पादनमा प्रमुख हिस्सेदार भई देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ। ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रूपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरू फलफुल, पशुपक्षी, मत्स्य,सिँचाइ साथै कृषि उत्पादन र क्षेत्रफलसम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्ककको क्षेत्रभित्र पर्ने भए तापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषिसम्बन्धी सूचना तथा तथ्याङ्ककको प्रमुख स्रोतको रूपमा कृषि भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

आर्थिक सर्भेक्षण २०७४/७५ अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७.६ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसङ्ख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेका छन्। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरू हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाइ सडक, बिजुली, सञ्चार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रूपमा स्थापित गर्नु पनि चुनौतिको रूपमा रहेको छ।

मुलकको अधिकांश जनताको रोजगारी, आयआर्जन र जिविकोपार्जनको मुख्य क्षेत्र नै कृषि हो। परम्परागत, जीवन निर्वाहमुखी कृषि क्षेत्रमा आधुनिक तथा व्यवसायिकिकरण गर्न आवश्यक छ। कृषि क्षेत्रको विकास र प्रबर्द्धन गर्न तात्कालीन कृषि मन्त्रालयले देहायको रणनीति तथा कार्यक्रमहरू ल्याएको छ।

रणनीति

- कृषि जन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नेतर्फ कार्यक्रम केन्द्रीत गर्ने,
- स्थान विशेषको सम्भाव्यता, तुलनात्मक लाभ एवं प्राथमिकताको आधारमा बाली, बस्तु विशेषका पकेट क्षेत्रहरूको विकास गरी व्यवसायिक एवं प्रतिस्पर्धी कृषि प्रणालीको विकास गर्ने,
- विकसित पकेट क्षेत्रहरूलाई क्रमिक रूपमा (Agricultural Growth Center) मा रूपान्तरण गर्ने र यसको लागि आवश्यक स्रोत केन्द्रहरूको विकास गर्ने,

- समावेशी र सामाजिक न्यायको आधारमा, सामाजिक, भौगोलिक तथा आर्थिकरूपमा पिछडिएको समुदायलाई कृषि विकासको मूलप्रवाहमा समावेश गर्न प्राथमिकता दिने र उत्पादनशील रोजगारीका अवसरहरू बढाई गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने,
- कृषि विकास कार्यक्रमहरूलाई विश्व व्यापार सङ्गठन एवं क्षेत्रीयस्तरका व्यापार सम्झौताहरूबाट प्राप्त अवसरहरूको अधिकतम लाभ लिनेतर्फ उन्मुख गराउने,
- (Institutional Pluralism) सार्वजनीक-निजी साझेदारी अवधारणा (PPP) अनुरूप निजी, सहकारी, सरकारी, गैह्रसरकारी तथा सामुदायिक संघ/संस्थाहरूलाई साझेदार निकायको रूपमा अङ्गीकार गरी प्रभावकारी सेवा प्रवाहमा व्यापकता ल्याउने,

नगरपालिकाको २०७५/०७६ लिएका कृषि निति तथा कार्यक्रम

- कृषि क्षेत्रको विकास र प्रवर्द्धनका लागि कृषि प्रणालीमा आधुनिकीकरण ल्याउनुको साथै फलफुल खेतीलाई प्रोत्साहन गरिनेछ ।
- कृषि उत्पादनमा वृद्धि गरी नगर क्षेत्रका सम्भावित स्थानहरूमा हाटबजार, कृषि उपज केन्द्र स्थापना र बाह्य बजारको प्रवर्द्धन गरिनेछ ।
- कृषि उत्पादन अभिवृद्धि एवं बजार प्रवर्द्धधनका लागि टेवा पुऱ्याउने, प्राङ्गारिक खेतीलाई प्रवद्धन गर्ने, स्थानीय जडिबुटी प्रयोगमा ल्याइ चेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिने छन् ।
- स्थानीय स्तरमा रोजगारी अभिवृद्धि गर्न मसौमी बेमौसमी तरकारी खेती, केरा खेती, फलफुल खेती, खाद्यान्न वाली, गोव्रे च्याउ खेती, कन्ये च्याउ खेती, माछापालन जस्ता व्यवसायिक कृषि कार्यक्रम सञ्चालनलाई प्रोत्साहन गरिनुका साथै कृषि विमा कार्यक्रम र माटो परीक्षण कार्यक्रमहरूलाई आगामी आ.व.मा पनि निरन्तरता दिदै माटो सुधारका लागि हरियो मल कार्यक्रम ल्याउने र प्रबर्धन गरिनेछ ।
- कृषिका कार्यक्रमहरू कृषक समूह वा सहकारी मार्फत् कृषकको माझमा लैजाने, महिला कृषक समूहहरूलाई बढी सक्रीय बनाउने र बिउ विजन उत्पादनको कार्यक्रम ल्याई बिउ बिजन आपूर्ति गरिनेछ
- कृषिमा आधुनिकीकरण ल्याउन एक वडा एक उत्पादनको अवधारणा, बाली विकास कार्यक्रम विकासका साथै साना सिँचाइ तथा अन्य मेसनरी औजार प्रयोगमा ल्याउन कार्यक्रम सञ्चालन गरिनेछ ।
- अर्गानिक खेती तथा व्यवसायिक खेती गर्ने किसानहरूलाई प्रोत्साहित गरिनुका साथै उत्कृष्ट कृषक/समूह/सहकारी कृषकहरूलाई पुरस्कारको व्यवस्था गर्ने नीति लिइनेछ ।
- प्रदेशअनुसार कृषि पकेट क्षेत्र/जोन सञ्चालन,युवा लक्षित कार्यक्रम,उत्कृष्ट कृषक पुरस्कार,

व्लक सञ्चालन,व्यवसायिक कृषि तथा व्यापार आयोजना (PACT) जस्ता कार्यक्रम लिदै कृषि क्षेत्रको विकास तथा प्रवर्द्धन नीति तथा कार्यक्रमहरूसँगै कृषि क्षेत्रको व्यवसायिकता थपिँदै गएको देखिन्छ । ग्रामीण तथा शहरी क्षेत्रहमा व्यवसायिक कृषि फार्महरूको तथा कृषकहरूको संलग्नतामा सुधार भएको देखिन्छ ।

५.१.१कृषिजन्य बालीसम्बन्धी विवरण

भौगोलिक असमानताले विभिन्न स्थानहरूमा लगाउने बाली तथा उत्पादन फरक फरक हुनुको साथै लगाउने समय पनि भिन्न रहेको छ । टीकापुर नगरपालिकामा पनि अधिकांश मानिसहरू कृषिमा संलग्न रहेका छन् । यस नगरपालिकामा लगाईने बालीको क्षेत्रफल र उत्पादनसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

(क) हिउँदे बाली

नगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा आलु, भटमास, तोरी, उखु, मसला बाली आदि रहेका छन् ।

(ख) वर्षे बाली

नगरपालिकाका प्रमुख वर्षे बालीहरूमा धान, मकै, दलहन, भटमास, मास, आलु, कागती, केरा, मसला बाली, अदुवा आदि छन् ।

तालिका नं. ७८: कृषिजन्य उत्पादनसम्बन्धी विवरण

बाली	उत्पादन (क्विन्टलमा)	खेती गरिएको जग्गको (क्षेत्रफल हेक्टरमा)		
		जम्मा क्षेत्रफल	सिंचित क्षेत्रफल	असिंचित क्षेत्रफल
अन्नबाली				
धान	३८३३७२	८७१३	६२७५	१२५१
मकै	५२५०	एकिन नभएको		
गहुँ	१८४५००	४५००		
कोदो				
अन्य				
दलहन				
दाल				
रहर	२२५०	१५		
मुसुरो	२३७७५	१५८५		
चना	एकिन लगत नराखेको	एकिन लगत नराखेको	एकिन लगत नराखेको	एकिन लागत नराखेको
सिमि	एकिन लगत नराखेको	एकिन लगत नराखेको	एकिन लगत नराखेको	एकिन लागत नराखेको
भटमास	एकिन लगत नराखेको	एकिन लगत नराखेको	एकिन लगत नराखेको	एकिन लागत नराखेको
अन्य	एकिन लगत नराखेको	एकिन लगत नराखेको	एकिन लगत नराखेको	एकिन लागत नराखेको
तेलहन				
तोरी /सर्स्यु	२२०५०	१५७५	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
आलस/तिल	३००	२५	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
सुर्यमुखी	६०	५	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
अन्य				
तरकारी				
आलु	३१९५०	२१३	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
बन्दा/काउली/ रायो	१००००	५०	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
बोडी	४५०	५	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
गोलभेँडा	३१५०	१५	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको

बाली	उत्पादन (क्विन्टलमा)	खेती गरिएको जग्गको (क्षेत्रफल हेक्टरमा)		
		जम्मा क्षेत्रफल	सिंचित क्षेत्रफल	असिंचित क्षेत्रफल
काँक्रो, लौका, फर्सी	२५०००	१००	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
परबल, कुन्द्रुक			तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
करेला, घिरौंला, चिचिण्डो	१००००	५०	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
अन्य			तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
नगदेबाली				
अदुवा/बेसार	२५००	१०		१०
प्याज/लसुन	१५००	१०	१०	
च्याउ	१५०	०.५	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
अन्य	५०००	१००	तथ्याङ्क नभएको	तथ्याङ्क नभएको
फलफुल				
आँप/लिचि				
केरा/मेवा	२००	२	१	१
सुन्तला/कागती	७५००	३००	३००	
अमिलो जात	१००	२		२
स्याउ/आरुबखडा	५०	०.५		०.५
किवि				
अन्य				

स्रोत: कृषि सेवा कार्यालय, टीकापुर २०७५

५.१.२ कृषि बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफुल आदि नै मुख्य रूपमा रहेको छ । सामान्यतया धानमा ब्लास्ट, खैरो थोप्ले, फेद कुहिने रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरेजस्ता रोगहरू देखिन्छन् । यसैगरी मकैमा डाँठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिनेजस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन् । फलफुलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदि रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन् । मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. ७९: बालीमा लाग्ने रोग विवरण

क्र.सं.	बाली	प्रमुख शत्रु जीव	प्रमुख रोग
१	धान	गवारो किरा, पटेरो	ब्लास्ट रोग, खैरा रोग, लिफ बलाइट
२	मकै	गवारो किरा र खुम्रे किरा	घोका कुहिने रोग, ध्वाँसे रोग
३	तरकारी	गवारो किरा, रातो खपटे, लाही किरा, औंसा किरा, फेद कटुवा	दढुवा रोग, ओइलाउने रोग, डाउनी मिल्डुउ, पाउडरी मिल्डुउ

स्रोत: कृषि सेवा कार्यालय, टीकापुर २०७५

५.१.३कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

कृषि प्रविधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन टीकापुर नगरपालिकामा रहेका कृषिसेवा केन्द्रहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ८०: कृषि तथा पशु सेवा केन्द्रको विवरण

वडा नं.	कृषि सेवा केन्द्र		पशु सेवा केन्द्र		अन्य विवरण
	भवनको सङ्ख्या	भवनको अवस्था	भवनको सङ्ख्या	भवनको अवस्था	
१	१	राम्रो	१	राम्रो	

स्रोत: कृषि सेवा केन्द्र कार्यालय, टीकापुर २०७५

५.१.४ बाली पात्रो

नेपालको भौगोलिक विविधताको कारण विभिन्न क्षेत्रहरूमा लगाईने बालीहरू र लगाउने समय फरक फरक पाईन्छ । यस्तै एउटै ठाउँको माथिल्लो मध्य र तल्लो भागमा पनि बाली लगाउने र बालीको भिन्नता पाईन्छ । यस टीकापुर नगरपालिकाको बालीको समयअनुसार बाली पात्रोको विवरण तल तालिकामा देखाइएको छ ।

तालिका नं. ८१: बाली पात्रो

क्षेत्र	बाली	लगाउने समय		बाली लिने समय	
		खेत	पाखो	खेत	पाखो
उच्च भाग	मकै		फागुन-बैशाख		भदौ-असोज
	गहुँ		असोज-मंसिर		चैत-बैशाख
	वर्षे आलु		फागुन-चैत		जेठ-श्रावण
	सिमी		बैशाख-असार		भदौ-कार्तिक
	भटमास		जेष्ठ-असार		असोज-मंसिर
मध्य भाग	धान	बैशाख-श्रावण		असोज मंसिर	
	गहुँ	कार्तिक -मंसिर	असोज-मंसिर	चैत-बैशाख	चैत-बैशाख
	मकै	फागुन-चैत	फागुन-चैत	असार-श्रावण	श्रावण-भदौ
	आलु	कार्तिक -मंसिर	कार्तिक -मंसिर	फागुन -चैत	फागुन -चैत
	तोरी	असोज -कार्तिक	असोज -कार्तिक	मंसिर-चैत	फागुन -चैत
	भटमास	जेठ-असार	जेठ-असार	कातिक-मंसिर	मंसिर-चैत
तल्लो वेसी	धान	बैशाख-श्रावण		असोज-मंसिर	
	गहुँ	कार्तिक -मंसिर	असोज-मंसिर	चैत-बैशाख	चैत-बैशाख
	मकै		चैत-बैशाख		श्रावण-भदौ
	आलु	कार्तिक -मंसिर	असोज-मंसिर	फागुन-चैत	पुस-माघ
	तोरी	असोज -कार्तिक	असोज-कार्तिक	मंसिर-चैत	फागुन-चैत

स्रोत: कृषि सेवा कार्यालय, टीकापुर २०७५

५.१.५ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठित रूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका छन्। नगरपालिकामा विभिन्न बजारहरूबाट कृषि लगायत अन्य बस्तुहरूको (तरकारी, आलु, फलफुल तथा दैनिक उपभोग्य अन्य बस्तुहरू) बजारीकरण हुने गरेको देखिन्छ। नगरपालिकामा लाग्ने कृषि बजारहरू सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ८२: कृषि बजारसम्बन्धी विवरण

क्र.सं.	कृषि बजारको नाम	बजारको किसिम	ठेगाना (वडा नं. सहित)	पूर्वाधारहरू	कारोबार हुने प्रमुख बस्तुहरू
१	कृषि उपज हाटबजार	खुद्रा बजार, सङ्कलन केन्द्र	टीकापुर १	भएको	तरकारी, फलफुलहरू
२	कृषि उपज हाटबजार	खुद्रा बजार, सङ्कलन केन्द्र	टीकापुर ७, सत्ती	भएको	तरकारी, फलफुलहरू
३	कृषि खुद्रा बजार	खुद्रा बजार	टीकापुर १,खुल्लामञ्च	नभएको	तरकारी, फलफुलहरू
४	कृषि खुद्रा बजार	खुद्रा बजार	टीकापुर ६, नारायणपुर	नभएको	तरकारी, फलफुलहरू
५	कृषि खुद्रा बजार	खुद्रा बजार	टीकापुर ८, वटनपुर	नभएको	तरकारी, फलफुलहरू

स्रोत: कृषि सेवा कार्यालय, टीकापुर २०७५

५.१.६ कृषि पकेट क्षेत्रको विवरण

पकेट क्षेत्र भन्नाले राष्ट्रिय आवश्यकता र स्थानीय संभाव्यताका आधारमा तोकिएको बाली/ बस्तुमा न्यूनतम १० हे. जमिनमा जिल्ला स्तरमा सञ्चालन गरेको साना व्यवसायिक उत्पादन केन्द्रलाई बुझिन्छ। यसको प्रमुख उद्देश्य पकेटमा समावेश गरिएका बाली/बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुको साथै पकेट क्षेत्रमा मौसमी रोजगारी सिर्जना गर्नु हो। तकालीन कृषि मन्त्रालयले स्थानीय संभाव्यताको आधारमा सडकको पहुँच, सिँचाईको उपलब्धता, विद्युतको उपलब्धता, तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको एउटै कोरिडोरमा रहेको कृषि बाली/व्यवसायिक उत्पादन क्षेत्रलाई कृषि पकेट क्षेत्र भनि परिभाषा गरेको थियो। कृषि विकास मन्त्रालयले परिवर्तित नेपालको संरचनाअनुसार७ प्रदेशमा सम्भावित व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) निर्धारण गरेको छ। हिमाल, पहाड, तराई र हिमाली जिल्लाहरूमा बालीको प्रकृतिअनुसार सार्वजनिक/निजी साझेदारीमा पकेट क्षेत्र घोषणा भईरहेको छ। राष्ट्रियस्तरमा कृषि क्षेत्रको विकास गर्न पकेट क्षेत्र अवधारणाअनुसार कृषि उत्पादन बढाउने लक्ष्य राखिएको छ।

टीकापुर नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको सङ्ख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ। यस नगरपालिकामा रहेका पकेट क्षेत्रको विवरण निम्नअनुसार रहेको छ।

तालिका नं. ८३: कृषि पकेट क्षेत्रको विवरण

क्र. सं.	व्यवसायिक पकेट क्षेत्र	पकेट क्षेत्र	ठेगाना (वडा नं. सहित)
१	धान पकेट क्षेत्र	वनगाउँ, बिचपुरुवा	वडा नं. १
२	च्याउ पकेट क्षेत्र	शिवनगर	वडा नं. १
३	तरकारी व्यवसायिक पकेट क्षेत्र	कटानपुर	वडा नं. ३
४	तरकारी व्यवसायिक पकेट क्षेत्र	अम्बासा	वडा नं. ६
५	तरकारी पकेट क्षेत्र	दुर्जनपुर	वडा नं. ९
६	धान पकेट क्षेत्र	झुंगा	वडा नं. ९

स्रोत: कृषि सेवा कार्यालय, टीकापुर २०७५

५.१.७ कृषक उद्यमी तथा बचत समूह

तालिका नं. ८४: कृषक उद्यमी तथा बचत समूह

वडा नं.	उद्यमी र संस्थाको नाम र ठेगाना	लगानीका क्षेत्रहरू
१	विनोद साह, टीकापुर	केरा खेती
१	दीपेन्द्र चौधरी, टीकापुर	केरा खेती
२	नृप विष्ट, सीतापुर	केरा खेती
२	कमल रावत, बन्दीपुर	केरा खेती
२	काशीराम कार्की, बन्दीपुर	केरा खेती
३	खेमराज वि.क., गोलौरी	केरा खेती
३	आकाश कुँवर, गोलौरी	केरा खेती
५	केशवबहादुर कुँवर, कोठारपुर	केरा खेती
५	सत्यनारायण चौधरी, मनिकापुर	केरा खेती
५	रामबहादुर कुँवर, मनिकापुर	केरा खेती
५	कालु हमाल, झण्झटपुर	कृषि पर्यटन
६	टेकेन्द्र धामी, बेलुवा	केरा खेती
७	देवीराम कोइराला, बैदी	केरा खेती
८	शंकरबहादुर लोहार टीकापुर-८ वनगाउँ	केरा खेती
१	बलबहादुर चौधरी, बनगाउँ	तरकारी
१	मानबहादुर चौधरी, बनगाउँ	तरकारी
१	खुशीराम चौधरी, बनगाउँ	तरकारी
१	भरधनी चौधरी, बनगाउँ	तरकारी
२	गुलाबी चौधरी, बन्दिपुर	तरकारी
२	रामदुलारी चौधरी, बन्दिपुर	तरकारी
३	मीना चौधरी, कटानपुर	तरकारी
३	देशरानी चौधरी, कटानपुर	तरकारी
३	सुशीला भट्टराई, घिया	तरकारी
३	लहानु चौधरी, कटानपुर	तरकारी

४	चुन्नुलाल चौधरी, छेकरखैला	तरकारी
४	विश्वराज चौधरी, इन्द्रैया	तरकारी
५	दशीराम चौधरी, मनिकापुर	तरकारी
७	धर्मराज चौधरी, सत्ती	तरकारी
८	कृष्णगोपाल चौधरी, वनगाउँ	तरकारी
९	राजु चौधरी, दुर्जनपुर	तरकारी
१	पार्वती चौधरी, ब्लक नं. २४	च्याउ
१	सूर्या भट्टराई, व्यवसाय क्षेत्र	च्याउ
२	गुलाबी चौधरी, बन्दिपुर	च्याउ
२	रामदुलारी चौधरी, बन्दिपुर	च्याउ
३	सीता चौधरी, कटानपुर	च्याउ
४	अमृता जैशी, बाघमारा	च्याउ
१	सीताराम चौधरी, बनगाउँ	फुलखेती

स्रोतः स्रोतः कृषि सेवा कार्यालय, टीकापुर २०७५

माथिको तालिकामा यस नगरपालिकामा उत्पादन र बजारीकरणको दृष्टिकोणबाट अन्य बालीभन्दा केराखेती र तरकारी खेतीमा कृषकको आकर्षण रहेको देख्न सकिन्छ।

५.१.८ कृषि तथा पशुसँग सम्बन्धित सामुदायिक, सहकारी फर्म वा संस्था

यस नगरपालिकामा व्यवसायिक रूपमा कृषि तथा पशुपालन कार्यको सुरुवात भएको छ। केही स्थानमा यस्ता व्यवसायिक फर्महरूको स्थापना भए पनि ग्रामीण क्षेत्रमा भने आफ्नो प्रयोजनको लागि आफै उत्पादन गर्ने गरेको पाइन्छ। व्यवसायिक रूपमा गरएको आधुनिक कृषि तथा पशुपालन व्यवसायबाट नगरपालिकामा प्रसस्त मुनाफा कमाउन सकिने सम्भावना यस नगरपालिकामा रहेको छ। यस नगरपालिकामा रहेका कृषि तथा पशुसँग सम्बन्धित सामुदायिक, सहकारी फर्म वा संस्थाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ८५: कृषि तथा पशुसँग सम्बन्धित सामुदायिक, सहकारी फर्म वा संस्थाहरूको विवरण

क्र. सं.	कृषि/पशु सामुदायिक, सहकारी फर्म वा संस्थाको नाम	वडा नं.	ठेगाना	संस्था सञ्चालकको नाम र अनुभव विवरण	संस्थाको अवस्था
१	किसान विजवृद्धि सहकारी संस्था लि.	१	टीकापुर	खुशीराम चौधरी	सञ्चालन
२	कृषक सहकारी संस्था लि.	१	टीकापुर	गणेश कडायत	सञ्चालन
३	जमुना सहकारी संस्था लि.	१	टीकापुर	जितबहादुर चौधरी	सञ्चालन
४	केमन व्यवसायी गाई	१	टीकापुर	चक्र बहादुर बटाला	सञ्चालन
५	दक्षिणकाली भैंसी फर्म	१	टीकापुर	शान्ति जैशी	सञ्चालन
६	बनगाउ भैंसी फर्म	१	बनगाउ	ठगेन्द्र बहादुर चौधरी	सञ्चालन
७	जी एस बहुउद्देश्यीय कृषि फर्म	१	टीकापुर	गणेश बहादुर कठायत	सञ्चालन
८	आर्यन भैंसी फर्म	१	टीकापुर	पार्वति सिंह	सञ्चालन
९	बेसी गाई भैंसी फर्म	१	टीकापुर	ललित बहादुर थापा	सञ्चालन
१०	महालक्ष्मी खरायो फर्म	१	टीकापुर	सिता खनाल अधिकारी	सञ्चालन

११	एलिसा बंगुर फर्म	१	टीकापुर	मोतिराम पुनमगर	सञ्चालन
१२	हर्क बंगुर पालन फर्म	१	टीकापुर	कट्क बहादुर थापा	सञ्चालन
१३	महुन्याल भैंसी फर्म	१	टीकापुर	ईश्वरी देवी जैसी	सञ्चालन
१४	राज बंगुर पालन फर्म	१	टीकापुर	खेमराज जैशी	सञ्चालन
१५	कल्पना बाखा पालन फर्म	१	टीकापुर	कल्पना शाही	सञ्चालन
१६	समीना भैंसी फर्म	२		चन्द्रकला घर्तिमगर	सञ्चालन
१७	सिमान्कन गाई भैंसी फर्म	३		सिता चौधरी	सञ्चालन
१८	प्रगतिशिल कृषि पशुपालन			दिनेश लुहार	सञ्चालन
१९	साउद कृषि फर्म			दिपक बहादुर साउद	सञ्चालन
२०	उज्यालो बहुउद्देश्यीय सहकारी संस्था लि.	७	टीकापुर	शेरसिंह रिजाल	सञ्चालन
२१	सामुदायिक कृषि सहकारी संस्था लि.	७	टीकापुर	नाम उल्लेख नभएको	सञ्चालन
२२	गंगा भैंसी फाम	८		तिलक बोहरा	सञ्चालन
२३	नवदुर्गा गाई भैंसी फर्म	८		इन्द्र बहादुर महर	सञ्चालन
२४	धनसिंहपुर कृषि सहकारी संस्था लि.	९	टीकापुर	दीर्घ ठकुल्ला	सञ्चालन

स्रोत: कृषि सेवा कार्यालय, टीकापुर २०७५

तालिका नं. ८६: कृषि तथा पशुसँग सम्बन्धित समूहहरूको विवरण

वडा नं.	कृषक समूह			पशुपालन समूह			एग्रोमेट/बिउ बिजन केन्द्र/घाँस उत्पादन केन्द्र/दाना उत्पादन केन्द्र	कोल्डस्टोर/ रस्टीक स्टोर केन्द्र	कम्पोष्ट तथा जैविक मल उत्पादन केन्द्र
	समूह सङ्ख्या	सदस्य सङ्ख्या		समूह सङ्ख्या	सदस्य सङ्ख्या				
		महिला	पुरुष		महिला	पुरुष			
१	४४	७४८	३८२	२७	५१७	१४२	१५	०	०
२	१७	२८९	१३६	१३	३१६	१००	१	०	०
३	२२	३७४	१७६	४	१०७	२	२	०	०
४	२२	३७४	१७६	१	२५	०	२	०	०
५	२१	३५७	१६८	९	१६७	०	०	०	०
६	१७	२८९	१३६	२	४०	३५	२	०	०
७	२३	३९१	१८४	२	४५	०	१	०	०
८	१९	३२३	१५२	२	११	२२	०	०	०
९	२०	३४०	१६०	०	०	०	२	०	०
जम्मा	**२०५**	**३४८५**	**१६४०**	**६०**	**१२२८**	**३०१**	**२५**	**०**	**०**

स्रोत: कृषि सेवा कार्यालय, टीकापुर २०७५

५.१.९ कृषि प्रयोजनको लागि जग्गा/जमिन भए/नभएको आधारमा परिवारको विवरण

नगरपालिकामा कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको सङ्ख्या ६,६८५ मध्ये सिँचाई सुविधा हुने परिवार सङ्ख्या ४,४८० र सिँचाई सुविधा नभएको जमिन हुने परिवार सङ्ख्या १,३५३ रहेको छ । सबै कृषि प्रयोजनको जमिन हुने परिवारले कृषि कर्म गरेको छैनन् भने कृषि प्रयोजनको जमिन नहुने परिवारले पनि अरुको जमिनमा खेती गर्ने गरेका छन् । नेपालको संविधानको धारा ४३ को उपधारा ४ मा "प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यमा लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बिउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।" भनि उल्लेख गरेको छ । मूलत यस तथ्याङ्कले कृषि प्रयोजनको जमिनको पूर्णरूपमा सदुपयोग भई दीगो उत्पादनशील काममा प्रयोग भएको छ कि छैन भन्ने कुरालाई इङ्गित गर्दछ । पहिलो कुरा वास्तविक कृषि कर्ममा संलग्न परिवारले जमिनको सही सदुपयोग गर्न पाउनु पर्दछ भने दास्रो कृषि योग्य जमिनलाई जमिनको स्तरअनुसार बालीनालीलाई सदुपयोग गर्नु पर्दछ । असिञ्चित जमिनको क्षेत्रफल पनि बढी हुनु र सिञ्चित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा खाद्यान्न, तरकारी र अन्य कृषिजन्य उपजहरू आयात गर्नुपर्ने हुन्छ । यसले परनिर्भरता बढाउँछ । तसर्थ नगरपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रवर्द्धन गर्न सकिन्छ । अर्कोतर्फ सिँचाई सुविधा नपुगेको कृषि योग्य जमिनमा सुविधा पुऱ्याउन पहल गर्नुपर्ने देखिन्छ । सिँचाई सुविधा पुग्न नसक्ने स्थानहरूमा डालेघाँस, फलफुल खेती वा कृषिका कम सिँचाई वा सिँचाई आवश्यक नपर्ने वैकल्पिक उत्पादन हुने विधिहरू अपनाई जमिनको सदुपयोग गर्न सकिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ८७: कृषि प्रयोजनको लागि जग्गा/जमिन भए/नभएको आधारमा परिवारको विवरण

वडा नं.	कृषि प्रयोजनका लागि जमिन भएको		कृषि प्रयोजनका लागि जमिन नभएको		जम्मा परिवार सङ्ख्या
	परिवार सङ्ख्या	प्रतिशत	परिवार सङ्ख्या	प्रतिशत	
१	१,७६२	१७.९	८,०६१	८२.१	**९,८२३**
२	६५१	३९.४	१,०००	६०.६	**१,६५१**
३	८०३	८१.७	१८०	१८.३	**९८३**
४	६१८	६२.१	३७७	३७.९	**९९५**
५	४१३	३९.४	६३६	६०.६	**१,०४९**
६	६१५	५७.६	४५२	४२.४	**१,०६७**
७	७९८	६०.७	५१७	३९.३	**१,३१५**
८	७४४	७४.८	२५०	२५.२	**९९४**
९	२८१	३७.८	४६२	६२.२	**७४३**
जम्मा	**६,६८५**	**३५.९**	**११,९३५**	**६४.१**	**१८,६२०**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

तालिका नं. ८८: प्रयोजनमा भोगचलन भएको जमिनमा सिँचाई सुविधासम्बन्धी विवरण

वडा नं.	कृषि प्रयोजनका लागि जमिन भएका वा भोग-चलन गर्ने परिवार सङ्ख्या	सिँचाई सुविधा भएको			सिँचाई सुविधा नभएको		
		कृषि प्रयोजनमा जमिनको उपयोग गर्ने परिवारको सङ्ख्या	जम्मा क्षेत्रफल (हेक्टरमा)	प्रति परिवार औषत जमिनको क्षेत्रफल (हेक्टरमा)	कृषि प्रयोजनमा जमिनको उपयोग गर्ने परिवारको सङ्ख्या	जम्मा क्षेत्रफल (हेक्टरमा)	प्रति परिवार औषत जमिनको क्षेत्रफल (हेक्टरमा)
१	१,७६२	१,०९८	५७०.०४८	०.५१९	२२५	११६.९९२	०.५२०
२	६५१	५२५	३८५.८४६	०.७३५	१०४	१३४.२६५	१.२९१
३	८०३	६४५	४८३.८६७	०.७५०	२३८	१७४.७१३	०.७३४
४	६१८	४२५	५२२.४७९	१.२२९	८५	७७.८१०	०.९१५
५	४१३	२८८	२७२.४१५	०.९४६	१४	३२.५८३	२.३२७
६	६१५	३११	४४४.१११	१.४२८	१३३	१३३.३२१	१.००२
७	७९८	५१०	४७५.३६१	०.९३२	२५२	१७४.३४४	०.६९२
८	७४४	५३८	५२१.०८८	०.९६९	२१४	२२६.८९४	१.०६०
९	२८१	१४०	१६९.१०५	१.२०८	८८	८१.३४२	०.९२४
जम्मा	**६,६८५**	**४,४८०**	**३,८४४.३१९**	**०.८५८**	**१,३५३**	**१,१५२.२६३**	**०.८५२**

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

५.१.१० कृषि उत्पादनमा आवद्ध घरपरिवारको विवरण

नगरपालिकाका कुल १८,६२० घरपरिवारहरूमध्ये ६५२१ अर्थात् ३५.०२ प्रतिशत परिवारहरू कृषिमा आवद्ध रहेका छन् भने १२,०९९ अर्थात् ६४.९८ प्रतिशत घरपरिवारहरू कृषिमा आवद्ध छैनन् । विशेषगरी सबैभन्दा बढी जनसङ्ख्या भएको वडा नं. १ को बजार क्षेत्रमा विभिन्न स्थानबाट आई व्यापार, अध्ययन, रोजगार वा नोकरी गर्ने परिवारको सङ्ख्या धेरै रहेकाले कृषिमा आवद्ध नरहेको परिवार ८०.६ प्रतिशत रहेको छ । त्यसैगरी नगरपालिकाका अन्य वडाहरूमा समेत कृषिमा आवद्ध परिवारको सङ्ख्या कम देखिन्छ । तथ्याङ्कले राष्ट्रियरूपमा अधिकांश जनसङ्ख्या कृषिमा संलग्न भएको देखाए पनि यस नगरपालिकामा कृषि पेशामा संलग्नको सङ्ख्या कम देखाउँछ । कृषि प्रणालीमा रहेका समस्याहरू जस्तै निर्वाहमुखी खेती, मल विउ विजनको समस्या, प्रविधिको समस्या, तालिम, बजारीकरण भण्डारण तथा बजार मूल्यमा हुने अस्थिरता, कृषि बीमा, ऋण आदिमा भएका समस्याका कारण कृषिमा आकर्षणभन्दा विकर्षण बढी रहेकाले क्रमश : तथ्याङ्क घटेको छ । विगतमा भन्दा खेतीपातीमा संलग्न घरपरिवारको सङ्ख्या क्रमश कम हुँदै गएको देखिन्छ । यसको कारण कृषिमा अपेक्षाकृत आम्दानी नहुनु र अन्य पेशा र रोजगारीका अवसरहरू समेत वृद्धि हुनु हुन् । तसर्थ वैज्ञानिक कृषि गुरुयोजना निर्माण गरी कृषि उत्पादन दीगोरूपमा वृद्धि गर्न स्थानीय सरकार अग्रसर हुनुपर्ने देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ८९: कृषि उत्पादनमा आवद्धघरपरिवारको विवरण

वडा नं.	कृषि उत्पादनमा आवद्ध रहेको		कृषि उत्पादनमा आवद्ध नरहेको		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	१,९०७	१९.४	७,९१६	८०.६	**९,८२३**
२	६७२	४०.७	९७९	५९.३	**१,६५१**
३	६४२	६५.३	३४१	३४.७	**९८३**
४	४७०	४७.२	५२५	५२.८	**९९५**
५	४८३	४६.०	५६६	५४.०	**१,०४९**
६	३९६	३७.१	६७१	६२.९	**१,०६७**
७	७३०	५५.५	५८५	४४.५	**१,३१५**
८	७७२	७७.७	२२२	२२.३	**९९४**
९	४४९	६०.४	२९४	३९.६	**७४३**
जम्मा	**६,५२१**	**३५.०**	**१२,०९९**	**६५.०**	**१८,६२०**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

५.१.११ कृषि बाली उत्पादनको आधारमा परिवारको विवरण


तालिका नं. ९०: कृषि बाली उत्पादनको आधारमा परिवारको विवरण

विवरण		वडा नं.									जम्मा	प्रतिशत
१		१	२	३	४	५	६	७	८	९		
अन्नबाली	उत्पादन नगर्ने परिवार सङ्ख्या	१७३	७५	३९	९	५१	११	२७	१०	३	**३९८**	**६.१०**
	उत्पादन गर्ने परिवार सङ्ख्या	१,७३४	५९७	६०३	४६१	४३२	३८५	७०३	७६२	४४६	**६,१२३**	**९३.९०**
	जम्मा परिवार सङ्ख्या	१,९०७	६७२	६४२	४७०	४८३	३९६	७३०	७७२	४४९	**६,५२१**	
दलहन बाली	उत्पादन नगर्ने परिवार सङ्ख्या	८४१	१९१	१३१	११०	१३८	१३९	३८४	४०१	२७४	**२,६०९**	**४०.०१**
	उत्पादन गर्ने परिवार सङ्ख्या	१,०६६	४८१	५११	३६०	३४५	२५७	३४६	३७१	१७५	**३,९१२**	**५९.९९**
	जम्मा परिवार सङ्ख्या	१,९०७	६७२	६४२	४७०	४८३	३९६	७३०	७७२	४४९	**६,५२१**	
तेलहन बाली	उत्पादन नगर्ने परिवार सङ्ख्या	१,३०९	३९२	१८८	११९	२९६	१०५	३९५	५०१	२६४	**३,५६९**	**५४.७३**
	उत्पादन गर्ने परिवार सङ्ख्या	५९८	२८०	४५४	३५१	१८७	२९१	३३५	२७१	१८५	**२,९५२**	**४५.२७**
	जम्मा परिवार सङ्ख्या	१,९०७	६७२	६४२	४७०	४८३	३९६	७३०	७७२	४४९	**६,५२१**	

विवरण		वडा नं.									जम्मा	प्रतिशत
१		१	२	३	४	५	६	७	८	९		
तरकारी बाली	उत्पादन नगर्ने परिवार सङ्ख्या	७७३	२२९	१५९	६१	९२	१६०	३३६	४१०	१९५	२,४१५	३७.०३
	उत्पादन गर्ने परिवार सङ्ख्या	१,१३४	४४३	४८३	४०९	३९१	२३६	३९४	३६२	२५४	४,१०६	६२.९७
	जम्मा परिवार सङ्ख्या	१,९०७	६७२	६४२	४७०	४८३	३९६	७३०	७७२	४४९	६,५२१	
मसला बाली	उत्पादन नगर्ने परिवार सङ्ख्या	७८५	२३२	२१४	४७	१२१	१९४	३४१	३४८	१३५	२,४१७	३७.०६
	उत्पादन गर्ने परिवार सङ्ख्या	१,१२२	४४०	४२८	४२३	३६२	२०२	३८९	४२४	३१४	४,१०४	६२.९४
	जम्मा परिवार सङ्ख्या	१,९०७	६७२	६४२	४७०	४८३	३९६	७३०	७७२	४४९	६,५२१	
फलफुल बाली	उत्पादन नगर्ने परिवार सङ्ख्या	१,५७०	६११	५२१	३६२	३७१	३४८	६७२	७१३	४३७	५,६०५	८५.९५
	उत्पादन गर्ने परिवार सङ्ख्या	३३७	६१	१२१	१०८	११२	४८	५८	५९	१२	९१६	१४.०५
	जम्मा परिवार सङ्ख्या	१,९०७	६७२	६४२	४७०	४८३	३९६	७३०	७७२	४४९	६,५२१	
*अन्य	उत्पादन नगर्ने परिवार सङ्ख्या	१,८६५	६७०	६३८	४५९	४६२	३९३	७२०	७६५	४४६	६,४१८	९८.४२
	उत्पादन गर्ने परिवार सङ्ख्या	४२	२	४	११	२१	३	१०	७	३	१०३	१.५८
	जम्मा परिवार सङ्ख्या	१,९०७	६७२	६४२	४७०	४८३	३९६	७३०	७७२	४४९	६,५२१	

***माथि उल्लेखित बालीबाहेक जडिबुटी, चिया, कफि, अम्लीसो, आदि**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



यस नगरपालिकामा खेतीपातीमा संलग्न ६,५२१ परिवारहरूमध्ये ६,१२३ अर्थात् ९३.९० प्रतिशतले अन्न बाली, ३,९१२ अर्थात् ५९.९९ प्रतिशतले दलहनबाली, २,९५२ अर्थात् ४५.२७ प्रतिशतले तेलहन बाली, ४,१०६ अर्थात् ६२.९७ प्रतिशतले तरकारी बाली, ४,१०४ अर्थात् ६२.९४ प्रतिशतले मसला बाली, ९१६ अर्थात् १४.०५ प्रतिशतले फलफुल र बाँकीले अन्य बाली लगाउने गरेका छन् । समग्र तथ्याङ्कको विश्लेषण गर्दा परम्परागत रूपमा अन्न बाली भने झण्डै सबै परिवारहरूले लगाउने गरेको देखियो र दोस्रोमा ६२.९७ प्रतिशत परिवारहरूले तरकारी बाली लगाउने गरेको देखियो तर फलफुल र तेलहन जस्ता नगदेबालीको खेतीगर्ने घरपरिवारहरू भने उल्लेख्य रूपमा कम देखिन्छ । उष्ण क्षेत्रमा खेतीगर्न सकिने फलफुलहरू जस्तै आँप, मेवा, लिची, कटहर, नासपाती, केरा आदिको व्यवसायिक खेतीको प्रवल सम्भावना भएको यस नगरपालिकामा निकै न्यून सङ्ख्याका कृषकहरूले सीमित मात्रामा मात्र फलफुल खेती गर्ने गरेको पाइयो । यसका लागि प्राविधिक ज्ञान दिलाउने तालिम, बिउ बिजन भण्डारण र बजारीकरणको प्रबन्ध मिलाउन सके व्यवसायिक फलफुल खेती र अन्य नगदे बालीको उत्पादन वृद्धि गर्न सकिन्छ ।

यस तथ्याङ्कले परम्परागत निर्वाहमुखी खेतीपातीमा ग्रामीण अर्थतन्त्र सीमित रहेको देखिन्छ । फलफुल, मसला र अन्य नगदेबालीको वैज्ञानिक र व्यवसायिक खेतीबाट उर्वर जमिनको पूर्ण सदुपयोग गरी निर्यात प्रवर्द्धन गर्न सकेमात्र ग्रामीण अर्थतन्त्र सबल हुने देखिन्छ । यसका लागि नगरपालिकाले बृहत कृषि विकास गुरुयोजना निर्माण गरी युवा कृषक तथा अन्य कृषकहरूलाई व्यवसायिक ढङ्गले अधिक फाइदा हुने खालका नगदेबाली, फलफुल तथा तरकारी बालीमा आकर्षण गरी कृषि विमा, बिउ बिजनमा सहुलियत, बजारीकरणको व्यवस्था, कोल्ड स्टोर, तालिम, किटनाशक औषधी तथा मलखादको उपलब्धता जस्ता विषयहरूमा स्थानीय सरकारले ध्यान पुऱ्याउनु जरुरी छ । साथैआधारभूत कृषि पूर्वाधारको विकास मार्फत् उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषिजन्य उपजहरूको व्यवसायीकरण र बजारीकरण, कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम लगायत गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवंम विपत् व्यस्थापन तथा सचेतनाजस्ता ठोस कार्यक्रमको कार्यान्वयन मार्फत् कृषि क्षेत्रको पुनःउत्थान गर्नुपर्ने आवश्यक छ ।


५.१.१२ कृषिजन्य बाली विक्रीका आधारमा परिवारको विवरण

नगरपालिकामा खेतीपातीमा संलग्न ६,५२१ परिवारहरूमध्ये ६,१२३ अर्थात् ९३.९० प्रतिशतले अन्न बाली उत्पादन गर्ने गरेको र तीमध्येबाट आफूले प्रयोग गरी बढी भएको अन्न बेच्नेको सङ्ख्या जम्मा २,४९७ परिवार अर्थात् ४०.७८ प्रतिशत रहेको छ । यसको अर्थ ३,६२६ अर्थात् ५९.२२ प्रतिशत घरपरिवार अन्न बालीको विक्री गर्दैनन् । यसका कारण अवैज्ञानिक र परम्परागत कृषि प्रणाली निर्वाहमुखी खेती, उद्यमशीलता र व्यवसायिक सोंचको न्यूनता साथसाथै सीमित जमिन र न्यून परिमाणको उत्पादन नै हो । नगरपालिकामा तरकारी बालीको खेतीगर्ने जम्मा ४,१०६ घरपरिवारहरूमध्ये मात्र ६७४ अर्थात् १६.४२ प्रतिशत परिवारहरूले तरकारी बाली बेच्ने गरेको पाइयो । ३,४३२ अर्थात् ८३.५८ प्रतिशत परिवारले तरकारी बालीको विक्री नगर्नुको कारण सीमित परिमाणको उत्पादन भई घरायसी प्रयोजनका लागि मात्र प्रयोग हुनु हो । त्यसैगरी उत्पादन गर्नेहरूमध्येबाट दलहन बालीको विक्री गर्ने परिवार २०.०७ प्रतिशत, तेलहन बालीको विक्री गर्ने ९.०४ प्रतिशत, मसला बालीको विक्री गर्ने ९.०२ प्रतिशत रहेका छन् धेरै प्रतिशतले विक्री नगर्नु र ठूलो सङ्ख्यामा रहेका किसानहरूले मसलाबालीको खेती नगर्नुको कारण, प्राविधिक ज्ञानको कमी, बजारीकरण, बिउ बिजन तथा परम्परागत सोंचको खेती प्रणाली हुन सक्छन् । १९.९८ प्रतिशतले फलफुल बालीको विक्री गर्ने गरेको देखिन्छ । विस्तृत वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ९१: कृषिजन्य बाली विक्रीका आधारमा घरपरिवारको विवरण

विवरण		वडा नं.									जम्मा	प्रतिशत
१		१	२	३	४	५	६	७	८	९		
अन्नबाली	विक्री नगरेका परिवार सङ्ख्या	१,४१५	५२१	२६०	१७६	२५६	८५	३१७	४३५	१६१	३,६२६	५९.२२
	विक्री गरेका परिवार सङ्ख्या	३१९	७६	३४३	२८५	१७६	३००	३८६	३२७	२८५	२,४९७	४०.७८
	जम्मा परिवार सङ्ख्या	**१,७३४**	**५९७**	**६०३**	**४६१**	**४३२**	**३८५**	**७०३**	**७६२**	**४४६**	**६,१२३**	
दलहन बाली	विक्री नगरेका परिवार सङ्ख्या	८५९	४४५	३९७	२८०	२६०	१६८	२५८	३२०	१४०	३,१२७	७९.९३
	विक्री गरेका परिवार सङ्ख्या	२०७	३६	११४	८०	८५	८९	८८	५१	३५	७८५	२०.०७
	जम्मा परिवार सङ्ख्या	**१,०६६**	**४८१**	**५११**	**३६०**	**३४५**	**२५७**	**३४६**	**३७१**	**१७५**	**३,९१२**	
तेलहन बाली	विक्री नगरेका परिवार सङ्ख्या	५४०	२७१	४१४	३२५	१७७	२२८	३०६	२५३	१७१	२,६८५	९०.९६
	विक्री गरेका परिवार सङ्ख्या	५८	९	४०	२६	१०	६३	२९	१८	१४	२६७	९.०४
	जम्मा परिवार सङ्ख्या	**५९८**	**२८०**	**४५४**	**३५१**	**१८७**	**२९१**	**३३५**	**२७१**	**१८५**	**२,९५२**	
तरकारी बाली	विक्री नगरेका परिवार सङ्ख्या	९२६	४१७	३९८	३४६	३४७	१६९	३२६	२८३	२२०	३,४३२	८३.५८
	विक्री गरेका परिवार सङ्ख्या	२०८	२६	८५	६३	४४	६७	६८	७९	३४	६७४	१६.४२
	जम्मा परिवार सङ्ख्या	**१,१३४**	**४४३**	**४८३**	**४०९**	**३९१**	**२३६**	**३९४**	**३६२**	**२५४**	**४,१०६**	
मसला बाली	विक्री नगरेका परिवार सङ्ख्या	१,०१४	४३१	३७७	३७९	३४२	१६५	३५०	३८२	२९४	३,७३४	९०.९८
	विक्री गरेका परिवार सङ्ख्या	१०८	९	५१	४४	२०	३७	३९	४२	२०	३७०	९.०२
	जम्मा परिवार सङ्ख्या	**१,१२२**	**४४०**	**४२८**	**४२३**	**३६२**	**२०२**	**३८९**	**४२४**	**३१४**	**४,१०४**	
फलफुल बाली	विक्री नगरेका परिवार सङ्ख्या	३०८	२२	११८	७९	७६	२७	४५	५२	६	७३३	८०.०२
	विक्री गरेका परिवार सङ्ख्या	२९	३९	३	२९	३६	२१	१३	७	६	१८३	१९.९८
	जम्मा परिवार सङ्ख्या	**३३७**	**६१**	**१२१**	**१०८**	**११२**	**४८**	**५८**	**५९**	**१२**	**९१६**	
*अन्य	विक्री नगरेका परिवार सङ्ख्या	३२	१	२	८	१		२	२		४८	४६.६०
	विक्री गरेका परिवार सङ्ख्या	१०	१	२	३	२०	३	८	५	३	५५	५३.४०
	जम्मा परिवार सङ्ख्या	**४२**	**२**	**४**	**११**	**२१**	**३**	**१०**	**७**	**३**	**१०३**	

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



५.२ पशुपालन

नगरपालिकामा विशेषगरी गाई, भैंसी, बाख्रा, बुँगुर यहाँका मुख्य घरपालुवा जनावर हुन् । यसबाट नगरपालिका बासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भई रहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दूध, दही, घ्यू तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको विक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फर्म, गाई, भैंसी, कुखुरा फर्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन । त्यस्तै गरी भेटेनरी सेवा पनि नगरपालिकामा उपलब्ध रहेको छ । नगरपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ ।

तालिका नं. ९२: पशुधन तथा सोबाट हुने उत्पादनको विवरण

क्र.सं.	किसिम	सङ्ख्या			उत्पादन		
१	**पशुधन**	**स्थानीय**	**उन्नत**	**जम्मा**	**दूध लि.**	**मासु के.जी.**	**उन के.जी**
क	गाई/गोरु	७२३४	५६१	७७९५	५,३४,६०० (वार्षिक)		
ख	भैंसी/राँगा	६८३८	११४१	७९७९		९,००० (वार्षिक)	
ग	बोका/खसी/बाखा	९८०५	८५८	१०६६३		१४,७६०	
घ	भेडा/च्यांग्रा	१८०६	०	१८०६			
ङ	सुँगुर/वंगुर	२५८७	१२५२	३७८९		१९,८०० (वार्षिक)	
च	अन्य						
२	**पक्षी**	**स्थानीय**	**उन्नत**	**जम्मा**	**अण्डा सङ्ख्या**	**मासु के.जी**	
क	कुखुरा	२६३५४	०	२६३५४	५४२७०९	४३,२०० (वार्षिक)	
ख	हाँस	२३८४	०	२३८४			
३	माछा					१४४००	
४	मौरी घार						
५	अन्य						

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

५.२.१ पशु नश्ल

नगरपालिकामा पालन गरिने मुख्य पशुपक्षीहरूमा गाई, भैंसी, बाखा, भेंडा आदि रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूपाल्ने गरेको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको सङ्ख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो सङ्ख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिने हुँदा सबै न्यून उत्पादक जनावरहरूलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्दा उचित हुन्छ । तसर्थ नश्ल सुधार मार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरू भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरूमा नगरपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशुपालन क्षेत्रमा क्रमिक रूपमा व्यवसायिकता थपिएको छ तर पशुपक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाइदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरूप पशुपालनमा यान्त्रिकीकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पूँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

५.२.२ पशुपक्षीमा लाग्ने रोगहरू

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपक्षीहरूको पालन यस नगरपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । पशुमा लाग्ने रोगहरू पशुपालन व्यवसायको समस्याको रूपमा रहेको देखिन्छ । पशुपालनको विशेष शिक्षाको कमीले यो व्यवसायलाई पछाडि पारिरहेको छ तर परम्परागत पशुपालनभन्दा केही सुधार भएको छ । नगरपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजननसम्बन्धी र जुका पर्दछन् । नगरपालिकाको वन जङ्गलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत, पिपिआर, स्वाइन फिवरजस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरपालिकामा त्यत्तिकै रहेको पाइन्छ । यसका कारणहरूलाई हेर्दा, पशुको अवाञ्छित आवत जावत तथा आयात, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ । यी रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भई रहेको देखिन्छ ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरपालिकाको किसानहरूले खोप लगाउने गरेको पाइन्छ । तापनि यी रोगहरू फाटफुट रूपमा देखिने गरेका छन् । नगरपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोप कार्यसमेत नगरपालिकाको विभिन्न वडाहरूमा समेत सञ्चालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ । सामान्यतया पशुपक्षीमा ठूलो महामारी फैलिएको पाइदैन । तथापि यहाँका पशुपक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरूको प्रकोप रहेको छ भने पक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रूपमा लाग्ने गरेको छ ।

तालिका नं. ९३: पशुमा देखिएको रोगहरूको विवरण

S.N	Disease	Animals				Other
1	*Liver Fluke*	Cattle	Buffalo	Goats		
2	*HSABQ*	Cattle	Buffalo	Goats		
3	*Pramphistomom*	Cattle	Buffalo	Goats		
4	*Nerves Sign*	Cattle	Buffalo	Goats		
5	*Respiratory Sign*	Cattle	Buffalo	Goats		
6	*Cocciodiosis*				Fowl	
7	*Skin Lesions*				Fowl	
8	*Wound/Abscess*	Cattle	Buffalo	Goats		
9	*Red Urine*	Cattle	Buffalo	Goats		
10	*Abortion*	Cattle	Buffalo	Goats		
11	*Warble Infestation*	Cattle	Buffalo	Goats		
12	*Diarrhoea*	Cattle	Buffalo	Goats		
13	*Infertility*	Cattle	Buffalo	Goats		
14	*Mastitis*	Cattle	Buffalo	Goats		
15	*Distocia*	Cattle	Buffalo	Goats		
16	*Prolapse*	Cattle	Buffalo	Goats		
17	*Retained Placenta*	Cattle	Buffalo	Goats		
18	*Mange*	Cattle	Buffalo	Goats		
19	*Rabis*	Cattle	Buffalo	Goats		Dog
20	*Tick/Lice(External Parasite)*	Cattle	Buffalo	Goats	Fowl	
21	*Intestinal Helmenthis*				Fowl	
22	*Orf*			Goats		
23	*Parasitic Gastroenteritis*	Cattle	Buffalo	Goats		Pig
24	*Anoestrous*	Cattle	Buffalo	Goats		
25	*Indigestion/Anorexia*	Cattle	Buffalo	Goats		
26	*Tympany/Bloats*	Cattle	Buffalo	Goats		
27	*Magout wound*	Cattle	Buffalo	Goats		
28	*Cough*	Cattle	Buffalo	Goats		
29	*Pnoumonia*	Cattle	Buffalo	Goats		
30	*Gumbarrow*				Fowl	
31	*Cyst*	Cattle	Buffalo	Goats		
32	*FMD*			Goats		
33	*PPR*			Goats		
34	*Ranikhet*				Fowl	
35	*CRD*				Fowl	

स्रोत: पशुसेवा कार्यालय, टीकापुर २०७५

५.२.३ पशु हाट बजारसम्बन्धी विवरण

तालिका नं. ९४: पशु हाट बजारसम्बन्धी विवरण

क्र.सं.	पशुहाट बजारको नाम	बजार लाग्ने अवधि	ठेगाना (वडा नं. सहित)	पशु बजारको किसिम
१	टीकापुर पशु हाटबजार	साप्ताहिक (हरेक मंगलवार)	टीकापुर वडा नं. १, शंकरपुर	गाई गोरु, राँगा भैंसी

स्रोत: पशुसेवा कार्यालय, टीकापुर २०७५

५.२.४ पशु वधशालाको विवरण

तालिका नं. ९५: पशु वधशालाको विवरण

क्र.सं.	विवरण	स्थान
१	पशु वधशाला	टी.न.पा.१, ब्लक नं.१

स्रोत: पशुसेवा कार्यालय, टीकापुर २०७५

५.२.५ कृषि प्रयोजनका लागि घरपालुवा पशुपक्षी पालनका आधारमा परिवारको विवरण

तालिका नं. ९६: कृषि प्रयोजनका लागि घरपालुवा पशुपक्षी पालनका आधारमा परिवारको विवरण

वडा नं.	घरपालुवा पशुपक्षी पालन नभएको		घरपालुवा पशुपक्षी पालन भएको		जम्मा परिवार सङ्ख्या
	परिवार सङ्ख्या	प्रतिशत	परिवार सङ्ख्या	प्रतिशत	
१	३,१४५	३२.०	६,६७८	६८.०	**९,८२३**
२	१,०६१	६४.३	५९०	३५.७	**१,६५१**
३	५२९	५३.८	४५४	४६.२	**९८३**
४	७१९	७२.३	२७६	२७.७	**९९५**
५	८५९	८१.९	१९०	१८.१	**१,०४९**
६	६२३	५८.४	४४४	४१.६	**१,०६७**
७	८६५	६५.८	४५०	३४.२	**१,३१५**
८	७४७	७५.२	२४७	२४.८	**९९४**
९	३५८	४८.२	३८५	५१.८	**७४३**
जम्मा	**८,९०६**	**४७.८**	**९,७१४**	**५२.२**	**१८,६२०**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

पशुपक्षी पालन क्षेत्रले देशको कुलगार्हस्थ्य उत्पादनमा करिब ११% र कुल कृषि गार्हस्थ्य उत्पादनमा २६.८% योगदान गर्दै आएको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्व रहेको छ। नगरपालिकाको कुल १८,६२० परिवारहरूमध्ये पशुपक्षी पाल्ने घरपरिवारको सङ्ख्या ८,९०६ अर्थात् ४७.८ प्रतिशत र नपाल्ने परिवारको सङ्ख्या ९,७१४ अर्थात् ५२.०२ प्रतिशत रहेको छ। यसबाट आधाभन्दा कम घरपरिवारले पशुपक्षी नपाल्ने गरेको तथ्य तथ्याङ्कबाट स्पष्ट हुन्छ। नगरपालिकामा तुलनात्मक अध्ययन गर्दा वडा नं. ५ र ८ मा धेरै परिवारहरूले पशुपक्षी पालन गरेका छन् भने वडा नं. १ र ९ मा थोरै परिवारहरूले पशुपक्षी पालन गरेका छन्। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

५.२.६ पशुपक्षीहरूको उत्पादन आधारमा परिवारको विवरण


तालिका नं. ९७: पशुपक्षीहरूको उत्पादन घरपरिवारको विवरण

वडा नं.	पशुपक्षी जन्य उत्पादन गर्ने जम्मा परिवार सङ्ख्या	दूध		दूधजन्य बस्तु		अण्डा		*पशुपक्षीजन्य अन्य उत्पादन	
		उत्पादन हुने परिवार सङ्ख्या	उत्पादन नहुने परिवार सङ्ख्या	उत्पादन हुने परिवार सङ्ख्या	उत्पादन नहुने परिवार सङ्ख्या	उत्पादन हुने परिवार सङ्ख्या	उत्पादन नहुने परिवार सङ्ख्या	उत्पादन हुने परिवार सङ्ख्या	उत्पादन नहुने परिवार सङ्ख्या
१	३,१४५	२०७	११६	२९	१९	१	८६	२	१
२	१,०६१	५१	१०	६		१	१५		१
३	५२९	४५	७		१	२	६१		१
४	७१९	४६	३९	८	१८	१	६२		१
५	८५९	७५	९	१	१	१	१		
६	६२३	५८	६	६	३		६६		१
७	८६५	६९	४४	८	१२	२	५१		
८	७४७	५०	३१	२३	१३		२		
९	३५८	५०	१४	१०	४		४		
जम्मा	**८,९०६**	**६५१**	**२७६**	**९१**	**७१**	**८**	**३४८**	**२**	**५**

***छाला, भुवा, प्याँख, हाड आदि पशुजन्य उत्पादनहरू**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा गाइभैंसी पालेर दूध उत्पादन गर्ने कुल ६५१ घरपरिवारहरू रहेका छन्। त्यसै गरी दूग्धजन्य पदार्थ उत्पादन गर्ने परिवार सङ्ख्या ९१ पाइयो। त्यसैगरी अण्डा उत्पादन गर्ने घरपरिवारहरूको सङ्ख्या जम्मा ८ मात्र देखिन्छ । दीगो विकास लक्ष्य र नेपालको संविधानमा उल्लेख भए जस्तै भोकमारीको अन्त्य, खाद्य र पोषण सुरक्षाजस्ता लक्ष्य प्राप्त गर्न पशुपक्षी अनुसन्धान केन्द्रित कार्यक्रमको अत्यन्त महत्वपूर्ण स्थान रहन्छ।। यद्यपि तथ्याङ्कलाई हेर्दा नगण्य सङ्ख्यामा बाहेक सबै प्रकारका पशुपक्षीहरूको ठूलो परिमाणमा व्यवसायिक उत्पादन भएको देखिदैन। यसले निर्वाहमुखी पशुपक्षीपालनको नै निरन्तरता देखाउँछ। पशुपक्षी पालनलाई उत्पादनमुखी र व्यवसायिक बनाउन नसक्दा आम्दानी सीमित तथा श्रम र समयको खेर हुन जान्छ। यसतर्फ सम्बन्धित सरोकारवाला सबैको ध्यान जानु जरुरी छ। वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ।



५.२.७ पशुपक्षी विक्रीका आधारमा घरपरिवारको विवरण


तालिका नं. ९८: पशुपक्षी विक्रीका आधारमा घरपरिवारको विवरण

वडा नं.	दूध उत्पादन			दुग्धजन्य वस्तु (घ्यू, चिज, मखन आदि)			अण्डा उत्पादन			*पशुपक्षी जन्य अन्य उत्पादन		
	बिक्री गर्ने परिवार सङ्ख्या	बिक्री नगर्ने परिवार सङ्ख्या	जम्मा परिवार सङ्ख्या	बिक्री गर्ने परिवार सङ्ख्या	बिक्री नगर्ने परिवार सङ्ख्या	जम्मा परिवार सङ्ख्या	बिक्री गर्ने परिवार सङ्ख्या	बिक्री नगर्ने परिवार सङ्ख्या	जम्मा परिवार सङ्ख्या	बिक्री गर्ने परिवार सङ्ख्या	बिक्री नगर्ने परिवार सङ्ख्या	जम्मा परिवार सङ्ख्या
१	११६	२०७	३२३	१९	२९	४८	८६	१	८७	१	२	**३**
२	१०	५१	६१		६	६	१५	१	१६	१		**१**
३	७	४५	५२	१		१	६१	२	६३	१		**१**
४	३९	४६	८५	१८	८	२६	६२	१	६३	१		**१**
५	९	७५	८४	१	१	२	१	१	२			
६	६	५८	६४	३	६	९	६६		६६	१		**१**
७	४४	६९	११३	१२	८	२०	५१	२	५३			
८	३१	५०	८१	१३	२३	३६	२		२			
९	१४	५०	६४	४	१०	१४	४		४			
जम्मा	**२७६**	**६५१**	**९२७**	**७१**	**९१**	**१६२**	**३४८**	**८**	**३५६**	**५**	**२**	**७**
प्रतिशत	**२९.७७**	**७०.२३**	**१००.००**	**४३.८३**	**५६.१७**	**१००.००**	**९७.७५**	**२.२५**	**१००.००**	**७१.४३**	**२८.५७**	**१००.००**

***छाला, भुवा, प्याँख, हाड आदि पशुजन्य उत्पादनहरू**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा गाई/भैंसी पालेर दूध उत्पादन गर्ने कुल ६५१ घरपरिवारहरूमध्ये २७६ अर्थात् २९.७७ प्रतिशतले दूध बेच्ने गरेको पाइयो । त्यसै गरी दूग्धजन्य पदार्थ उत्पादन गर्ने परिवारहरूमध्ये जम्मा ७१ अर्थात् ४३.८३ प्रतिशतले मात्र दूग्धजन्य पदार्थ विक्री गर्ने गरेको पाइयो । त्यसैगरी अण्डा उत्पादन गर्ने कुल ३५६ घरपरिवारहरूमध्ये जम्मा ३४८ घरपरिवार अर्थात् ९७.७५ प्रतिशत अण्डा विक्री गर्ने गरेको पाइयो । यी समग्र कृषिका तथ्याङ्कहरूबाट तराइको कृषियोग्य जमिन, उपयुक्त हावापानी र वातावरण भएको नगरपालिकामा समेत कृषि उत्पादन र बजारीकरणको अवस्था अत्यन्त नाजुक रहेको र अदृष्य बेरोजगारी व्यापक रहेको देखिन्छ । अर्कोतर्फ कृषि पेशाबाट मानिसहरूको विकर्षण बढ्दै गएको स्पष्ट हुन्छ । पशुजन्य पदार्थको उपलब्धतामा आत्मनिर्भर बन्न पशुपालन क्षेत्रलाई उच्च प्राथमिकतामा राखी उल्लेखनीय प्रगति हासिल गर्नका लागि उन्नत नस्ल, पशु आहार, पशु स्वास्थ्य र व्यसायीकरणका क्षेत्रमा थप अनुसन्धान र क्षेत्रगत विकास गर्न आवश्यक छ । दीगो विकास लक्ष्य र नेपालको संविधानमा उल्लेख भए जस्तै भोकमरीको अन्त्य, खाद्य र पोषण सुरक्षाजस्ता लक्ष्य प्राप्त गर्न पशुपक्षी अनुसन्धान केन्द्रित कार्यक्रमको अत्यन्त महत्वपूर्ण स्थान रहन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

६.१ सडक, सवारी तथा यातायात

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बजाउन सार्वजानिक बस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्व कृषि क्षेत्रको विकास गर्न सडक यातयात एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ ।

सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइदै आएको भए तापनि, हवाईमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ । कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासकालाई गतिशिल बनाउन सार्वजनिक बस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ ।


६.१.१ बिद्यमान सडक सञ्जाल

नगरपालिकाको सबै वडाहरूमा पक्की सडकको विस्तार नभए पनि कच्ची सडकको विस्तार भईरहेको छ । नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ । नगरपालिकामा रिक्सा, ट्रेक्टर, साइकल, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ । नगरपालिकाको सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ । यो नगरपालिका नेपालको एक पुरानो नगरपालिका भएकोले गर्दा अन्य नगरपालिका तथा गाउँपालिकाको तुलनामा धेरै विकसित भएको पाइन्छ । यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्चि सबै प्रकारका सडकहरू रहेका छन् । शहरी क्षेत्रमा सडकको अवस्था राम्रो रहेको छ भने ग्रामीण क्षेत्रमा कच्ची सडक रहेको छ । यस नगरपालिकामा रहेका सडकको वर्तमान अवस्था र सडक मार्गको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ९९: सडक सञ्जालको वर्तमान अवस्था

क्र.स.	विवरण	इकाई	गत आ.व. २०७३.७४ सम्मको प्रगति	चालु आ.व. २०७४.७५ को प्रगति	हालसम्मको प्रगति	कैफियत
१	कालोपत्रे सडक	कि.मि.	३३.४९०	४.५८२	३८.०७२	१
२	सडक ग्राभेल	कि.मि.	९२.९००	३०.११५	१२३.०१५	२
३	कच्ची सडक	कि.मि.	१७.७१०	१४.४३०	३२.१४०	३
४	कालोपत्रे सडक मर्मत	कि.मि.	२.२२०	०.०००	२.२२०	४
५	कालोपत्रे सडक मर्मत (आर.सी.सी.)	कि.मि.	०.२२०	०.०००	०.२२०	५
६	ग्राभेल सडक मर्मत	कि.मि.	८२.९७०	०.०००	८२.९७०	६

स्रोत: सडक विभाग, टीकापुर २०७५



स्रोत: भूमि सूचना र अभिलेख विभाग

तालिका नं. १००: सडक मार्गको विवरण

वडा नं.	सडकको नाम	जोडिका बस्तीहरू		लम्बाई (कि.मी)	सडकको प्रकार	लाभान्वित जनसङ्ख्या
		देखि	सम्म			
१	न.पा.सिमाना (पुरानो चुर्गी)देखि समितिपुर हुँदै मुनुवा सडकसम्म जाने सडक	टीकापुर	मुनुवा	१.५ कि.मी		
१	खक्रौला सडकदेखि नया टीकापुर हुँदै डुडेझारी जोड्ने सडक	टीकापुर	डुडेझारी	१.५ कि.मी		
१	खक्रौला सडकदेखि (जगत बोहराको घर) डुडेझारी जोड्ने सडक	टीकापुर	डुडेझारी	१.५ कि.मी		
१	खक्रौला सडक उत्तर पट्टीबाट उग्रतारा गणदेखि समितिपुरसम्म जाने सडक	टीकापुर	समितिपुर	१.५ कि.मी		
१	खक्रौला सडक दक्षिण पट्टीबाट उग्रतारा गणदेखि समितिपुरसम्म जाने सडक	टीकापुर	समितिपुर	१.५ कि.मी		
१	खक्रौला सडकदेखि सि. एम.ए. क्याम्पस हुँदै औद्योगिक क्षेत्र जाने सडक	टीकापुर	टीकापुर	१.५ कि.मी		
१	खक्रौला सडकदेखि टीकापुर बहुमुखी क्याम्पस जाने सडक	टीकापुर	टीकापुर	०.८ कि.मी		
१	खक्रौला सडक भानु चोकदेखि गुम्बा जाने सडक	टीकापुर	टीकापुर	०.७ कि.मी		
१	रारा मार्ग	टीकापुर	टीकापुर	०.३ कि.मी		
१	जमरा काठे पुलदेखि शिवमन्दिर हुँदै कुलाशेश्वर सामुदायिक बन जाने सडक	टीकापुर	टीकापुर	१.५ कि.मी		
१	खड्ग पथ (गुम्बा चोकदेखि बसपार्क हुँदै खक्रौला सडक)	टीकापुर	टीकापुर	२ कि.मी		
१	लेख नाथ मार्ग (खक्रौला सडक फुलबारी एफ.एम.देखि बनगाउ स्कुलसम्म जाने सडक)	टीकापुर	बनगाउँ	३ कि.मी		
१	खक्रौला सडकदेखि बनगाउ दक्षिणपुरुवासम्म (जमरा बेल्टसम्म) जाने सडक	बनगाउँ	बनगाउँ	३ कि.मी		
६	रामपुर आम्बासा सडक (वडा नं.६ को सिमानादेखि रामपुर हुँदै नारायणपुर सिमानासम्म जाने सडक)	रामपुर	नारायणपुर	२ कि.मी		

वडा नं.	सडकको नाम	जोडिका बस्तीहरू		लम्बाई (कि.मी)	सडकको प्रकार	लाभान्वित जनसङ्ख्या
		देखि	सम्म			
१	गणेशमान मार्ग (खक्रौला सडकदेखि सितापुर सडक)	टीकापुर	सितापुर	१.५ कि.मी		
१	रामारोशन मार्ग (खक्रौलादेखि समितिपुर सडकसम्म)	टीकापुर	समितिपुर	०.३ कि.मी		
१	भृकुटी मार्ग (शिवमन्दिरदेखि भु.पु.सैनिक स्कूल हेदै सितापुर सडक)	टीकापुर	टीकापुर	१ कि.मी		
१	समितिपुरदेखि ब्लक नं.२५ सम्मको सडक	टीकापुर	टीकापुर	१ कि.मी		
१	ब्लक नं.२५ देखि (दक्षिण पट्टी) बनगाउ जाने सडक	टीकापुर	बनगाउ	२ कि.मी		
१	ब्लक नं.२५ देखि बनगाउ स्कूल हुँदै रामपुरसम्म जाने सडक	बनगाउ	रामपुर	२ कि.मी		
१	गंगालाल मार्ग (गुम्बा चोकदेखि फुलबारी सडकसम्म)	टीकापुर	टीकापुर	०.६ कि.मी		
२	बनकट्टीदेखि रानीकुलो काठेपुलसम्मको सडक	बनकट्टी	रानीकुलो	२ कि.मी		
२	आँखा अस्पतालदेखि बिजयनगर जाने सिमाना रोड	राजीपुर	बिजयनगर	३ कि.मि.	ग्राभेल	२०००
२	कोठारपुरबाट बन्दिपुर, सीतापुर, राजीपुरको मिलनचोक हुँदै मालझुल सडक	कोठारपुर	मालझुल	८ कि.मि.	ग्राभेल	३०००
२	बन्दिपुर प्रतिक्षालयदेखि कोठारपुर जाने बाटो	बन्दिपुर	कोठारपुर	१ कि.मि.	ग्राभेल	१०००
२	सीतापुरदेखि बजार जाने बाटो	सीतापुर	टीकापुर बजार	२ कि.मि.	ग्राभेल	२०००
२	विकासपुर खरेलको घरदेखि दल बहादुर शाहको घर अगाडि बन्दिपुर कोठारपुर जाने बाटो	विकासपुर	कोठारपुर	१ कि.मि.	ग्राभेल	३००
२	२ नं.को वडा कार्यालयदेखि राजीपुर जाने बाटो	२ नं.को वडा कार्यालय	राजीपुर	१ कि.मि.	ग्राभेल	५००
३	कृषि सडक	टी.न.पा वडा नं.६	जानकी गा.पा.	३ कि.मि.	ग्राभेल	
४	अस्नेरीदेखि मनिकापुर, कर्मिडाडा, दौलतपुर जाने सडक	अस्नेरी	कर्मिडाँडा	२ कि.मी		
४	अस्नेरीदेखि पुछरी जाने सडक	अस्नेरी	पुछरी	५ कि.मी		
४	अस्नेरीदेखि बाघमारा जाने सडक	अस्नेरी	बाघमारा	१ कि.मी		

वडा नं.	सडकको नाम	जोडिका बस्तीहरू		लम्बाई (कि.मी)	सडकको प्रकार	लाभान्वित जनसङ्ख्या
		देखि	सम्म			
४	वडा नं.४ धमेन्द्र धितालको घरदेखि नमलपुर जाने सडक	अस्नेरी	नमलपुर	२ कि.मी		
४	मौरनिया मीलदेखि इन्द्रैया, रानी कुला, पहाडीपुर सडक	मौरनिया	इन्द्रैया	१ कि.मी		
५	बंगला रोडदेखि मनिकापुरसम्मको सडक	नुक्लीपुर	मनिकापुर	१ कि.मी		
५	कर्मि डाडाँदेखि सिम्रेनीसम्मको सडक	कर्मि डाडा	सिम्रेनी	३ कि.मी		
६	दौलतपुरदेखि नारायणपुर सडक	दौलतपुर	नारायणपुर	३ कि.मी		

स्रोतः योजना शाखा, टीकापुर २०७५

६.१.२ नगरपालिकाबाट नामकरण गरिएका सडकहरूको विवरण

तालिका नं. १०१: नगरपालिकाबाट नामकरण गरिएका सडक, चौराह र चोकहरूको विवरण

क्र.सं.	साविक नाम	सडकको नामकरण
१	लम्की-खक्रौला रोड	दशरथ चन्द मार्ग
२	वाइपासरोड (कान्छीबजार प्रकाश शाहको घर हुँदै खक्रौला सडकसम्म)	खडगबहादुर सिंह मार्ग
३	सीतापुरदेखि विकास समिति हुँदै टीकापुर बहुमुखी क्याम्पससम्मको बाटो	मनमोहन मार्ग
४	न.पा. भवनदेखि बंगला पार्क रोड	विश्वेश्वरप्रसाद कोइराला मार्ग
५	सेती कलरल्याबबाट खाद्य गोदाम हुँदै मुनुवा जाने रोड	पारिजात मार्ग
६	ट्रिनिटि इ.बो.स्कूलदेखि राजीपुर सडक	पासाङ्ग ल्हामु मार्ग
७	खक्रौला सडकदेखि टीकापुर अस्पताल हुँदै रिमाल मेडिकल हल अगाडिसम्मको बाटो	अस्पताल मार्ग
८	चार चौतारीदेखि वि.वि.मन्दिरसम्मको बाटो	लक्ष्मीप्रसाद देवकोटा मार्ग
९	प्रकाश शाहको घरदेखि गणेश मन्दिरसम्म	गौतम बुद्ध मार्ग
१०	वीरेन्द्र मा.वि.देखि रिङ्गरोडसम्म	पहलमान सिंह स्वाँर मार्ग
११	जमरा काठेपुलदेखि शिव मन्दिर हुँदै जगतपुर जाने बाटो	जयपृथ्वीबहादुर मार्ग
१२	इलाका हुलाक कार्यालय अगाडिदेखि वनगाउँ उत्तर पुरुवा जाने बाटो	लेखनाथ पौडेल मार्ग
१३	कर्णाली प्रा.वि.देखि कटानपुरसम्म जाने बाटो	डा.के.आई.सिंह मार्ग
१४	नगर उद्योग वाणिज्य संघदेखि मनमोहन मार्गसम्म जाने बाटो	सुवर्ण शमशेर मार्ग
१५	बसपार्क एयरपोर्ट हुँदै राजीपुरसम्म	पुष्पलाल मार्ग
१६	ब्लक नं. ११ र २२ छुट्याउने बाटो	नारायण गोपाल मार्ग
१७	दशरथ चन्द मार्गदेखि वनगाउँ दक्षिणपुरुवासम्म जाने बाटो	तुल्सीराम अर्याल मार्ग
१८	दशरथ चन्द मार्गदेखि निरंकारी स्कूल हुँदै सीतापुर स्कूलसम्मको बाटो	गणेशमान सिंह मार्ग
१९	जमरापारी पेट्रोल पम्पदेखि जोशीपुर जाने बाटो	मदन भण्डारी मार्ग
२०	औद्योगिक क्षेत्र, गुम्बा, खाद्य गोदाम हुँदै वनगाउँ जाने बाटो	जीवराज आश्रित मार्ग
२१	शिव मन्दिर संस्कृत पाठशालादेखि राममन्दिर हुँदै जनजागृति मा.वि. सीतापुरसम्मको बाटो	भृकुटी मार्ग

२२	शिव मन्दिरदेखि औषधी व्यवसाय कार्यालयसम्मको बाटो	भीमदत्त पन्त मार्ग
२३	पारिजात मार्ग हुँदै नन्दगोपाल गुरुवाचार्यको घर हुँदै वनगाउँसम्मको बाटो	धरणीधर कोइराला मार्ग
२४	निर्माणाधीन गुल्म, कर्णप्रताप राणाको घर हुँदै भगतपुरसम्मको बाटो	लालबहादुर बम मार्ग
२५	पारस मिल हुँदै कर्णाली राइसमिल सम्म	गंगालाल श्रेष्ठ मार्ग
क्र.सं.	**साविक नाम**	**चौराहको नामकरण**
१	जमरापारी पेट्रोल पम्प चौराह	शुक्रराज शास्त्री चौराह
२	यज्ञमूर्ति अर्यालको घर अगाडिको चौराह	धर्मभक्त माथेमा चौराह
३	रिमाल मेडिकल हल अगाडिको चौराह	गणेशमान सिंह चौराह
४	चार चौतारी चौराह	विश्वेश्वर प्रसाद कोइराला चौराह
५	कान्छि बजार अगाडि	भानुभक्त चौधरी
६	मालिका विकास बैंक अगाडि	मनमोहन अधिकारी चौराह
७	सेती कलर ल्याब अगाडि	मदन भण्डारी चौराह
८	वीरेन्द्र विद्या मन्दिर अगाडि	लक्ष्मीप्रसाद देवकोटा चौराह
९	प्रकाश शाहको घर अगाडि	खड्गबहादुर सिंह चौराह
१०	बलबहादुर कुँवर गुम्बा अगाडि	गौतम बुद्ध चौराह
११	ईश्वरी चौधरीको घर अगाडि	भीमसेन चौराह
१२	गार्डेन इ.बो. स्कूल अगाडि	मोतिराम भट्ट चौराह
१३	ट्रिनिटी इ.बो. स्कूल अगाडि	अरनिको चौराह
१४	बसपार्क नजिक	सुवर्ण शमशेर चौराह
१५	बुद्धिसागर (मणि त्रिपाठीको घर अगाडि)	जयपृथ्वी बहादुर सिंह चौराह
१६	इलाका प्रहरी कार्यालय अगाडि	अमरसिंह थापा चौराह
१७	होतराज पण्डितको घर अगाडि	श्री ५ त्रिभुवन चौराह
१८	कर्णाली मिल भी.आई.पी. चोक	मदनआश्रित चौराह
१९	टीकापुर रजत जयन्ती पार्क	टीकापुर रजत जयन्ती पार्क
२०	टीकापुर बसपार्क	टीकापुर बसपार्क
क्र.सं.	**साविक नाम**	**चोकको नामकरण**
१	भक्तबहादुर साउँदको घरअगाडि ब्लक नं. ए	सिद्धार्थ चोक
२	धनी गिरीको घर अगाडि	बीर बलभद्र चोक
३	नेपाल बैंक लिमिटेड अगाडि	भीमसेन थापा चोक
४	लोकबहादुर रावलको घर अगाडि	लक्ष्मीप्रसाद देवकोटा चोक

स्रोत: योजना शाखा, टीकापुर २०७५

६.१.३ सडक सञ्जालले छुने क्षेत्रको आधारमा परिवारहरूको विवरण


तालिका नं. १०२: सडक सञ्जालले छुने क्षेत्रको आधारमा वडागत परिवारहरूको विवरण

वडा नं.	कालो पत्रे	ग्राभेल सडक	अस्थायी	गोरेटो	*अन्य	उल्लेख नभएको	जम्मा
१	१,२५०	३,९२५	३,८४३	७६३	४०	२	**९,८२३**
२	१०८	८९१	६१८	१९	१५		**१,६५१**
३	७३	६२२	२५०	३७	१		**९८३**
४	१२५	४८९	२१८	१४६	१७		**९९५**
५	१२७	५२७	३८७	४	४		**१,०४९**
६	३८	६०६	४१३	८	२		**१,०६७**
७	२१९	३७५	६३९	७५	६	१	**१,३१५**
८	१६	६४१	२५६	५४	२७		**९९४**
९	१०७	११३	४६८	३६	१९		**७४३**
जम्मा	**२,०६३**	**८,१८९**	**७,०९२**	**१,१४२**	**१३१**	**३**	**१८,६२०**
प्रतिशत	**११.०८**	**४३.९८**	**३८.०९**	**६.१३**	**०.७०**	**०.०२**	**१००.००**

***माथि उल्लेखित सडकबाहेक खेतको आली, खाली जग्गा, नहर, कुलो आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका १८,६२० परिवारहरूमध्ये सबैभन्दा धेरै ग्राभेल सडक सञ्जालले छुने घरपरिवारहरूको सङ्ख्या ८,१८९ अर्थात् ४३.९८ प्रतिशत, दोस्रोमा अस्थायी सडक सञ्जालको मात्र पहुँच पुगेका घरपरिवार हरूको सङ्ख्या ७,०९२ अर्थात् ३८.०९ प्रतिशत रहेका छन् भने कालेपत्रे सडकको पहुँच भएको परिवार सङ्ख्या केवल २,०६३ अर्थात् ११.०८ प्रतिशत, गोरेटो बाटोको पहुँच भएका परिवाहरू १,१४२ अर्थात् ६.१३ प्रतिशत र अन्य १३१ अर्थात् ०.७० प्रतिशत रहेका छन् । तथ्याङ्कलाई हेर्दा ३८.०९ प्रतिशत परिवारहरूमा सहज प्रकारको सडक पहुँच छैन अर्थात् उनीहरू अस्थायी प्रकृतिको सडक सञ्जालको पहुँच र ६.१३ प्रतिशत परिवारहरूमा गोरेटो बाटोको मात्र पहुँच देखिन्छ । पूर्वाधार विकासमा सबैभन्दा महत्वपूर्ण सडकको अवस्था नाजुक हुँदा अन्य विकासले गति लिन सक्दैन तसर्थ सहज आवागमनका लागि नगरपालिकाले सडक सञ्जालको विकास र स्तरको उन्नतिका लागि यातायात गुरुयोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ । अन्य वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




६.१.४ परिवारले प्रयोग गरेको सडकको चौडाइको आधारमा वडागत विवरण

तालिका नं. १०३: सडकको चौडाइको आधारमा वडागत परिवारको विवरण

वडा नं.	३ फिटसम्म	४-८ फिट	९-१३ फिट	१४-२५ फिट	२५ फिटभन्दा बढी	जम्मा
१	२७	५४१	१,४२१	६,३६२	१,४७२	**९,८२३**
२	२२	१९	११८	१,३१९	१७३	**१,६५१**
३	७	५८	१२५	४३६	३५७	**९८३**
४	३	१५	१०३	३०९	५६५	**९९५**
५	९	११७	१०१	७५७	६५	**१,०४९**
६	१३	१९	१५८	३०१	५७६	**१,०६७**
७	७	५८	३७	५०८	७०५	**१,३१५**
८	१९	२३	११५	२७३	५६४	**९९४**
९	५	२४	१४६	२५२	३१६	**७४३**
जम्मा	**११२**	**८७४**	**२,३२४**	**१०,५१७**	**४,७९३**	**१८,६२०**
प्रतिशत	**०.६०**	**४.६९**	**१२.४८**	**५६.४८**	**२५.७४**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेको १८,६२० घरपरिवारहरूमध्ये १०,५१७ अर्थात् ५६.४८ प्रतिशत परिवारहरूमा १४देखि २५ फिट चौडाइ भएको सडकको पहुँच छ। दोस्रोमा २,२७५ घरपरिवारहरू अर्थात् १८.७ प्रतिशतको २५ फिटभन्दामाथि चौडा सडकमा पहुँच पुगेको देखिन्छ। सडकको चौडाइ अवस्थाका साथै सडकको स्तरले आवागमनमा व्यापक असर पर्ने हुँदा सहज आवागमन गर्न सकिने सडक निर्माणलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। वडाअनुसार थप विवरण तालिकामा प्रस्तुत गरिएको छ।



६.१.५ यातायात सेवा

नगरपालिकाको धेरै जसो क्षेत्र सुगम र जिल्लाको केन्द्र भएकोले सडक तथा यातायातको सुविधा राम्रो रहेको छ। तैपनि नगरपालिकाको ग्रामीण क्षेत्रमा भने कच्ची सडक भएको कारण सडक भएको भए पनि नियमित रूपमा यातायातको साधन आवतजावत नहुने गरेको देखिन्छ भने केही स्थानमा वर्षातको समयमा सडक विग्रने भएकोले यातायात नचल्ने गरेको पाइन्छ। यस नगरपालिकामा रुट परमिट लिएर सञ्चालन भएका सवारी साधनहरू र ति सवारी साधन पार्किङसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १०४: रुट परमिट लिएर सञ्चालन भएका सवारी साधनहरू

क्र.सं.	सवारी चल्ने सुरु स्थान	पुग्ने अन्तिम स्थान	दैनिक सञ्चालन हुने सवारी साधन सङ्ख्या	वस स्टप सङ्ख्या (यात्रु चढाउने ओराल्ने स्थान)	कैफियत
१	सूदुरपश्चिमाञ्चल यातायात	खक्रौला- लम्की	४	१५	
२	कर्णाली यातायात	खक्रौला- लम्की	४	१५	
३	मालिका यातायात	खक्रौला- लम्की	४	१५	
४	सून्दर टीकापुर पार्क यातायात	खक्रौला- लम्की, टी.न.पा. क्षेत्र भरी	१००	निश्चित नभएको आवश्यकता अनुसार	अटो रिक्सा

स्रोत: सडक विभाग, टीकापुर २०७५

सार्वजनिक सवारी साधनको बढ्दो प्रयोग तर अव्यवस्थित पार्किङले एकातर्फ आवतजावतमा समस्या खडा गर्छ भने अर्कोतर्फ अव्यवस्थित शहरीकरणलाई इंगित गर्ने हुँदा उचित पार्किङ स्थलको निर्माणमा ध्यान पुऱ्याउनु आवश्यक छ।

तालिका नं. १०५: बसपार्क तथा सवारी पार्किङ्गसम्बन्धी विवरण

क्र.सं.	तोकिएको पार्किङ स्थान	पार्किङका प्रकार	पार्किङ क्षमता (सङ्ख्या	
			मोटर साईकल	साना सवारी साधन
१	बसपार्क	सडक किनारामा गरिने	३००	१५०
२	खड्ग चोक	सडक बाहिर गरिने	२५	४
३	भानु चोक	सडक किनारामा गरिने	२५	४
४	सामुदायिक चोक	सडक किनारामा गरिने	१५	३
५	खुल्ला मञ्च	सडक बाहिर गरिने	५००	२००

स्रोत: सडक विभाग, टीकापुर २०७५

६.१.६ सडक दुर्घटनासम्बन्धी विवरण

तालिका नं. १०६: सडक दुर्घटनासम्बन्धी विवरण

क्र. सं.	बारम्बार दर्घटना हुने स्थान	दुर्घटनामा संलग्न सवारी साधनहरू					टकराबका ढाँचा	साइटको विशेषता	कारण	दुर्घटनाको प्रकार
		मोटरसाइकल	[illegible]	[illegible]	[illegible]	[illegible]				
१	अस्नेरी चोक	मोटरसाइकल र साइकल					Head on	जक्सन	तीब्र गति	गम्भीर घाइते
२	ब्लक नं. ११ विद्युत नजिक	मोटरसाइकल					Side on	जक्सन	तीब्र गति	गम्भीर घाइते
३	सिटी बसपार्क	मोटरसाइकल					Side on	जक्सन	तीब्र गति	साधारण घाइते
४	नारायणपुर चौराह			बस			Skidding	जक्सन	ड्राइभरको लापरबाही	गम्भीर घाइते
५	सोनाहफाँटा	मोटरसाइकल					Head on	जक्सन	ड्राइभरको लापरबाही	साधारण घाइते
६	मौरनियाँ चोक	अटोरिक्सा					Head on	सिधा	ड्राइभरको लापरबाही	साधारण घाइते
७	बेलुवा चौराह	मोटरसाइकल		बस			Head on	जक्सन	ड्राइभरको लापरबाही	मृत्यु/साधारण घाइते

स्रोत: ईलाका प्रहरीकार्यालय (ट्राफिक शाखा), टीकापुर २०७५

सडक यातायातलाई सुरक्षित बनाउन, भौतिक पूर्वाधार र मानवीय व्यवहारमा परिवर्तन आवश्यक रहेको देखिन्छ ।

६.१.७ पुल तथा पुलेसासम्बन्धी विवरण

यस नगरपालिकामा विभिन्न साना तथा ठूला नदि तथा खोलाहरू रहेका छन् । ति नदि तथा खोलाहरूमा विभिन्न पक्की तथा झोलुङ्गे पुलहरू रहेका छन् । जसको विवरण तलको तालिमा उल्लेख गरिएको छ ।

तालिका नं. १०७: पुलसम्बन्धी विवरण

वडा नं.	पुलको नाम	पुल भएको खोला वा खोल्सीको नाम	जोडिने बस्तीहरू		पुलको प्रकार	लम्बाई (मि.)	अवस्था	निर्माण साल
			देखि	सम्म				
१	जमरा पुल	जमरा	ब्लक नं.C	टीकापुर ब. क्याम्पस	पक्की		राम्रो	
१	जमरा पुल	जमरा	खड्ग चौक	बिष्ट पेटडोल पम्प	पक्की		राम्रो	
१	जमरा पुल	जमरा	टीकापुर	मनुवा	पक्की		राम्रो	
१	जमरा पुल	जमरा			पक्की		राम्रो	
१	जमरा पुल	जमरा	बनगाउ	कटानपुर	पक्की		राम्रो	
२	रानीकुला-सन्कट्टी पुल	रानीकुला	कैलाली	बर्दिया	पक्की	३०	राम्रो	२०७४ साल

वडा नं.	पुलको नाम	पुल भएको खोला वा खोल्सीको नाम	जोडिने बस्तीहरू		पुलको प्रकार	लम्बाई (मि.)	अवस्था	निर्माण साल
			देखि	सम्म				
२	मालझुलको पुल	रानीकुला	कैलाली	बर्दिया	पक्की	३०	राम्रो	२०७४ साल
२	सीतापुर-खोटेना भुराखानी पुल	रानीकुला	सीतापुर	खोटेना भुराखानी	पक्की	३०	राम्रो	२०७४ साल
२	सीतापुर- खोटेना भुराखानी पुल	रानीकुला	सीतापुर	खोटेना भुराखानी	कच्चि	३०	जीर्ण	२०६० साल
३	पुछरी पुल	जमरा	रामपुर	पुछरी	पक्की		राम्रो	
३	जमरा पुल	जमरा	शंकरपुर	बनगाउ	पक्की		राम्रो	
४	अबरुवा पुल	अबरुवा खोला	बाघमारा		पक्कि	४	जिर्ण	२०५४
६	जमरा पुल	जमारा	भगवानपुर	भर्तापुर	पक्की	८	राम्रो	२०४७
९	खक्रौला पुल	मोहना नदी	पायल गांउ	पायल गाउ	पक्कि	४००	राम्रो	२०७३ साल

स्रोतः टीकापुर नगरपालिका कार्यालय, २०७४

६.२ विमानस्थलको विवरण

तालिका नं. १०८: विमानस्थलसम्बन्धी विवरण

विवरण	स्थान	अवस्था	कैफियत
विमान स्थल	वडा नं. १	सञ्चालनमा नरहेको	-
हेलीप्याड	वडा नं. १	राम्रो	स.प्र.ब. भित्र
हेलीप्याड	वडा नं. ५	राम्रो	टीकापुर पार्कभित्र

स्रोतः टीकापुर नगरपालिकाको कार्यालय, २०७४

६.३ नगरपालिका केन्द्र तथा वडा केन्द्रबिचको दुरी

नेपालको संविधान २०७२ असोज ३ गतेदेखि नेपाल विधिवत रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्रमा रूपान्तरण भएको छ। संघीय लोकतान्त्रिक सहकारीता, सहभागित्व र समन्वयको धारा (२३२) छ। संघीयता विकेन्द्रिकरणको उच्चतम नमुना हो । सिद्धान्तमा आधारित हुन्छ । विकेन्द्रीकरण शासकीय क्रियाकलापमा जनताको सहभागिता विस्तार गर्ने रणनीतिक औजार हो। शासकीय प्रक्रियालाई जनमुखी र सेवा व्यवस्थापन प्रभावकारी बनाउन प्रयोग भएका समकालीन ढाँचामध्ये विकेन्द्रीकरण एक हो। अहिलेको स्थानीय सरकारले शासकीय क्रियाकलाप (विकास, व्यवस्थापन, शक्ति अभ्यास) मा आमजनतालाई सक्रीयतापूर्वक संलग्न गराउने कार्य गर्दछ। त्यसैले वर्तमान समयमा स्थानीय सरकार निर्माणले जनतालाई सेवा ग्रहण गर्न स्थानीय तहलाई नै अधिकार प्रत्यायोजन गरेको छ।

नगपालिकाका वडा केन्द्रदेखि नगरपालिकाको केन्द्र र टाढाको बस्तीदेखि सम्बन्धित वडा केन्द्रसम्मको दुरीले नगरपालिकासँग जनताको पहुँचलाई निर्धारण गर्दछ । त्यसैले नगरपालिका केन्द्र र वडा केन्द्र बिचको दुरी सबै वडा तथा टाढाको बस्तीहरू सापेक्ष हुनु जरुरी हुन्छ । स्थानीय संरचनामा जनताले आफ्नो वडा केन्द्र तथा नगरपालिका केन्द्रबाट आवश्यक सेवा सजिलै ग्रहण गर्न सक्ने किसिमको हुनु पर्छ। जनताले सार्वजनिक सेवाप्राप्त गर्न वडा कार्यालय तथा नगरपालिका कार्यालयको दुरी सेवाग्राहीको सहज पहुँचमा आधारित हुनुपर्दछ। जसले गर्दा जनताले सेवा सुविधा प्राप्त गर्न कठिनाइ हुँदैन । त्यसको लागि सबै स्थानका जनताहरूलाई

मध्यनजर गर्दै वडा कार्यालय तथा नगरपालिका केन्द्र निर्धारण गर्नु उचित हुन्छ । यसर्थ टाढाको बस्तीबाट वडा केन्द्र कति दुरीमा पर्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । टीकापुर नगपालिकाका वडा केन्द्रदेखि नगरपालिकाको केन्द्र र टाढाको बस्तीदेखि वडा केन्द्रसम्मको दुरीको विवरण तालिकामा उल्लेख गरिएको छ ।

जनसङ्ख्या वृद्धि र तिव्र शहरीकरणका कारणले टीकापुर नगरपालिकाको लागि चुनौती थपिएको छ । नगरपालिकाको ११८ बर्ग किलोमिटर भित्र ८०६९० जनसङ्ख्या रहेको छ – प्रति बर्ग किलोमिटर ६८२ जनघनत्व रहेको छ । बढ्दो जनसङ्ख्याको मागलाई सम्बोधन गर्न उपलब्ध भौतिक पूर्वाधार अपर्याप्त रहेको देखिन्छ । सो पूर्वाधार तथा सेवा उपलब्ध गराउन नगरपालिकाका प्रशासनलाई चुनौति देखिन्छ । ति पूर्वाधार तथा सेवाहरूमध्ये यातायात सुविधा तथा यवस्थापनलाई अति आवश्यक आवश्यकताको रूपमा मान्न सकिन्छ । यातायातको माध्यमबाट ग्रामीण तथा शहरी भेगलाई जोड्न सकिन्छ जसले गर्दा यातायात आवागमन बढ्ने भएकोले यसको योजना तथा व्यवस्थापनको प्रक्रिया निरन्तर रूपमा हुनु जरुरत देखिन्छ । शहरी अतिक्रमणलाई व्यवस्थापन गर्दै नगरपालिकाले जनताको सेवा प्रवाहको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

जिल्ला सडक, हुलाकी सडक, शहरी सडक र सहायक मार्गहरू सडक सञ्जाल भित्र पर्दछ । टीकापुर नगरपालिकाभित्र यी सबै सडकहरूले छोएको देखिन्छ । सहायक सडकमध्येमा जुँगा– जङसंग – टीकापर – सती –राजापुर एफ ७० टीकापुर – पुडा जोड्ने महेन्द्र राजमार्ग एफ वान ९५ र दौलतपुर – सती यी सडकहरूका कुनै भाग नगरपालिकामा पर्दछन् भने राष्ट्रिय राजमार्ग तथा सहायक सडकको सडक विभागको स्वामित्वमा पर्दछ ।


स्थानीय पूर्वाधार तथा कृषि सडक कैलाली जिल्लाले तयार गरेको जिल्ला यातायात गुरु योजना तयार गरेको छ जसमा २८ जिल्ला सडकहरू पर्दछन् । यी २८ मध्ये चार वटा यसै नगरपालिका अन्तर्गत पर्दछन् । यातायात जिल्ला गुरु (DTMP) योजनामा सडकको मापदण्ड (R.O.W) २० मिटर हुनु जरुरी छ ।


तालिका नं. १०९: नगरपालिकामा भएका सडकहरूको विवरण

Code	सडकको नाम	लम्बाइ	बस्ती यातायात पहुँच
71DR022	दुर्गौली–कालाकुण्ड सडक	१७.३४	दुर्गौली, मिलन चौराहा, बेलौरी, बेलवा, बन्दीपुर, देवीपुर, बैदी र कालाकुण्ड
71DR024	सती–धनसिङपुर सडक	४.५८	सूर्यपुर , गौदी, चौगुर्दी
71DR025	टीकापुर–मनुवा–लोशिपुर सडक	९.८६	टीकापुर, ओखरपुर, मनुवा, जोशिपुरबजार
71DR027	दुदेझारी–टीकापुर	११.८६	टीकापुर, भृकुटीचोक, पालबजार, दुदेझारी

स्रोत: टीकापुर नगरपालिका कार्यालय, २०७४


नगरपालिका यातायात गुरुयोजना नभएका कारण नगरपालिका सडकको वर्गिकरण गर्न कठिन हुने देखिन्छ । नगरपालिकाभित्र पर्ने सडकहरूलाई कालोपत्रे गर्ने निरन्तरता दिएको हुँदा हाल ३३.४८ किलोमिटर कालो पत्रे तथा ९२.९ कि.मी ग्राभेल सडक रहेको छ । नगरपालिकाको सबै वडामा कालोपत्रे सडकको पहँच पुगेको देखिदैन । वडा नं. ३ र ८ गरी कुल ६४ प्रतिशत मात्रै ग्राभेल रोड रहेको घरपरिवार सर्भेक्षण २०७५ ले देखाउँछ । त्यसै गरी वडा नं. ७ र ९ मा ५० प्रतिशतभन्दा बढी घरपरिवारहरूलाई कच्ची सडकले छोएको छ । ववै वडाहरूमध्ये १, ५ ७ र ९ मा कालोपत्रे सडकको उच्च पहुँच रहेको देखिन्छ । जुन पहुँच जम्मा सडकको पहुँचको १० प्रतिशत मात्र हुन आउँछ ।







टीकापुर नगरपालिकाभित्र एक वटा विमानस्थित र एक वटा हेलीप्याड रहेको छ तर विमानस्थल अहिले चालु अवस्थामा छैन । हेलीप्याड भने टीकापुर नपाको शैनिक हाताभित्र रहेको छ । यातायातको सेवामा विस्तार गर्ने योजनामा टीकापुर विमानस्थल पुन : सञ्चालन गर्नु पर्ने आवश्यकता हुन सक्दछ ।

यस टीकापुर नगरपालिकामा १४ वटा पुल रहेको छ जसले विभिन्न बस्तीहरूलाई सडकको सञ्जालमा जोड्न मद्दत पुऱ्याएको देखिन्छ । यी १४ वटा पुलहरूमध्ये सितापुर– खोटेना, भुराखानी तथा अबरुवा पुल २ मर्मत गर्नुपर्ने देखिन्छ । नगरपालिकाबाट सबैभन्दा टाढाको स्थान श्रीलंका जान एक घण्टा १५ मिनेट लाग्ने देखिन्छ । हाल नगरपालिकामा तिनवटा यातायात कम्पनीले यातायात सेवा सञ्चालन गरिरहेको छ । ति यातायात कम्पनीले ४ वटा बस सञ्चालन गरेको छ जसमा खक्रौला लम्चीसम्म सेवा सेवा प्रदान गरेको छ तर नगरपालिकामा सार्वजनीक यातायातको सेवामा इलेक्ट्रीक रिक्सा र अटो रिक्सा बढी प्रख्यात छ ।




यातायातको पार्किङ स्थलको रूपमा बसपार्क, खुल्ला मञ्च, खड्का चोक, भानु चोक र सामुदायिक चोक रहेको छ। यी माथिका पार्कहरूमा ३५० वटा बस र ८५० वटा मोटरसाइकल पार्किङ गर्ने क्षमता रहेको छ। नगरपालिकाले पार्किङको व्यवस्थापन गरी आय आर्जन गर्न सकिने अवस्था रहेको देखिन्छ।





नगरपालिकाको घरपरिवार सर्भेक्षण २०७५ का अनुसार एक प्रतिशत घरपरिवारको चार पाँग्रे यातायात (कार, बस, टेक्टर इत्यादी) को पहुँच छ । सार्वजनिक यातायातको सुविधा नभएको कारणले मोटरसाइकल प्रयोग गर्नेको सङ्ख्या वृद्धि हुँदै गएको देखिन्छ जसका कारण १२देखि २० प्रतिशत घरपरिवारसंग मोटरसाइकल रहेको देखिन्छ । टीकापुर नगरपालिकाको भू-बनोट अधिकतम १० डिग्री स्लोप रहेको छ भने केही भूभाग १० देखि २५ डिग्रीसम्मको स्लोपका कारण ६० देखि ९० प्रतिशत घरपरिवारले साइकल प्रयोग गर्ने गरेको देखिन्छ जसका कारण साइकलको मूल सडक र साइकलको ट्रयाक अलग अलग हुनु पर्ने देखिन्छ ।



घरपरिवार सर्वेक्षण २०७५ का अनुसार नगरपालिकाको दुर्घटनाहरूमध्ये प्रमुख दुर्घटना चालकको लापरबाही बाट हुने गरेको देखिन्छ । दुर्घटनाको प्रकारमा मुखामुख ठक्कर खाने रहेको देखिन्छ भने जसको कारण लेनको अनुशासन नमान्ने र गति शिमित नगर्नु रहेको छ । प्रमुख दुर्घटना हुने स्थानमा बेलुवा चौराहा, नारायण चौराहा अस्नेरी चोक र ब्लक ११ विद्युत प्रादिकरण कार्यालय नजिक रहेको छ ।

यस टीकापुर नगरपालिकामा १४ वटा पुल रहेको छ जसले विभिन्न बस्तीहरूलाई सडकको सञ्जालमा जोड्न मद्धद पुऱ्याएको देखिन्छ । यी १४ वटा पुलहरूमध्ये सितापुर– खोटेना, भुराखानी तथा अबरुवा पुल २ मर्मत गर्नुपर्ने देखिन्छ । नगरपालिकाबाट सबैभन्दा टाढाको स्थान श्रीलंका जान एक घण्टा १५ मिनेट लाग्ने देखिन्छ । हाल नगरपालिकामा तिनवटा यातायात कम्पनीले यातायात सेवा सञ्चालन गरिरहेको छ । ति यातायात कम्पनीले ४ वटा बस सञ्चालन गरेको छ जसमा खक्रौला लम्चीसम्म सेवा सेवा प्रदान गरेको छ तर नगरपालिकामा सार्वजनीक यातायातको सेवामा इलेक्ट्रीक रिक्सा र अटो रिक्सा बढी प्रख्यात छ ।

यातायातको पार्किङ स्थलको रूपमा बसपार्क, खुल्ला मञ्च, खड्का चोक, भानु चोक र सामुदायिक चोक रहेको छ । यी माथिका पार्कहरूमा ३५० वटा बस र ८५० वटा मोटरसाइकल पार्किङ गर्ने क्षमता रहेको छ । नगरपालिकाले पार्किङको व्यवस्थापन गरी आय आर्जन गर्न सकिने अवस्था रहेको देखिन्छ ।

६.३.१ टाढाको बस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

तालिका नं. ११०: टाढाको बस्तीदेखि वडा केन्द्रसम्म पुग्न लाग्ने समयसम्बन्धी विवरण

वडा नं.	टाढाको बस्तीको नाम	पैदल वा सावरी साधन	वडा केन्द्रसम्म पुग्न लाग्ने समय	सेवाप्राप्त गरी घर फर्किन लाग्ने समय
१	विपतपुर	सवारीमा	१० मिनेट सवारीमा	१ घण्टा
२	कोठारपुर	सवारीमा	१० मिनेट सवारीमा	१ घण्टा
३	पूर्‍री	सवारीमा	१० मिनेट सवारीमा	१ घण्टा
४	मौरनिया	सवारीमा	१५ मिनट सवारीमा	१ घण्टा
५	सिमरेनी	सवारीमा	३० मिनेट सवारीमा	२.५ घण्टा
६	भर्तापुर	सवारीमा	२० मिनेट सवारीमा	२ घण्टा
७	कुन्ति	सवारीमा	२५ मिनेट सवारीमा	२ घण्टा
८	श्रीलंका	सवारीमा	३० मिनट सवारीमा	२ घण्टा
९	पायल गाउँ	सवारीमा	१० मिनेट सवारीमा	१ घण्टा


स्रोत: टीकापुर नगरपालिका कार्यालय, २०७४

६.३.२ वडा केन्द्रबाट नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

तालिका नं. १११: वडा केन्द्रदेखि नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने समयसम्बन्धी विवरण

वडा नं.	वडा केन्द्र रहेको स्थान	पुग्न लाग्ने समय	
		पैदल मार्गबाट	सवारी साधनबाट
१	टीकापुर नगर विकास समितिको गेष्ट हाउसमा	१५ मिनेट	५ मिनेट
२	टीकापुर योग आश्रम नजिक	२० मिनेट	५ मिनेट
३	रामपुर	१.५ घण्टा	३० मिनेट
४	अस्नेरी	१.५ घण्टा	१० मिनेट
५	अस्नेरी	१.५ घण्टा	१० मिनेट
६	बेलुवा	३ घण्टा	३० मिनेट
७	सत्ति	३ घण्टा	३० मिनेट
८	बटनपुर	३.५ घण्टा	४५ मिनट
९	झुंगा	४ घण्टा	३० मिनेट

स्रोत: टीकापुर नगरपालिका कार्यालय, २०७४



नक्सा स्रोत: भूमि सूचना र अभिलेख विभाग, GPS तथ्याङ्क सङ्कलन, २०७५

६.४ नगरपालिकाका हालका भवनहरू

यस नगरपालिकामा रहेका नगरपालिकाका हालका भवनहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ११२: नगरपालिकाका हालका भवनहरूको विवरण

क्र. सं.	भवनको नाम	वडा नं.	भवनको प्रकृति (वटा)			कैफियत
			कच्ची	पक्की	जम्मा	
१	नगरपालिकाको पुरानो कार्यालय भवन	१		१	१	२०२८ सालमा निर्मित
२	नगरपालिकाको नयाँ कार्यालय भवन	१		१	१	न.पा. केन्द्र रहेको
३	सपिंग कम्प्लेक्स	१		७	७	भाडामा दिइएको
४	वडा कार्यालय भवन	१		१	१	वडा नं. को कार्यालय नगर विकास समितिबाट हस्तान्तरण हुन बाँकी
५	शहरी स्वास्थ्य केन्द्र भवन	२, ३, ४, ६, ८		५	५	
६	बहुउद्देश्यीय भवन	१		१	१	
७	वडा कार्यालय भवन	२, ६, ७, ८		४	४	
८	कार्यालय क्वाटर	१		१	१	
९	महेन्द्र आरोग्य गृह	५		१	१	खरले छाएको
१०	वीरेन्द्र विश्राम बाटिका	५		१	१	खरले छाएको
११	स्टोर	१	२		२	
१२	इण्डोर मार्केट	१		१	१	
१३	सामुदायिक पुस्तकालय	१		१	१	
१४	स्वस्थ मासु विक्री केन्द्र भवन	१		२	२	
१५	पशुहाट बजार भवन र कान्जि हाउस	१		२	१	
१६	अन्य भवन (गोल घर)	१		१	१	
१७	टीकापुर सिटी हल	१		१	१	नगरपालिकालाई हस्तान्तरण गर्न बाँकी

स्रोत: टीकापुर नगरपालिका कार्यालय, २०७५

६.५ सरकारी भवन

तालिका नं. ११३: नगरपालिकामा रहेका सरकारी भवनहरूको विवरण

वडा नं.	भवनको नाम	कार्यालयको नाम	क्षेत्रफल (वर्ग मि.)	भवन सङ्ख्या	अवस्था
१	नगरपालिकाको पुरानो कार्यलय भवन	हाल दमकल कर्मचारी बस्ने घर	१५६.०६	१	ठिकै
१	नगरपालिकाको नयाँ कार्यालय भवन	टीकापुर नगरपालिकाको कार्यलय	४६४.८७	१	राम्रो
१	नापी कार्यालय	नापी कार्यालय		१	राम्रो
१	मालपोत कार्यालय	मालपोत कार्यालय		१	राम्रो
१	हुलाक कार्यालय	इलाका हुलाक कार्यालय		१	राम्रो

वडा नं.	भवनको नाम	कार्यालयको नाम	क्षेत्रफल (वर्ग मि.)	भवन सङ्ख्या	अवस्था
१	इलाका प्रहरी कार्यालय	इलाका प्रहरी कार्यालय		१	राम्रो
१	टीकापुर सिटी हल	टीकापुर सिटी हल		१	राम्रो
१	शसस्त्र बलको भवन	शसस्त्र प्रहरी बल उग्रतारा गण			राम्रो
१	सिँचाइ भवन	रानी जमारा कुलेरीया सिँचाइ आयोजना		३	राम्रो
१	सिँचाइ कृषितर्फको भवन	कृषितर्फको कार्यलय		१	राम्रो
१	टीकापुर आयुर्वेदिक औषधालय	टीकापुर आयुर्वेदिक औषधालय		१	राम्रो
१	नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय	नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय		३	राम्रो
१	इलाका वन कार्यालय	इलाका वन कार्यालय		१	राम्रो
५	टीकापुर पोलिटेक्निक इन्स्टिच्युट	टीकापुर पोलिटेक्निक इन्स्टिच्युट		३	राम्रो

स्रोतः टीकापुर नगरपालिका कार्यालय, २०७५

६.६ सामुदायिक भवनहरूको विवरण

यस नगरपालिकामा रहेका सामुदायिक भवनहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ११४: सामुदायिक भवनहरूको विवरण

क्र.सं.	सामुदायिक भवनहरूका नाम	कच्ची/पक्की	वडा नं.	हालको उपयोग
१	सामुदायिक भवन	पक्की	वडा नं.१ ब्लक नं.१०	बन्द अवस्थामा छ।
२	सामुदायिक पुस्तकालय, टीकापुर	पक्की	वडा नं.१ ब्लक नं.१४	चालु अवस्थामा ।
३	सुरक्षित भवन	पक्की	वडा नं.४	२ वटा चालु अवस्थामा ।
४	सुरक्षित भवन	पक्की	वडा नं.६को नारायणपुर, बेलुवा बोझी, लक्षिनापुर	चालु अवस्थामा ।
५	भानु सा. पुस्तकालय, सत्ति	पक्की	वडा नं.७	चालु अवस्थामा ।
६	सुरक्षित भवन	पक्की	वडा नं.७ को खयरझाला, बैदी, सत्ति, महादेव टोल	चालु अवस्थामा ।

स्रोतः टीकापुर नगरपालिका कार्यालय, २०७५

६.७ सञ्चार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासले गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रूपमा रूपान्तरित गरिदिएको छ । दिनानुदिन सञ्चार प्रविधिको प्रयोग विस्तारित भई रहेको छ । सन् १९९० सालको दशकमा सीमित जनसङ्ख्याले प्रयोग गर्ने सञ्चारका माध्यामहरू हाल आधारभूत आवश्यकतामा परिणत भएको छ । हाल देशमा ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टर नेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्याङ्कले सञ्चार क्षेत्रको तीव्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ ।

हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग बढ्दै गएको छ । टीकापुर नगरपालिकामा कान्तिपुर एफ.एम., रेडियो नेपाल लगायत विभिन्न रेडियो स्टेसनहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न

सकिन्छ । नगरपालिकामानेपाल टेलिकम र एनसेलको 3G Network सेवा उपलब्ध छ । नगरपालिकामा Ncell, NTC आदि कम्पनीहरूले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने केही केवल नेटवर्क तथा डिस होमजस्ता माध्यमबाट नगरपालिका बासीले मनोरन्जनात्मक टि.भी कार्यक्रमहरू हेरेर मनोरञ्जन तथा सूचना पाइरहेका छन् । यस नगरपालिकामा श्रीनगर टेलिभिजन, सुर्योदय टेलिभिजन र कैलाली टेलिभिजन यहाँका स्थानीय टेलिभिजनको रूपमा सञ्चालनमा रहेका छन् ।

६.७.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाको धेरै वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेलजस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । ग्रामीण क्षेत्रहरूमा पातलो र छरिएको बस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ । यस नगरपालिकामा सञ्चालन रहेका मोबाइल तथा टेलिफोनसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ११५: मोबाइल तथा टेलिफोन सञ्चालनसम्बन्धी विवरण

क्र.स.	सञ्चार सेवाको किसिम	परिमाण	कैफियत
१	पिएसटिएन टेलिफोन लाईन	१५३६	
२	ए.डी.एस.एल. सेवा	१०००	
३	इन्टरनेट तथा जी.पी.आर.एस. सेवा		Wireless सेवाको Data एकिन गर्न नसकिने भएकाले
४	मोबाइल टावर जी.एस.एम.	१०	
५	मोबाइल टावर स्काई	१	
६	जी.एस.एम. पोस्टपेड मोबाइल	१०००	अनलाईन विवरण भएकाले एकिन गर्न नसकिएको ।
७	जी.एस.एम. प्रिपेड मोबाइल	७०,०००	अनलाईन विवरण भएकाले एकिन गर्न नसकिएको ।
८	स्काई पोस्टपेड मोबाइल	५००	अनलाईन विवरण भएकाले एकिन गर्न नसकिएको ।
९	स्काई प्रिपेड मोबाइल	३०,०००	अनलाईन विवरण भएकाले एकिन गर्न नसकिएको ।

स्रोतः नेपाल दुरसञ्चार संस्था, टीकापुर २०७५

६.७.२ एफ.एम रेडियोसम्बन्धी विवरण

तालिका नं. ११६: एफ.एम. रेडियोहरूका विवरण

रेडियोको नाम	वडा नं.	फ्रिक्वेन्सी	सञ्चालकको नाम	प्रत्यक्ष रोजगारी		
				महिला	पुरुष	जम्मा
सामुदायिक रेडियो टीकापुर एफ.एम.	१	१०१	सञ्चारकर्मी समूह टीकापुर	४	८	१२
शान्ति नेपाल सा. एफ एम	१	१०७	शान्ति नेपाल सहकारी संस्था	५	२	७
रेडियो नमस्ते एफ.एम.	१	९६.५	कर्ण कुँवर	३	४	७
गोचाली एफ.एम.	१	९०.०	बलराम भगोरिया	१	४	५
काइट्स एफ.एम.	१	९१.८	गोविन्द भण्डारी	१	३	४

स्रोतः सम्बन्धित एफ.एम.बाट लिइएको - २०७५

यस नगरपालिकामा विभिन्न स्थानमा ५ वटा निजी स्थानीय एफ.एम्. रहेका छन् । यस नगरपालिकामा अन्तर्राष्ट्रिय स्तरका बी.बी.सी. नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल पनि प्रसारण हुने गरेको पाईन्छ। जुन सुविधाबाट यस नगरपालिकाका वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेको पाइन्छ । नगरपालिका बासीहरूलाई विभिन्न सूचना तथा मनोरञ्जन उपलब्ध गराउँदै आएका टेलिभिजनहरूमा नेपालको राष्ट्रिय स्तरको नेपाल टेलिभिजन पनि एक हो भने अन्य काठमाडौंबाट सञ्चालन हुने सबै च्यानलहरू रहेका छन् । यसका साथै हिन्दी, अंग्रेजी च्यानलहरू पनि प्रसारण हुन्छन् ।

६.७.३ हुलाक सेवा

नगरपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरपालिकाको विभिन्न वडाहरूमा उपलब्ध छन् । हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने टीकापुरदेखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ ।यद्यपि हाल सञ्चारको तीव्र विकासले हुलाक सेवाको प्रयोग सांघुरिएको छ ।

६.७.४ पत्रपत्रिका

टीकापुर नगरपालिकामा दैनिक, साप्ताहिक गरी जम्मा १२ ओटा पत्रपत्रिकाहरू नियमित रूपमा प्रकाशित भई रहेका छन् । जसमा टीकापुर दैनिक, कैलाली हटलाइन, समाधान न्यूज, मलवारा,कालान्तर, सुदूर पश्चिमको प्रयास,सति कर्णाली,सुदूर सन्दर्भ,आधारपत्र, टीकापुर एक्सप्रेस,अग्रदस्ता,उदघोष आदि पर्दछन् । यसका अतिरिक्त काठमाडौंबाट प्रकाशित हुने सबैजसो दैनिक, साप्ताहिक र मासिक पत्रिकाहरू (गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, द काठमाडौं पोष्ट, हिमालयन टाइम्स आदि) समेत नगरपालिकाका विभिन्न वडाहरूमा पाइन्छ । नगरपालिकामा प्रकाशित हुने पत्रपत्रिकाहरूको विवरण तलको तालिमा उल्लेख गरिएको छ ।

तालिका नं. ११७: पत्रपत्रिकासम्बन्धी विवरण

क्र.सं	पत्रपत्रिका	परिमाण	कैफियत
१	दैनिक	५ वटा	टीकापुर दैनिक, कैलाली हटलाइन, समाधान न्यूज, मलवारा , कालान्तर
२	साप्ताहिक	७ वटा	सुदूर पश्चिमको प्रयास, सति कर्णाली, सुदूर सन्दर्भ, आधारपत्र, टीकापुर एक्सप्रेस, अग्रदस्ता, उद्घोष
जम्मा		**१२ वटा**	

स्रोत: जिल्ला प्रशासन कार्यालय, टीकापुर २०७५

६.८ विद्युत तथा सौर्य उर्जा

६.८.१ नगरपालिकामा सौर्य उर्जा उपयोगको अवस्था

तालिका नं. ११८: नगरपालिकामा उर्जा उपयोगको अवस्था

क्र.सं	उपभोक्ता	सङ्ख्या	वार्षिक उर्जा खपत (kwh)
१	गार्हस्थ्य उपभोक्ता	१३०२०	४६१३६०
२	व्यापारिक उपभोक्ता	७६	३७७१६
३	सेवामुलक उपभोक्ता	५७	१७५५५
४	अन्य उपभोक्ता	१०३०	४९४१३८
जम्मा		**१४१८३**	**१०१०७६९**

स्रोत: नेपाल विद्युत प्राधिकरण, टीकापुर २०७५

६.८.२ बिजुलीको मिटर जडान भएका परिवारको विवरण


नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारहरूमध्ये मिटर जडान भएका घर परिवारको सङ्ख्या १५,४०८ अर्थात् ८२.७५ प्रतिशत रहेका छन् भने १,३४० अर्थात् ७.२० प्रतिशत घरपरिवारहरूले विद्युत सेवा उपभोग गरिरहेका तर मिटर जडान नभएका परिवारको रूपमा रहेका छन् र विद्युत सेवा उपभोग नगरेका परिवार सङ्ख्या १,८७२ अर्थात् १०.०५ प्रतिशत रहेका छन् ।

विगतका दशकहरूभन्दा हाल देशभर ग्रामीण विद्युतीकरणमा व्यापकता भएकाले विद्युतीय सेवा प्राप्त गर्ने जनसङ्ख्या बढेको छ । साथै तराईको सुगमताको कारणसमेत विद्युतीकरण सहज भएको देखिन्छ । अर्कोतर्फ विद्युत सेवा उपभोगबाट बञ्चित घरपरिवारसमेत १०.०५ प्रतिशत हुनुले सेवा विस्तारलाई निरन्तरता दिनुपर्ने देखिन्छ । आफ्नै मिटर जडान नभए तापनि अरुको बाट विद्युत उपयोग गर्ने घरपरिवारको सङ्ख्यासमेत ७.२० प्रतिशत रहेकाले यसबाट विद्युत चुहावट वा दुरूपयोग हुन सक्ने सम्भावना रहन्छ । विगतमा देशमा रहेको उर्जा सङ्कटलाई भविष्यमा हुन नदिन यस प्रकारको तथ्याङ्कले सहयोग पुऱ्याउँछ । आधारभूत उर्जाको स्रोतको रूपमा विकास भएको विद्युतको पहुँचलाई सहज र पूर्णरूपमा विस्तार गरी यसको उचित सदुपयोग गर्दा गुणस्तरीय जीवन निर्वाह, सूचना तथा सञ्चार, उद्योग व्यवसाय र अन्य मानवीय क्रियाकलापमा महत्पूर्ण सहयोग पुग्दछ । वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ११९: दैनिक बत्ति बाल्न प्रयोग गरिने इन्धनको आधारमा घरपरिवारको विवरण

वडा नं.	मिटर जडान भएको		बिजुली छ, मिटर जडान छैन		बिजुली नभएको		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	७,५६३	७६.९९	७०६	७.१९	१,५५४	१५.८२	**९,८२३**
२	१,३६७	८२.८०	२३४	१४.१७	५०	३.०३	**१,६५१**
३	९३४	९५.०२	३४	३.४६	१५	१.५३	**९८३**
४	८८७	८९.१५	९०	९.०५	१८	१.८१	**९९५**
५	९७२	९२.६६	४३	४.१०	३४	३.२४	**१,०४९**
६	१,०२५	९६.०६	२६	२.४४	१६	१.५०	**१,०६७**
७	१,२०३	९१.४८	६४	४.८७	४८	३.६५	**१,३१५**
८	८४२	८४.७१	७१	७.१४	८१	८.१५	**९९४**
९	६१५	८२.७७	७२	९.६९	५६	७.५४	**७४३**
जम्मा	**१५,४०८**	**८२.७५**	**१,३४०**	**७.२०**	**१,८७२**	**१०.०५**	**१८,६२०**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



६.८.३ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको आधारमा परिवारको विवरण


तालिका नं. १२०: दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको आधारमा परिवारको विवरण

वडा नं.	बिजुली	सोलार	गोबरग्याँस	मट्टितेल	*अन्य	जम्मा
१	८,२५२	४७	१	७६४	७५९	**९,८२३**
२	१,६०१	१४		११	२५	**१,६५१**
३	९६८	९		५	१	**९८३**
४	९७७	५		६	७	**९९५**
५	१,०१५	१०		२२	२	**१,०४९**
६	१,०५०	१		११	५	**१,०६७**
७	१,२६३	२७		१४	११	**१,३१५**
८	९१०	३३		४८	३	**९९४**
९	६८७	६		३७	१३	**७४३**
जम्मा	**१६,७२३**	**१५२**	**१**	**९१८**	**८२६**	**१८,६२०**
प्रतिशत	**८९.८१**	**०.८२**	**०.०१**	**४.९३**	**४.४४**	**१००.००**

***माथि उल्लेखित इन्धनबाहेक घट्ट, कोइला ब्रिकेट, बेट्री, क्यान्डल आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकाको कुल घरपरिवारहरूमध्ये १६,७२३ अर्थात् ८९.८१ प्रतिशतले विद्युत, ९१८ अर्थात् ४.९३ प्रतिशतले मट्टितेल, १५२ अर्थात् ०.८२ प्रतिशतले सोलार, १ अर्थात् ०.०१ प्रतिशतले गोबरग्याँस र बाँकीले अन्य प्रयोग गरेको पाइयो । यस प्रकारको तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतिकरणमा व्यापक विकास भई नगरपालिकामा विद्युतको पहुँच नपुगेको जनसङ्ख्या नगन्य रहेको देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



६.८.४ खाना पकाउन प्रयोग गर्ने मुख्य इन्धनको आधारमा परिवारको विवरण

तालिका नं. १२१: खाना पकाउन प्रयोग गर्ने मुख्य इन्धनको आधारमा परिवारको विवरण

वडा नं.	काठ/दाउरा	एल.पी. ग्याँस	मट्टीतेल	बिजुली	गोबर ग्याँस	गोबर/गुँइठा	*अन्य	जम्मा
१	४,४०८	५,१५४	६	३	२२५	२१	६	**९,८२३**
२	१,३१६	२७६	१	१	५५	१	१	**१,६५१**
३	३६१	२५७	१		३५९	५		**९८३**
४	४६१	२९४		५	२२७	६	२	**९९५**
५	८४३	१६२			४३	१		**१,०४९**
६	६६३	२३७		२	१६१	३	१	**१,०६७**
७	९१९	३३६	१	१	४२	१६		**१,३१५**
८	८८९	६२	२		४१			**९९४**
९	४८१	१५१			१०६	२	३	**७४३**
जम्मा	**१०,३४१**	**६,९२९**	**११**	**१२**	**१,२५९**	**५५**	**१३**	**१८,६२०**
प्रतिशत	**५५.५४**	**३७.२१**	**०.०६**	**०.०६**	**६.७६**	**०.३०**	**०.०७**	**१००.००**


***माथि उल्लेखित इन्धनबाहेक कोइला, भुसे चुलो, ब्रिकेट आदि ।**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

दिगो विकासको अवधारणाअनुसार पर्यावरणिय सन्तुलन बनाइ राख्न मानिसको प्राकृतिक स्रोतको उपभोगशैलीमा नै परिवर्तन गर्नु अपरिहार्य छ । उदाहरणका लागि नेपालले आधारवर्ष २०१५ मा ७४.७ % रहेको इन्धनको प्राथमिक स्रोतको रूपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म ३०% मा झार्ने (SDG–7) तथा पकाउने प्रयोजनार्थ LPG प्रयोगलाई १८% (२०१५) बाट ३३% मा पुऱ्याउने लक्ष्य राखेको छ । यसै राष्ट्रिय लक्ष्यलाई आन्तरिकिकरण गर्दै नगरपालिकामा समेत नीति तथा कार्यक्रमहरूलाई उन्मुख बनाउनु आवश्यक छ ।

मानिसको गुणस्तरीय जीवनशैलीको निर्धारक तत्व उसको आर्थिक, शैक्षिक र सांस्कृतिक पक्षहरू पनि हुन् । परम्परागत जीवनधारा, ग्रामीण परिवेश र जनचेतनाको सुशुप्त अवस्थाले उसको उन्नयनलाई उजागर गर्छ चाहे त्यो दृढविश्वास होस् वा भान्छामा प्रयोग गर्ने इन्धन नै किन नहोस् । उदाहरणको लागि टीकापुर नगरपालिकाको इन्धनको प्राथमिक स्रोतको रूपमा प्रयोग हुने काठ दाउरालाई नै लिन सकिन्छ ।

नगरपालिकाको कुल घरपरिवारहरूमध्ये १०,३४१ अर्थात् ५५.४ प्रतिशतले काठदाउरा, ६,९२९ अर्थात् ३७.१ प्रतिशतले एल.पी. ग्याँस, १,२५९ अर्थात् ६.७६ प्रतिशत एल.पी ग्यास र बाँकीले गोबर/गुइँठा, बिजुली, मट्टीतेल र अन्य प्रयोग गरेको पाइयो । स्थानीयहरूले अधिकांश काठ दाउराको प्रयोग गरेबाट एकातर्फ वनजङ्गल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा सङ्कलन गर्दा लाग्ने समयले क्रमश: स्वास्थ्यमा असर पुऱ्यानुका साथै समयसमेत बढी खर्च हुने देखिन्छ । तसर्थ वैकल्पिक उर्जाको उत्तम उपाय गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्ने र आय आर्जनका कार्यक्रमहरूमा केन्द्रित गरी नगरवासीहरूलाई काठ दाउराको विकल्पतर्फ लैजानु पर्ने देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



६.९ परिवारमा भएको साधन तथा सुविधाको आधारमा घरपरिवारको विवरण

तालिका नं. १२२: परिवारमा भएको साधन तथा सुविधाको आधारमा घरपरिवारको विवरण

साधन तथा सुविधा	वडा नं.									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
रेडियो	९४९	१५२	९३	७६	२३५	१५३	१६२	१३२	६८	२,०२०	१०.८५
टेलिभिजन	४,८५८	८३९	४८८	५३९	५३४	५९५	५७८	३५९	३३९	९,१२९	४९.०३
केवल/डिस (छाता) च्यानल	४,३५६	६५०	४४०	४५८	४८९	५१०	५६४	१७३	२५४	७,८९४	४२.४०
कम्प्युटर	८५२	५५	६५	७८	५०	५६	५३	२२	४२	१,२७३	६.८४
इन्टरनेट	२२४	४	३३	५	२३	४२	८	३	०	३४२	१.८४
ल्याण्डलाईन टेलिफोन	३४१	१७	८	६	२	७	४	४	१	३९०	२.०९
मोबाइल फोन	८,५३२	१,४६६	९००	९२४	९८०	९७२	१,१८५	७९३	६७३	१६,४२५	८८.२१
मोटरसाईकल/स्कुटर	१,९१५	२२०	१८९	१७६	१३४	१६३	१७८	११९	१४१	३,२३५	१७.३७
कार/जीप/भ्यान (निजी प्रयोगको लागि)	६७	९	५	१०	२	१८	११	४	२	१२८	०.६९
अन्य सवारी/ढुवानी साधन (बस, ट्रक, टिपर आदि)	६०	९	६	१४	२	३१	९	९	४	१४४	०.७७
ट्याक्टर	९३	१५	१८	२३	१७	३४	१८	४१	२१	२८०	१.५०
पावर टिलर/पम्पसेट	८४	२३	९१	६०	२३	८२	५१	४६	४५	५०५	२.७१
साईकल/रिक्सा	६,७५६	१,३४०	८६१	९२०	९६६	९३९	१,०६५	६३९	६११	१४,०९७	७५.७१
रेफ्रिजेरेटर (फ्रिज)	१,८२१	१५८	९०	८१	८०	५०	१०४	२५	३७	२,४४६	१३.१४
एयर कण्डिसन/कुलर	१३४	५	६	६	२४३	३	२	३	०	४०२	२.१६
वासिङ मेसिन	३०	३	३	१	१	५	२	०	६	५१	०.२७
हिटर/गिजर/सोलार (तातो पानीको लागि)	२३५	१६	४५	१०	२७	७८	२६	२९	६	४७२	२.५३
जम्मा	**९,८२३**	**१,६५१**	**९८३**	**९९५**	**१,०४९**	**१,०६७**	**१,३१५**	**९९४**	**७४३**	**१८,६२०**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये मोबाइल फोन प्रयोगकर्ता सङ्ख्या उल्लेखनिय अर्थात् १६,४२५ घरपरिवार रहेको छ। दोस्रोमा तराई क्षेत्र र बाटोको सहजताको कारणले साइकल प्रयोग गर्ने घरपरिवारसमेत अत्यधिक अर्थात् १४,०९७ रहेका छन् । तेस्रोमा टेलिभिजन सुविधा भएका परिवारहरूको सङ्ख्या ९,१२ ९, केबल वा डिस ७,८९४, मोटरसाइकल प्रयोगकर्ता ३,२३५, रेफ्रिजेरेटर (फ्रिज)प्रयोग गर्ने घरपरिवार२,४४६ रहेको देखाउँछ । तथ्याङ्कलाई हेर्दा सञ्चार क्षेत्रको मोबाइल फोन प्रयोगकर्ताहरू झण्डै पूर्णरूपमा भएको अवस्था छ । मोबाइल प्रयोगकर्ताले सबैखाले सञ्चारका सुविधा जस्तै श्रव्य, दृष्य, सूचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न एउटै साधनबाट सहज हुने भएकोले प्रयोगकर्ताको सङ्ख्या बढी भएको देखिन्छ ।

अर्कोतर्फ कार/जीप, एर कन्डिसनर, हिटर वा ग्याँस गिजरजस्ता उच्च सुविधाका सामाग्रीहरूको प्रयोग गर्ने घरपरिवारको सङ्ख्या कम देखिन्छ । यद्यपि ग्रामीण इलाकाहरूमा समेत क्रमशः आधुनिक सुख सुविधाका सामग्रीहरूको प्रयोगकर्ताहरू बढ्नाले उपभोक्तावादी संस्कृतिको विकास भई रहेको देखिन्छ। वडागत रूपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

७.१ शिक्षा (पृष्ठभूमि)

नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवं दीगो विकासका लक्ष्य अनुरूप समावेशी र समन्याय आधारित शिक्षा सबैमा पुऱ्याउने संविधान प्रदान अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता सहित शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको सेवाहरूको रूपमा विकास गर्ने, सबै तह एवं विद्याको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवं व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ राष्ट्रिय शिक्षा निति र कार्यक्रमहरू लक्षित गरेको चौधौ आवधिक (२०७३/०७४-२०७५/०७६) योजनामा उल्लेख गरिएको छ ।

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ टीकापुर नगरपालिकाको शैक्षिक स्थिति देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ । सचेत, अनुशासित तथा उत्पादनशील जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षासम्बन्धी हकमा देहायबमोजिमको व्यवस्था गरिएको छ ।

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधान तथा योजनाको ठूलठूला वहस भए तापनि शैाक्षिक गुणस्तरको हकमा अन्य मुलुकको तुलनामा उल्लेखनीय विकास भने भएको देखिदैन । शिक्षाले ज्ञान र सीप प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथक रूपमा सिक्ने र सिकाउने प्रवृत्ति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोंचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ ।


सन् २०००-२०१५ सम्म कार्यान्वयनमा रहेका सहश्राब्दी विकास लक्ष्य (MDGs)* मध्ये उद्देश्य नं. २ (Goal No. 2) सार्वभौमिक प्राथमिक शिक्षा रहेको थियो । MDGs पक्ष राष्ट्रको हैसियतले नेपालको उक्त उद्देश्य प्राप्तिका बाटोमा आफ्नो गतिविधि केन्द्रित गरेको पाइन्छ । फलस्वरूप २०१५ को अन्त्यसम्म प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत पुगेको छ भने लैङ्गिक अनुपात समदरमा पुगेको छ । दीगो विकासका लक्ष्य (SDGs 2015-2030) को १७ मध्ये उद्देश्य ४ सबैका लागि समावेशी, समतामुलक र गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ रहेको छ । गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्न, उद्यमशीलता विकास गर्न, प्रतिस्पर्धात्मक श्रमबजारमा रोजगारी प्राप्त गर्न यो उद्देश्यको कार्यान्वयन निर्देशित देखिन्छ ।

परम्परागत कृषि पेशामा आधुनिकीकरण र व्यवसायिकरण गर्न, उद्यमशीलताको विकास र पुँजी लगानी मार्फत् औद्योगिकीकरण गर्न मयार्दित रोजगारीको अवसर सृजना गर्न र समग्रमा मानव विकास मार्फत् सम्वृद्ध र समुन्नत देश विकास गर्न जीवनोपयोगी र व्यवहारिक शिक्षाको अहं भूमिका रहन्छ ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै सिलसिलामा यस टीकापुर नगरपालिकाको शैक्षिक स्थिति देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, शिक्षक दरबन्दी विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट टीकापुर नगरपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ । तथा योजनाको ठुला ठुला वहस भए तापनि शिक्षाको हकमा विश्वको सामु तुलनात्मक अध्ययन गर्दा उल्लेखनीय विकास भने भएको देखिदैन । शिक्षाले ज्ञान र सिपको प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृत्ति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोंचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ ।

शिक्षाको स्तरीय विकासले मात्र देशमा रोजगारीको अवसर, कलकारखानाको विकास, सुविधाको पहुँच, प्रविधिको विस्तार, उत्पादनमुखी कृषि, आयमुखी व्यवसाय, स्थानीय साधनस्रोतको प्रचुर सदुपयोगले जनताको जीवनस्तर उकास्न सकिन्छ

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै सिलसिलामा यस टीकापुर नगरपालिकाको शैक्षिक स्थिति देखाउन यहाँको साक्षरताा स्थिति, शिक्षण संस्थाको विवरण, दरबन्दी शिक्षकहरूको विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट टीकापुर नगरपालिकाको शैक्षिक अवस्थालाई बुझी आगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।



Code	Name
1	Jana Jyoti
2	Mallika
3	Birendra Vidhya Mandir
4	Saraswoti
5	Jana Jagriti Higher
6	Kalika
7	Mukta Kamaiya
8	Himalaya
9	Padma
10	Kedareshwor
11	Shakti Devi
12	Shakti Devi
13	Jana Prakash
14	Tribhuwan Rastriya
15	Rastriya
16	Gyonodaya
17	Rastriya
18	Khadga
19	Jana Jyoti
20	Karnali
21	Tribhuwan
22	Rastriya
23	Karnali
24	Karnali Rastriya
25	Kalika
26	Seti maiya Chaudhary
27	Bhanu Bhakta
28	Janata Rastriya
29	Naya Nepal
30	Karnaleshowar
31	Khadga Smriti
32	Tikapur Kanya
33	Nava Durga
34	Pargatishil

नक्सा स्रोत: भूमि सूचना र अभिलेख विभाग, तथ्याङ्क स्रोत: जि पि एस *(GPS)* तस्विर सङ्कलन, २०७५

७.१.१ शैक्षिक संस्थाहरूको विवरण



श्री जनजागृती माध्यमिक विद्यालय


श्री जनता राष्ट्रिय माध्यमिक विद्यालय

औपचारिक शिक्षाको लागि शैक्षिक संस्थाहरूको निर्माण अनिवार्य शर्त हो । अन्य विषयहरूका अलावा सुविधा सम्पन्न शैक्षिक पूर्वाधारले शैक्षिक गुणस्तर मापनमा भूमिका खेल्दछ । यसै अनुरूप यस नगरपालिकामा २०७५ सालसम्म सञ्चालन भई रहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १२३: नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

विवरण	सामुदायिक	निजी विद्यालय	कुल
बाल विकास केन्द्र	३७	२१	५८
आधारभूत विद्यालय	२३	२०	४३
मा.वि.	११	१४	२५
उ.मा.वि.	७	३	१०
क्याम्पस	४	०	४
अन्य	२	०	२
जम्मा	**८४**	**५८**	**१४२**

स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा कार्यालय, टीकापुर २०७५

(नोट: नयाँ शिक्षा ऐनअनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ । त्यस्तै कक्षा १ भन्दामुनिको तहलाई बाल विकास भनेर नामकरण गरिएको छ ।)

७.१.२ बालविकास केन्द्रको विवरण

तालिका नं. १२४: बाल विकास केन्द्रसम्बन्धी विवरण (विद्यालयमा आधारित)

क्र. सं.	बाल विकास केन्द्रको नाम	ठेगाना (वडा नं. सहित)	भर्ना भएका बालबालिका सङ्ख्या		
			बालक	बालिका	जम्मा
१	शक्तिदेवी बाल विकास केन्द्र	वडा नं. १, शक्तिनगर	३०	२४	५४
२	जनज्योति आधारभूत विद्यालय	वडा नं. १,	१३	२२	३५
३	शक्तिदेवी आधारभूत विद्यालय	वडा नं. १, शक्तिनगर	३०	२४	५४
४	नयाँ नेपाल प्रा.वि.	वडा नं. १, एकतापुर	१७	१५	३२
५	नवदुर्गा आधारभूत विद्यालय	वडा नं. १,	१८	१४	३२
६	नयाँ नेपाल प्रा.वि.	वडा नं. १, एकतापुर	१५	१४	२९
७	नयाँ नेपाल प्रा.वि.	वडा नं. १, एकतापुर	१७	१५	३२
८	विन्दाबासिनी बाल विकास केन्द्र	वडा नं. १, गणेशपुर	१०	६	१६
९	मालिका बाल विकास केन्द्र	वडा नं. १, गणेशपुर	१०	६	१६
१०	सरस्वती मा.वि.	वडा नं. १, बनगाउ	२०	९	२९
११	मल्लिका विद्यापीठ गुरुकुल	वडा नं. १, शिवमन्दिर	१४	१२	२६
१२	टीकापुर कन्या प्रा.वि. बा.वि.के.	वडा न. १, ब्लक नं.१८	६	२०	२६
१३	प्रगतिशिल बाल विकास केन्द्र	वडा न. १, एकतानगर	२०	१५	३५
१४	खड्ग स्मृति बाल विकास केन्द्र	वडा नं. १,	१०	१०	२०
१५	जनजागृति मा.वि.	वडा नं. २, सीतापुर	८	१३	२१
१६	कालिका आधारभूत विद्यालय	वडा नं. २, राजीपुर	१०	१३	२३
१७	मूक्त कमौया प्रा.वि.	वडा नं. २, विजयनगर	२०	२३	४३
१८	हिमालय मा.वि.	वडा नं. ३, घिया	६	६	१२
१९	पद्मा प्रा.वि.	वडा नं. ३, घिया	१९	१६	३५
२०	पशुपति प्रा.वि.	वडा नं. ३, शंकरपुर	२१	७	२८
२१	केदाश्वर प्रा.वि.	वडा नं. ३, शंकरपुर	१३	१६	२९
२२	जनप्रकाश आधारभूत विद्यालय	वडा नं. ४, बाघमारा	४	१६	२०
२३	त्रिभूवन रा.मा.वि.	वडा नं. ५, बसन्ता	९	९	१८
२४	त्रिभूवन रा.मा.वि.	वडा नं. ५, बसन्ता	६	१२	१८
२५	राष्ट्रिय बालविकास केन्द्र	वडा नं. ५, मनिकापुर	६	११	१७
२६	ज्ञानोदय आ.वि.	वडा नं. ५, प्रेमनगर	१०	१२	२२
२७	राष्ट्रिय मा.वि.	वडा नं. ६, नारायणपुर	१८	१५	३३
२८	खड्ग प्रा.वि.बाल विकास केन्द्र	वडा नं. ६, भगवानपुर	१०	१०	२०
२९	जनज्याति प्रा.वि.	वडा नं. ६, भर्तापुर	८	६	१४
३०	जनता राष्ट्रिय मा.वि.	वडा नं. ७, सूनाहफाटा	१५	१८	३३
३१	कर्णाली मा.वि.	वडा नं. ७, सत्ति	१६	२९	४५
३२	त्रिभूवन मा.वि.	वडा नं. ८, बटनपुर	१२	११	२३
३३	राष्ट्रिय नि.मा.वि.	वडा नं. ८, अरुणाफाटा	१७	१४	३१

३४	सरस्वती बाल विकास केन्द्र	वडा नं. ८,चौगुर्दी	३	८	११
३५	उज्यालो बाल विकास केन्द्र	वडा नं. ८, चौगुर्दी	४	९	१३
३६	सेतीमैया चौधरी मा.वि.	वडा नं. ९, झुंगा	९	९	१८
४०	ज्ञानी पाठशाला	वडा नं. १	८२	४२	१२४
४८	मालिका शिशु निकेतन	वडा नं. १	३४	३५	६९
४९	लाइफभिजन इ.बो.स्कूल	वडा नं. २	२	६७	२५
५०	हंश इ.बो.स्कूल	वडा नं. ३	२	४२	३९
५१	क्रियटिभ एकाडेमी	वडा नं. ३	२	७२	४८
५२	रामजानकी इ.बो.स्कूल	वडा नं. ४	२	५८	३१
५३	आइडिएल माइलस्टोन इ.बो.स्कूल	वडा नं. ४	२	३१	२९
५४	सिद्धिविनायक इ.बो.स्कूल	वडा नं. ४	२	३९	२८
५५	मनकामना इ.बो.स्कूल	वडा नं. ५	२	४५	३३
५६	नोबेल पब्लिक इ.बो.स्कूल	वडा नं. ७	२	६४	५०
५७	बोर्डरलाइन इ.बो.स्कूल	वडा नं. ७	२	९७	४७
५८	रिभरलाइन इ.बो.स्कूल	वडा नं. ८	२	५५	१९

स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा कार्यालय, टीकापुर २०७५

७.१.३ विश्वविद्यालय तथा क्याम्पसहरू


टीकापुर बहुमुखी क्याम्पस

वीरेन्द्र बहुमुखी क्याम्पस

यस नगरपालिकामा शैक्षिक जनशक्ति उत्पादन केन्द्रको रूपमा स्थापित क्याम्पसहरूमा विभिन्न संकाय र विशिष्टिकृत विषयहरूको अध्यापनले उच्च शिक्षा आर्जन गर्ने अभिलाषा पुरा गर्न आफ्नो थातथलो छोड्नुपर्ने समस्याको निराकरण गर्दै श्रम बजारको भागलाई समेत सम्बोधन गर्न सघाउ पुऱ्याएका छन् ।

तालिका नं. १२५: नगरपालिकामा रहेका क्याम्पस तथा विश्वविद्यालयहरूको विवरण

क्र. सं	क्यामपसको नाम	ठेगाना (वडा नं.सहित)	सञ्चालित कार्यक्रम तथा तह	विद्यार्थी सङ्ख्या		
				छात्रा	छात्र	जम्मा
१	टीकापुर बहुमुखी क्याम्पस	टी.न.पा.१	स्नातक, स्नाकोत्तर तह	११६१	६४४	**१८०५**
२	वीरेन्द्र बहुमुखी क्याम्पस	टी.न.पा.१ ब्लक नं.C	स्नातक तह	१५३	११२	**२६५**
३	कर्णाली बहुमुखी क्याम्पस	वडा नं.७, सत्ती	स्नातक तह	१०	१४	**२४**
४	प्राकृतिक स्रोत व्यावस्थापन कलेज	टी.न.पा.१, ब्लक नं. D	स्नातक तह	१०	४२	**५२**

स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा कार्यालय, टीकापुर २०७५

७.१.४ शिक्षक विवरण

तालिका नं. १२६: तहगत शिक्षक विवरण

तह	स्वीकृत दरवन्दीमा कार्यरत				परियोजना		राहत दरबन्दीमा कार्यरत		निजी स्रोत		PCF मा कार्यरत		तालिम प्राप्त शिक्षक	विद्यालयमा कर्मचारी सङ्ख्या
	स्थायी		अस्थायी											
	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष		
बालविकास केन्द्र	७	१	३९	१	०	०	७	०	०	०	०	०	२२	**६२**
प्रा.वि.	१६	६३	१०	५	०	०	२७	१८	२९	२५	०	०	९५	
नि.मा. वि.	४	८	०	१३	०	०	११	१७	१२	२७	०	०	४६	
मा.वि.	१	६	०	५	०	०	२	१६	०	२५	०	०	४१	
उ.मा.वि.	०	०	१	१	०	०	२	१	३	२२	०	०	१६	
जम्मा	**२८**	**७८**	**५०**	**२५**	**०**	**०**	**४९**	**५२**	**४४**	**९९**	**०**	**०**	**२२०**	**६२**

स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा कार्यालय, टीकापुर २०७५

७.१.५ शिक्षक तथा कक्षा कोठाको पर्याप्तता

तालिका नं. १२७: शिक्षक तथा कक्षा कोठाको पर्याप्तता

क्र. सं	विद्यालयको नाम	ठेगाना	विद्यार्थी सङ्ख्या	शिक्षक सङ्ख्या	कक्षा कोठा सङ्ख्या	विद्यार्थी शिक्षक अनुपात (STR)	विद्यार्थी कक्षा कोठा अनुपात (SCR)
१	जनज्योति आधारभूत विद्यालय	टी.न.पा.१	२३८	४	११	१:६०	१:२२
२	शक्तिदेवी आधारभूत विद्यालय	टी.न.पा.१	२२०	७	१०	१:३१	१:२२
३	कर्णाली मा.वि.	टी.न.पा.१, ब्लक नं. १२	३३८	२३	२३	१:१५	१:१५
४	नयाँ नेपाल प्रा.वि.	टी.न.पा.१ , एकतापुर	२८६	७	१०	१:४१	१:२९
५	कर्णालेश्वर प्रा.वि.	टी.न.पा.१	१२५	६	६	१:२१	१:२१
६	खड्ग स्मृति मा.वि.	टी.न.पा.१, ब्लक नं. ६	१४०५	१९	१६	१:७४	१:८८
७	टीकापुर कन्या प्रा.वि.	टी.न.पा.१, ब्लक नं.१८	६७	६	७	१:११	१:१०
८	नवदुर्गा आधारभूत विद्यालय	टी.न.पा.१,ब्लक नं.९	१२५	१०	९	१:१३	१:१४
९	प्रगतिशील प्रा.वि.	टी.न.पा.१,	१७५	६	७	१:२९	१:२५
१०	मल्लिका आधारभूत विद्यालय	टी.न.पा.१,	१७०	१०	७	१:१७	१:२४
११	वीरेन्द्र विद्यामन्दिर मा.वि.	टी.न.पा.१, ब्लक नं. सी	२८००	५७	२४	१:४९	१:११७
१२	सरस्वती मा.वि.	टी.न.पा.१, बनगाउँ	६३०	१६	१७	१:३९	१:३७
१३	जनजागृति मा.वि.	टी.न.पा.२, सितापुर	९२१	१७	२२	१:५४	१:४२
१४	कालिका आधारभूत विद्यालय	टी.न.पा.२, राजीपुर	२५९	९	१४	१:२९	१:१९
१५	मुक्तकमैया प्रा.वि.	टी.न.पा.२, विजयनगर	१६९	७	८	१:२४	१:२१
१६	हिमालय मा.वि.	टी.न.पा.३, घिया	५०७	२३	१३	१:२२	१:३९

क्र. सं	विद्यालयको नाम	ठेगाना	विद्यार्थी सङ्ख्या	शिक्षक सङ्ख्या	कक्षा कोठा सङ्ख्या	विद्यार्थी शिक्षक अनुपात (STR)	विद्यार्थी कक्षा कोठा अनुपात (SCR)
१७	पद्मा प्रा.वि.	टी.न.पा.३, घिया	६१	३	१०	१:२०	१:६
१८	केदारेश्वर प्रा.वि.	टी.न.पा.३, शंकरपुर	९१	४	७	१:२३	१:१३
१९	पशुपति प्रा.वि.	टी.न.पा.३, शंकरपुर	७९	६	६	१:१३	१:१३
२०	जनप्रकाश आधारभूत विद्यालय	टी.न.पा.४	१९९	६	७	१:३३	१:२८
२१	त्रिभूवन रा.मा.वि.	टी.न.पा.५, बसन्ता	४४१	१३	११	१:३४	१:४०
२२	राष्ट्रिय मा.वि.	टी.न.पा.५, मनिकापुर	५२९	२३	२१	१:२३	१:२५
२३	ज्ञानोदय प्रा.वि.	टी.न.पा.५, प्रेमनगर	१०८	७	७	१:१५	१:१५
२४	राष्ट्रिय मा.वि.	टी.न.पा.६	५४६	१६	१२	१:३४	१:४६
२५	खड्ग प्रा.वि.	टी.न.पा.६, भगवानपुर	११७	४	१०	१:२९	१:१२
२६	जनज्योति प्रा.वि.	टी.न.पा.६,भर्तापुर	५५	५	७	१:११	१:८
२७	कर्णाली मा.वि.	टी.न.पा.७, सत्ति	७७१	२४	२१	१:३२	१:३७
		१५-१९ वर्ष	२०-२४ वर्ष	२५-२९ वर्ष	३०-३४ वर्ष	३५-३९ वर्ष	४०-४४ वर्ष	४५-४९ वर्ष		
३	शिशु नभएको	२१	८६	१०२	११३	१३८	८५	८९	६३४	५७.५८
	१ शिशु	९	७६	४४	२२	१०	८	९	१७८	१६.१७
	२ शिशु	४	३०	४५	३५	३४	१८	१८	१८४	१६.७१
	३ शिशु		५	१६	१४	१०	८	५	५८	५.२७
	४ शिशु			६	७	११	८	४	३६	३.२७
	५ शिशु			१	१	२	२	२	८	०.७३
	६ शिशु					१		१	२	०.१८
	७ शिशु							१	१	०.०९
	जम्मा	**३४**	**१९७**	**२१४**	**१९२**	**२०६**	**१२९**	**१२९**	**१,१०१**	**१००.००**
४	शिशु नभएको	२९	५०	४३	२८	२४	१४	२३	२११	१९.२२
	१ शिशु	७	१०४	७३	२६	१६	११	९	२४६	२२.४०
	२ शिशु	३	३७	७७	१०४	८०	३९	३०	३७०	३३.७०
	३ शिशु	१	२	१४	३४	३७	२५	३५	१४८	१३.४८
	४ शिशु		१	२	१३	२१	२२	२८	८७	७.९२
	५ शिशु		१			३	३	१०	१७	१.५५
	६ शिशु						१	६	७	०.६४
	७ शिशु						४	३	७	०.६४
	८ वा ८ भन्दा बढी शिशु					१		४	५	०.४६
	जम्मा	**४०**	**१९५**	**२०९**	**२०५**	**१८२**	**११९**	**१४८**	**१,०९८**	**१००.००**
५	शिशु नभएको	२६	६६	३०	३१	२२	२६	२०	२२१	१९.६१
	१ शिशु	५	८७	९५	३४	१०	५	१	२३७	२१.०३
	२ शिशु		३७	९२	९६	६८	२३	२६	३४२	३०.३५
	३ शिशु		१	२४	३१	५१	५०	४१	१९८	१७.५७
	४ शिशु			३	८	१५	१६	३७	७९	७.०१
	५ शिशु			२	२	८	६	१४	३२	२.८४
	६ शिशु				२	३	१	६	१२	१.०६
	७ शिशु						१	३	४	०.३५
	८ वा ८ भन्दा बढी शिशु					१		१	२	०.१८
	जम्मा	**३१**	**१९१**	**२४६**	**२०४**	**१७८**	**१२८**	**१४९**	**१,१२७**	**१००.००**

वडा नं.	विवरण	आमाको उमेर समूह							जम्मा	प्रतिशत
		१५-१९ वर्ष	२०-२४ वर्ष	२५-२९ वर्ष	३०-३४ वर्ष	३५-३९ वर्ष	४०-४४ वर्ष	४५-४९ वर्ष		
६	शिशु नभएको	२८	५४	४२	२९	३९	३४	३५	२६१	२२.६४
	१ शिशु	११	९६	९३	२७	१८	१	७	२५३	२१.९४
	२ शिशु		२५	८१	८९	६०	२८	२४	३०७	२६.६३
	३ शिशु		३	२२	४५	५६	३७	४३	२०६	१७.८७
	४ शिशु			६	१४	२४	१९	२२	८५	७.३७
	५ शिशु					४	७	१२	२३	१.९९
	६ शिशु					२	४	७	१३	१.१३
	७ शिशु					१		४	५	०.४३
	जम्मा	**३९**	**१७८**	**२४४**	**२०४**	**२०४**	**१३०**	**१५४**	**१,१५३**	**१००.००**
७	शिशु नभएको	३९	७५	६६	५८	६६	५८	५५	४१७	२९.५१
	१ शिशु	२५	१०६	११५	३७	११	१२	११	३१७	२२.४३
	२ शिशु	३	३३	७९	८७	६७	४९	३५	३५३	२४.९८
	३ शिशु	२	८	१६	३५	४७	४२	३५	१८५	१३.०९
	४ शिशु			८	९	२३	१८	१९	७७	५.४५
	५ शिशु			१	३	११	९	१७	४१	२.९०
	६ शिशु				१	२	१	११	१५	१.०६
	७ शिशु				१		२	४	७	०.५०
	८ वा ८ भन्दा बढी शिशु						१		१	०.०७
	जम्मा	**६९**	**२२२**	**२८५**	**२३१**	**२२७**	**१९२**	**१८७**	**१,४१३**	**१००.००**
८	शिशु नभएको	५२	७३	७४	९१	९२	६६	१०६	५५४	५०.३६
	१ शिशु	२३	८६	६५	२६	९	६	६	२२१	२०.०९
	२ शिशु	४	३८	५४	२७	२२	१०	१२	१६७	१५.१८
	३ शिशु	२	२	२२	११	२१	१६	१६	९०	८.१८
	४ शिशु		१	५	८	३	१५	१३	४५	४.०९
	५ शिशु				३		४	७	१४	१.२७
	६ शिशु					१	१	४	६	०.५५
	७ शिशु			१			१	१	३	०.२७
	जम्मा	**८१**	**२००**	**२२१**	**१६६**	**१४८**	**११९**	**१६५**	**१,१००**	**१००.००**

वडा नं.	विवरण	आमाको उमेर समूह							जम्मा	प्रतिशत
		१५-१९ वर्ष	२०-२४ वर्ष	२५-२९ वर्ष	३०-३४ वर्ष	३५-३९ वर्ष	४०-४४ वर्ष	४५-४९ वर्ष		
९	शिशु नभएको	१६	७२	९७	७२	६८	६०	६९	४५४	५५.५७
	१ शिशु	४	४३	३४	१४	४	२	४	१०५	१२.८५
	२ शिशु	१		३३	३२	२९	११	९	१२८	१५.६७
	३ शिशु		१	७	१६	२३	१३	१७	७७	९.४२
	४ शिशु			५	२	११	८	१२	३८	४.६५
	५ शिशु					२	४	३	९	१.१०
	६ शिशु				१	१	२	१	५	०.६१
	७ शिशु							१	१	०.१२
	जम्मा	२१	१२९	१७६	१३७	१३८	१००	११६	८१७	१००.००
कुल जम्मा		६८२	२,९४९	३,८२४	३,३३५	३,१४०	२,२३५	२,२८५	१८,४५०	
प्रतिशत		३.७०	१५.९८	२०.७३	१८.०८	१७.०२	१२.११	१२.३८	१००.००	

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



नगरपालिकामा रहेका १८,४५० जना १५ देखि ४९ वर्ष भित्रका विवाहित महिलाहरूको विभिन्न उमेरसमूह अनुसार लिइएको तथ्याङ्कअनुसार २ वटा जीवित शिशुलाई जन्मदिने महिलाहरूको सङ्ख्या सबैभन्दा धेरै ४,२२३ जना अर्थात् २२.८९ प्रतिशत रहेकाछन्। भने दोस्रोमा १ वटा जीवित शिशुलाई जन्मदिने महिलाहरूको सङ्ख्या ३,४७३ जना अर्थात् १८.८२ प्रतिशत रहेका छन्। उमेर समूहको आधारमा २५ देखि २९ वर्षको उमेर समूहका महिलाहरूले शिशुलाई जन्म दिएको देखिन्छ। यो तथ्याङ्कबाट क्रमशः नगरपालिकाको परिवारको औसत आकारमा अर्थात् महिलाको खुद प्रजनन दर घट्दै गई रहेको पाइन्छ। परिवार नियोजन कार्यक्रमको


प्रभावकारीता, प्रजनन स्वास्थमा आएको चेतना र शिक्षाको सामाजिक र पारिवारिक जागरणमा परेको सकारात्मक प्रभावका कारण परिवारको आकार घट्ने क्रममा रहेको पाइन्छ । यस तथ्याङ्कको अर्को पक्ष भनेको सन्तान नै नभएका महिलाहरूको जनसङ्ख्या हो । उदाहरणका लागि ४५ वर्षदेखि ४९ वर्षको उमेर पुगिसक्दा एक जीवित सन्तानसमेत नजन्माएका महिलाको सङ्ख्या ९७९ रहेको छ । एक जीवित सन्तानसमेत नजन्माएका १५-४९ उमेर समूहका विवाहित महिलाहरूको कुल तथ्याङ्क भने ७,०२३ जना रहेको छ । मुख्यतया महिलाको प्रजनन स्वास्थमा भएको जटिलता, प्रजनन स्वास्थ्यबारेको चेतनाको कमी, औषधोपचारमा पहुँचको कमी, पोषणको कमी, चुरोट तथा नशालु पदार्थको प्रयोग वंशाणुगत कारण आदिले महिलामा बाँझोपन आउन सक्ने तथ्यलाई मनन् गरी त्यसतर्फ उचित कदम चाल्नु पर्ने देखिन्छ । महिलामा बाँझोपन हुँदा देखा पर्ने महिला हिंसा तथा नकारात्मक सामाजिक व्यवहारले लैङ्गिक हिंसा बढाएको तथ्य हामी सामु रहेको छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

७.२.७ शिशुहरूको जन्मदाको तौलका आधारमा शिशुहरूको विवरण

तालिका नं. १६४: शिशुहरूको जन्मदाको तौलका आधारमा शिशुहरूको विवरण

वडा नं.	२.५ केजीभन्दा कम		२.५ केजीभन्दा बढी		जम्मा
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	८१	१७.८	३७३	८२.२	**४५४**
२	१०	१२.८	६८	८७.२	**७८**
३	६	१२.८	४१	८७.२	**४७**
४	९	१६.१	४७	८३.९	**५६**
५	१३	३२.५	२७	६७.५	**४०**
६	७	२०.६	२७	७९.४	**३४**
७	२६	३९.४	४०	६०.६	**६६**
८	६	८.१	६८	९१.९	**७४**
९	१	३.१	३१	९६.९	**३२**
जम्मा	**१५९**	**१८.०**	**७२२**	**८२.०**	**८८१**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५




नगरपालिकामा वितेको १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा हेर्दा जम्मा ८८१ शिशु जन्मिएकोमा २.५ के.जी.भन्दा कम तौल भएका शिशुहरूको सङ्ख्या १५९ अर्थात् १८ प्रतिशत र २.५ के.जी. भन्दा बढी तौल हुनेको सङ्ख्या ७२२ अर्थात् ८२ प्रतिशत रहेको थियो । २.५ के. जी. भन्दा कम तौलको शिशु जन्मनुमा गर्भवती हुँदा आमाको उचित स्याहार र खानपान नपुग्नु तथा आवश्यक सम्पूर्ण पोषण सहितको आहार नहुनु, धुम्रपान र किशोरी अवस्थामै आमा बन्नुजस्ता कारणहरू जिम्मेवार हुन्छन् । यस्ता शिशुहरूको शिशु मृत्युदर समेत उच्च रहन्छ । तसर्थ यसको समाधानका लागि उपयुक्त उमेरमा विवाह, उचित तथा सन्तुलित खानपान र स्याहारको प्रबन्ध गर्नुका साथै गर्भवती अवस्थामा परिवारका सदस्यहरूले गर्भवतीको उचित हेरचाह पुऱ्याउनु आवश्यक हुन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

७.२.८ १५-४९ उमेर समूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण

तालिका नं. १६५: १५-४९ उमेरसमूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण

वडा नं.	पहिलो बच्चा जन्मिदा आमाको उमेर												जम्मा	पहिलो बच्चा जन्माउने महिलाको औषत उमेर
	१४ वर्षभन्दा कम		१५-१९ वर्ष		२०-२४ वर्ष		२५-२९ वर्ष		३०-३४ वर्ष		३५ वर्षभन्दा बढी			
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत		
१	४३	०.८	२,१८३	४०.९	२,६००	४८.८	४४६	८.४	५२	१.०	९	०.२	**५,३३३**	२०.४
२	७	०.७	५१७	४९.९	४४९	४३.३	५८	५.६	५	०.५	१	०.१	**१,०३७**	१९.७
३			१६३	३४.९	२५९	५५.५	३७	७.९	८	१.७			**४६७**	२०.६
४	४	०.५	४०५	४५.७	४११	४६.३	५५	६.२	११	१.२	१	०.१	**८८७**	२०.०
५	२८	३.१	३७३	४१.२	४३७	४८.२	६३	७.०	५	०.६			**९०६**	१९.९
६	१९	२.१	३६०	४०.४	४४३	४९.७	५९	६.६	८	०.९	३	०.३	**८९२**	१९.९
७	५	०.५	४८१	४८.३	४१९	४२.१	७०	७.०	१५	१.५	६	०.६	**९९६**	२०.२
८	१	०.२	२६०	४७.६	२३२	४२.५	४४	८.१	४	०.७	५	०.९	**५४६**	२०.३
९	१	०.३	१६६	४५.७	१६४	४५.२	२८	७.७	३	०.८	१	०.३	**३६३**	२०.१
जम्मा	**१०८**	**०.९**	**४,९०८**	**४३.०**	**५,४१४**	**४७.४**	**८६०**	**७.५**	**१११**	**१.०**	**२६**	**०.२**	**११,४२७**	**२०.२**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



कुल ११,४२७ महिलालाई पहिलो सन्तान जन्मिदाको उनीहरूको उमेरको बारेमा सोधिएको प्रश्नमा १०८ जना अर्थात् ०.९ प्रतिशत महिला १४ वर्षभन्दा कम उमेरमा आमा बनेको तथ्याङ्क प्राप्त भएको छ भने ४,९०८ अर्थात् ४३ प्रतिशत महिलाले १५-१९ वर्षको बिचमा पहिलो सन्तान जन्माएको देखिन्छ। त्यसैगरी ५,४१४ अर्थात् ४७.४ प्रतिशत महिला २०-२४ वर्ष उमेरमा, ८६० अर्थात् ७.५ प्रतिशत महिला २५-२९ वर्ष उमेरमा र १११ जना अर्थात् १ प्रतिशत महिला ३०-३४ वर्ष उमेरमा आमा बनेको देखिन्छ भने ३५ वर्षमाथि पहिलो पटक आमा बन्नेको सङ्ख्या जम्मा २६ जना अर्थात् ०.२ प्रतिशत रहेको छ।

कानूनी र प्रजनन स्वास्थको दृष्टिकोणबाट २० वा सो वर्षभन्दा कम उमेरमा आमा बन्नु गैरकानूनी र मातृ तथा शिशु दुबैको स्वास्थ्यका दृष्टिकोणबाट जोखिमपूर्ण मानिन्छ । शारीरिक, मानसिक, आर्थिक रूपमा अपरिपक्व अवस्थामा गर्भाधान र सन्तान जन्माउँदा एकातर्फ अपरिपक्व, कम तौलको, शारीरिक र बौद्धिक रूपमा विकलाङ्ग शिशु जन्मन सक्ने जोखिम उच्च रहन्छ भने अर्कोतर्फ गर्भावस्थाको हेरविचार, मातृ तथा शिशुको स्याहार, खानपान, सरसफाई जस्ता विषयमा पर्याप्त जानकारी नहुँदा आमा र शिशु विभिन्न प्रकारका संक्रमणको शिकार हुन सक्ने सम्भावना रहन्छ ।

नेपालले सहश्राब्दि विकास लक्ष्य २०००-२०१५ का बिचमा मातृ तथा शिशु स्वास्थको क्षेत्रमा उल्लेखनीय कार्य गरेको छ। सन् १९९० लाई आधार वर्ष मान्दा नेपालमा कुल १००० जीवित जन्म भएका शिशुमध्ये १०८ जनाको मृत्यु हुने गरेकोमा यो सङ्ख्यामा सारभूत रूपमा गिरावट आई सन् २०१६ सम्म २१ मा झरेको छ भने ५ वर्षभन्दा कम उमेरका बालबालिकाको मृत्युदर (प्रति हजार) घढ मा झरेको छ। त्यसैगरी सन् १९९० लाई आधार वर्ष मान्दा मातृमृत्यु (प्रति एकलाख) मा ८५० रहेकोमा सन् २०१५ सम्म २३९ मा झरेको देखिन्छ भने तालिम प्राप्त स्वास्थकर्मीबाट प्रसुति गराउने महिलाको अनुपात ५८% पुगेको तथ्याङ्क देखिन्छ (NDHS – 2016) । यसरी हेर्दा समग्र मातृ तथा शिशु स्वास्थको क्षेत्रमा सकारात्मक परिवर्तनका सङ्केतहरू देखा परिरहेका छन् ।

७.२.९ नियमित खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ । राष्ट्रिय खोप कार्यक्रम नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो । खोपबाट रोकथाम गर्न सकिने रोगहरूको नियन्त्रण तथा बाल मृत्युदरमा कमी ल्याउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। बाल मृत्युदरको क्षेत्रमा सहस्राब्दी लक्ष्य प्राप्ति नजिक पुगेको देशहरूमध्ये नेपाल पनि एक हो । जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.डी.जी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

शिशु र बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी.एक पटक, डि.पि.टी. हेप.बी हिब तीन पटक, पोलियो तीन पटक, पि.सी.भी. ३ पटक, दादुरा रुबेला दुई पटक तोकिएको मात्रामा दिनै पर्दछ। विभिन्न किसिमका ११ वटा प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १५ महिनाभित्र सबै खोप पुरा लगाइसक्नु पर्दछ। यस नगरपालिकामा हाल १८ वटा खोप क्लनिक रहेका छन् । साथै टीकापुर अस्पतालमा साप्ताहिक दुई दिन खोप क्लिनिक सञ्चालन गरी सेवा दिईदै आएको छ।

तालिका नं. १६६: खोपसम्बन्धी विवरण

क्र.सं.	खोपको नाम	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४
		सङ्ख्या	सङ्ख्या	सङ्ख्या
१	बि.सि.जि.	१४२१	१४५२	१४५९
२	डि.पि.टी., हेप.बी, हिब ३	१७८५	१७२३	१७१०
३	हेपाटाइटिस "वि"	१७८४	१७२८	१७१५
४	दादुरा रुबेला	१५७५	१४५६	१५६३
५	पोलियो ३	१४५४	१३८९	१३९१
६	टि.डि (गर्भवती महिला)	१४३०	११५२	१४४१

स्रोत: स्वास्थ्य शाखा कार्यालय, टीकापुर २०७५

(दादुरा विरुद्ध एक वर्ष भित्र खोप लगाउने बालबालिकाको अनुपात सन् २०१५ मा ९२.६ पुगेको थियो भने नेपालले सहश्राब्दी विकास लक्ष्य -४ कार्यान्वयन गर्ने क्रममा आधारवर्ष १९९० लिदा यो अनुपात ४२ मात्र थियो *(Nepal and the MDGs Final Status Report 2000-2015)*

तालिका नं. १६७: खोप छोड्ने बालबालिकाहरूको विवरण

क्र.सं.	खोपको नाम	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४
१	वि.सि.जि. र दादुरा बिचको अन्तर	२७३	४६	६८
२	डि.पि.टि, हेपाटाइटिस बि., हिप १ र डि.पि.टि., हेपाटाइटिस बि., हिप ३ बिचको अन्तर	५४	३३	९
३	खोप नलगाएका बालबालिका	०	३३	०

स्रोत: स्वास्थ्य शाखा कार्यालय, टीकापुर २०७५


७.२.१० २ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण

यस नगरपालिकामा पूर्ण खोप लगाएका बालबालिकाहरूको तथ्याङ्कलाई हेर्दा १,९४८ बालबालिकाहरूमध्ये १,३१० अर्थात् ६७.२५ प्रतिशतले पूर्णरूपमा खोप पाएका छन् भने ५६४ अर्थात् २८.९५ प्रतिशत बालबालिकाहरू भने पूर्ण खोप नपाएको देखिएको र मुख्य कारण भारत जाने र बसाई हो । यति ठूलो सङ्ख्याका बालबालिकाहरू खोपबाट टाढा हुँदा उनीहरूको स्वास्थ्य जोखिममा पर्दछ । यसले बाल मृत्युदर बढाउने र बालकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गरी बाँच्न पाउने मौलिक अधिकारसमेत हनन् हुने हुँदा यसतर्फ सरोकारवालाहरूको ध्यान पुग्नु जरुरी छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १६८: २ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण

वडा नं.	पूर्णखोप पाएका बालबालिका	पूर्ण खोप नपाएका बालबालिका	थाहा नभएको	जम्मा
१	६५४	१९४	६१	९०९
२	१३२	६०	४	१९६
३	५०	५८		१०८
४	८६	२०	२	१०८
५	७५	५३	२	१३०
६	८१	३७	२	१२०
७	१३२	२९		१६१
८	४४	८७	२	१३३
९	५६	२६	१	८३
जम्मा	१,३१०	५६४	७४	१,९४८
प्रतिशत	६७.२५	२८.९५	३.८०	१००.००

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५




७.२.११ ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण

यस नगरपालिकामा पूर्णखोप लगाएका बालबालिकाहरूको तथ्याङ्कलाई हेर्दा ५,९८८ बालबालिकाहरूमध्ये ४,६१२ अर्थात् ७७ प्रतिशतले पूर्णरूपमा खोप पाएकाछन् भने १,१३६ अर्थात् १९ प्रतिशत बालबालिकाहरू भने पूर्ण खोप नपाएको देखियो । यति ठूलो सङ्ख्याका बालबालिकाहरू खोपबाट टाढा हुँदा उनीहरूको स्वास्थ्य जोखिममा पर्दछ । यसले बाल मृत्युदर बढाउने र बालकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गरी बाँच्न पाउने मौलिक अधिकारसमेत हनन् हुने हुँदा यसतर्फ सरोकारवालाहरूको ध्यान पुग्नु जरुरी छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १६९: ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण

वडा नं.	पूर्णखोप पाएका		पूर्ण खोप नपाएका		थाहा नभएको		जम्मा सङ्ख्या
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	२,२२४	७५.६	५२४	१७.८	१९४	६.६	**२,९४२**
२	४९५	८१.७	९८	१६.२	१३	२.१	**६०६**
३	२३८	६९.६	१००	२९.२	४	१.२	**३४२**
४	३१५	९१.३	२७	७.८	३	०.९	**३४५**
५	२८२	८१.७	६१	१७.७	२	०.६	**३४५**
६	२८६	८३.४	५५	१६.०	२	०.६	**३४३**
७	३४८	८०.६	८२	१९.०	२	०.५	**४३२**
८	२४०	५९.९	१४७	३६.७	१४	३.५	**४०१**
९	१८४	७९.३	४२	१८.१	६	२.६	**२३२**
जम्मा	**४,६१२**	**७७.०**	**१,१३६**	**१९.०**	**२४०**	**४.०**	**५,९८८**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



७.२.१२ दीर्घ रोगको प्रकार अनुसार दीर्घ रोगीहरूको जनसङ्ख्या विवरण

नगरपालिकामा रहेका कुल जनसङ्ख्यामध्ये दीर्घ रोगका कारण पिडितहरूको सङ्ख्या ४,०५४ रहेको छ । यीमध्ये सबैभन्दा बढी बाथ/हाडजोर्नीसम्बन्धी समस्या भएका ८१५, दोस्रोमा रक्तचाप हुनेहरू ५९४, तेस्रोमा मधुमेह हुनेहरू ४६३ रहेका छन् भने दम रोगी, मुटु रोगी, मृगौलासम्बन्धी रोगी, श्वासप्रश्वाससम्बन्धी रोगीहरूको सङ्ख्यासमेत धेरै रहेको छ । विशेषगरी खानपान र जीवनशैली, धुम्रपान, मध्यपान, शारीरिक व्यायामको कमी, मानसिक चिन्ता तथा बंशाणुगत कारणले दीर्घ रोगहरू लाग्छन् । तसर्थ यस्ता रोगहरू कम गर्न व्यापक स्वास्थ्य चेतना फैलाउने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १७०: दीर्घरोग रोगको प्रकार अनुसार जनसङ्ख्याको विवरण

वडा नं.	मुटु रोग	श्वासप्रश्वास	दम	एपिलेप्सी	अर्बुद (क्यान्सर)	मधुमेह	मृगौलासम्बन्धी रोग	कलेजोसम्बन्धी रोग	बाथ/हाडजोर्नी दुखे	गाइनोसम्बन्धी	पेशागत बिरामी	रक्तचाप	रोग	माइग्रेन	अन्य	जम्मा
१	१०६	५०	२७७	१२	१६	२९९	५१	१०	४२७	१२९	३०	३३७	२५२	१३	३५२	**२,३६१**
२	२२	२१	५८	१४	४	५३	११		१५३	९	१	१३०	८१	३	७२	**६३२**
३	५	७	१७	१	३	१४	५	१	२५	५		२०	९		११	**१२३**
४	८	३	११	४		२६	५		२५	३		२७	२४		२६	**१६२**
५	२	९	७	२	१	१४	४	२	२८	११		१६	२४		३६	**१५६**
६	९	१२	७	१२	१	१६	३	२	३१	३		११	४	२	३०	**१४३**
७	१२	४	२०	४	४	१४	६	३	२९	११	१	३६	१९		२७	**१९०**
८	११	१०	२०	२	४	२१	३	१	६३	८	५	११	६	२	८	**१७५**
९	१३	२	१७			६	१५	२	३४	७		६	४		६	**११२**
जम्मा	**१८८**	**११८**	**४३४**	**५१**	**३३**	**४६३**	**१०३**	**२१**	**८१५**	**१८६**	**३७**	**५९४**	**४२३**	**२०**	**५६८**	**४,०५४**
प्रतिशत	४.६४	२.९१	१०.७१	१.२६	०.८१	११.४२	२.५४	०.५२	२०.१०	४.५९	०.९१	१४.६५	१०.४३	०.४९	१४.०१	१००.००

***माथि उल्लेखित रोगबाहेक अन्य दीर्घ रोगहरू जस्तै स्नायूसम्बन्धी, कुष्ठरोग, एलर्जी, छारे रोग आदि**

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

७.२.१३ पोषण सम्बन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्षमुनिका बालबालिकाहरूलाई नियमित रूपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकारसम्बन्धी महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । टीकापुर नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि नगरमा स्वास्थ्य शाखा रहेको छ।

बालबालिकाको पोषणलाई ध्यानमा राख्दै सरकारले विभिन्न पोषण कार्यक्रहरू संञ्चालन गर्दै आएको छ। जसले बालबालिकामा देखिने कुपोषणजस्ता समस्यालाई कम गर्दै गएको पाईन्छ। वर्तमान समयमा टीकापुर नगरपालिकाको पोषणको अवस्था निम्नअनुसार रहेको छ।

तालिका नं. १७१: विगत ३ वर्षमा पोषणको अवस्था

क्र. सं.	सुचकांकहरू	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४
१	२ वर्षभन्दामुनिको वृद्धि अनुगमन (पटक)	३	४	६
२	गर्भवती महिलाहरूका लागि आइरन चक्की वितरण (जना)	९७७	९७५	९८३
३	१८० आईरन चक्की पाएका गर्भवति महिलाहरूको सङ्ख्या	१२३४	९७०	९८३
४	गर्भवती महिलाहरूले प्राप्त गरेको जुकाको औषधी (जना)	९८१	१४०१	१४६०
५	भिटामिन ए पाएका सुत्केरी महिलाहरूको सङ्ख्या	२०३५	१३६९	१४२०
६	६ महिनादेखि ५ वर्षसम्मका वच्चाहरूलाई खुवाएको भिटामिन ए (जना)	११७३३	११५४२	५२७६

स्रोत: स्वास्थ्य शाखा कार्यालय, टीकापुर २०७५

नेपाल सरकारले दीगो विकास लक्ष वमोजिम मातृमृत्यु दर प्रति १००० जन्ममा ७० भन्दा कम बनाउने,नवजात तथा शिशु मृत्युदर १८ प्रतिशतभन्दा कम गर्ने, एच.आई.भि.एड्स, क्षयरोग, मलेरिया तथा अन्य विषम रोगहरू, पानीबाट सर्ने रोगहरू लगायतका रोगहरूवाट महिला वालवालिका तथा आफ्ना नागरिकहरूको जिउज्यानको रक्षा गरी अकालको मृत्युदर घटाउने लगायतका कार्यहरूमा सहमति जनाईसकेको छ ।

नेपालको संविधान २०७२ को धारा ३५ मा व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि व्यवस्था गरिएको छ । तर व्यवहारिक रूपमा हेर्दा टीकापुर नगरपालिकाका ९ वटै वार्डहरूमा हालसम्म पनि सुलभ स्वास्थ्य सेवाको पहुँचको व्यवस्था भएको छैन । हामिले प्राप्त गरेको तथ्याङ्कअनुसार सरकारी अस्पताल ५१ बेडको १, स्वास्थ्य चौकी २ वटा, शहरी स्वास्थ्य केन्द्र ४ वटा, आयुर्वेदिक केन्द्र १ वटा र निजी अस्पताल १५ बेडको १ वटा रहेका छन। सोभन्दा वाहेकका सेवाहरू हालमा उपलब्ध छैन ।

टीकापुर नगरपालिकाका स्वास्थ्य सम्वन्धि महत्वपूर्ण सुचकहरू निम्न छन्

- नवजात शिशु मृत्युदर ३२/१०००/प्रति वर्ष
- कुपोषणको दर ३६/१०००/प्रति वर्ष

खोप:

यस नगरपालिकाका २६२५ जना २ वर्षमुनिका बालबच्चाहरूमध्ये सबै बालबालिकाहरूले समयमै पूर्ण खोप प्राप्त गरी यस टीकापुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता नगर घोषणा गरेको पाईएको छ ।

पोषण

यस नगरपालिकामा महिला तथा बालवच्चाहरूको पोषणको अवस्थामा तपसिल वमोजिम रहेको छ

- गर्भवती महिलाहरूको लागि आईरन चक्कि वितरण :९८३
- सुत्केरी महिलाहरूको लागि भिटामीन ए वितरण :१४२०
- ६ महिनादेखि ५ वर्षमुनिका वालवालिकाहरूलाई भिटामिन ए क्याप्सुल वितरण :५२६२
- गर्भवती महिलालाई जुकाको औषधी वितरण :१४६०

दीर्घरोगहरू:

यस नगरपालिकामा देखिएका दीर्घरोगहरू निम्नानुसार रहेका छन् । २०.१% जनसङ्ख्यामा आरथ्राईटिस, १४.६५% जनसङ्ख्यामा मुटुरोग, ११.४२ % जनसङ्ख्यामा चिनिरोग, १०.७१ % जनसङ्ख्यामा दम, ४.४६ % जनसङ्ख्यामा मुटुरोग रहेका छन् भने मृगौला सम्बन्धी रोग, पेट रोग, श्वासप्रश्वास सम्बन्धी रोगहरू, माईग्रेन, कलेजो सम्बन्धी रोगहरू लागेका नागरिकहरूको सङ्ख्या पनि उल्लेख्य रहेको छ ।

परिवार नियोजन सेवा:

परिवार नियोजन परिवारको योजना, महिलाको स्वास्थ्य तथा नवजात शिशुको स्वास्थ्यको लागि महत्वपूर्ण कार्य हो । यसले लैङ्गिक समानता,बालवच्चाको उचित शिक्षा दिक्षा तथा विकासमा वरदान सावित हुन्छ । यस नगरपालिकामा वि.सं २०७३ को तथ्याङ्क वमोजिम तपसिलका साधनहरू प्रयोग गर्ने गरेको देखिन्छ:

- पिल्स, डिपोप्रोभेरा सुई, आई.यु.सि.डि. तथा ईन्प्लाण्टका हाल प्रयोगकर्ताहरू : २३६२७
- महिला तथा पुरुषको स्थायी बन्ध्याकरण : ५१
- कण्डमको वितरण : ९७३६५

लगातार लाग्ने रोगहरू

टीकापुर नगरपालिकाका नागरिकहरूमा देखिएको प्रमुख दशवटा लगातार दोहोरिने रोगहरू निम्नानुसार रहेका छन् । ग्याष्ट्रिक, दम, झाडापखाला, टाउको दुखाई, टाईफाईड, छाला सम्वन्धित रोगहरू,पेट दुखाई ,विविध फङ्गस रोगहरू, रुघाखोकी लगायत रहेका छन् ।

माथि उल्लिखित तथ्यहरूको आधारमा टीकापुर नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूलाई स्वास्थ्यसँग सम्वन्धित विविध विषयहरूमा अन्तरकृयात्मक छलफल चलाउन आवश्यक देखिन्छ र स्वास्थ्यतर्फ कम्तिमा जम्मा बजेटको दश प्रतिशत विनियोजित गर्नु पर्ने देखिन्छ। साथसाथै स्वास्थ्यसँग सम्वन्धित सेवा सुविधाहरूको वृद्धि गरी आफ्ना नगरका नागरिकहरूको स्वास्थ्य सम्बन्धी मौलिक हकको संरक्षण गर्नुपर्ने देखिन्छ ।

७.३ महिला तथा बालबालिका

७.३.१ महिलासम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्साभन्दा बढी ओगटेका महिलाहरू अझै पनि देश विकासको मूल प्रवाहमा उल्लेखनीयरूपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरू पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्ध, पितृसत्तात्मक सोंच तथा सामाजिक संरचना आदि रहेका छन् जसको फलस्वरूप महिलाहरू आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक र शैक्षिकरूपमा अझै पनि तुलनात्मकरूपमा पछाडि परेको देखिन्छ ।

विकासमा महिलाहरूको समानुपातिक र सक्रीय सहभागिता सुनिश्चित गर्न उनीहरूको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रूपमा आ.व.२०३८/०३९देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपूर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरूलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरूपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकायहरूबाट कामहरू सशक्त गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ ले देहाय बमोजिमको महिलाको हक सुनिश्चित गरेको छ ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ ।
- ✓ महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

विशेषगरी गर्भवती महिलाहरूको निःशुल्क वा न्यूनतम शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरूमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनीकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगिजस्ता कार्यक्रम ल्याई महिलाहरूका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत् आर्थिक रूपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरूको समान सहभागिता गराउन अझै पनि उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिलासम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरूमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरू सञ्चालन गरी समावेशी अवधारणा अनुरूप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ । देशका विभिन्न स्थानमा जस्तै यस नगरपालिमा पनि महिला हिंसा हुने गरेको छ । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १७२: महिला हिंसासम्बन्धी विवरण

क्र.सं.	विवरण	सङ्ख्या
१	घरेलु हिंसाबाट पिडित	६३
२	सौता रहेको	११
३	वेचविखनमा परेको	२
४	श्रीमानबाट पिडितरपिटिएका	२०
५	द्वन्दबाट पिडित	७५
६	सामाजिक कुरिती लगाईएका	१
७	जवरजस्ती करणी	५
जम्मा		१७७

स्रोतः महिला तथा बालबालिका शाखा कार्यालय, टीकापुर २०७५

- ✓ महिलाले घरायसी कार्यमा बिताउने औषत समय-१४ घण्टा सन् २०१५ मा रहेकोमा सन् २०३० सम्म ६ घण्टामा घटाउने *(SDG-5)* ।
- ✓ निजी क्षेत्रको निर्णयतहमा महिलाको सहभागिता २०१५ मा २५% रहको छ भने २०३० सम्ममा ४५% पुऱ्याउने लक्ष्य रहेको छ *(SDG-5)* .
- ✓ सार्वजनिक क्षेत्रको निर्णयतहमा महिला सहभागिता २०१५ सम्ममा ११% रहेको र यसलाई २०३० सम्ममा ५०% पुऱ्याउने लक्ष्य रहेको छ *(SDG-5)* ।

(१५.४९ वर्ष बिचका २६% महिलाले शारीरिक र यौनिक हिंसा अनुभूत गर्न गरेको अध्ययनले देखाएको छ भने जीवनभर यस्तो हिंसा भोग्ने महिला २८.४% छ जसमध्ये १५ वर्षको उमेरदेखि शारीरिक यातना पाउने २२%, यौनहिंसा भोग्ने ७% र गर्भवस्थामा हिंसा भोग्ने ६% रहेका छन् (NDHS-2016) । यसैगरी ६६% महिलाले कुनै कानूनी उपचारको खोजीबिना सहेर बस्ने गरेको देखिएको छ ।)

७.३.२ महिला सहकारी संस्था

तालिका नं. १७३: महिला सहकारी संस्थासम्बन्धी विवरण

क्र.सं.	सहकारी संस्थाको नाम	ठेगाना (वडा नं. सहित)	सदस्य सङ्ख्या	शेयर पुँजी
१	महिला जागरण बहुउदेश्य सहकारी संस्था लि.	१	८८५	
२	टीकापुर महिला साना किसान स.सं.लि.	१	२५	
३	परिर्वतन महिला कृषि स.सं.लि.	१	२७	
४	नवदीप कृषिस.सं.लि.	२	३१९	
५	निर्मल महिला दूग्ध स.सं.लि.	३	२५	
६	उत्साहित महिला दूग्ध उत्पादन स.सं.लि.	३	३०	
७	छहारी महिला बहुउदेश्यीय स.सं.लि.	७	३०	
८	सकृय महिला कृषि स.सं.लि.	७	२०७	
९	नवजागरण महिला कृषि स.सं.लि.	८	९१	
१०	धनसिंहपुर महिला साना किसान स.सं.लि.	८	२५	

स्रोत: महिला तथा बालबालिका शाखा कार्यालय, टीकापुर २०७५

(सहकारीमा महिला सहभागिता ५०% पुगेको छ (SDG-5) ।)

(व्यवसायिक र प्राविधिक कार्य गर्ने महिला हाल २४% मात्र रहेको ।)

७.३.३ आमा समूहको विवरण

तालिका नं. १७४: आमा समूहको विवरण

क्र.सं.	आमा समूहको नाम	ठेगाना (वडा नं. सहित)	सदस्य सङ्ख्या	कैफियत
१	श्री राजी महिला समूह	टी.न.पा. वडा नं. १	७	
२	श्री सृष्टि महिला समूह	टी.न.पा. वडा नं. १	७	
३	श्री गुलाब महिला समूह	टी.न.पा. वडा नं. १	७	

क्र.सं.	आमा समूहको नाम	ठेगाना (वडा नं. सहित)	सदस्य सङ्ख्या	कैफियत
४	श्री सञ्जना महिला समूह	टी.न.पा. वडा नं. १	५	
५	श्री शिवशक्ति महिला समूह	टी.न.पा. वडा नं. १	७	
६	श्री प्रगतिशील महिला समूह	टी.न.पा. वडा नं. १	७	
७	श्री सिर्जनशील महिला समूह	टी.न.पा. वडा नं. १	७	
८	श्रीसहयोगी महिला विकास समूह	टी.न.पा. वडा नं. १	६	
९	श्री मिलिजुली महिला विकास समूह	टी.न.पा. वडा नं. १	६	
१०	श्री सयपत्री महिला विकास समूह	टी.न.पा. वडा नं. १	६	
११	श्री हजारी महिला विकास समूह	टी.न.पा. वडा नं. १	७	
१२	श्री सङ्घर्ष महिला विकास समूह	टी.न.पा. वडा नं. १	६	
१३	श्री सफलता महिला विकास समूह	टी.न.पा. वडा नं. १	७	
१४	श्री पूर्णिमा महिला विकास समूह	टी.न.पा. वडा नं. १	७	
१५	श्री कर्णाली महिला विकास समूह	टी.न.पा. वडा नं. १	५	
१६	श्री चमेली महिला विकास समूह	टी.न.पा. वडा नं. १	६	
१७	श्री महिला समूह	टी.न.पा. वडा नं. १	६	
१८	श्री गुलाब महिला विकास समूह	टी.न.पा. वडा नं. १	६	
१९	श्रीसयपत्री महिला विकास समूह	टी.न.पा. वडा नं. १	६	
२०	श्री हजारी महिला विकास समूह	टी.न.पा. वडा नं. १	७	
२१	श्री हरियाली महिला समूह	टी.न.पा. वडा नं. २	७	
२२	श्री हरियाली महिला समूह	टी.न.पा. वडा नं. २	७	
२३	श्री लालीगुराँस महिला समूह	टी.न.पा. वडा नं. २	८	
२४	श्री शान्ति महिला समूह	टी.न.पा. वडा नं. २	७	
२५	श्री मखमली महिला समूह	टी.न.पा. वडा नं. २	७	
२६	श्री एकता महिला समूह	टी.न.पा. वडा नं. २	७	
२७	श्री जनजागरण महिला समूह	टी.न.पा. वडा नं. २	९	
२८	श्री गरिब निवारण महिला समूह	टी.न.पा. वडा नं. २	९	
२९	श्री लालीगुराँस महिला विकास समूह	टी.न.पा. वडा नं. २	५	
३०	श्री चमेली महिला विकास समूह	टी.न.पा. वडा नं. २	५	
३१	श्री मिलन महिला विकास समूह	टी.न.पा. वडा नं. २	५	
३२	श्री दीप महिला विकास समूह	टी.न.पा. वडा नं. २	५	
३३	श्री कोपिला महिला विकास समूह	टी.न.पा. वडा नं. २	५	
३४	श्री गुलाब महिला विकास समूह	टी.न.पा. वडा नं. २	५	
३५	श्री मयुर महिला समूह	टी.न.पा. वडा नं. ३	६	
३६	श्री लालीगुँरास महिला समूह	टी.न.पा. वडा नं. ३	७	
३७	श्री सगरमाथा महिला समूह	टी.न.पा. वडा नं. ३	६	
३८	श्री गुलाब महिला समूह	टी.न.पा. वडा नं. ३	८	

क्र.सं.	आमा समूहको नाम	ठेगाना (वडा नं. सहित)	सदस्य सङ्ख्या	कैफियत
३९	कोपिला महिला समूह	टी.न.पा. वडा नं. ३	६	
४०	श्री संगिनी महिला समूह	टी.न.पा. वडा नं. ४	७	
४१	श्री सिर्जना महिला विकास समूह	टी.न.पा. वडा नं. ४	६	
४२	श्री सम्झना महिला समूह	टी.न.पा. वडा नं. ४	७	
४३	श्री सयपत्री महिला विकास समूह	टी.न.पा. वडा नं. ४	५	
४४	श्री कोकिला महिला समूह	टी.न.पा. वडा नं. ४	५	
४५	श्री सिर्जना महिला विकास समूह	टी.न.पा. वडा नं. ४	६	
४६	श्री यपत्री महिला विकास समूह	टी.न.पा. वडा नं. ४	५	
४७	श्री कोकिला महिला समूह	टी.न.पा. वडा नं. ४	६	
४८	श्री सम्झना महिला विकास समूह	टी.न.पा. वडा नं. ४	६	
४९	श्री संगिनी महिला विकास समूह	टी.न.पा. वडा नं. ४	५	
५०	श्री भविष्य महिला विकास समूह	टी.न.पा. वडा नं. ४	५	
५१	श्री कमल महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
५२	श्री एकजुट महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
५३	श्री सफलता महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
५४	श्री कालिका महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
५५	श्री चम्पा महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
५६	श्री बनदेवी महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
५७	श्री सयपत्री महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
५८	श्री प्रगति महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
५९	श्री गुलाब महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
६०	श्री मखमली महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
६१	श्री चमेली महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
६२	श्री जमुना महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
६३	श्री शसक्तिकरण महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
६४	श्री कर्णाली महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
६५	श्री बसन्त महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
६६	श्री शिशिर महिला विकास समूह	टी.न.पा. वडा नं. ५	५	
६७	श्री कञ्चनजंघा महिला समूह	टी.न.पा. वडा नं. ५	५	
६८	श्री डाँफे महिला समूह	टी.न.पा. वडा नं. ५	५	
६९	श्री शान्ति महिला विकास समूह	टी.न.पा. वडा नं. ६	४	
७०	श्री सन्तोषी महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
७१	श्री सृष्टि महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
७२	श्री लालीगुराँस महिला समूह	टी.न.पा. वडा नं. ६	५	

क्र.सं.	आमा समूहको नाम	ठेगाना (वडा नं. सहित)	सदस्य सङ्ख्या	कैफियत
७३	श्री सयपत्री महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
७४	श्री जागृति महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
७५	श्री शिवशक्ति महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
७६	श्री चेतना महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
७७	श्री लालीगुराँस महिला समूह	टी.न.पा. वडा नं. ६	५	
७८	श्री हरियाली महिला समूह	टी.न.पा. वडा नं. ६	५	
७९	श्री सिर्जनशील महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
८०	श्री माछापुच्छ्रे महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
८१	श्री लालीगुराँस महिला समूह	टी.न.पा. वडा नं. ६	५	
८२	श्री एकता महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
८३	श्री हरियाली महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
८४	श्री झरना महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
८५	श्री कोपिला महिला विकास समूह	टी.न.पा. वडा नं. ६	५	
८६	श्री लालुपाते महिला समूह	टी.न.पा. वडा नं. ७	५	
८७	श्री लालिगुराँस महिला समूह	टी.न.पा. वडा नं. ७	५	
८८	श्री मखमली महिला समूह	टी.न.पा. वडा नं. ७	५	
८९	श्री सूर्यमुखी महिला समूह	टी.न.पा. वडा नं. ७	५	
९०	श्री चमेली महिला समह	टी.न.पा. वडा नं. ७	५	
९१	श्री सयपत्री महिला समूह	टी.न.पा. वडा नं. ७	४	
९२	श्री दीप महिला विकास समूह	टी.न.पा. वडा नं. ७	५	
९३	श्री ज्योती महिला विकास समूह	टी.न.पा. वडा नं. ७	५	
९४	श्री प्रकाश महिला विकास समूह	टी.न.पा. वडा नं. ७	५	
९५	संगीता महिला विकास समूह	टी.न.पा. वडा नं. ७	५	
९६	इन्द्रेणी महिला विकास समूह	टी.न.पा. वडा नं. ७	५	
९७	श्री गोदावरी महिला समूह	टी.न.पा. वडा नं. ७	५	
९८	श्री मुनाल महिला विकास समूह	टी.न.पा. वडा नं. ८	४	
९९	श्री डाँफे महिला विकास समूह	टी.न.पा. वडा नं. ८	४	
१००	श्री लालीगुँरास महिला समूह	टी.न.पा. वडा नं. ८	४	
१०१	श्री सूर्यमुखी महिला विकास समूह	टी.न.पा. वडा नं. ८	४	
१०२	श्री सयपत्री महिला विकास समूह	टी.न.पा. वडा नं. ८	४	
१०३	श्री मखमली महिला विकास समूह	टी.न.पा. वडा नं. ८	४	
१०४	श्री लालुपाते महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
१०५	श्री संगिनी महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
१०६	श्री प्रगतिशील महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
१०७	श्री डाँफे महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	

क्र.सं.	आमा समूहको नाम	ठेगाना (वडा नं. सहित)	सदस्य सङ्ख्या	कैफियत
१०८	श्री लालिगुराँस महिला समूह	टी.न.पा. वडा नं. ८	६	
१०९	श्री हिमालय महिला समूह	टी.न.पा. वडा नं. ८	५	
११०	श्री लक्ष्मी महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
१११	श्री शान्ति महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
११२	श्री समिक्षा महिला विकास समूह	टी.न.पा. वडा नं. ८	६	
११३	श्री हिमाल महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
११४	श्री गुलाब महिला विकास समूह	टी.न.पा. वडा नं. ८	६	
११५	श्री सिर्जना महिला विकास समूह	टी.न.पा. वडा नं. ८	६	
११६	श्री शिवशक्ति महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
११७	श्री हजारी महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
११८	श्री सम्झना महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
११९	श्री बेली विकास समूह	टी.न.पा. वडा नं. ८	५	
१२०	श्री चमेली महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
१२१	श्री लालिगुराँस महिला विकास समूह	टी.न.पा. वडा नं. ८	५	
१२२	श्री हजारी महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१२३	श्री सम्झना महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१२४	श्री जुनेली महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१२५	श्री मुनाल महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१२६	श्री हिमाल महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१२७	श्री सगरमाथा महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१२८	श्री निलम महिला विकास समूह	टी.न.पा. वडा नं. ९	७	
१२९	श्री शिवशक्ति महिला विकास समूह	टी.न.पा. वडा नं. ९	७	
१३०	श्री शान्ती महिला बचत समूह	टी.न.पा. वडा नं. ९	७	
१३१	श्री लालिगुराँस महिला समूह	टी.न.पा. वडा नं. ९	५	
१३२	श्री चेतनशील महिला बचत समूह	टी.न.पा. वडा नं. ९	५	
१३३	श्री खक्रौला महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१३४	श्री सक्रीय महिला बचत समूह	टी.न.पा. वडा नं. ९	५	
१३५	श्री महिमा महिला बचत समूह	टी.न.पा. वडा नं. ९	५	
१३६	श्री हरियाली महिला बचत समूह	टी.न.पा. वडा नं. ९	५	
१३७	श्री प्रगतिशील महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१३८	श्री लगनशील महिला बचत समूह	टी.न.पा. वडा नं. ९	५	
१३९	श्री लालीगुँरास महिला बचत समूह	टी.न.पा. वडा नं. ९	५	
१४०	श्री लालिगुराँस महिला विकास समूह	टी.न.पा. वडा नं. ९	६	
१४१	श्री मुनाल महिला विकास समूह	टी.न.पा. वडा नं. ९	६	
१४२	श्री हिमाल महिला विकास समूह	टी.न.पा. वडा नं. ९	६	

क्र.सं.	आमा समूहको नाम	ठेगाना (वडा नं. सहित)	सदस्य सङ्ख्या	कैफियत
१४३	श्री सागर महिला विकास समूह	टी.न.पा. वडा नं. ९	६	
१४४	श्री एकीकृत महिला विकास समूह	टी.न.पा. वडा नं. ९	७	
१४५	श्री जनचेतना महिला विकास समूह	टी.न.पा. वडा नं. ९	६	
१४६	श्री हरियाली महिला विकास समूह	टी.न.पा. वडा नं. ९	४	
१४७	श्री कोपिला महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१४८	श्री फुलबारी महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	
१४९	श्री हिमाल महिला विकास समूह	टी.न.पा. वडा नं. ९	५	

स्रोतः महिला तथा बालबालिका शाखा कार्यालय, टीकापुर २०७५

७.३.४ बालबालिकासम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरूलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ। बालबालिका भविष्यका कर्णधार हुन्। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकारसम्बन्धी महासन्धी पारित गरे पछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ। नेपालको संविधान २०७२ ले बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरू समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ मा देहाय बमोजिमको बालबालिकाको हकको व्यवस्था गरिएको छ।

१ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

२ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

३ प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

४ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

५ कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

६ कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

७ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

८ प्रत्येक बालबालिकालाई बाल अनुकुल न्यायको हक हुनेछ।

९ असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

१० उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

यो सँगै बालबालिकाहरूको अधिकारसम्बन्धी महासन्धीमा हस्ताक्षर गर्ने ५० देशहरूमध्ये नेपाल पनि एक हस्ताक्षर कर्ता हो । संविधानमा बालबालिकासम्बन्धी हकको सुनिश्चितता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयासको बावजुत घरेलु कामदारको रूपमा खटिएका बालबालिकाहरू, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरू, शिक्षाबाट बञ्चित रहेका बालबालिकाहरू, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चित भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरू र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरूको उदाहरणहरू समाजमा हामी सामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकारबाट बंञ्चित बालबालिकाहरूको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ । यस नगरपालिकामा रहेका परिवार बिहिन बालबालिकाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १७५: परिवार बिहिन बालबालिकाहरूको विवरण

विवरण	बालिका	बालक	जम्मा
परिवारिक संरक्षणविहीन बालबालिकाको कुल सङ्ख्या	२		२
परिवारमा वयस्क व्यक्ति नभइ बालबालिका मात्र भएको अवस्थामा रहेका बालबालिका	१		१
आफन्तको संरक्षणमा रहेका बालबालिका	१५		१५
संस्थागत संरक्षणमा रहेका बालबालिका	११	११	२२
सडक बालबालिका			०
जेलमा रहेका			०
हिंसारयातना पीडित			०
अलपत्र वा वेवारिसे अवस्थामा फेला परेका			०
बेचविखनमा परेका बालबालिका	२		२
जम्मा	**३१**	**११**	**४२**

स्रोतः महिला तथा बालबालिका शाखा कार्यालय, टीकापुर २०७५

७.३.५ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो । नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ । १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रूपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ । कुनै पनि बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन पाइदैन । तथापि सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरू बालश्रमिकका रूपमा काम गर्न बाध्य छन् । आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन् । काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनुदेखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन् । नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकीकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ । बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो । यसैगरी नेपालले राज्य पक्षका रूपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकारसम्बन्धी महासन्धी, १९८९, अन्तराष्ट्रिय श्रम

सङ्गठनको रोजगारीको न्यूनतम उमेरसम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं. १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ। (जोखिम अवस्थामा श्रम गरिरहेका बालबालिका हाल ३०% रहेका (SDG-8) ।)

७.३.६ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रूपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आवद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरूपमा नगरपालिकामा बालबालिकाको सहभागिता, सक्रीयता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलनसम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्। नगरमा भएका बालक्लबहरू विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १७६: बालक्लबको विवरण

बालक्लबको कुल सङ्ख्या	समुदायमा आधारित वालक्लवहरू			समुदायमा आधारित वालक्लवहरू			
	बालिका	बालक	जम्मा	बालक्लबको कुल सङ्ख्या	बालिका	बालक	जम्मा
-	-	-	-	१७	२०१	१३६	३३७

स्रोत: महिला तथा बालबालिका शाखा कार्यालय, टीकापुर २०७५

७.३.७ बालसञ्जाल

तालिका नं. १७७: बालक्लबको विवरण

वडा नं.	बाल सञ्जालको विवरण	सदस्य सङ्ख्या					जम्मा
		लैङ्गिक आधार		सामाजिक आधार			
		बालक	बालिका	दलित	जनजाति	अन्य	
१	कोपिला बाल क्लब	५	१२	०	१७	०	१७
१	कोमल बाल क्लब	४	१३	३	११	३	१७
१	शान्ति बाल क्लब	१०	८	१३	०	५	१८
१	सहयोगी बाल क्लब	४	७	०	११	०	११
१	सुन्दर बाल क्लब	५	११	०	१२	०	१६
१	प्रशंसा बाल क्लब	१०	८	०	१८	०	१८

वडा नं.	बाल सञ्जालको विवरण	सदस्य सङ्ख्या					जम्मा
		लैङ्गिक आधार		सामाजिक आधार			
		बालक	बालिका	दलित	जनजाति	अन्य	
२	विकास बाल क्लब	९	१२	२	१७	२	२१
२	ज्योति बाल क्लब	९	९	०	१८	०	१८
२	ज्योति बाल क्लब	९	९	०	१८	०	१८
३	चमेली बाल क्लब	८	१६	०	२४	०	२४
३	मखमली बाल क्लब	११	१६	३	२४	०	२७
४	जनजागृति बाल क्लब	६	१८	०	२४	०	२४
४	दीपशिखा बाल क्लब	११	१७	०	२८	०	२८
५	सिर्जना बाल क्लब	९	१३	३	१८	१	२२
५	जुनेली बाल क्लब	७	१५	०	२२	०	२२
५	कोपिला बाल क्लब	११	८	१	१८	०	१९
५	गरिमा बाल क्लब	८	९	१	१६	०	१७

स्रोतः महिला तथा बालबालिका शाखा कार्यालय, टीकापुर २०७५

७.४ खानेपानी तथा सरसफाई

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ। खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो। खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानीबाट लाग्ने रोगको जोखिम हुन्छ। खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ। खानेपानीको लागि प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा नगरपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ। सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्यूनीकरण गर्न सकिन्छ। टीकापुर नगरपालिकाको खानेपानी तथा सरफाईको स्थिति बुझ्न तल नगरबासीहरूले खानेपानीमा प्रयोग गरेको स्रोत तथा शौचालयसम्बन्धी विवरण देखाइएको छ।

(करिब ९५% घरपरिवार पिउने पानीको सुधारिएको स्रोतसम्म पहुँच पुगेको देखिन्छ।)

७.४.१ नगरपालिकाभित्र सञ्चालित खानेपानीका सार्वजनिक आयोजना एवम् निजी उद्योग

तालिका नं. १७८: नगरपालिकामा रहेको खानेपानी आयोजनासम्बन्धी विवरण

क्र.सं.	खानेपानी आयोजना र उद्योगको नाम	सञ्चालन	स्वामित्व	पानीको स्रोत	अवस्था	लाभान्वित घरपरिवार सङ्ख्या	आयोजनाले समेट्ने क्षेत्र
१	टीकापुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना	टीकापुर १	२०७२	सार्वजनिक	डिप बोरिंग सञ्चालन तथा मर्मत	८,४१३	१ वडा नं. देखि ५ सम्म

स्रोतः टीकापुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना, २०७५

७.४.२ नगरपालिकाभित्र सञ्चालित खानेपानी आयोजना, माग, आपूर्ति, महसुल

तालिका नं. १७९: खानेपानी आयोजना, माग, आपूर्ति र महसुलसम्बन्धी विवरण

क्र. सं.	खानेपानी आयोजनाको नाम	दैनिक माग	दैनिक आपूर्ति	महसुल दर		आयोजना लागत	मासिक आम्दानी	मासिक खर्च	मासिक बचत
				मासिक न्यूनतम रू.	न्यूनतममा थप घन मिटरको दरले				
१	टीकापुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना		४,२०,०००	१५०	२० रू. प्रति हजार लिटरको दरले	४८५५४७३३७.९२	भर्खरै सञ्चालन भएकोले एकीन तथ्याङ्क नआएको	भर्खरै सञ्चालन भएकोले एकीन तथ्याङ्क नआएको	भर्खरै सञ्चालन भएकोले एकीन तथ्याङ्क नआएको

स्रोत: टीकापुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना, २०७५

७.४.३ नगरपालिकाका खानेपानी आयोजनाबाट उपलब्ध हुने पानीको गुणस्तर

तालिका नं. १८०: नगरमा सञ्चालित खानेपानी आयोजनाहरूको खानेपानी गुणस्तर

क्र. सं.	खानेपानी आयोजन(ा/उद्योगको नाम	ठेगाना	सञ्चालन	स्वामित्व (सार्वजनिक र निजी)	पानीको स्रोत	अवस्था	पानीको मात्रा	वितरण
१	टीकापुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना	टी.न.पा.१	२०७२	सार्वजनिक	डीप बोरिंग	सञ्चालन तथा मर्मत	८,४१३	१ वडा नं.देखि ५ सम्म
२	आर सी वाटर एण्ड विभरेज ईण्डष्ट्रिज	टी.न.पा.१	२०६९	निजी	बोरिंग	राम्रो	२५०	वडा नं.१
३	टीकापुर वाटर एण्ड विभरेज ईण्डष्ट्रिज	टी.न.पा.१	२०७४	निजी	बोरिंग	राम्रो	१५०	वडा नं.१
४	ओमकार जल उद्योग	टी.न.पा.४	२०७४	निजी	बोरिंग	राम्रो	५५	१, ४, ६
५	मीत मिनिरल वाटर ईण्डष्ट्रिज	टी.न.पा.१	२०७०	निजी	बोरिंग	राम्रो	२५०	१,२,३, ४,६,७

स्रोत: टीकापुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना, २०७५

७.४.४ नगरपालिकामा खानेपानीका सम्भावित स्रोत

तालिका नं. १८१: खानेपानीका सम्भावित स्रोतहरू

क्र.सं.	खानेपानीको स्रोतहरू	ठेगाना	लाभान्वित हुने क्षेत्र
१	कर्णाली नदी	लम्की चूहा न.पा. चिसापानी	लम्की चूहा न.पा., जानकी गा.पा., टी.न.पा.

स्रोत: टीकापुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना, २०७५

७.४.५ खानेपानीको मुख्य स्रोतको आधारमा घरपरिवारको विवरण

तालिका नं. १८२: खानेपानीको मुख्य स्रोतको आधारमा घरपरिवारको विवरण


वडा नं.	धारा/ पाइप	ट्युबवेल/हाते पम्प	ढाकिएको इनार/कुवा	जार	*अन्य	जम्मा
१	२,४८७	७,२२४		५५	५७	**९,८२३**
२	७८१	८६०			१०	**१,६५१**
३	३२	९४७		१	३	**९८३**
४	३६	९५५		३	१	**९९५**
५	५५	९९३		१		**१,०४९**
६	२५	१,०३८	२	१	१	**१,०६७**
७	१४	१,२९७		३	१	**१,३१५**
८	३९०	५९९			५	**९९४**
९	४४५	२९७		१		**७४३**
जम्मा	**४,२६५**	**१४,२१०**	**२**	**६५**	**७८**	**१८,६२०**
प्रतिशत	**२२.९१**	**७६.३२**	**०.०१**	**०.३५**	**०.४२**	**१००.००**

***माथि उल्लेखित स्रोतबाहेक मूल, झरना, कुलो, आकासे पानी, हिउँ, असिना आदि**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५


यस नगरपालिकामा रहेका १८,६२० घरधुरीहरूमध्ये ट्यूबेल वा हातेपम्पको पानी पिउने घरधुरिको सङ्ख्या ७६.३२ प्रतिशत भएकाले सामान्यतया सबैजसो घरपरिवारले ट्युववेल र हातेपम्पको पानी पिउने गर्दछन् भन्दा हुने देखिन्छ। यद्यपि दोस्रोमा भने धारा/पाइप मार्फत् आपूर्ति गरिएको पानी पिउने परिवारको सङ्ख्या ४,२६५ अर्थात् २२.९१ प्रतिशत रहेका छन् । अन्य स्रोत प्रयोग गर्नेको सङ्ख्या नगन्य रहेको छ । यस तथ्याङ्कले ट्युववेल वा हातेपम्प प्रयोग गर्ने घरपरिवार अत्यधिक भएको देखाएकोले सो पानी पिउन वा अन्य प्रयोगका लागि पूर्णरूपमा सुरक्षित नहुन सक्ने देखाउँछ । भने अर्कोतर्फ नेपालको तराई क्षेत्रमा जमिनमुनिको पानीमा आर्सेनिक -एक प्रकारको विषाक्त पदार्थ) रहेको विभिन्न परिक्षणले देखाएकोले त्यसमा सजगता अपनाई पानी शुद्धीकरणका उपायहरू अवलम्बन गर्नुपर्ने देखाउँछ । (वडागत रूपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ । Sustainable Development Goals Status & Roadmap:२०१६ - २०३० का अनुसार (SDG– 6) आधार वर्ष २०१५ मा सुरक्षित पिउने पानी उपभोग गर्ने जनसङ्ख्या १५% मात्र देखिन्छ ।

दिगो विकास लक्ष्य अनुगमन ढाँचासमेत उल्लेख भएको उक्त दस्तावेजअनुसार यो जनसङ्ख्या क्रमश वृद्धि गर्ने अपेक्षा गरिएको छ । जसअनुसार २०१९ मा ३५%, २०२२ मा ५०%, २०५५ मा ६५% हुँदै सन् २०३० सम्म सुरक्षित पिउने पानी प्रयोग कर्ता कुल जनसङ्ख्याको ९०% हुने महत्वाकांक्षी लक्ष्य राखिएको छ । उक्त राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउन तथा आमरूपमा जनस्वास्थमा सुधार गर्न जमिनमुनिको पानी प्रयोग गर्दा पानीको उपयुक्त ताको परीक्षण र सुरक्षाको उपायहरूबारे व्यापक जनजागरण फैलाउनु पर्ने देखिन्छ ।



७.४.६ परिवारले प्रयोग गरेको पानीको स्रोतको स्वामित्वको आधारमा परिवारको विवरण

नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारहरूमध्ये १६,७९९ अर्थात् ९०.२२ प्रतिशत घरपरिवारको पानीको स्रोत निजी रहेको तथ्याङ्कले देखाउँछ भने सार्वजनिक स्रोत प्रयोग गर्ने ४८३ अर्थात् २.५९ प्रतिशत, अरुको धारा वा पानीको स्रोत प्रयोग गर्ने ५४० अर्थात् २.९० र अन्यमा ६८० अर्थात् ३.६५ प्रतिशत रहेका छन् । परिवारलाई आवश्यक पर्ने पानीजस्तो आधारभूत आवश्यकताको स्रोत निजी स्वामित्वमा हुनु राम्रो भएतापनि पानीको उपलब्धताको स्थिति र गुणस्तरले परिवारको स्वास्थ्य र गुणस्तरीय जीवनमा प्रत्यक्ष प्रभाव पार्दछ । नगरपालिकाको पिउने पानीको मुख्य स्रोत हेर्दा ७६.३२ प्रतिशत अर्थात् १४,२१० घरपरिवारहरूले ट्युवेल तथा हाते पम्पको पानी प्रयोग गर्दछन् तसर्थ ट्युवेल वा हाते पम्पको पानीको गुणस्तर वैज्ञानिक रूपमा परीक्षण नगरी पिउँदा स्वास्थ्यमा जोखिम रहन्छ । स्वास्थ्यसम्बन्धी योजना निर्माणमा यस तथ्याङ्कले अहम् भूमिका खेल्दछ । वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ :




नक्सा स्रोत: भूमि सूचना र अभिलेख विभाग, घरधुरी सर्भेक्षण, २०७५

तालिका नं. १८३: परिवारले प्रयोग गरेको पानीको स्रोतको स्वामित्वको आधारमा परिवारको विवरण

वडा नं.	निजी	सार्वजनिक	सामुदायिक	अरुको घरको धारा	*अन्य	जम्मा
१	८,७१०	३४४	३३	२७५	४६१	**९,८२३**
२	१,३६२	१७	५९	२६	१८७	**१,६५१**
३	९५८	७	२	१२	४	**९८३**
४	९७५	२		१४	४	**९९५**
५	९८५	१७	५	३९	३	**१,०४९**
६	९७९	३९	५	३९	५	**१,०६७**
७	१,२५०	१६	१	४३	५	**१,३१५**
८	८९०	३४	१०	५५	५	**९९४**
९	६९०	७	३	३७	६	**७४३**
जम्मा	**१६,७९९**	**४८३**	**११८**	**५४०**	**६८०**	**१८,६२०**
प्रतिशत	**९०.२२**	**२.५९**	**०.६३**	**२.९०**	**३.६५**	**१००.००**

***माथि उल्लेखित स्वामित्व प्रकारका बाहेक प्राकृतिक स्रोत, सार्वजनिक वा संस्थागत स्रोतहरू हुन सक्ने**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



७.४.७ खानेपानीको मुख्य स्रोत भएको ठाउँसम्म पुग्न लाग्ने समयको आधारमा घरपरिवारको विवरण

तालिका नं. १८४: खानेपानीको मुख्य स्रोत भएको ठाउँसम्म पुग्न लाग्ने समयको आधारमा घरपरिवारको विवरण

वडा नं.	घरको कम्पाउण्ड भित्र भएको	१५ मिनेट सम्म	१६-३० मिनेट	४६ मिनट -१ घण्टा	१ घण्टा-१.५ घण्टा	दुई घण्टाभन्दा बढी	जम्मा	औषत समय (मिनेटमा)
१	८,२४७	१,३४५	२१६	१५	०	०	९,८२३	**२.२**
२	१,४७०	१६८	६	७	०	०	१,६५१	**१.४६**
३	७२४	२४७	१	११	०	०	९८३	**३.११**
४	९८४	२	०	९	०	०	९९५	**२.२२**
५	१,०३६	१२	०	१	०	०	१,०४९	**०.१४**
६	५९१	४६८	३	५	०	०	१,०६७	**१.६९**
७	१,३१३	०	१	१	०	०	१,३१५	**०.२४**
८	४०८	५७८	७	१	०	०	९९४	**८.८८**
९	६८४	४८	०	११	०	०	७४३	**४.३६**
जम्मा	**१५,४५७**	**२,८६८**	**२३४**	**६१**	**०**	**०**	**१८,६२०**	**२.३४**
प्रतिशत	**८३.०१**	**१५.४०**	**१.२६**	**०.३३**	**०.००**	**०.००**	**१००.००**	

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारहरूमध्ये १५,४७५ अर्थात् ८३.०१ प्रतिशत घर परिवार हरूका पानीको स्रोत आफ्नै घर परिसर भित्र रहेको, त्यस बाहेक २,८६८ अर्थात् १५.४० प्रतिशत घरपरिवारहरू१५ मिनेटसम्म टाढाको स्रोतहरूबाट पिउने पानी ल्याउने गरेको पाइयो । तराई क्षेत्रको नगरपालिका भएकोले भूमिगत जलस्रोत पर्याप्त हुँदा पिउने पानीको स्रोत र त्यसको सुगमता यथेष्ट भएको देखिन्छ तथापि पानीको निर्मलीकरण गरेर पिउनुपर्ने विषयलाई गम्भिरताका साथ लिनुपर्ने देखिन्छ। वडागत पूर्ण विवरण तालिकामा उल्लेख गरिएको छ ।


७.४.८ शौचालय प्रयोगको प्रकारको आधारमा घरपरिवारको विवरण

तालिका नं. १८५: शौचालय प्रयोगको प्रकारको आधारमा घरपरिवारको विवरण

वडा नं.	फ्लस भएको (सार्वजनिक ढल)	फ्लस भएको (सेप्टिक ट्याङ्की)	साधारण चर्पी	सामुदायिक चर्पी	चर्पी नभएको	जम्मा
१	२३७	२,७६९	४,९८०	५८४	१,२५३	**९,८२३**
२	२०	५१४	९१०	३७	१७०	**१,६५१**
३	६५	२९५	४९०	६	१२७	**९८३**
४		१५३	७१०	४२	९०	**९९५**
५	६	४२७	५५०		६६	**१,०४९**
६		९	१,००२	१	५५	**१,०६७**
७	१५३	३१७	७७०	२४	५१	**१,३१५**
८	४	६८६	२१९	१३	७२	**९९४**
९	४	१६७	५२६	१९	२७	**७४३**
जम्मा	**४८९**	**५,३३७**	**१०,१५७**	**७२६**	**१,९११**	**१८,६२०**
प्रतिशत	**२.६३**	**२८.६६**	**५४.५५**	**३.९०**	**१०.२६**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये १०,१५७ अर्थात् ५४.५५ प्रतिशत घरपरिवारले साधारण चर्पी, ५,३३७ अर्थात् २८.६६ प्रतिशतले फ्लस सहितको सेप्टि ट्याङ्क भएको चर्पी, ४८९ अर्थात् २.६३ प्रतिशतले फ्लस सहितको सार्वजनीक ढल भएको चर्पी, ७२६ अर्थात् ३.९० प्रतिशतले सामुदायिक चर्पीको प्रयोग गरेको र १,९११ अर्थात् १०.२६ प्रतिशतले भने चर्पीको प्रयोग नै नगरेको पाइयो । साधारण चर्पी प्रयोग गर्नेको सङ्ख्या आधाभन्दा बढी हुनु र १०.२६ प्रतिशत जनसङ्ख्याले चर्पीको प्रयोग नै नगर्नु व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यका हिसाबले जोखिम बढी रहेको देखाउँछ । सानो सङ्ख्याले मात्र खुल्ला स्थानमा दिसापिसाब गर्दा समेत समुदायको ठूलो हिस्साको जनस्वास्थ्य प्राणघातक संक्रामक रोगहरूको जोखिममा पर्ने हुँदा चर्पी प्रयोगलाई अनिवार्य गर्ने र चर्पीको गुणस्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ :



७.५ सामाजिक सुरक्षा भत्ता प्राप्त व्यक्तिहरूको विवरण

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा,दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरू एवंम दलित बालबालिकाहरूले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी व्यवस्था गरेको छ ।

सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थाबमोजिम टीकापुर नगरपालिकामा विभिन्न श्रेणीका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ । जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १८६: विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसङ्ख्याको विवरण

वडा नं.	जेष्ठ नागरिक	एकल महिला	अपाङ्गता भएका	अल्पसंख्यक जातजाति	बाल सुरक्षा	वृद्ध भत्ता	अन्य	सामाजिक सुरक्षा नपाएका	उल्लेख नभएको	जम्मा
१	१,११६	१,०४३	८४	६०	५	८	३३	३१	२	**२,३८२**
२	२८४	१९३	२४		८९	२८	३७	१३		**६६८**
३	५९	१५१	१८					८		**२३६**
४	७२	११५	८			२	२	३		**२०२**
५	१६५	१२६	१२	१		१		६		**३११**
६	८४	१७३	२८	१		२	२	३		**२९३**
७	११३	१८५	२८			२		८		**३३६**
८	१०७	१३०	३९	११	१३	१	१५	३		**३१९**
९	९२	९७	१५	१	१		१	१		**२०८**
जम्मा	**२,०९२**	**२,२१३**	**२५६**	**७४**	**१०८**	**४४**	**९०**	**७६**	**२**	**४,९५५**
प्रतिशत	**४२.२२**	**४४.६६**	**५.१७**	**१.४९**	**२.१८**	**०.८९**	**१.८२**	**१.५३**	**०.०४**	**१००.००**

स्रोतः घरधुरी सर्भेक्षण २०७५

७.६ अपाङ्गताका आधारमा जनसङ्ख्या


शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारसमेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन् । जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुबै कार्यहरू गरिनुपर्दछ । नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्वर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ । त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ । सरकारले अपाङ्गता परिचयपत्र विवरण निर्देशिकासमेत जारी गरी विवरण गरिरहेको छ । अपाङ्गता परिचयपत्र विवरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त , स्वरबोलाईसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र विवरण गर्ने कार्य सुरु गरिएको छ । हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सीपमुलक तालिमहरू सञ्चालन गरिए तापनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहुँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ ।

घरपरिवार तथ्याङ्क सङ्कलनको विवरणअनुसार टीकापुर नगरपालिकामा रहेको कुल ८०,६९० जनसङ्ख्यामध्ये १.४० प्रतिशत अर्थात् १,१३० जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। जसमध्ये शारीरिक अपाङ्गता भएका ५८८, दृष्टिविहिन अपाङ्गता भएका १२२, श्रवण दृष्टिविहिनसम्बन्धी अपाङ्गता भएका ४७, स्वर बोलाईसम्बन्धी अपाङ्गता भएका ९८, सुनाईसम्बन्धी अपाङ्गता भएका ९१ जना रहेका छन् । थप अपाङ्गता तथा वडागत अपाङ्गताको विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १८७: अपाङ्गताका आधारमा जनसङ्ख्याको विवरण

वडा नं.	अपाङ्गता नभएको	शारीरिक अपाङ्गता	दृष्टिसम्बन्धी अपाङ्गता	श्रवण दृष्टिविहिन	सुनाईसम्बन्धी अपाङ्गता	स्वर बोलाईसम्बन्धी अपाङ्गता	मानसिक अपाङ्गता	बौद्धिक अपाङ्गता	बहुअपाङ्गता	जम्मा
१	३९,३१२	२७१	४०	२१	४३	२७	५१	४	९	**३९,७७८**
२	७,२२३	६८	२७	१४	१८	२४	१९	९	६	**७,४०८**
३	४,५६०	३३	३	१	४	७	४	१	२	**४,६१५**
४	४,४५३	३०	२	१	२	८	१०	३		**४,५०९**
५	४,८०९	२३	१	१	१	३	५	१	१	**४,८४५**
६	४,९०४	५७	११	४	५	४	१६			**५,००१**
७	५,९१०	३५	१४	३	८	१०	१२	३		**५,९९५**
८	४,७५२	४५	१५		९	११	१३		४	**४,८४९**
९	३,६३७	२६	९	२	१	४	७	१	३	**३,६९०**
जम्मा	**७९,५६०**	**५८८**	**१२२**	**४७**	**९१**	**९८**	**१३७**	**२२**	**२५**	**८०,६९०**
प्रतिशत	**९८.६०**	**०.७३**	**०.१५**	**०.०६**	**०.११**	**०.१२**	**०.१७**	**०.०३**	**०.०३**	**१००.००**

स्रोत: घरधुरी सर्भेक्षण २०७५



७.७ व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानूनी प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ। नागरिकता, राहदानी वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ। जस पश्चात् सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा व्यक्तिगत घटना दर्ताको लागि जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।

तालिका नं. १८८: व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

वडा नं.	जन्म दर्ता			मृत्यु दर्ता			विवाह दर्ता	सम्बन्ध विच्छेद	बसाई-सराई			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा			दर्ता सङ्ख्या	आएको सङ्ख्या	गएको सङ्ख्या	बसाईसराई गएको र आएको जम्मा
१	१४४४	६७१	२११५	१८२	६९	२५१	५९०	१	३९६	१४४९	२८५	१७३४
२	१५२	६९	२२१	३०	९	३९	६७	०	८	३०	१०	४०
३	१०५	५२	१५७	२२	१२	३४	५३	०	२	२	३१	३३
४	१००	४२	१४२	१६	४	२०	४४	०	३	६	१८	२४
५	१५०	७७	२२७	२०	३	२३	६९	०	१	२	२४	२६
६	१००	५६	१५६	२१	११	३२	४९	०	१	१	१७	१८
७	१५१	७६	२२७	१५	४	१९	५४	०	६	१५	२८	४३
८	२७९	११८	३९७	६०	२४	८४	१२५	०	३	१८	५६	७४
९	१२३	६०	१८३	२१	८	२९	६२	०	१	१	१८	१९
जम्मा	**२६०४**	**१२२१**	**३८२५**	**३८७**	**१४४**	**५३१**	**१११३**	**१**	**४२१**	**१५२४**	**४८७**	**२०११**

स्रोत : टीकापुर नगरपालिकाको कार्यालय, २०७५

माथिको तालिकामा नगरपालिकाको व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। नगरमा २०७४ सालमा ३,८२५ जनाले जन्म दर्ता गराएका छन् भने ५३१ जनाको मृत्यु दर्ता भएको देखिन्छ। त्यस्तै नगरपालिकामा १,११३ जनाको विवाह दर्ता भएको देखिन्छ। सो अवधिमा नगरपालिकामा सम्बन्ध विच्छेदको घटना दर्ता १ ओटा भएको देखिन्छ। त्यसैगरी ४२१ परिवारको बसाइँसराइँ दर्ता भएको देखिन्छ।

(५६% बालबालिकाको सम्बन्धित निकाय (civil authority) जन्मदर्ता गरिएको छ (NDHS-2016)

७.८ फोहोरमैला व्यवस्थापन तथा सरसफाई

नगरपालिकालाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपत् व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा अभियानको रूपमा सञ्चालन भएको पाइन्छ । शहरीकरणको धेरै प्रभाव नभएको टीकापुर नगरपालिकामा स्वच्छ हावापानीको र प्राकृतिक वातावरणको अनुभव गर्न सकिन्छ। तर पनि दैनिक रूपमा घरबाट निस्किएको फोहोरलाई उचित व्यवस्थापन गर्न सकिएको खण्डमा फोहोर मैलाको व्यवस्थापन हुन्छ । जसले नगरका बासिन्दालाई स्वस्थकर जीवन जिउन मद्दत गर्दछ । यस विषयमा नगरपालिकाले विशेष प्राथमिकताका साथ कार्य गर्नुपर्ने देखिन्छ ।

तालिका नं. १८९: फोहोरमैला व्यवस्थापनसम्बन्धी विवरण

क्र.सं.	फोहरमैला व्यवस्थापन	ल्यान्डफिल साईट (जग्गा) को व्यवस्था	कुहिने र नकुहिने फोहरको बर्गीकरण
१	आंशिक	प्रक्रियामा रहेको	छैन ।

स्रोत: टीकापुर नगरपालिकाको कार्यालय, २०७५

तालिका नं. १९०: हस्पिटलबाट निस्केको फोहोर मैला व्यवस्थापनसम्बन्धी विवरण

क्र. सं.	हस्पिटल/हेल्थपोस्ट/ क्लिनिकहरूको नाम	हस्पिटलको फोहोर व्यवस्थापन			
		कुहिने फोहोरको व्यवस्थापन	नकुहिने फोहोरको व्यवस्थापन	अन्य फोहोरहरूको व्यवस्थापान	फोहोर जलाउने व्यवस्थापन
१	टीकापुर अस्पातल, टीकापुर	छ	छ	छैन	छ
२	शहरी स्वास्थ्य क्लिनिक,विजयनगर	छैन	छैन	छैन	छ
३	शहरी स्वास्थ्य क्लिनिक, रामपुर	छैन	छैन	छैन	छ
४	शहरी स्वास्थ्य क्लिनिक, नारायणपुर	छैन	छैन	छैन	छ
५	शहरी स्वास्थ्य क्लिनिक,अस्नेरी	छैन	छैन	छैन	छ
६	शहरी स्वास्थ्य क्लिनिक,धनसिंहपुर	छैन	छैन	छैन	छ

स्रोत: निजी हस्पिटल, हेल्थपोस्ट, मेडिकल क्लिनिक, २०७५

७.८.१ नगरपालिकाको फोहोरसम्बन्धी तथ्यहरू

- नगरपालिकाको ठोस फोहर सङ्कलन गर्ने, स्थानान्तरण गर्न र निषेधित गर्ने काम नगरपालिकाले गर्दै आएको छ ।
- नगरपालिकामा होटल व्यवसायी तथा व्यापार व्यवसायी आदिले ठूलो मात्रामा फोहर उत्पादन गर्दछन् ।
- नगरपालिकामा जैविक र प्लास्टिकजन्य फोहोर उत्पादन हुन्छ भने उत्पादित फोहोरमध्ये ८०% ठोस फोहोर रहेको छ ।
- नगरपालिकामा एक वर्षमा अनुमानित २३४० टन ठोस फोहर उत्पन्न हुन्छ ।
- नगरपालिकामा एक घरबाट एक वर्षमा ठोस फोहर १.३७ टन संकलित हुन्छ भने एक वर्षमा अन्य मुलबाट १०८० टन फोहोर सङ्कलन गर्दछ ।

- नगरपालिकाको फोहोर सङ्ग्रह क्षेत्र टीकापुर नगरपालिकाको वडा नं. १ देखि ९ सम्म फोहोर सङ्कलन क्षेत्र पर्दछ ।
- नगरपालिकाको २५ प्रतिशत जनसङ्ख्याले नगरपालिकाको फोहर सङ्कलन सेवा प्राप्त गरेको छ ।
- नगरपालिकामा प्रमुख फोहोर व्यवस्थापन गर्न कुहिने फोहोर घरमै व्यवस्थापन गर्ने, कवाडीलाई बेच्ने, पुनः प्रयोग गर्ने गर्नु पर्दछ ।
- नगरपालिकाको फोहोर सङ्कलन गर्न रिक्सा र ट्याक्टरको प्रयोगले हानिकारक फोहोर र अन्य फोहोरलाई छुट्याएर जम्मा गर्ने गरिएको छ ।
- नगरपालिकाले हप्तामा ६ दिन फोहोर सङ्कलन कार्य गर्दछ ।
- टीकापुर नगरपालिकाले फाहोर सङ्कलनको लागि कुनै पनि शुल्क लगाएको छैन ।

७.८.२ पक्की तथा कच्ची ढलसम्बन्धी विवरण

ढल व्यवस्थापन व्यवस्थित शहरीकरणको एउटा विशेषता हो । वातावरणिय सरसफाइ, पानीको मुहानको सुरक्षा, सरुवा रोगको नियन्त्रणजस्ता कार्यका लागि उचित फोहोरमैला व्यवस्थापन सहितको ढल निर्माण कार्य अपरिहार्य हुन्छ ।

तालिका नं. १९१: ढल व्यवस्थापनसम्बन्धी विवरण

क्र. स.	वडा नं	गुरुयोजना	पक्की ढल कभर सहित	पक्की ढल	कच्ची ढल	ढल व्यवस्थापन छैन
१	१	छैन	५ किलोमिटर	छैन	छैन	छैन
२	२	छैन	छैन	छैन	छैन	छैन
३	३	छैन	छैन	छैन	छैन	छैन
४	४	छैन	छैन	छैन	छैन	छैन
५	५	छैन	छैन	छैन	छैन	छैन
६	६	छैन	छैन	छैन	छैन	छैन
७	७	छैन	छैन	छैन	छैन	छैन
८	८	छैन	छैन	छैन	छैन	छैन
९	९	छैन	छैन	छैन	छैन	छैन

स्रोतः टीकापुर नगरपालिका कार्यालय, २०७५

७.८.३ वातावरण, रसायनिक र जैविक प्रभाव सम्बन्धमा

तालिका नं. १९२: वातावरण, रसायनिक र जैविक प्रभाव सम्बन्धमा

सि.नं.	वडा नं.	वातावरणीय प्रभाव ?	रसायनिक	जैविक	प्रशोधन प्रणाली (छैन, छ भने कुन किसिमको छ)
१	१	छ	छैन	छैन	छैन
२	२	छ	छैन	छैन	छैन
३	३	छ	छैन	छैन	छैन
४	४	छ	छैन	छैन	छैन
५	५	छ	छैन	छैन	छैन
६	६	छ	छैन	छैन	छैन
७	७	छ	छैन	छैन	छैन
८	८	छ	छैन	छैन	छैन
९	९	छ	छैन	छैन	छैन

स्रोतः टीकापुर नगरपालिका कार्यालय, २०७५

७.८.४ खुला दिशा मुक्त क्षेत्र

देशका कतिपय भागहरूमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रूपमा दिसापिसाब गर्ने प्रवृत्ति रहेको छ । यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्छित कार्य हो । तर हालका वर्षहरूमा सञ्चार माध्यमहरूको सकारात्मक भूमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ । संघ संस्था, नेपाल सरकारको साथै नागरिक समाजको सक्रीय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यक्रहरूले नगरपालिकामा शौचालयको प्रयोग बढ्दै गएको छ । आर्थिक वर्ष २०७१ माघ १९ गतेका दिन यस नगरपालिकालाई खुल्ला दिशा मुक्त घोषणा गरी यस क्षेत्रलाई पूर्ण सरसफाई कायमगर्न पहल भई रहेको छ । यद्यपि घरपरिवार तथ्याङ्क सङ्कलन २०७५ बाट प्राप्त तथ्याङ्कअनुसार टीकापुर नगरपालिकामा १०.२६ प्रतिशत घरहरूमा शौचालयको प्रयोग नभएको देखिएको छ । यस नगरपालिकामा रहेका सार्वजनिक शौचालयसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

७.८.५ सार्वजनिक शौचालयसम्बन्धी विवरण

सफा र सुविधा सम्पन्न शोचालय सभ्यताको प्रतिक हो भन्दै यस नगरमा विभिन्न वडाहरूमा सार्वजनिको शौचालयको निर्माण गरिएको छ जसको विवरण तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. १९३: सार्वजनिक शौचालयको विवरण

वडा नं. र स्थान	कच्ची सङ्ख्या	पक्की सङ्ख्या	कैफियत
१ नं. वडा मा बसपार्क, अस्पताल चोक, खुल्ला मञ्च, बसपार्क, सामुदायिक पुस्तकालय नजिक, सिटी बसपार्क, भानुचोक ।		७	चालु अवस्थामा रहेका छन् ।
२ नं. वडा कार्यालय राजीपुर		१	चालु अवस्थामा रहेको
३ नं. वडा कार्यालय रामपुर		१	चालु अवस्थामा रहेको
४ नं. वडा कार्यालय अस्नेरी		१	चालु अवस्थामा रहेको
५ नं. वडा कार्यालय अस्नेरी		१	चालु अवस्थामा रहेको
६ नं. वडा कार्यालय बेलुवा		१	चालु अवस्थामा रहेको
७ नं. वडा कार्यालय सत्ती, बसपार्क		२	चालु अवस्थामा रहेको
८ नं. वडा कार्यालय वटनपुर		१	चालु अवस्थामा रहेको
९ नं. वडा कार्यालय झुंगा		३	चालु अवस्थामा रहेको

स्रोतः टीकापुर नगरपालिकाको कार्यालय, २०७५

७.८.६ घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण


तालिका नं. १९४: घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण

वडा नं.	घरमै लिन आउने	फोहर थुपार्ने ठाउँमा/ क्यानमा	घर कम्पाउण्ड भित्र बाल्ने	कम्पाउण्ड भित्र गाड्ने/ थुपार्ने	नदी वा खोल्सामा	सडक/सार्वजनिक स्थलमा	कम्पोष्ट मल बनाउने	*अन्य	जम्मा
१	२०५	९०७	४,८६९	१,७४१	२९८	१३०	१,६७०	३	**९,८२३**
२	१९	६	८४५	३४४	२५	३०	३८२		**१,६५१**
३	१	२६०	२३१	२१५	१३	६०	२०३		**९८३**
४	१२	१८	८९	४२	३०	४७	७५६	१	**९९५**
५	११	१	१९४	३०८	१२	५	५१७	१	**१,०४९**
६		२९१	७७	८९	२९	६	५७३	२	**१,०६७**
७	४	४१९	३७८	१६६	४	३	३४१		**१,३१५**
८	७	४२	२४७	२२१	८	५६	४१३		**९९४**
९	३	५८	२४०	१३	८	४	४१६	१	**७४३**
जम्मा	**२६२**	**२,००२**	**७,१७०**	**३,१३९**	**४२७**	**३४१**	**५,२७१**	**८**	**१८,६२०**
प्रतिशत	**१.४१**	**१०.७५**	**३८.५१**	**१६.८६**	**२.२९**	**१.८३**	**२८.३१**	**०.०४**	**१००.००**

***माथि उल्लेखित फोहर मैला व्यवस्थापन गर्ने स्थानबाहेक पुन प्रयोग गर्ने, पशु आहाराको रूपमा प्रयोग गर्ने, खाली जग्गामा फाल्ने आदि ।**

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

नगरपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये ७,१७० अर्थात ३८.५१ प्रतिशतले घरको कम्पाउन्ड भित्र गाड्ने गरेको, ५,२७१ अर्थात २८.३१ प्रतिशतले कम्पोष्ट मल बनाउने गरेको, ३,१३९ अर्थात १६.८६ प्रतिशतले घरको कम्पाउन्ड भित्र गाड्ने/थुपार्ने, २,००२ अर्थात १०.७५ प्रतिशतले फोहर थुपार्ने ठाउँमा अथवा क्यानमा राख्ने गरेको, ३४१ अर्थात १.४३ प्रतिशतले सार्वजनिक स्थलमा फाल्ने ४२७ अर्थात २.२९ प्रतिशतले नदी वा खोल्सामा फाल्ने, २६२ अर्थात् १.४१ प्रतिशतको घरमा नै फोहर लिन आउने र बाँकीको स्पष्ट नभएको पाइयो । ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका २८.३१ प्रतिशत घर परिवारले फोहरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गरेकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहे तापनि फोहरको प्रकृतिअनुसार प्लाष्टिक जन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू-प्रदूषण वृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ । अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदूषण वृद्धि गराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ । तसर्थ फोहरको उचित व्यवस्थापनमा समुदायलाई सचेत बनाउनुपर्ने देखिन्छ ।




७.८.७ ढल निकासको प्रकारको आधारमा परिवारको विवरण

नगरपालिकामा रहेका कुल १८,६२० घरपरिवारहरूमध्ये जम्मा १,१३७ अर्थात् ६.११ प्रतिशत घरपरिवारहरूको मात्र ढल निकासको व्यवस्था छ भने बाँकी १७,४८३ अर्थात् ९३.८९ प्रतिशत घरपरिवारहरूको घरमा ढल निकासको व्यवस्था छैन । नगरपालिकामा आवश्यक आधारभूत सार्वजनिक भौतिक पूर्वाधारको विद्यमान अवस्थालाई हेर्दा ढलजस्तो सामुदायिक सरसफाई, स्वास्थ्य तथा व्यक्तिगत र पारिवारिक स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय व्यवस्थापनको स्थिति कमजोर देखिन्छ। सडक, पिउने पानी, ढलजस्ता भौतिक पूर्वाधारको समुचित विकास नगरपालिकाका विकासका अपरिहार्य आयामहरू भएकाले सम्बन्धित निकायहरूको ध्यान यसतर्फ जानु जरुरी छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १९५: ढल निकास भए/नभएको आधारमा परिवारको विवरण

वडा नं.	ढल निकास भएको	ढल निकास नभएको	जम्मा
१	५४६	९,२७७	**९,८२३**
२	६९	१,५८२	**१,६५१**
३	१७६	८०७	**९८३**
४	१२२	८७३	**९९५**
५	२	१,०४७	**१,०४९**
६	५०	१,०१७	**१,०६७**
७	१६	१,२९९	**१,३१५**
८	२	९९२	**९९४**
९	१५४	५८९	**७४३**
जम्मा	**१,१३७**	**१७,४८३**	**१८,६२०**
प्रतिशत	**६.११**	**९३.८९**	**१००.००**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५



नगरलाई सधैँ सफा राखी वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपत् व्यवस्थापन समितिको अगुवाई मा विभिन्न स्थानमा सरसफाई अभियान लागु भएको पाइन्छ । फोहोरमैला व्यवस्थापनका लागि थप उपकरणहरूको व्यवस्थापन गर्न अझै लाग्नु पर्ने देखिन्छ । आम नगरवासीहरूमा व्यापक रूपमा सरसफाई जागरणको लहर फैलिएको छ । हाल नगरपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ । हाल यस नगरपालिकामा देखिएका समस्याहरू देहाय बमोजिम रहेको छ :

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भागसम्म पुर्याएर प्रदूषणलाई बिस्तारित गर्दछ ।
- जमिनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमिनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमिन भित्रको पानीसमेतलाई प्रदूषित गर्दछ । तसर्थ फोहोरमैला व्यवस्थापन गर्न निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ :-
  - भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।
  - कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम नगरपालिकाले गर्ने ।
  - नकुहिने फोहोरलाई पूनः विभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा । यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेपछि पुनः प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापनतर्फ जोड दिने । यस नगरपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने ।

खण्ड ८ : वन तथा वातावरण

८.१ प्राकृतिक वन तथा वनस्पति

टीकापुर नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न नगरपालिकाको श्रेणीमा पर्दछ। नगरपालिकामा जैविक विविधताको अवस्था तथा स्थिति पत्ता लगाउन नगरपालिकाको जैविक विविधता बारे लेखिएका लेख, रचनाहरूको अध्ययन गर्नुको साथै सम्बन्धित कार्यालयबाट प्राप्त तथ्याङ्कको आधारमा यो विवरण तयार पारिएको हो । अध्ययन एवं प्राप्त जानकारीअनुसार यस नगरपालिकामा उष्ण (Tropical) देखि समशीतोष्ण (Temperate Climate) मा हुने वन्यजस्तु तथा वनस्पतिहरू पाईएका छन् ।

टीकापुर नगरपालिकामा पाइने प्रमुख वनस्पतिका प्रजातिहरूमा साल, श्रीखण्ड, अस्ना, प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, काउलो, अमला, सुगन्ध कोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, यसै गरी घिस्रने जन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, आदि पाइन्छन् ।चराचुरुङ्गीहरूमा राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईचे, खैरो धनेश, सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके, मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन् ।

८.२ जैविक विविधता सम्बन्धी विवरण

टीकापुर नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरूपबाट कायम राख्न वन, वनस्पति तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दीगोरूपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ । दीगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने वनजङ्गल र पारिस्थितिक विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ । वातावरणीय असन्तुलनले वनस्पति वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ । विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र वनस्पति रहेको यस नगरपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ । यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ ।

- वनजङ्गले क्षेत्रले ढाकेको क्षेत्रफल ४४.७% (SDG-15)
- सामुदायिक व्यवस्थापन अन्तर्गत रहेको वनजङ्गल ३९% रहेको यसलाई २०३० सम्म ४२% पुऱ्याउने लक्ष्य

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ । दैनिक जीवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरपालिकामा सामुदायिक वनजस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ । यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसङ्ख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपूर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा

यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागी भई रहेका छन्।

नगरपालिकाको हावापानीले जीवजन्तु र वनस्पतिहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण ठानिएका विभिन्न स्थानहरूको संरक्षण गर्नुपर्ने देखिन्छ।

यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै टीकापुर नगरपालिकाका ग्रामीण बस्तीहरूको जीवनस्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन्। यस्ता पैदावारहरूले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरूलाई अवसर प्रदान गर्छन् यसको लागि सरकार तथा सम्बन्धित निकायले नीति बनाउनु पर्छ।

८.३ सामुदायिक वनसम्बन्धी विवरण

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागी बनाउने नेपाल सरकारको नीतिअनुसार यसनगरपालिकामा जिल्ला वन कार्यालय मार्फत् सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भई रहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरेबमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन्। यो कार्यक्रम सुरुमा लागु हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परि पूर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिबी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दीगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरी महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिबी न्यूनीकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू सञ्चालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ।

यस टीकापुर नगरपालिकामा हालसम्ममा ११ वटा सामुदायिक वनहरूलाई वन उपभोक्ता समूहमा हस्तान्तरण गरिएको छ। विगतको समयमा थोरै जनसङ्ख्याको तुलनामा प्रसस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागि आदि कारण र भई रहेको वन विनासले वनको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा वन क्षेत्रका बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास सुरु हुन थालेको छ। एकातिर वन क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास सुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूप मासिने अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित

भएका छन् । सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ । तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ । उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ । दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ । नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न विभिन्न तालिम, गोष्ठी र अध्ययन भ्रमणहरू गरिदै आएका छन् । यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ । सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव न देखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई नगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ ।

सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ । वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिकाले अग्रणी भूमिका खेलेको छ । नगरपालिकामा वनहरूको सङ्ख्या धेरै भए पनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन । यस नगरपालिकामा रहेका सामुदायिक वनहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. १९६: सामुदायिक वनको विवरण

क्र. सं.	सामुदायिक वनको नाम	वडा नं.	जङ्गलको क्षेत्रफल (हे.मा)	ओगटेको क्षेत्रफल	लाभान्भित घरपरिवार
१	श्री खोटेना भूराखानी सामुदायिक वन	२	१९८.८६	१९८.८६	१४२४
२	श्री रानी कर्णाली सामुदायिक वन	२	१९२.२९	१९२.२९	१४४९
३	श्री शितल सामुदायिक वन	२	१७३.६८	१७३.६८	७८४
४	श्री जनशक्ति सामुदायिक वन	२	१४०.५	१४०.५	५९७
५	श्री शाहीपुर कर्णाली सामुदायिक वन	५	७२.९८	७२.९८	३२४
६	श्री वी.पी. निकूञ्ज सामुदायिक	६	२८.३२	२८.३२	५७२
७	श्री महेन्द्रश्वर सामुदायिक वन	६	६.३४	६.३४	१५९
८	श्री सत्ती कर्णाली सामुदायिक	७	२५८.६३	२५८.६३	९९३
९	श्री रामजानकी सामुदायिक वन	७	१४०.९	१४०.९	१३०३
१०	श्री शिवबाटिका सामुदायिक वन	७	५.१३	५.१३	४९
११	श्री मोहना व्यवस्थित सामुदायिक वन	९	१२ बिगाह	१२ बिगाह	१३५
जम्मा			**१२१७.६**	**१२१७.६३**	**७६५४**

द्रष्टव्य : घरधुरी सङ्ख्या दोहोरो तेहेरो भएकोले नगरपालिकाको अभिलेखभन्दा बढी देखिन्छ ।

स्रोत: जिल्ला वन कार्यालय, कैलाली २०७५

टीकापुर नगरपालिकामा आ.व.२०७४/०७५ सम्ममा जम्मा ११ वटा सामुदायिक वनहरू रहेका छन् । सामुदायिक वनले यस नगरपालिकामा १२१७.६३ हे. क्षेत्रफल ओगटेको छ । जसबाट यस नगरपालिकाका ७,६५४ घरपरिवार लाभान्वित भएका छन् ।

८.४ वन पैदावारको माग र आपूर्ति

कैलाली जिल्लामा रहेको टीकापुर नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको विक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य नगरपालिका तथा ग्रामीण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ । यस अलावा यहाँको बढ्दो जनसङ्ख्या र बसाइँसराइँ तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजङ्गलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन् भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाइन्छ । टीकापुर नगरपालिकाभित्र रहेका सा.व.उ.समूहका उपभोक्ताहरूलाई आवश्यक पर्ने काठ, दाउरा सम्बन्धित सा.व.उ.समूहको स्वीकृत वन कार्ययोजना अनुसार समूहबाट नै आपूर्ति हुने गरेको अवस्था रहेको ।

८.५ जडिबुटीसम्बन्धी विवरण

यस नगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा रिट्ठा, टिमुर, सतावरी, बोझो, कुरिलो, दालचिनी, पावन, तेजपात, चिउरी, हर्रो, बर्रो, राजवृक्ष, सजीवन, चिराँईतो लहरेगुर्जो, सुगन्धवाल, रुदिलो, तितेपाती आदि जडिबुटीहरू सङ्कलन तथा विक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ.

८.६ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरूभित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ । नगरपालिकामा जनसङ्ख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको सङ्ख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू प्रभावित भएका छन् प्राकृतिक रूपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भई रहेका छन् । प्राकृतिक स्रोत र साधनहरूको दीगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ । वनको हैसियतमा सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ । वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरू निम्न बुँदाहरूमा उल्लेख गरिएको छ ।

घरायसी तथा अन्य इन्धनको रूपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।

- बहुपक्षीय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध सङ्कलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने ।

- पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन र उपयोग गर्ने ।
- दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने ।
- जैविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायु परिवर्तनको विषयमा एकीकृत कार्यक्रम सञ्चालन गर्ने ।

८.७ हावापानीसम्बन्धी विवरण

भौगोलिक असमानता भएकोले नेपालको विभिन्न ठाउँहरूमा भिन्न भिन्न हावा पानी रहेको छ त्यस्तै कैलाली जिल्लामा अवस्थित टीकापुर नगरपालिकाको उत्तरी भागमा हिमालको हावाको प्रभावले साथै उचाइ पनि धेरै भएको कारण ज्यादा जाडो हुने र दक्षिणी भाग भित्री मधेससँग जोडिएको र बेशी भाग भएकोले चैत्रदेखि जेठसम्म गर्मी हुन्छ । यहाँ लेकाली, समशीतोष्ण र अर्ध-उष्ण हावापानी पाइन्छ । यो हावापानी स्वास्थ्यका दृष्टिकोणले उपयुक्त हावापानी हो । चैत्र महिनादेखि असोजको सुरुसम्म गर्मी हुन्छ । असोज, कार्तिक र फागुनमा यहाँको हावापानी समशीतोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि असोजको सुरुसम्म मनसुनी वायुका कारण प्रसस्त वर्षा हुने गर्छ । यहाँको अधिकतम तापक्रम ३८.१ डिग्री सेल्सियसदेखि औषत न्यूनतम ७.७ डिग्री सेल्सियससम्म पुग्न जान्छ।

तालिका नं. १९७: मौसमको विवरण

सि. नं.	महिना	औषत अधिकतम तापक्रम (डिग्री सेन्टिग्रेडमा)	औषत न्यनतम तापक्रम (डिग्री सेन्टिग्रेडमा)	वर्षा (मि.मि.मा)	सापेक्षिक आद्रता (प्रतिशतमा)
१	पुस-माघ	२२.३	७.८	२२.८	८९.०
२	माघ-फागुन	२७.५	९.५	३.०	८५.०
३	फागुन-चैत	३०.९	१३.२	१४.१	७६.२
४	चैत-बैशाख	३७.९	१९.९	५.३	५६.९
५	बैशाख-जेठ	३८.१	२२.९	९२.३	६२.६
६	जेठ-असार	३७.२	२४.७	२४३.१	७५.८
७	असार-साउन	३४.३	२४.८	३१६.३	९१.४
८	साउन-भदौ	३३.६	२४.६	८३३.३	९२.९
९	भदौ-असोज	३४.५	२३.८	२९२.४	८७.०
१०	असोज-कात्तिक	३३.३	१८.७	०.०	८६.४
११	कात्तिक-मंसिर	२८.४	१०.६	०.०	९४.३
१२	मंसिर-पुस	२३.८	७.७	०.०	८७.८

स्रोत: मौसम विज्ञान विभाग, सुर्खेत शाखा

८.८ वातावरणसम्बन्धी विवरण

भौगोलिक असमानता भएकोले नेपालको विभिन्न ठाउँहरूमा भिन्न भिन्न हावा पानी रहेको छ त्यस्तै कैलाली जिल्लामा अवस्थित टीकापुर नगरपालिकाको उत्तरी भागमा हिमालको हावाको प्रभावले साथै उचाइपनि धेरै भएको कारण ज्यादा जाडो हुने र दक्षिणी भाग भित्री मधेशसँग जोडिएको र बेशी भाग भएकोले चैत्रदेखि जेठसम्म गर्मी हुन्छ । यहाँ लेकाली, समशीतोष्ण र अर्ध-उष्ण हावापानी पाइन्छ । यो हावापानी स्वास्थ्यका दृष्टीकोणले उपयुक्त हावापानी हो । चैत्र महिनादेखि असोजको सुरुसम्म गर्मी हुन्छ । असोज, कार्तिक र फागुनमा यहाँको हावापानी समशीतोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि असोजको सुरुसम्म मनसुनी वायुका कारण प्रसस्त वर्षा हुने गर्छ । यहाँको अधिकतम तापक्रम ३८.१ डिग्री सेल्सियसदेखि औषत न्यूनतम ७.७ डिग्री सेल्सियस सम्म पुग्न जान्छ ।

वातावरण प्रदूषणको समस्याले संसारका सबै ठाउँमा असर पारेको छ । यसले विशेष गरेर नेपालजस्तो विकासोन्मुख राष्ट्रलाई अझ धेरै प्रभाव पारेको छ । वातावरण प्रदूषणको असर यस टीकापुर नगरपालिका मा पनि धेरै परेको देखिन्छ । वातावरण प्रदूषणको प्रमुख कारक जनसङ्ख्या वृद्धि र त्यो संगै हुने औद्योगीकरण र शहरीकरणलाई मान्न सकिन्छ । औद्योगीकरण र शहरीकरण लाई व्यवस्थित गर्न नसक्दा वातावरण मा पर्ने असर बढदै जान्छ जसका कारण वातावरण प्रदूषण पनि बढ्दै जान्छ ।

प्रदुषित वातावरणको प्रत्यक्ष असर जन स्वास्थ्यमा पर्दछ । प्रदुषित वातावरणको असरबाट सामान्य एलर्जीदेखि क्यान्सर तथा दीर्घ श्वासप्रश्वाससम्बन्धी रोगहरू समेत बढ्दछन् । वातावरण प्रदूषण अन्तर्गत तपलिका प्रदूषणहरू पर्दछन् ।

८.८.१ मुख्य वातावरणीय समस्याका प्रकारका कारण पीडित परिवारको विवरण

नगरपालिकामा तपाईंको परिवार बसोबास गरेको स्थान वरिपरिको मुख्य वातावरणीय समस्या के हो भनी सोधिएको प्रश्नमा सबैभन्दा बढी ५,१०२ परिवारले वायू प्रदूषणका कारण पीडित भएको जवाफ दिएका थिए भने ४,९१५ ले फोहर व्यवस्थापन नभएको, २९०८ ले प्रदुषित पानी ३०४० ले अव्यवस्थित ढल र ११०७ ले ध्वनी प्रदूषणका कारण पीडित भएको बताएका छन् । माथिका सबै समस्याहरू अव्यवस्थित शहरीकरणका कारण उत्पन्न समस्याहरू हुन् । शहरी विकासका लागि अत्यन्त आवश्यक भौतिक पूर्वाधारमध्ये स्वच्छ पिउने पानी वितरण प्रणालीको निर्माण, ठोस फोहर व्यवस्थापन योजना, ढल निकास, कालोपत्रे सडक ध्वनी नियन्त्रणजस्ता विषय अनिवार्य सर्तहरू हुन् । तसर्थ, नगरपालिकामा व्यवस्थित शहरी विकास योजना निर्माण र त्यसको पूर्ण कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १९८: मुख्य वातावरणिय समस्याको प्रकारको आधारमा परिवारको विवरण

वडा नं.	वातावरणीय समस्या								जम्मा
	पानी	फोहर व्यवस्थापन नभएको	अव्यवस्थित ढल	वायू प्रदूषण	ध्वनी प्रदूषण	*अन्य समस्या	वातावरणीय समस्या नभएको	उल्लेख नभएको	
१	१,५३२	३,५८८	२,०४०	३,१२०	५३९	९	३,८८७	२	९,८२३
२	२९५	७३	७१	३८९	२०		९३७		१,६५१
३	८३	८१	१२७	२६२	४०		५६४		९८३
४	२१२	१९२	५९	५०	५१	२	६५९		९९५
५	३५	२५	१२	२०	११		९७०		१,०४९


६	८२	२२३	१६७	१७४	८८		७५६		१,०६७
७	१३९	२५५	३५३	१३४	२२५	१	८२०	१	१,३१५
८	१५५	२७४	९२	५२१	६३		३५०		९९४
९	३७५	२०४	११९	४३२	७०		८४		७४३
जम्मा	२,९०८	४,९१५	३,०४०	५,१०२	१,१०७	१२	९,०२७	३	१८,६२०
प्रतिशत	१५.६२	२६.४०	१६.३३	२७.४०	५.९५	०.०६	४८.४८	०.०२	१००.००

***माथि उल्लेखित समस्याबाहेक दुर्गन्ध, रसायनिक प्रदूषण, विषादी प्रदूषण आदि**

स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

८.८.२ वायु प्रदूषण

वायु प्रदूषणको असर टीकापुर नगरपालिका मा अत्याधिक मात्रामा रहेको पाइन्छ । विशेषत मंसीर पुसको समयबाट बढ्ने वायु प्रदूषण मनसुन को अगाडिको समयमा अत्याधिक मात्रामा पुग्ने र मनसुनी वर्षा संगै यसमा राहत आउने देखिन्छ । वायु प्रदूषणको प्रमुख सूचक पी एम २.५ टीकापुर मा धेरै मात्रामा देखिन्छ यसले छातीमा हुने समस्यादेखि क्यान्सरजस्तो रोग लाग्ने सम्भावना लाई बढाउँछ ।



स्रोत: *NASA Giovanni.*

विगत बर्षको तथ्याङ्कलाई हेर्दा पीएम २.५ पुस महिनाबाट बढेर मनसुन सुरु हुनु अगाडि अत्यधिक मात्रामा पुग्ने अनि बर्षा सुरु भएपछि यसको असर कम हुने देखिन्छ ।

८.८.३ ध्वनी प्रदूषण

शहरीकरण बढेपछि आउने समस्यामध्ये एउटा ध्वनी प्रदूषण हो । बिशेषत ठुला राजमार्गको नजिक यसको असर बढी देखिन्छ । गाडीबाट निस्कने ध्वनी तथा प्रेशर हर्नबाट निस्कने आवाज का कारण ध्वनी प्रदूषण बढ्दछ । औद्योगिक क्षेत्र वरिपरी पनि ध्वनी प्रदूषण को असर परेको हुन्छ । यसका अतिरिक्त एयरपोर्ट रेलवे लाइन को छेउमा पनि ध्वनी प्रदूषण अत्याधिक हुन्छ । यसबाट टाउको दुख्ने लगायत कान सम्बन्धी समस्याहरू बढने हुन्छ । यस नगरपालिकामा औद्योगिक क्षेत्र तथा एयरपोर्ट लगायतका पूर्वाधारहरू नभएकोले ध्वनीको प्रदूषण नगन्य मात्रामा रहेको पाइन्छ ।

८.८.४ फोहोर जन्य प्रदूषण

हाल देखिएका वातावरणीय समस्यामध्ये प्रमुख जनगुनासो रहेको फोहर तथा ढल व्यास्थापन नभएको भन्ने देखिएको छ । यसबाट संपूर्ण नगरपालिकालाई नै नकारात्मक असर पारिरहेको छ । यी फोहरजन्य प्रदूषण ले नगर दुर्गन्धीत र कुरूप मात्रै नभइ जनस्वास्थ्यमा पनि नकारात्मक असर पार्दछ । संक्रामक तथा सरुवा रोगको मूल जड नै यस्ता फोहोर र अव्यवस्थित ढल हरू हुन्छन् । यसतर्फ नगरको विशेष ध्यान पुग्नु

पर्ने देखिन्छ। प्लाष्टीकको झोला र अन्य प्लास्टीकका प्याकिङका सामानहरू जस्तो कि चाउचाउ, चीप्स, सूर्ती जस्ता सामानको प्याकेटको प्रयोग अनि यसलाई अव्यवस्थित ढङ्गले फाल्नाले शहर कुरूप बनेको देखिन्छ। अनि यस्ता प्लास्टीकलाई जलाएर नाश गर्दा अत्यन्तै हानीकारक धुवाँ पैदा हुने हुँदा यस नगरलाई प्लास्टीक मुक्त नगर बनाउनु उपयुक्त देखिन्छ।

८.८.५ पानी प्रदूषण

पानी प्रदूषण को समस्यामा नगरवासीको ठूलो गुनासो रहेको देखिन्छ। सफा स्वच्छ खाने तथा प्रयोग गर्ने पानीको पहुँच नभएकै कारणबाट यो जन गुनासो उठेको देखिन्छ। व्यवस्थित खानेपानी यस नगरले सम्पूर्ण नगरवासीमा पुऱ्याउनु पर्ने प्राथमिकताको विषय देखिन्छ।

नगरको अधिकांश जनसमुदाय वातावरणीय प्रदूषणको समस्या बारे अनविज्ञ रहेको देखिन्छ। जसले गर्दा वातावरण को समस्या समाधान र यस बिषयमा कार्य गर्न अप्ठेरो स्थिति पर्न जाने देखिन्छ। यसको लागि वातावरणसम्बन्धी शिक्षाको ठूलो आवश्यकता देखिन्छ।

८.८.६ नगरपालिकाको जलवायु परिवर्तन तथा अनुकुलनको बस्तुस्थिती

टीकापुर नगरपालिकाको जलवायु उष्ण, न्यानो र छोटो जाडो महिना सहितको छ। विभिन्न अध्ययन अनुसार विगत ४५ वर्षको अन्तरालमा टीकापुर नगरपालिकाको तापक्रम तथा वर्षाको मात्रामा धेरै उतार चढाव आएको पाइएको छ। टीकापुर क्षेत्रमा रहेको जल तथा मौसम मापन केन्द्रको तथ्याङ्कअनुसार निम्न अनुसारको तापक्रम तथा वर्षाको अवस्था देखिन्छ।

तालिका नं. १९९: अति उच्च तापक्रम भएका वर्षहरू


महिना	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जुन	जुलाई	अगस्ट	सेप्टेम्बर	अक्टोवर	नोभेम्वर	डिसेम्वर
वर्ष	२०१३	२००६	२०१०	१९९९	१९९४	२०१२	१९८७	१९७९	२०१२	२००९	२००८	१९८५
उच्च तापक्रम (°C)	२९	३४	३९	४३.६	४४.४	४५	४२	३७.८	३९	३६.२	३२.७	२८.२

माथिको तालिका अनुसार टीकापुर क्षेत्रको ४५ वर्ष को अन्तरालमा मासिक रूपमा उच्च तापक्रम मापन भएका १२ वटा वर्षहरूको जानकारी प्रस्तुत गरिएको छ। उक्त जानकारी अनुसार टीकापुर क्षेत्रमा सन् २०१२ को जुन, १९९४ को मे, १९९९ को अप्रिल र १९८७ को जुलाई महिना अधिकतम तापक्रम भएका वर्ष र महिना रहेका छन्। त्यसै गरी अति न्यून तापक्रम मापन भएका १२ वटा वर्षहरू तलको तालिकामा देखाइएको छ। उक्त तालिका अनुसार, सन् २०१३ को जनवरी महिना मा शून्य डिग्री सेल्सियस तापक्रम मापन भएको थियो, १९८४ को फेब्रुअरी, २०१० को डिसेम्बर र १९८९ को मार्च महिनाहरू ५ डिग्री सेल्सियसभन्दा कम तापक्रम मापन भएका वर्ष तथा महिनाहरू हुन्।


तालिका नं. २००: अति न्यून तापक्रम भएका वर्षहरू

महिना	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जुन	जुलाई	अगस्ट	सेप्टेम्बर	अक्टोवर	नोभेम्वर	डिसेम्वर
वर्ष	२०१३	१९८४	१९८९	१९८९	१९८९	१९८८	१९९६	२०१३	१९८६	१९८६	१९८८	२०१०
न्यून तापक्रम (°C)	०	२.२	४	८	१४	१०	१८.६	१४	१४.२	११.४	५.६	२.६


समग्रमा टीकापुर क्षेत्रको औसत तापक्रम विगत ४५वर्षको अवधिमा १ डिग्री सेल्सियसले वृद्धि भएको देखिन्छ। विगत ४५ वर्षको अवधिमा अति उच्च तथा अति न्यून अधिक्तम तापक्रम क्रमश ०.१३ र २.८ डिग्री सेल्सियसले वृद्धि तथा घटेको देखिन्छ। त्यसैगरी सोही अवधिमा अति उच्च तथा अति न्यून न्यूनतम तापक्रम क्रमशः २.२३ र ०.५६ डिग्री सेल्सियसले घटेको देखिन्छ।



टीकापुर क्षेत्रको औसत तापक्रम



अति उच्च तथा अति न्यून अधिक्तम तापक्रम




अति उच्च तथा अति न्यून न्यूनतम तापक्रम

टीकापुर क्षेत्रको बार्षिक औसत बर्षा १७०० मि.लि. रहेको छ। २४ घण्टा अवधिमा भारी मात्रामा बर्षा भएका वर्ष तथा महिना हरूको विश्लेषण गर्दा जुन जुलाई, अगष्ट र सेप्टेम्बर महिनामा धेरै बर्षा भएको पाईएको छ। त्यसैगरी १९७८, १९८८ र २००८ अधिकतम बर्सा भएका वर्षहरूको रूपमा देखा परेका छन्। विगत ४५ वर्ष अवधिको तथ्याङ्क अनुसार यस क्षेत्रमा बार्षिक १ मि.लि. का दरले बर्षा बढिरहेको पाइएको छ। साथै भारी बर्षा हुने दर पनि बढी रहेको छ। त्यसैगरी १५० मि.लि. भन्दा बढी बर्षा हुने दिनहरूको सङ्ख्या पनि बर्षेनी बढ्दै गएको पाइएको छ।


तालिका नं. २०१: टीकापुर क्षेत्रको बार्षिक औसत बर्षा

महिना	जनवरी	फेबुअरी	मार्च	अप्रिल	मे	जुन	जुलाई	अगस्ट	सेप्टेम्बर	अक्टोवर	नोभेम्वर	डिसेम्वर
वर्ष	१९९७	२०१३	२०१४	१९८३	१९९३	२०१३	१९७८	१९८८	२००८	२००९	१९९७	१९९७
उच्च वर्षा मि.लि.	१३०	११६.५	४३	४०.९	६९.६	२०७	२९८.९	२९६	२८२.७	१७३.५	१५.२	१००.६

स्रोत: *NCCSP*



वार्षिक औसत वर्षाका वृद्धिदर



भारी वर्षा हुने दिनको वृद्धिदर

८.९ विपत् व्यवस्थापन

पूर्व पश्चिम लोकमार्ग बाट १४ कि.मि. दक्षिणमा रहेको टीकापुर नगरपालिका कर्णाली, पथैरया, रानी जमरा, मोहना जस्ता नदी तथा खोलाहरूले जेलिएको छ। विपत्का हिसावले बर्षेनी डुबान, बाढी, आगलागीका घटनाहरूबाट नगरपालिकाका धेरै बस्तीहरू आक्रान्त बनेका छन्। यसको अलावा महामारी, असिना, चट्याङ्ग, सितलहर, लु, किरा आतङ्क, जङ्गली-जनावर आतङ्क जस्ता छिटफुट विपत्का घटनाहरू नगरबासीले सामना गरी रहनुपरेको छ। साथै कम बारम्बारता भएको तर जनधनको क्षति उच्च हुनसक्ने भूकम्पीय जोखिमको सम्भावना पनि उत्तिकै देखिन्छ।

पूर्वाधार तथा आवासीय भवन निर्माणमा भवन-संहिता तथा मापदण्डको उचित पालना नहुँदा भविष्यमा हुनसक्ने भूकम्पीय जोखिम तथा क्षतिको पनि उत्तिकै सम्भावना रहेको छ। यी विविध प्रकोपहरूको सम्भावनालाई मध्यनजर गर्दा नदी-तटीय र घना बस्तीहरूमा डुवान, बाढी साथै आगलागी, महामारी जस्ता प्रकोपहरूको जोखिम कम गर्न जोखिम न्यूनीकरणका सचेतनामूलक गतिविधिहरू सञ्चालन साथै संरचनात्मक न्यूनीकरण गर्न आवश्यक देखिन्छ। यसका अलावा नगरवासीहरूलाई विपत् सम्बन्धी जनचेतना र भवन-संहिताको पालनामा सु-सुचित हुने कार्यक्रम सञ्चालनमा नगरपालिकाले सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र साझेदारीलाई बढोत्तरी गर्दै समग्र विपत् व्यवस्थापनमा निजी क्षेत्रहरूको पनि संलग्नता बढाउनु पर्ने देखिन्छ। साथै नगरपालिकाले आवधिक योजना तर्जुमा तथा विकास निर्माणमा विपत् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न टड्कारो आवश्यकता रहेको छ।

८.९.१ नगरपालिकामा हुन सक्ने विपत् सम्बन्धी विवरण

नगरपालिकाभित्र विगत बर्षहरूमा क्षति पुरयाएको र समुदायबासीले बर्षेनी जुधिरहेको प्रकोपहरूको आधारमा नौ किसिमका प्रकोपहरू पहिचान भएका छन् ।

तालिका नं. २०२: प्रकोप विवरण

प्रकोप वडा	बाढी	खडेरी	हावाहूरी	शीतलहर	असिना	महामारी	आगलागी	किराको प्रकोप	चट्याङ
१	१	४	३	*(५)	*(५)	२	*(५)	*(५)	*(५)
२	१	२	३	*(७)	६	४	५	*(७)	*(७)
३	१	४	५	३	६	*(७)	*(७)	२	*(७)
४	१	२	३	*(६)	*(६)	*(६)	४	६	५
५	१	२	४	३	५	*(६)	*(६)	*(६)	*(६)
६	१	२	३	५	६	४	७	*(८)	*(८)
७	१	४	३	२	*(५)	*(५)	*(५)	*(५)	*(५)
८	१	२	३	४	६	५	*(७)	*(७)	*(७)
९	२	४	५	*(७)	३	३	६	१	*(७)
कुल	१०	२६	३२	४२	४८	४२	५२	४७	५७
स्तर	**पहिलो**	**दोश्रो**	**तेस्रो**	**चौथो (२)**	**छैठौं**	**चौथो (१)**	**सातौ**	**पाँचौ**	**आठौ**

स्रोत- स्थानिय अनुकुलन कार्ययोजना २०७५, नगरपालिका

माथिको तालिकाको विश्लेषण गर्दा बारम्बारता र क्षतिको बिवरणको आधारमा बाढी नगरपालिकाभित्र प्रमुख प्रकोपको रूपमा रहेको छ भने बारम्बरता कम भए पनि क्षति उच्च हुने भूकम्पलाई प्रमुख प्रकोपमा लिनुपर्ने हुन्छ । अन्य प्रकोपहरूमा खडेरी, हावाहुरी, शीतलहर, असीना, महामारी, आगलागी, किट आतङ्क र चट्यांग प्रमुख प्रकोपको रूपमा रहेका छन् ।

८.९.२ नगरपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण

विपत्को ऐतिहासिक समयरेखाको आधारमा नगरपालिकामा हुनसक्ने प्रकोपहरू र त्यसको प्रभाप पर्नसक्ने जोखिम एबं सकटासन्न बस्ती तथा समुदायहरूको पहिचानले विपत्को समयमा खोज उद्धार र राहत व्यवस्थापनमा सहयोग पुग्दछ । साथै प्रकोपको असर कम गर्न पूर्वतयारी र न्यूनीकरणका गतिबिधिहरू सञ्चालनमा गर्न सकिन्छ ।

तालिका नं. २०३: प्रकोपको असर कम गर्न पूर्वतयारी र न्यूनीकरणका गतिबिधि

क्र. सं.	प्रकोप	जोखिममा रहेका तत्वहरू	स्थान,के, कति ?
१	डुबान, बाढी	सबै	ब्लक नं.B,D, 14,31,
२	डुवान, बाढी, आगलागी	सबै	बिजयनगर,राजीपुर, सीतापुर विकासपुर, कोठारपुर, बन्दिपुर
३	डुबान, बाढी, आगलागी	सबै	घिया पूछरी, कटानपुर, शंकरपुर

क्र. सं.	प्रकोप	जोखिममा रहेका तत्वहरू	स्थान,के, कति ?
४	डुबान, बाढी, आगलागी	सबै	बाघमारा
५	डुबान, बाढी, आगलागी	सबै	शाहीपुर, बसन्ता, सिमरेनी
६	डुबान, बाढी, आगलागी	सबै	सिम्रेनी, लक्ष्मणपुर, भर्तापुर, भगवानपुर, नारायणपुर, प्रसेनी, बेलुवा बोजी
७	डुबान, बाढी, आगलागी	सबै	सत्ति, बैदी, ढूंगाना टोल, कुन्ति
८	डुवान, बाढी, आगलागी	सबै	श्रीलंका, बनगाउँ, बटनपुर, चौगुर्दी
९	डुबान, बाढी, आगलागी	सबै	खक्रौला, पायल गाउँ बैद्यी

स्रोतः जिल्ला समन्वय समिति, कैलाली २०७५

